# संघीय संसद

# राष्ट्रिय सभा

## छैटौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## ३ असार २०७७

## बुधबार

## (बैठक सङ्ख्या–२५)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा बुधबार बिहानको ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समय बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)ः**- ....(नसुनिएको) रहेको त्यहाँ स्थानीय अस्पताल जुन अस्पतालको नाम मङ्गलबारे अस्पताल हो, त्यो नामाकरण गरिएको थियो । त्यो अस्पतालको नाम प्रदेश सरकारले अहिले मदन भण्डारी अस्पताल भनेर नामाकरण गर्न खोज्दैछ । त्यहाँका स्थानीयहरू यसको विरुद्धमा छन् र त्यहाँ संघर्ष समिति बनेर संघर्ष समिति प्रदेश सरकारलाई पनि ज्ञापनपत्र बुझाइसकेको छ र त्यहाँको स्थानीय जुन ठाउँ छ, मङ्गलबारे भन्ने ठाउँ, त्यहाँको अस्पताल त्यहीँ भएकोले त्यो अस्पतालको नाम मङ्गलबारे नै राखियोस् । यदि सरकारलाई मदन भण्डारीको नाममा अस्पताल बनाउन

इच्छा गरेको हो भने सुन्दरहरैंचा नगरपालिकाभित्र रमेश जंग रायमाझी सरकारलाई जग्गा उपलब्ध गराउन तयार छ । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय रामनारायण विडारी ।

**माननीय श्री रामनारायण विडारी (मनोनीत)ः**- अध्यक्ष महोदय, राम्राराम्रा र बलियाबलिया युवाहरू रोजगारीका निम्ति विदेशमा गएका छन् । उनीहरू अहिले विदेशमा अलपत्र परेका छन् । रोग र भोकले ग्रस्त छन् । स्वदेश आउन आतुर छन् तर रकम छैन, अभाव छ । भाडा तिर्ने पैसा छैन । शरीर पनि जीर्ण भइसकेको छ । नेपालमा काम नदिएको कारणले सरकारकै स्वीकृतले धकेली धकेली विदेश यसपालि कति पठाउने, यो वर्ष कति वैदेशिक रोजगार, लौ आऊ प्रतिस्पर्धा गर भन्दै पठाउने गरियो, गएर त्यहाँ अलपत्रमा परियो, भन्छन् । तिनीहरूलाई हामीले कसरी यहाँ ल्याउने ? त्यो पैसा नभएका मान्छे पनि त नेपाली हो र यहाँ आउनु पर्‍यो नि, अध्यक्ष महोदय । दुर्व्यसनले व्याप्त भएको र लागू औषधले लिप्त भएका युवाहरू नेपालमा बसिरहेका छन् । तिनीहरूलाई गृह मन्त्रालयले कसरी संरक्षण गर्दछ र त्यो कसरी रोकथाम गर्दछ, त्यसमा ध्यान जाओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला घिमिरे ।

**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्षज्यू, आज फेरि मैले यहाँ उठेर बोलिरहँदा अत्यन्तै एउटा कहालिलाग्दो घटना घटेको छ । मकवानपुर जिल्ला हेटौडा उपमहानगरपालिका वडा नम्बर ४ सूर्य चोक निवासी सुष्मिता के.सी. को आफ्नै घरमा ढुङ्गाले हानी हानी हत्या गरेर कोठाभित्र लास भटिएको छ । उनको माइती घर कपिलवस्तु जिल्ला बाणगङ्गा नगरपालिका वडा नम्बर ८ लक्ष्मी के.सी. र कृष्ण के.सी. को छोरी वर्ष २६ को सुष्मिता के.सी. हेटौडा उपमहानगरपालिकाको सूर्य चोक निवासी प्रकाश थापाकी बुहारी हुन् उनी र ६ महिना अगाडि उनको श्रीमान्को सडक दुर्घटनामा परी मृत्यु भएको थियो र त्यसदेखि यता उनी घरमै बसिरहेको र पहिल्यैदेखि विभिन्न खालका टर्चरहरू सहँदै आएको र अहिले उनको हिजो मात्रै हिजो बिहान ७ बजे त्यो लास भेटिएको छ । म यस दुखद् घटनाप्रति खेद प्रकट गर्दै त्यस्ता अपराधीहरूलाई कानूनी दायरामा ल्याएर उनलाई न्याय दिनका निम्ति म अनुरोध गर्न चाहन्छु ।... (समय सकिएको हुँदा काइक काटिएको)

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय शारदा देवी भट्ट ।

**<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः</u>**- अध्यक्ष महोदय, देश र जनता कोरोना महामारीसँग जुधिरहेका बेला लाखौँ जनता क्वारेन्टाइनमा बस्न बाध्य छन् । अहिले यिनै क्वारेन्टाइनमा महिला हिंसाका खबर पनि आइरहेका छन् । यसै क्रममा कैलालीको लम्कीमा क्वारेन्टाइनमा रहेकी महिला सामुहिक बलात्कारको शिकार भएकी छन् । त्यो पनि क्वारेन्टाइनमा खटिएका स्वयम्सेवकबाट नै । अध्यक्ष महोदय, झनै डरलाग्दो स्थिति हो । यिनीहरू समाजका लागि कोरोना भाइरसभन्दा पनि खतरनाक भाइरस हुन् । यिनीहरू भाइरस हुन् जसको जति नै निन्दा र भर्त्सना गरे पनि कम हुन्छ । तसर्थ यसमा संलग्न दोषीलाई कडाभन्दा कडा कारबाहीको माग गर्दै महिला सुरक्षातर्फ विशेष ध्यान दिन सरकारसँग माग गर्दछु । अध्यक्ष महोदय, साथै महिलालाई बाहिरी क्वारेन्टाइनमा नराखी स्वास्थ्यकर्मीको निगरानीमा होम क्वारेन्टाइनमा बस्ने व्यस्था मिलाउन अध्यक्षज्यू मार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय डा. विमला राई (पौड्याल) ।

**<u>माननीय श्री डा. विमला राई (पौड्याल) (मनोनीत)ः</u>**- सम्माननीय अध्यक्षज्यू, हामीले जनताको घरदैलोमा राम्रोसँग सेवा पुगोस् भनेर हामी संघीयतामा गएका हौँ । अहिले स्थानीय तहमा भएको क्वारेन्टाइनको दुर्व्यवस्था हेर्दाखेरि असाध्यै दुःखलाग्दो छ । विशेष गरिकन महिला, बालबालिका, वृद्धवृद्धाहरूलाई असाध्यै गाह्रो भएको हामीले महशुस गरेका छौँ । सुरक्षाको स्थिति त काठमाडौंमा बसेका महिला अधिकारकर्मीलाई राती डर लाग्यो हजुर मेरो कोठामा चुकुल भन्ने छैन खालका फोनहरू पनि आउन थालेका छन् । योभन्दा दर्दनात्मक अवस्था के हुन्छ ? त्यसकारण महिला मन्त्रालयको अनिवार्य उपस्थिति हुनुपऱ्यो सीसीएमसी मा भनेर म माग गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय शेर बहादुर कुँवर ।

**<u>माननीय श्री शेर बहादुर कुँवर (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः</u>**- सम्माननीय अध्यक्षज्यू, सुदूरपश्चिममा झण्डैझण्डै ७० देखि ९० हजार भारत प्रवासबाट आउनु भएका दाजुभाइहरू क्वारेन्टाइनमा बस्नु भएको छ । अहिले त्यहाँ प्रत्येक जिल्लामा ५ देखि १० हजार क्वारेन्टाइनमा बसेका छन् र उनीहरूको आरडीटी टेस्ट गर्दाखेरि केहीको पोजिटिभ

देखिएको छ र पीसीआर टेस्ट गर्नको लागि उनीहरूको स्वाब सङ्कलन गरेको झण्डैझण्डै १२/१५ दिन भइसक्यो । अहिलेसम्म त्यसको नतिजा आएको छैन । सुदूरपश्चिममा प्रादेशिक अस्पताल सेती प्रादेशिक अस्पतालमा मात्रै एक ठाउँमा टेस्ट हुन्छ । बाँकी ठाउँमा स्वाब टेस्ट हुने स्थिति छैन । त्यसैले पीसीआर टेस्ट गर्नको लागि ल्याबको थप व्यवस्था गरियोस् र लम्की चुहा नगरपालिकामा जुन क्वारेन्टाइनमा बसेको महिलामाथि सामुहिक बलात्कार भएको छ, त्यसका दोषीहरूमाथि कडाभन्दा कारबाही गरियोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुमन राज प्याकुरेल ।

**माननीय श्री सुमन राज प्याकुरेल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्षज्यू, यो मधेशको सबैभन्दा पिछडिएको दलित वर्ग मुसहर जातिका शम्भु सदा भन्ने एकजना मुसहर जो धनुषामा यो सबेला इलाका प्रहरी कार्यालय थुनामा हुनुहुन्थ्यो । २७ गते मृत्यु अवस्थामा फेला पारियो उहाँलाई । भोलिपल्ट मृत्यु अवस्थामा देखियो । त्यो प्रहरीको टर्चरले मरेको भन्ने त्यहाँ आरोप छ । लाश अझैसम्म उठाइएको छैन, अस्पतालमै छ । सरकारी वकिल कार्यालयबाट हिजो मुद्दा दर्ता भएको छ । तर अहिलेसम्म त्यसको छानबिन सुरु गरिएको छैन । त्यो तुरुन्त सुरु गरियोस् भन्ने माग गर्दछु । हवस्त, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुमित्रा बि.सी. ।

**माननीय श्री सुमित्रा बि. सी. (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्षज्यू, जाजरकोटको चुँदीचाँदी गाउँपालिका भन्ने ठाउँमा जिप दुर्घटना भएको छ । सदरमुकाम खलङ्गाबाट त्यतातर्फ गइरहेको । त्यसमा दुई जना सख्त घाइते भएको कारणले उहाँहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाँहरूको उपचारको निम्ति सरकारको ध्यान जाओस् भन्ने माग गर्दछु र देशभरि भइरहेका घरेलु तथा सामुहिक महिला हिंसाका बारेमा यो हिंस्रकहरूलाई कडाभन्दा कडा सजायको माग गर्दै भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ अन्तर्गत विभिन्न मन्त्रालयहरूसँग सम्बन्धित विनियोजन शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ हुन्छ ।

सर्वप्रथम, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफे:-** सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७ अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिई मन्त्रालयको समग्र विकासको लागि सुझाव दिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई सम्माननीय अध्यक्ष महोदय मार्फत् धन्यवाद दिन चाहन्छु ।

माननीय सदस्यहरूले दिनु भएको महत्वपूर्ण सुझाव राख्नु भएको गहन चासो र सरोकारले विनियोजन विधेयक अन्तर्गतका मन्त्रालयका कार्यक्रमलाई थप परिकृत र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुग्ने विश्वास लिएको छु । माननीय सदस्यले मन्त्रालयको जनशक्तिको क्षमताको विकासको लागि तालिमको आवश्यकता रहेको, विधेयक मस्यौदा गर्ने कर्मचारीलाई विशेष तालिमको व्यवस्था गर्नुपर्ने सुझाव दिनु भएको थियो । आगामी आर्थिक वर्षको बजेटमा सङ्क्रमित लगायतका सबै प्रकारका रोग तथा विपद्बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने कार्यलाई पहिलो प्राथमिकतामा राखेको सन्दर्भमा चालु आर्थिक वर्षभन्दा आगामी आर्थिक वर्षमा नियमित सञ्चालन हुने बाहेकका कर्मचारीको सीप विकासका थप वा अतिरिक्त कार्यक्रम कटौती गरिएको यथार्थ माननीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु । मन्त्रालय, न्याय सेवा तालिम केन्द्र, स्वायत्त संस्थाको रूपमा रहेको राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट मन्त्रालय लगायत न्याय सेवाका कर्मचारीका लागि तालिमको व्यवस्था गरिँदै अएको छ । यस्ता तालिम दिँदा विषय केन्द्रित भएर तथा कर्मचारीको आवश्यकताको पहिचानको आधारमा दिने गरिएको छ । यसका अतिरिक्त राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट कर्मचारीको लागि नियमित रूपमा तालिम सञ्चालन गरिनेछ । यी सबै तालिमका कार्यक्रम सम्पन्न गर्दाको अवस्थामा कार्यरत जनशक्तिको तालिमको लागि रकमको अभाव नहुने व्यहोरा जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, कानूनको तर्जुमाका सैद्धान्तिक ज्ञान तालिमबाट प्राप्त गरिने भए तापनि व्यवहारमा कामबाटै यसमा परिपक्वता, ल्याउनु पर्ने मान्यता रहेको छ । तालिमको अतिरिक्त अनुभव र अभ्यासबाट कानून तर्जुमामा सुधार गर्न सकिने छ । यसको लागि आवश्यक प्रशिक्षण, तालिमबाट सिमित गुणस्तरमा सुधार गर्ने गरी मन्त्रालयको तर्फबाट गर्नु पर्ने पहल र सुधारमा कुनै कन्जुस्याइँ गरिने छैन । मन्त्रालयका कार्य सम्पादनको लागि विभिन्न विषयमा तुलनात्मक अध्ययन तथा अनुसन्धान गर्नु आवश्यक पर्छ । यसको लागि पुस्तकालयलाई थप व्यवस्थित र गुणस्तरीय पुस्तकहरूको सङ्ख्या थप गर्दै जानुपर्छ भन्ने माननीय सदस्यको सुझावमा असहमति राख्नु पर्ने अवस्था छैन । मन्त्रालयको वार्षिक बजेटबाट लाइब्रेरीलाई आवश्यक पुस्तक खरिद गर्नुका साथै

डिजिटलाइज्ड गरी अभिलेखको व्यवस्थापन गरिएको छ । मन्त्रालयको पुस्तकालय अलग्गै निकाय वा अङ्ग नभई मन्त्रालयको एक शाखा वा अभिन्न अङ्गको रूपमा रहेको मन्त्रालयको वार्षिक बजेट स्रोतबाटै सुधार गरिने छ । सर्वसाधारणको सहजताको लागि कानूनको क्षेत्रमा वृहत र केन्द्रीयस्तरको पुस्तकालयको आवश्यकता महशुस गरी विकास समिति गठन आदेश अन्तर्गत केन्द्रीय कानून पुस्तकालय स्थापना गरिएको छ । यो पुस्तकालयको लागि आवश्यक आर्थिक वर्षमा केही रकम बढोत्तरी गरिएको जानकारी गराउन चाहन्छु । नेपालको संविधानको धारा २३५ बमोजिम बनाउनु पर्ने संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध व्यवस्थित गर्ने संघीय कानून बमोजिम नेपाल सरकारले संघीय संसदमा पेश गरी सम्मानित सदनबाट पारित भई हाल प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन रहेको व्यहोरा स्मरण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, स्थानीय तहलाई बलियो बनाउने सन्दर्भ पनि यहाँ उठेको थियो । यसको सन्दर्भमा विशेष यो कानून मन्त्रालयसँग जोडिएको स्थानीय न्यायिक समितिको कुरा छ । यसमा न्यायिक समितिको क्षमताको विकास गर्दै अगाडि लगिने छ भन्ने कुरा गरिएको छ र त्यसमा बजेटको समेत व्यवस्था गरिएको छ । यसको लागि चालु आर्थिक वर्षको कार्यक्रमलाई निरन्तरता दिँदै विभिन्न २० जिल्लामा कार्यक्रम सञ्चालन गर्ने आवश्यक रकमको व्यवस्था गरिएको छ । त्यसैगरि स्थानीय तहबाट माग भएको विषयमा नमुना कानूनको मस्यौदा उपलब्ध गराउन सकिने गरी कानून मस्यौदा निर्माण तथा कानून तर्जुमामा सहजीकरणको कार्यक्रम समेत रहेको छ । त्यसका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । न्यायलाई छिटो, छरितो बनाउने र न्यायमा सबैको सहज पहुँच हुने अवस्था सिर्जना गर्नको लागि आवश्यक नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिएको छ । कानूनी सहायता प्रणालीलाई प्रभावकारी बनाउनको लागि एकीकृत कानूनी सहायता नीति, २०७६ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । मेलमिलाप जस्ता विवाद समाधानका बैकल्पिक उपायहरूको प्रबर्द्धनमा जोड दिइएको छ । सर्वोच्च अदालतको सन्दर्भमा पनि यहाँ प्रश्न उठेको थियो । त्यो तर्फमा यो सर्वोच्च अदालतको चौथो रणनीतिक योजनामा आवश्यक रणनीतिक कार्यनीति र कार्यान्वयनको कार्यायोजना निर्धारण गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । यद्यपि यस विषयमा अर्थात् सर्वोच्च अदालततर्फ यो न्यायपालिकातर्फ जुन बजेटहरू हाम्रो अर्थात् कानून मन्त्रालयको बजेटमा त्यस्तो रकम उल्लेख नहुने व्यहोरा समेत यहाँ जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यले कानून मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाउनको लागि खर्च कटौती प्रस्ताव पेश गर्नु भएको छ । माननीयज्यूले दिनु भएका सुझावबाटै यी विषय मन्त्रालयका शीर्षकको नीतिगत असहमतिभन्दा पनि प्रभावकारी कार्यान्वयन र सुधारको विषयसँग सम्बन्धित रहेको मैले पाएको छु । तसर्थ सुझाव र मन्त्रालयले अवलम्बन गरेको नीतिमा समानता नै रहेको र असहमतिको अवस्था नदेखिएकोले माननीय सदस्यले आफ्नो खर्च कटौतीको प्रस्तावलाई फिर्ता लिई विनियोजन विधेयक पारित गर्नको लागि सहयोग गरिदिनु हुन्छ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको विनियोजन शीर्षकमा माननीय सदस्यहरूले भाग लिनु भएको छ र उहाँहरूले गहन रूपले छलफलमा भाग लिनु भएको छ । तसर्थ उहाँहरूलाई अध्यक्ष महोदयको मार्फत् पुनः धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रकाश पन्थ ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)ः</u>**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् मन्त्रीज्यूलाई मेरो Question छ, जिज्ञासा छ । सरकारले सांसदहरूको आवाज सुनेको छैन । यसैगरि संसदीय समितिको निर्देशनलाई पनि त्यति वास्ता गरेको छैन । हजुर नेपाल सरकारको कानून मन्त्री मात्र हो कि संसदीय मामिला मन्त्री पनि हो, सांसदहरूको मन्त्री पनि हो ? यो कुरा स्पष्ट हुन चाहन्छु । यसैगरि कतिपय मौलिक हक र नियमावलीहरू अहिलेसम्म पनि आउन सकेनन् । जसले गर्दा मौलिक हक कार्यान्वयनमा निकै चुनौति देखिएको छ । मौलिक हकका नियमावलीहरू कहिलेसम्म आउँछन् ? धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय अनिता देवकोटा ।

**<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)ः</u>**- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । कानून ड्राफ्ट गर्ने बेला सरोकारवालाहरूसँग व्यापक छलफल गरेर किन कानून निर्माण गरिँदैन, ड्राफ्ट बनाइदैन ? अनि जब विधेयक आउँछ, सरोकारवालाहरूले आन्दोलन गर्ने अनि बल्ल सरकारले सुन्नु पर्ने ? सरोकारवालाहरूसँग पनि छलफल गरेर यदि ड्राफ्ट ल्याउने हो भने यो हाम्रो ownership छ भन्ने फिल हुन्थ्यो हाम्रो त्यतातर्फ मन्त्रालयको ध्यान किन जाँदैन भनेर म प्रश्न गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः**- माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म कानन्, न्याय तथा संघीय मामिला मन्त्रीज्यूलाई केही जिज्ञासाहरू राख्न चाहन्छु, प्रश्न गर्न चाहन्छु । सर्वोच्च अदालतमा लगभग २१ हजार मुद्दाहरू छन् । ती मुद्दाहरू चाहिँ फैसला हुनलाई त्यहाँ कर्मचारीहरूदेखि त्यहाँको म्यानपावरलाई परिचान गर्नु पर्ने हुन्छ । तर यस वर्षको बजेट चाहिँ कट्टा गरिएको छ । समयमा मान्छेले आफूले न्याय पाएन भने त्यो न्यायको कुनै अर्थ हुँदैन भन्छन् । त्यसकारण यस्तो निकायमा चाहिँ बजेट किन कट्टा गरियो ? म यो प्रश्न राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेः**- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरूले केही विषयहरूमा जिज्ञासाका रूपमा आफ्नो कुराहरूलाई अगाडि बढाउनु भएको छ । यहाँहरूलाई थाहा छँदैछ । कानून, न्याय तथा संसदीय मामिला मन्त्री भनेको संसदसँग पनि जोडिएको छ भन्ने कुरा यसलाई पुनः स्मरण गराउनु पर्छ जस्तो मलाई लाग्दैन । तपाईँहरूसँगै जोडिएको, संसदसँगै जोडिएको सरकार र संसदबीचको एउटा पुलको काम गर्ने एउटा मन्त्रालय हो भन्ने कुरा सायद दोहोऱ्याउन नपर्ला । अर्को यो मौलिक हकको सन्दर्भमा आज यो विनियोजन विधेयकमाथि छलफल गरिरहने सन्दर्भमा मात्रै होइन अगाडि पनि माननीय सदस्यहरूले यो प्रसङ्ग उठाउनु भएको थियो । यो विषय संसदमा बताउनु पर्छ अथवा राष्ट्रिय सभामा बताउनु पर्छ भन्ने मैले अनुभूति गरेको थिएँ र यस सन्दर्भमा हिजो पनि जिज्ञासा राख्नु भएको थियो । यस सन्दर्भमा हामीले मौलिक हकसँग जोडिएका जम्मा १६ वटा ऐनहरू निर्माण गऱ्यौँ । १६ वटा ऐनमध्ये २ वटा ऐनमा हामीले नियमावली बनाइरहनु आवश्यकता देखिँदैन । अर्थात् यो ऐनसँग जोडिएका, त्यो ऐनहरू भनेको जातीय भेदभाव तथा छुवाछूत कसुर सजाय (पहिलो संशोधन) ऐन, २०७५, यो ऐनसँग जोडेर हामीले नियमावली बनाइरहन नपर्ने, यसको लागि अगाडि नै नियमावली तयार गरी जारी भइसेको कारणले गर्दा अहिले हामीले बनाइरहनु आवश्यक देखिँदैन । अर्को सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) ऐन, २०७५ यसमा पनि हामीले नियमावली बनाइसकेको कारणले कार्यान्वयनमा आइसकेको कारणले यसलाई बनाउन आवश्यक देखिँदैन भन्ने खालको कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छु । अरु,

हामीसँग रहेका अब १४ वटा ऐनहरू बाँकी रहे । ती १४ ऐनमध्ये अपराध पीडित संरक्षण ऐन, २०७५, यो ऐनको सन्दर्भमा नियमावली बनाउने अन्तिम चरणमा पुगेको छ । यसको लागि हामीले महान्यायाधीवक्ताको कार्यालयमा एउटा समिति हुन्छ, त्यो समितिमा यो छलफल गरेर त्यसमा फिडब्याक लिनको निम्ति यो नियमावली त्यहाँ पठाएको अवस्था छ । अरु बाँकी काम सम्पन्न भइसकेको छ । अरु दुई वटा, एउटा आवासको अधिकार सम्बन्धी ऐन, २०७५ त्यो सम्बन्धमा अहिलेसम्म नियमावली बनाउँदै नबनाएको ड्राफ्ट नै नगरेको भन्ने होइन । सम्बन्धित मन्त्रालयले यसलाई नियमावली बनाउँदै अगाडि बढाएको छ । अगाडि बढाउने सन्दर्भमा अर्थ मन्त्रालयको पनि सहमति लिएर आउनु पर्छ, कानून मन्त्रालयले पनि सहमति दिनुपर्छ । सहमति दिइसकेपछि अगाडि बढ्छ, यो । अहिलेको सन्दर्भमा आवासको अधिकारसँग जोडिएको जुन नियमावली छ, यो सम्बन्धित मन्त्रालयले अगाडि बढाएर अर्थ मन्त्रालयमा सहमतिको लागि त्यहाँ पठाएको अवस्था छ । यसको कन्डिशन यस्तो छ । अर्को खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५, यसको सन्दर्भमा सम्बन्धित मन्त्रालय अर्थात् कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा यो नियमावली त्यहाँबाट बनेर अगाडि बढ्नु पर्ने हुन्छ । यसको सन्दर्भमा पनि नियमावली बनिरहेको अवस्था र यसलाई अन्तिम टुङ्गोमा पुऱ्याउनको निम्ति अर्थात् त्यो मन्त्रालयले फाइनल गर्नको लागि प्रदेश सभा र स्थानीय तहमा पनि हामीले समन्वय गरेर त्यो दुई तहसँग पनि हामीले छलफल गरेर हामी अन्तिम टुङ्गोमा पुग्नु पर्ने भएको कारणले गर्दा, अहिले लकडाउन भएको कारणले हामी त्यो प्रक्रियालाई पूरा गर्न सक्ने अवस्थामा रहेनौँ । तसर्थ यसलाई केही समय लाग्छ भन्नु भएको छ र बाँकी १२ वटा ऐनको बारेमा हामीले यो नियमावली बनाइसेको अवस्था छ र त्यसलाई कार्यान्वयन गरिसकेको अवस्था छ । यसरी हामीले मौलिक हकलाई कार्यान्वयन गर्ने सन्दर्भमा यहाँसम्म पुगिसकेका छौँ ।

अर्को हामीले यो विधेयकहरू ड्राफ्ट गर्ने सन्दर्भमा एकैचोटि यो संसदमा अथवा प्रतिनिधि सभा र राष्ट्रिय सभामा एकैचाटि त विधेयक आइपुग्दैन भन्ने कुरा यहाँहरूलाई जानकारी नै छ । जिरो ड्राफ्टबाट प्रारम्भ हुन्छ, अगाडि बढ्छ, सरोकारवालाहरूसँग पनि छलफल हुँदै जान्छ । त्यति भइसकेपछि अन्तिममा सचिवालयमा दर्ता भएर तपाईंहरूसँग आइपुग्छ । तपाईंहरूसँग पनि सबै समितिमा जाँदैन । यहाँ कुन समितिमा जाने भन्ने फाइनल कुरा यहाँबाट भइसके पछाडि सम्बन्धित समितिमा जान्छ र त्यसमा सरोकारवालाहरूसँग समन्वय नगरिकन, छलफलै नगरिकन विधेयक आउँछ भन्ने अवस्था होइन त्यस्तो र कम्तीमा पनि तपाईंहरूकोमा आउँदाखेरि एउटा परिस्कृत विधेयकको रूपमा लगेर माननीय सदस्यहरूको हातमा अथवा विषयगत समितिमा लगेर दिनुपर्छ भन्ने हुन्छ र त्यो अनुसार काम भइरहेको अवस्था छ ।

अर्को, सर्वोच्च अदालतको हकमा मैले अघि पनि भनेँ । सर्वोच्च अदालत र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय यी फरक-फरक पाटो हुन् । यी फरक पाटो भएको कारणले गर्दाखेरि सर्वोच्च अदालतबाट त्यो क्षेत्रको लागि बजेट फरक ढङ्गले हुन्छ र मन्त्रालयको फरक हुन्छ । त्यसैले हामीले कतिसम्म सहजीकरण गर्न सक्ने अवस्था रहन्छ भने हामीले सर्वोच्च अदालतलाई अथवा त्यहाँ चाहिने आवश्यक रकम सर्वोच्च अदालत

त्यहाँ मात्रै हुन्न । यो सर्वोच्च अदालतसँग जोडिएका अदालतसँग जोडिएका सबै नेपालभरि रहेका उच्च जिल्ला अदालतहरू यी सबैलाई कति रकम चाहिन्छ भन्ने सन्दर्भमा हामीले पनि सहजीकरण गरिदिने वातावरण रहन्छ । त्यो अवस्था रहन्छ । हामीले सहजीकरण गर्छौं । त्यति हुँदाहुँदै पनि अहिलेको सन्दर्भमा प्रत्येक सबै मन्त्रालयमा बजेट कम छ भन्ने कुरा भनिरहनु पर्ने कुरै होइन र हामीले पटक-पटक आफै पनि महशुस के गरिरहेका छौं भने अहिले हामी जनजीवन अथवा जनताको स्वास्थ्यसँग जीवन रक्षाको निम्ति धेरै बजेट त्यता खर्च गर्नु परेको कारणले गर्दा हाम्रो खर्च कटौती भयो भन्ने कुरा हामीलाई थाहा छ र थाहा हुँदाहुँदै पनि हामीलाई कहिलेकाहीँ के लाग्न सक्छ भने होइन अझै बढी बजेट दिएको भए हुन्थ्यो नि भन्ने खालको । बजेट बढी दिन पाए हुन्थ्यो, लिन पाए हुन्थ्यो भन्ने हो । यद्यपी अहिले नेपालको यथार्थ परिस्थितिसँग हामीले तुलना गरेर, हामीले जोडेर हेर्दाखेरि हामीलाई पर्याप्त हामीलाई जति चाहिन्छ, त्यति नपाएको अवस्था हो । तसर्थ हामीले अहिलेको सन्दर्भमा सर्वोच्चलाई अथवा न्यायालयतर्फ दिएको बजेट जति चाहिन्थ्यो त्यति नभएको अवस्था हो । मैले अघि पनि भनें, कानून मन्त्रालयमा पनि हामीलाई चाहिने जति बजेट छैन । यद्यपि हामीले जति बजेट छ, त्यसलाई व्यवस्थापन गरेर चलाउँछौं भन्ने कुरा र उता सर्वोच्च अदालततिरको जुन तपाईंले २१ हजार मुद्दाको कुरा गर्नु भएको छ, मुद्दा अहिले यो लकडाउनले गर्दाखेरि मुद्दा पहिले जति फैसला हुँदै जानु पर्ने अवस्था थियो, त्यति नभएको हो । हरेक ठाउँमा यो लकडाउनले डिस्टर्व गरेको छ भन्ने कुरा हामीले व्यहोरेका छौं, अनुभूत गरेका छौं र हामीले त्यो देखिरहेका जगजाहेर छ । तसर्थ त्यतातिरको आर्थिक पाटोमा हामीसँग नजोडिने कारणले गर्दाखेरि त्यतातर्फ फरक ढङ्गले बजेटिङ्ग गरेर जाने भएको कारणले गर्दाखेरि हामीले त्यतातर्फ धेरै हाम्रो कुराहरू आकर्षित नहुने कुरा पनि यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

अन्तिममा सम्माननीय अध्यक्ष महोदय, यहाँ फेरि प्रश्नहरू गरेर आफ्नो जिज्ञासाहरू राख्नु भएको छ । उहाँ माननीय सदस्यहरूलाई धन्यवाद दिँदै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्गलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री पार्वत गुरुङ्गः**- सम्माननीय अध्यक्षज्यू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको विनियोजन विधेयकमाथिको छलफलमा माननीय सदस्यज्यूहरूले राख्नु भएको जिज्ञासा, सुझाव र यसलाई समृद्ध बनाउनको निम्ति जुन यहाँहरूको प्रभावकारी भूमिका रहेको छ, त्यसप्रति म सम्माननीय अध्यक्षज्यू मार्फत् माननीय सदस्यज्यूहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आफूलाई बजेट विनियोजन गरिरहँदा अथवा बजेट निर्माण गर्दा हामीले नेपाल सरकारको तर्फबाट अथवा सम्माननीय राष्ट्रपतिज्यूबाट सम्बन्धन भएको नीति तथा कार्यक्रमको आधारित भएर बजेट विनियोजन गरेको छ । पन्ध्रौं योजनामा आधारित छ र दिगो विकासको लक्ष्यसँग आधारित छ र हामीले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिबद्धता जाहेर गरेको आधारमा पनि आधारित छ । र सांसदज्यूहरूबाट, संसदीय समितिहरूबाट र प्री बजेटको क्रममा माननीयज्यूहरूबाट राखेको सुझावको आधारमा हामीले बजेटलाई विनियोजन गरेको म यहाँहरूप्रति निवेदन गर्न चाहन्छु । र यो बजेटले यसरी निर्माण गर्दागर्दै पनि थप अझै पनि बजेट विनियोजन विधेयकमाथि जुन माननीय सदस्यज्यूहरूले जुन सुझाव राख्नु भएको छ, खर्च कटौतीको प्रस्ताव राख्नु भएको छ र थप अझ कार्यान्वयनको क्षेत्रमा प्रभावकारी बनाउनको निम्ति थप सुझाव र आवश्यक र नीतिका कुराहरू पनि राख्नु भएको छ । यी विषयहरूमा म यहाँहरू बीचमा म के प्रतिबद्धता व्यक्त गर्न चाहन्छु भने माननीय सदस्यज्यूहरूको जुन धारणा छ र जुन सुझाव छ, अब यो विनियोजन बजेटलाई अब कार्यान्वयनको क्रममा पक्कै पनि प्रभावकारी ढङ्गबाट यसलाई कार्यान्वयन गर्ने कुरामा पनि म प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । यो प्रतिबद्धता व्यक्तसँगै यहाँहरूले राख्नु भएको जो माननीयज्यूहरूको सुझाव छ, कतै महिला, बालबालिका ज्येष्ठ नागरिक मन्त्रालयले राखेको कार्यक्रमहरूप्रति स्वागत पनि गर्नु भएको छ । माननीयज्यूहरूले यो मन्त्रालयको नामै परिवर्तन गर्न पनि सुझाव दिनु भएको छ । मैले माननीयज्यूहरूको नाम सम्माननीय अध्यक्षज्यूको अनुमतिमा अहिले त्यो उल्लेख गरिनँ । उहाँहरूको सुझावप्रति कताकता यो महिला, बालबालिका, ज्येष्ठ नागरिक मन्त्रालय भनिरहँदा उहाँले नाम पनि भन्नुभयो सामाजिक विकास मन्त्रालय राख्दा हुन्छ कि भनेर पनि भन्नु भएको छ । त्यसैले यी सुझाव राख्नु भएको छ । दीर्घकालीन सोचको आधारमा र यो मन्त्रालयको प्रभावकारिताको निम्ति र यसलाई अझ हामीले यो सामाजिक मन्त्रालय हो भन्ने उद्देश्यबाट सामाजिक मन्त्रालयमा कतिपय समाजमा अहिले महिला, बालबालिका, ज्येष्ठ नागरिकभन्दा अपाङ्गता छुटेको छ । यो लैङ्गिक व्यक्तिहरू छुटेको छ । सीमान्तकृतहरूको जातिहरू छुटेको हुन सक्छन् । विभिन्न किसिमका वर्गहरू र सामाजिक क्षेत्रमा समेटिनु पर्ने क्षेत्रहरू छुटेको हुन सक्छ । त्यसैले पनि माननीयज्यूहरूले जुन किसिमको एउटा सुझाव राख्नु भएको छ, पक्कै पनि यो सुझावलाई मैले एउटा विधिवत रूपमा, प्रक्रियामा छलफलको क्रममा फेरि पनि संसदमा र यसलाई अगाडि बढाउने यहाँहरूको बीचमा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । सँगै म यहाँहरूको बीचमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अहिले महिलाहरूको क्षेत्रमा के गरिरहेको छ ?

पक्कै पनि कोभिड-१९ सँग सम्बन्धित रहेर यो बजेटले कता केन्द्रित गरेको छ भन्ने कुरा पनि तपाईंहरूको जिज्ञासा रहन सक्छ र त्यो जिज्ञासा पनि रहेको छ । यसलाई कोभिड-१९ सँगै सम्बन्धित रहेर हामीले तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरूलाई यो बजेटमा प्रस्तावित गर्ने गरेका छौँ । यसबाट जुन महिला हिंसाका कुराहरू भइरहेको छ, गर्भवती महिलाहरूका कुरा आइरहेको छ । अहिले विदेशबाट आउने जो महिला दिदीबहिनीहरूको विषयमा हामीले होल्डिङ्ग सेन्टरको व्यवस्थापनको कुरा र क्वारेन्टाइनका कुराहरू पनि अहिले केही त्यस्ता दुर्घटनाहरू पनि त्यस्ता अप्रिय कुराहरू पनि सुन्ने गरिरहेका छौँ । यी सबै कुरालाई हेरेर हामीले महिला हिंसाका कुराहरूलाई अहिले हामी महिला सशक्तीकरण, राष्ट्रप्रति महिला उत्थान कार्यक्रमलाई महिला सशक्तीकरण भनेर हामीले आर्थिक सशक्तीकरणमा रुपान्तरित गरेर जानुपर्छ भन्ने लिएर यो जीविकोपार्जनसँग सम्बन्धित, आर्थिक सशक्तीकरणसँग सम्बन्धित, उद्यमशीलतासँग सम्बन्धित रहेर हामीले अहिले "लैङ्गिक हिंसा र विभेदको अन्त्य, आर्थिक रुपान्तरण अबको गन्तव्य" भन्ने मूल नारा सहित हामीले महिलाहरूको महिला उद्यमशील सहजीकरण प्रत्येक गाउँपालिकास्तरमा त्यसको महिला उद्यमशील सहजीकरण केन्द्रको रूपमा पनि स्थापित गर्ने र महिलाहरूलाई उद्यमशीलबाट आत्मनिर्भर अर्थतन्त्रतर्फ जानुपर्छ भन्ने सोचबाट महिला आर्थिक सशक्तीकरण कार्यक्रमलाई अगाडि बढाएको पनि म निवेदन गर्न चाहन्छु ।

त्यस्तै हामीले बालबालिकाको कुरा हामीले बालबालिकालाई राष्ट्रिय रणनीतिको एउटा गुरुयोजना बनाउनु पर्छ । बालबालिका भनेका हाम्रा भविष्यको कर्णधार हुन् । त्यसैले अहिले बालबालिकाको क्षेत्रमा जुन किसिमको समस्याहरू उत्पन्न छ, कोभिड-१९ सँग सम्बन्धित समास्याहरू छन् र अन्य बालबालिकाको अहिले जुन समस्याहरू छ, यसलाई अन्त्य गर्नको निम्ति पनि हामीले रणनीतिक योजना बनाउने र सडकमुक्त बालबालिकाको निम्ति काम गर्ने र अहिले पनि सडकमुक्त घोषणा गर्नुपर्छ भनिरहँदा कोभिड-१९ को सन्दर्भमा केही बालबालिकाको सडकमा फेरि पनि बालश्रमका बालबालिकाहरू देखा परेको छ । त्यसलाई पनि फेरि सडकमुक्त बालबालिका बनाउने अभियानकासाथ हामी अगाडि बढिरहेका छौँ र त्यही अनुसारको बजेट विनियोजन भएको पनि म यहाँहरूसँग निवेदन गर्न चाहन्छु ।

त्यस्तै ज्येष्ठ नागरिकको सेक्टरमा यहाँहरूले जे जिज्ञासा राख्नु भएको छ, हामी ज्येष्ठ नागरिकको क्षेत्रमा जो हामीले हिजो विगतमा ज्येष्ठ नागरिक भनेको आश्रममा सबै माग हुँदाखेरि पनि माननीयज्यूहरू होस सबैले आश्रम भवनको एउटा अभियान हिजो विगत केही दशक हामीले त्यो सुरुवात गरेको पाइयो । तर म यहाँहरूको बीचमा सेन्स कन्टेक्स्टमा कतिपय कुराहरू हाम्रा सोचहरू, हाम्रा कार्यक्रमहरूलाई पनि परिवर्तित र रुपान्तरित गर्नुपर्छ भन्ने सोचको आधारमा अब ज्येष्ठ नागरिक आश्रमको कुरा होइन, ज्येष्ठ नागरिक भनेको हाम्रो अभिभावक हुन् र उहाँहरू भनेका हाम्रा एउटा हाम्रो मुलुकको निधि हो र उहाँहरूको ज्ञान, सीप र अनुभवलाई अब हामीले राष्ट्रको समृद्धको निम्ति एउटा सम्पत्तिको रूपमा लिनुपर्छ र उहाँहरूलाई ज्ञान, सीप र अनुभव पुस्तान्तरण गर्नुपर्छ भन्ने सोचको आधारमा ज्ञान, सीप र अनुभवको एउटा ज्ञान केन्द्र, ध्यान केन्द्र र आराम केन्द्रको रूपमा

मिलनकेन्द्रको रूपमा त्यसलाई जानुपर्छ र त्यसमा गाउँपालिका स्तरमा, यो पालिकास्तरमा यस रूपमा विकास गर्नुपर्छ भन्दै हामीले त्यस अनुसारको बजेट विनियोजन गरेको पनि म यहाँहरूसँग निवेदन गर्न चाहन्छु ।

त्यस्तै हामीले अपाङ्गताको क्षेत्रमा पनि अपाङ्गताको क्षेत्रमा जुन किसिमको सहायक सामाग्री छ त्यो नेपालमै त्यसको उत्पादन गर्ने, त्यसको उत्पादन र उद्योगको विकास गर्ने भन्ने सोचको साथ अपाङ्गमैत्री नेपाल पूर्वाधारहरू बनाउँदा होस्, जे गर्दा पनि हामीले अपाङ्गतामैत्रीको रूपमा जानु पर्दछ भन्ने सोचबाट हामीले गरेका छौँ । यो अनुसार चाहिँ हामीले संघ, संस्थाको क्षेत्रमा र सामाजिक क्षेत्रमा जुन किसिमको संघ, संस्थामा हामीले केही समस्याहरू पनि देखिरहेका छौँ । त्यो संघ, संस्थालाई हामीले मेन स्ट्रिमका ल्याउनको निम्ति, एकद्वार प्रणालीमा ल्याउनको निम्ति हामीले एकीकृत सामाजिक विकास ऐन पनि अहिले नीति कार्यक्रममा पनि त्यसलाई व्यवस्था गरेका छौँ र त्यसको अनुसार अब हामी एकीकृत सामाजिक विकास ऐनको रूपमा अगाडि बढ्ने कुरा पनि म यहाँहरूसँग निवेदन गर्न चाहन्छु र हामीले समाजमा जे जस्तो किसिमको सामाजिक कुरीति र कुसंस्कारहरू देखिरहेका छौँ, विभेदहरू देखेका छौँ, छुवाछूतहरूको कुरा देखेका छौँ र यी सबै कुराको सामाजिक कुरीतिको अन्त्य गर्नको निम्ति हामीले सामाजिक रुपान्तरणको नीतिलाई पनि अगाडि बढाएका छौँ र हामीले लैङ्गिकमैत्री नेपाल निर्माणको घोषणा गर्ने मर्यादित नेपाललाई घोषणा गर्ने र हामीले समाजलाई एउटा आत्मनिर्भर नेपाली र एउटा सक्षम भरपर्दो र एउटा समाजप्रति जवाफदेही र इमान्दार नागरिक निर्माणको निम्ति अब हामीले पाठ्यक्रमहरूमा पनि केही परिवर्तन गर्नु पर्ने हामीले हरेक पाठ्यक्रमलाई परिवर्तित गरेर नैतिक शिक्षाको आधारमा हामीले नेपाली समाजलाई, नेपाली नागरिकलाई जिम्मेवार र जवाफदेही बनाउने र समाजप्रति एउटा स्वयम्सेवी भावनाबाट विकास गर्ने कुरा पनि यस नीति कार्यक्रममा हामीले समावेश गरेका छौँ । यी कुराहरू यहाँहरूको बीचमा राख्दै हामीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेटमा केही सीमितता भएको माननीयज्यूहरूले पनि उठाउनु भएको छ र स्वभाविक रूपमा यस मन्त्रालयका बजेटको केही सीमितता छ । तर पनि म तपाईंहरूको बीचमा अन्तिममा के भन्न चाहन्छु भने बजेटले हाम्रो कार्यक्रमलाई निर्धारण गर्ने परम्परालाई तोड्दै अब कार्यक्रमबाट बजेटमा निर्धारित हुनु पर्दछ । कार्यक्रमले नै बजेटलाई आकर्षित गनुपर्छ । त्यसैले बजेटमा हामी कति बजेट आयो भन्ने कुरासँग होइन र सामाजिक रुपान्तरणको कुरा सामाजिक क्षेत्रमा पनि गौरवको आयोजना हुन सक्छ, समृद्धिको एउटा सुरुवात हुन सक्छ । त्यसैले अब हामीले समाजिक क्षेत्रमा लगानी गर्नुपर्छ । राज्यले, प्रदेशले होस्, गाउँपालिकाले होस्, स्थानीय तहबाट होस् हामी सबैले बजेटसँगभन्दा पनि सामाजिक क्षेत्रलाई राष्ट्रिय गौरवको आयोजनाबाट रुपान्तरित गरौँ । त्यसबाट नै बजेट निर्धारित हुन्छ भन्ने कुरा पनि म यहाँहरूको बीचमा राख्दै बजेटबाट कतिपय सबैमा सबैको माग, सबै माननीयज्यूहरूको प्रस्तावलाई पूरा गर्न नसके पनि बजेटबाट, कार्यक्रमबाट, नीतिबाट र सामाजिक रुपान्तरणको कार्यक्रमबाट पक्कै पनि यहाँहरूको माग पूरा गर्ने कुरा तपाईंहरूको बीचमा प्रतिबद्धता जाहेर गर्दै आफ्नो भनाइ पनि यही अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्गले दिनु भएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई मेरो एउटा जिज्ञसा छ । यो विगत वर्षदेखि पाइरहेको ६० वर्ष मुनिका एकल महिला र अति अशक्त, अपाङ्ग भएका व्यक्तिहरूको भत्ता सरकारले कहिले दिन्छु भन्छ, कहिले दिँदैन भन्छ । के यी वर्गहरूलाई सरकारले जिस्काइरहने वर्ग हो ? यो किन यस्तो भइरहेको छ ? र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनको नियमावली कहिले आइपुग्छ ? धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तार देवी भट्ट ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीयज्यू मार्फत् मन्त्रीज्यूलाई म सुझाव दिन चाहन्छु कि अहिलेसम्म कैयौं बालबालिका घरेलु तथा यौन हिंसाका शिकार भइरहेका छन् । यसमा मन्त्रालयले ठोस कार्यक्रम ल्याओस् । महिलामाथि हुने हिंसा, बलात्कार, हत्याका घटना दिनानुदिन बढ्दा मन्त्रालयले ठोस् पहल गर्न तत्काल रणनीति बनाउन र यसमा बजेट बढाई कार्य गरोस् । निर्माला जस्तो अरु महिला न्यायबाट वञ्चित नहुन् भन्ने पहलको लागि पनि सुझाव दिन्छु । सू.य. कोघटनाले सरकार व्युझन्छन् कि ? कोभिड-१९ भन्दा सरकारको व्यवस्थाले महिलालाई झन पीडा भयो । तत्काल पहल होस् । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू मार्फत् म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रममा लक्षित विपन्न

महिलाहरूलाई उद्यमशीलता रोजगारीसँग जोड्ने के-के आधारहरू हुन् ? उनीहरूसँग पहुँचै पुग्दैन भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरि बाल श्रमिकहरू हटाउने कुराहरू आयो । इट्टाभट्टा, सार्वजनिक यातायात र रेष्टुरेण्टमा अहिले पनि बाल श्रमिकहरू छन् । तिनीहरूलाई कति जनालाई कारबाही भयो भनेर म सोध्न चाहन्छु । त्यसैगरि क्वारेन्टाइनमा दिनहुजसो सामुहिक बलात्कारका शिकार महिलाहरू भएका छन् । तसर्थ महिला मन्त्रालयकले के हेरेर बसेको छ ? छाउपडी जस्ता प्रथाहरूबाट अफ्न महिलाहरू हिंसित छन् । बोक्सीको आरोपमा अफ्नै पनि मुद्दा दायर भएका छन् । हेल्प डेस्क बनाउने कुरामा किन ध्यान जाँदैन । महिला आयोगका पदाधिकारीलाई कहिले नियुक्ति गर्ने हो ? किन सुतेर बसेको छ, महिला मन्त्रालय ? पश्न सोध्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय रमेश जंग रायमाफ्ती ।

**<u>माननीय श्री रमेश जंग रायमाफ्ती (नेपाली काँग्रेस):</u>**- सम्माननीय अध्यक्ष महोदय, महिला मन्त्रालयका पुरुष मन्त्रीज्यूलाई निर्मला पन्तको बलात्कार पछाडि हत्या गरियो । ती बालिकाको हत्या भएपछि यो मन्त्रालयले तिनको हत्यारा पत्ता लगाउन के-के पहल गऱ्यो भनेर सोध्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्गलाई समय उपलब्ध गराउँछु ।

**<u>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री पार्वत गुरुङ्गः</u>**- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूको प्रश्नको उत्तर जवाफ दिने क्रममै आएको मैले महशुस गरेको छु । तैपनि यसलाई प्रष्ट पार्नको निम्ति फेरि पनि स्पष्टताको निम्ति जो माननीयज्यूहरूले प्रश्न राख्नु भएको छ, त्यसको निम्ति म हार्दिक धन्यवाद दिन चाहन्छु ।

विशेष हामीले सामाजिक सुरक्षाको भत्ताको सम्बन्धमा सामाजिक सुरक्षा भत्ता ऐन, २०७५ ले कतिपय अपाङ्गताको क्षेत्रमा एकल महिलाको विषयमा जुन सामाजिक सुरक्षा भत्ता हो, त्यसमा केही कटौतीका ऐनले केही व्यवस्था गरेको पाइयो । यो ऐनमा व्यवस्था भएको कुरा नियमावली बनाएर पनि नहुने, हामीले सदनमा विशेष आवाजहरू उठाएर पनि नहुने, हामी मन्त्रीहरूले यसको निम्ति पहल कदमी गरिरहँदाखेरि पनि नहुने भएको हुँदा हामीले यसलाई अस्थाई व्यवस्थापनको रूपमा जुन मन्त्रिपरिषद्मा प्रस्ताव लगेर अहिले हामी कोभिड-१९ सँग सम्बन्धित रहेका अपाङ्गता क्षेत्र, एकल महिलाको क्षेत्र, ज्येष्ठ नागरिकको

क्षेत्र र हिजो हामीले विगतमा सामाजिक सुरक्षा भत्ता जसरी दिइरहेका छौँ, त्यो सामाजिक सुरक्षा भत्ता कहीँ पनि कटौती नगर्ने गरिकन प्रस्ताव लग्यौँ, त्यो मन्त्रिपरिषद्ले पनि त्यसलाई पारित गरेको छ र सम्माननीय प्रधानमन्त्रीज्यूले पनि राष्ट्रको नाममा सम्बोधन गर्नु भएको छ, जो सामाजिक सुरक्षा भत्ता कटौती नगर्ने र अहिले नीति, कार्यक्रम, बजेटमा पनि त्यो व्यवस्था भएको छ । सँगै यो अस्थायी व्यवस्थापन हो । यसलाई स्थायी रुपमा यो सामाजिक सुरक्षा भत्ता ऐन, २०७५ लाई संशोधन गर्नको निम्ति अहिले संशोधन प्रस्ताव पनि अगाडि बढेको कुरा म यहाँहरूको बीचमा राख्न चाहन्छु र सँगै हामीले बालबालिकाको क्षेत्रमा के भयो र जुन राष्ट्रपति महिला उत्थान कार्यक्रममा के भइरहेको छ ? यसका आधारहरू के हुन् भन्ने कुरा पक्कै पनि हामीले अब कार्यविधिहरू बनाउने छौँ । यसको मापदण्ड बन्ने छ । हामी यो कार्यविधिहरू पनि प्रथम चौमासिक नै बनिसक्नु पर्ने हो । कार्यविधि दोस्रो, तेस्रो चौमासिकमा पुगरेर कार्यविधि बनेपछि कतिपय यसको कार्यान्वयन पक्षहरू कमजोर भएको पनि मैले महशुस गरेको छु । म यहाँहरूसँग के प्रतिबद्धता जाहेर गर्न चाहन्छु भने अब नीति कार्यक्रम र बजेट स्वीकृत भएको छ । हामी सबै मन्त्रालयहरूले साउनभित्रमा कार्यविधिहरू बनाइसक्नु पर्ने र भाद्र महिनाबाट यो कार्यान्वयनमा जानु पर्ने यो खालको पक्कै पनि सम्माननीय अध्यक्षज्यू, यो हामीले यो नीतिगतमै पनि यो संसदले पनि निर्देशन गर्न जरुरी छ । कतिपय मन्त्रालयहरू बजेट किन पूँजीगत खर्च कम हुन्छ भन्दाखेरि हाम्रा कार्यविधि चाहिँ फाल्गुण चैततिर पो कार्यविधि बन्छ । यो हाम्रो परम्परालाई अन्त्य गर्नको निम्ति म पक्कै पनि मेरो मन्त्रालयबाट सचेत छु । यसबाट नै कतिपय हामी पहिचान गर्ने, को, उद्यमशील महिला कसरी बनाउने र कसरी महिलाहरूलाई आर्थिक सशक्तीकरणमा लाने र बालश्रमको अन्त्य कसरी गर्ने ? यी सबै कुराहरू हामीले रणनीतिक, एउटा गुरुयोजना मापदण्ड र ऐन बनेको छ । ऐनको आधारमा हाम्रो बजेट छ, त्यो नीति छ, त्यो नीति र बजेटको आधारमा हामी कार्यविधि र मापदण्ड बनाएर त्यसलाई कार्यान्वयन गर्ने कुरा म माननीयज्यूहरूलाई म विश्वास दिलाउन चाहन्छु । जहाँसम्म हामीले समाजमा रहेका कतिपय अहिले हत्या, हिंसाका कुराहरू र समाजमा रहेका विकृतिका कुराहरू, समाजमा रहेका कुरीतिका कुराहरू, समाजमा रहेका अन्धविश्वास र जनविश्वासमा रहेका कुराहरूलाई हामीले अन्त्य गर्नको निम्ति पक्कै पनि यस सामाजिक क्षेत्रमा नयाँ युगको सुरुवात हुने, नयाँ ढङ्गबाट सामाजिक रुपान्तरको नीति आउने र समाजमा सामाजिक एकीकृत सामाजिक विकास ऐन ल्याएर समाजमा रहेका सबै संघ, संस्थाको नाममा, राष्ट्रको नाममा जुन किसिमको अहिले राष्ट्रको सम्पत्तिको दुरुपयोग भएको छ, जग्गाहरूको दुरुपयोग भएको छ, संघ, संस्थाहरू राष्ट्रिय निर्देशक ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण, २०४९ यस्ता धेरै ऐनहरू, जुन ऐनबाट निर्देशित भएर संघ, संस्थाको नामबाट राष्ट्रलाई जुन किसिमको दोहन गरेको छ, यसलाई एउटा एकीकृत कार्यदल बनाएर राष्ट्रको नाममा संघ, संस्थाको नाममा राष्ट्रिय सम्पत्तिको दुरुपयोग गर्ने संघ, संस्थालाई नियन्त्रण गर्नको निम्ति म पक्कै पनि एउटा कार्यदललाई, हामी काम पनि गरिरहेका छौँ, त्यसलाई विधिवत बनाउनको निम्ति एउटा कार्यदल बनाएर अगाडि बढाएर राष्ट्रलाई पक्कै पनि बलियो बनाउने, व्यक्ति बलियो होइन राष्ट्र बलियो बनउने काममा सामाजिक क्षेत्रमा पक्कै रुपान्तरको काम गर्नेछु भन्ने कुरामा पनि म तपाईँहरूको बीचमा

विश्वास दिलाउन चाहन्छु र प्रश्न गर्नुहुने माननीयज्यूहरूलाई पुनः फेरि पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । आगामी दिनमा हामी नीति, कार्यक्रमलाई व्यवहारमा र कार्यान्वयनमा यहाँहरूलाई पक्कै विश्वास दिलाउने पनि प्रतिबद्धता जाहेर गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात र सहरी मन्त्री बसन्तकुमार नेम्वाङलाई भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरू जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय भौतिक पूर्वाधार तथा यातायात र सहरी मन्त्री बसन्तकुमार नेम्वाङः-** सम्माननीय अध्यक्ष महोदय, संघीयता कार्यान्वयन सँगसँगै हामी नयाँ नेपाल निर्माणको अभियानका प्रवेश गरेका छौँ । सन् २०३० सम्ममा यो निर्माण सँगसँगै हामीले नेपाललाई एउटा मध्यम आय भएको स्तरको मुलुकमा स्तरोन्नति गर्न खोजेका छौँ । यही सन्दर्भमा १५ औं पञ्चवर्षीय योजनाहरू तर्जुमा भएको छ । त्यति मात्रै नभएर अहिलेको वर्तमान सरकारको नेतृत्व गर्नु हुने सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको ड्रिम सरकार सञ्चालन गरे सँगसँगै यो देशलाई समृद्ध राष्ट्र र सुखी नेपाली बनाउने एउटा राष्ट्रिय अभियान सञ्चालन छ । यिनै नीतिको सेरोफेरोमा रहेर यो सरकारको तेस्रो वर्षको आर्थिक वर्षको नीति, कार्यक्रम, बजेटहरू तर्जुमा भएका छन् । यो लक्ष्य प्राप्त गर्नलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा भौतिक पूर्वाधारका क्षेत्रमा कस्ता-कस्ता निर्माणका आवश्यकताहरू छन् भन्ने कुराहरू यो मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत पहिचान गरिएको छ । भौतिक पूर्वाधार निर्माणका नयाँ-नयाँ क्षेत्रहरूको पहिचान गरेर यसलाई वार्षिक कार्यक्रममा समावेश गर्ने गरिएको छ । यस अन्तर्गत संघीय यो मन्त्रालयले गर्ने ठूल्ठूला महत्वपूर्ण र नवीनतम नयाँ भौतिक निर्माणका क्षेत्रहरू सबैलाई मैले अहिले सविस्तार आज धेरै सबै मन्त्रालयको जवाफ भएको हुनाले मैले यहाँ सबैलाई राख्ने जमर्को गरिनँ । तर पनि ठूल्ठूला राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालित छन् । ती योजनाहरू हाम्रो वि.सं. ०७९/०८० को आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेर अगाडि बढिएको छ । हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, पहाडी क्षेत्रमा मध्येपहाडी राजमार्गहरू, फास्ट ट्र्याक राजमार्गदेखि लिएर ८० वटा राष्ट्रिय राजमार्गको पहिचान गरेर त्यसलाई निरन्तरता दिइएको छ र यो राष्ट्रिय गौरवको आयोजनाभित्र अत्यन्तै त्रीदेशीय महत्व राख्ने रोड कनेक्टिभिटीलाई सम्पन्न गर्नुछ । उत्तर-दक्षिण लोकमार्ग तीन देशसम्म त्यो बाटोले महत्व राख्ने बाटाहरू, ठूल्ठूला सडकहरू सुरुवात गरिएको छ । यसलाई आवश्यकीय ढङ्गले रकमको विनियोजन गरेर अगाडि बढिएको अवस्था छ ।

सम्माननीय अध्यक्ष महोदय, भौतिक पूर्वाधारका नयाँ क्षेत्र पहिचान गरेर सुरुवात गरिएको छ । अब यस्ता बाटाहरूले पुग्दैनन् । नयाँ ढङ्गले सुरुङ्ग मार्गहरू निर्माण गर्न अपरिहार्य छ । त्यसो भएको हुनाले नागढुङ्गाको सुरुङ्ग मार्ग निर्माणदेखि लिएर यसको बजेट व्यवस्थापनदेखि लिएर सिद्धबाबादेखि हुँदै यो आर्थिक वर्षमा ९ वटा सुरुङ्ग मार्गहरूको निर्माण थालनी र पहिचान सम्भाव्यता अध्ययन र डीपीआर गर्ने कार्यक्रम सहित बजेटहरू विनियोजन गरेको कुराहरू यो सदनसमक्ष जानकारी गराउन चाहन्छु । त्यतिमात्रै होइन, पूर्व-पश्चिम अत्यन्तै लाइफलाइनको रूपमा रहेको सडक पूर्व-पश्चिम राजमार्गको काँकडभिट्टादेखि लिएर गड्डाचौकीसम्मको कम्तीमा पनि ४ लेनको स्तरोन्नति गर्ने कार्यलाई अगाडि बढाएर त्यसको निम्ति आवश्यक लगानी सुनिश्चित गर्ने र निर्माण कार्यहरू थालनी गरिएको अवस्था अहिले रहेको छ । त्यसदेखि बाहेक भौतिक पूर्वाधार यातायातको नयाँ क्षेत्र रेल आयोजनाहरू सञ्चालन गर्न सुरुवात गरिएको छ । काँकडभिट्टादेखि लिएर गड्डाचौकीसम्मका विद्युतीय रेल मार्ग अब यो मुलुकमा अपरिहार्य छ । यी लक्ष्य प्राप्त गर्नको निम्ति भनेर विगतका वर्षदेखि सुरुवात गरिएको छ । त्यति मात्रै होइन, ऐतिहासिक रूपमा दुई देशबीच रेल सञ्चालन भएको जयनगर-जनकपुर वा दुई देशबीचको कनेक्टिभिटीलाई नयाँ ढङ्गले अगाडि बढाउनको निम्ति रेलको निर्माण गर्ने, रेल बाटाहरू सम्पन्न गर्ने कुराहरूलाई अगाडि बढाइएको छ । आउने आर्थिक वर्षदेखि हामी नेपालको झण्डा फहराएर जयनगर-जनकपुर रेल सञ्चालन गर्ने अभिभाराकासाथ कार्यक्रमसाथ अगाडि बढेका छौँ । त्यति मात्रै होइन, यो नयाँ क्षेत्र पहिचान गरेर काँकडभिट्टादेखि लिएर कम्तीमा पनि बुटवलसम्मको पहिलो चरणको खण्डलाई विद्युतीय रेलमार्गहरू निर्माण गर्न गएको वर्षदेखि सुरुवात गरेका छौँ । यस आर्थिक वर्षमा पनि काँकडभिट्टादेखि इनरुवाको रेल मार्ग निर्माणको कामहरूलाई थालनी गर्नलाई कार्यक्रम सहित उपयुक्त बजेटको व्यवस्थापन र विनियोजन गरेको कुराहरू सम्माननीय सभामा म राख्न चाहन्छु । त्यति मात्र होइन, रेलको सन्दर्भमा विगतमा हाम्रो छिमेकी मुलुक चीन र भारतसँग हामीले जो समझदारी गरेका छौँ, रक्सौलदेखि काठमाडौंको रेलमार्ग, केरुङ्गदेखि काठमाडौंको रेलमार्गको अध्ययन अगाडि बढेको अवस्था छ । भारत र चीन सरकारको सहयोगमा यो नयाँ रेल मार्गको पनि पहिचान गर्ने सम्भाव्यता अध्ययन गर्ने कामहरू अगाडि बढेको र त्यसलाई आवश्यक पर्ने बजेटहरू यो मन्त्रालय अन्तर्गत विनियोजन भएको कुराहरू म सहर्ष जानकारी गराउन चाहन्छु । यसदेखि बाहेक थुप्रैथुप्रै सडकका आयोजनाहरू छन्, कोही यही आर्थिक वर्षमा सम्पन्न गर्नु पर्ने अल्पकालीन रूपमा छन्, कोही निरन्तर दिएर मध्यकालीन रूपमा अगाडि लानु पर्ने अवस्था छन्, कोही दीर्घकालीन रूपसँग महत्व राख्ने आयोजनाहरू अन्तर्गत कार्यक्रममा समावेश गरिएको छ । यो कार्यक्रम बनाइराख्दाखेरि अघि मैले सुरुमै भनेको आधारमा, त्यसले निर्देशन गरेको आधारमा, नेपाल सरकारको नीति निर्देशनले गरेको आधारमा हामीले कामहरूलाई अगाडि बढाइराखेको कुराहरू म यहाँ सहर्ष जानकारी गराउन चाहन्छु ।

मैले सबै कुराहरूलाई यहाँ राख्न सकिनँ । हाम्रो मन्त्रालय अन्तर्गतको कार्यक्रम, बजेटहरूमा उल्लेख छ । माननीयज्यूहरूलाई, सम्मानित संसदलाई जानकारी गराइएको छ ।

केही त्यसबारेमा छलफल गर्नुपऱ्यो भने, जानकारी राख्नुपऱ्यो भने कुनै पनि बेला मन्त्रालय, सरकार जानकारी गराउन र छलफल गर्न तयार रहेको कुरा राख्दै यो विनियोजन विधेयक, यो शीर्षकमाथि छलफल भइराख्दाखेरि माननीय सदस्यज्यूहरूले भाग लिँदै आफ्ना अमूल्य सुझावहरू राख्नु भएको छ, आफ्ना धारणाहरू राख्नु भएको छ, केही प्रश्नहरू गर्नु भएको छ, जसले आगामी दिनमा यो बजेट र कार्यक्रमलाई कार्यान्वयन गर्नको निम्ति सरकारलाई, यो मन्त्रालयलाई एउटा प्रेरणाको रूप प्रदान गरेको छ । यो सहभागिताको निम्ति, यो सुझाव र धारणाहरूको निम्ति मन्त्रालय र म सम्बन्धित मन्त्रीको हैसियतले सम्माननीय अध्यक्षज्यू मार्फत् सबैलाई आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु । र केही यहाँ उठेका थोरै जिज्ञासाहरू छन् तर ती अत्यन्तै महत्वपूर्ण छन् । त्यसो भएको हुनाले ती उठेका जिज्ञासा र प्रश्नहरूलाई आफ्नोतर्फबाट प्रष्ट पार्ने सम्माननीय अध्यक्ष महोदय, म पर्यत्न गर्नेछु, अनुमति चाहन्छु ।

पहिलो, भौतिक पूर्वाधार जस्तो महत्वपूर्ण क्षेत्रमा बजेट कम हुनु राम्रो भएन, भन्नु भएको छ । यस सन्दर्भमा वर्तमान अवस्थामा विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीको कारण हाम्रो देशको अर्थतन्त्रमा परेको आर्थिक प्रभावका कारण चालू आर्थिक वर्षको बजेट विनियोजनको तुलनामा यो आउने आर्थिक वर्ष २०७७/७८ को लागि यो मन्त्रालयमा विगतको भन्दा लगभग साढे २२ अर्ब कम रकम विनियोजन भएको छ । यसो भए तापनि यस्तो अवस्थामा पनि यो मन्त्रालयले कार्यक्रमहरू बनाइराख्दा र शीर्षकमाथि बजेट विनियोजन गरिराख्दाखेरिमा अघि मैले भनेको जस्तै विगतका आयोजनाहरूलाई निरन्तरता दिने कोशिस गरेको छ, प्रयत्न गरेको छ । म यसको सन्दर्भमा यही कुराहरू यो सदनमा जानकारी गराउन चाहन्छु ।

राष्ट्रिय गौरवका आयोजनाहरू खास गरेर हुलाकी राजमार्ग, मध्यपहाडी राजमार्ग र मदन भण्डारी राजमार्गमा आगामी ३ वर्षमा सम्पन्न गर्ने भनियो तर बजेट असाध्यै न्यून भयो । न्यून भएको कारणले त्यो समयमा काम सम्पन्न हुन सक्दैन कि भन्ने जुन एउटा चासो राख्नु भएको छ, चिन्ता जाहेर गर्नु भएको छ, वास्तवमा बजेट सिलिङ्ग कमी भएको कुराहरू मैले अघि राखिसकेँ । यति हुँदाहुँदै पनि यसलाई तोकिएको वर्षहरूमा सम्पन्न गर्ने गरी आगामी आउने आर्थिक वर्षमा आवश्यक बजेटहरूको विनियोजन गरिएको छ । त्यसले पुगेन भने आवश्यक थप रकमहरूको व्यवस्थापन गरेर पनि जुन मध्यकालीन रूपमा सम्पन्न गर्नु पर्ने आयाजनाको रूपमा रहेको छ, यसलाई सम्पन्न बनाउनेतर्फ म सबै प्रश्नकर्ता माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु । त्यसरी नै संघीय सरकारले स-साना कार्यक्रमहरू तय गरेको त्यस्ता कार्यक्रमहरूमा पनि बजेट विनियोजन गरेको त्यस्तो बजेटहरू प्रदेश र खासगरि संघीयतामा हामी प्रवेश गरिसके पछाडि र स्थानीय तहमा पठाउनु पर्ने तिनले गर्ने काम माथिबाट संघीयले सञ्चालन गरेको भन्ने कुराहरू, धारणाहरू राख्नु भएको छ, विगत वर्षहरूबाट सञ्चालन भएका यस्ता आयोजनाहरूको दायित्व निरन्तर हुने भएकोले त्यसलाई हामीले अहिले रि स्ट्रक्चरिङ्ग गर्न सकेनौँ । त्यस्ता कार्यक्रमहरूलाई हामीहरूले निरन्तरता राख्नु परेको हो । त्यसकारणले पनि त्यो मात्रै नभएर त्यसले प्रदेश र स्थानीय तहका आवश्यकतालाई साना पुल, बाटाहरू समेतलाई पनि पूरा

गरेर उनका अपेक्षालाई समेत पूरा गरेर स्थानीय तह प्रदेशले अगाडि सारेका विकासमा पनि सहयोग पुग्छ भन्ने हाम्रो विश्वास रहेकोप्रति म जानकारी गराउन चाहन्छु । महत्वपूर्ण अलि पछाडि परेको क्षेत्र महाकाली करिडोरको सन्दर्भमा कुराहरू उठाउनु भएका छ । त्यो अत्यन्तै महत्वपूर्ण छ । यो यथार्थता हो । त्यसो भएको हुनाले माथि टिङ्करसम्म चाँडोभन्दा चाँडो त्यो महाकाली करिडोर सम्पन्न हुनु पर्दछ । गएको वर्षभन्दा अहिले रकम बढी परेन भनेर कुरा उठाउनु भएको छ । म आश्वस्त पार्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, हामीले यसलाई महत्व दिएर गएको वर्षभन्दा १ पैसा पनि तल नराखेर यसमा बजेट विनियोजन गरेका छौं । यसलाई द्रुत गतिमा अगाडि सम्पन्न गराउनको निम्ति हाम्रा सडक विभाग अन्तर्गतका काम कारबाही मात्रै पर्याप्त भएन भनी नभएकोले भनेर महशुस गरेर नेपाल सरकारले निर्णय गरेर यो टिङ्करको खण्डको बाटो निर्माण गर्न नेपाली सेनालाई नयाँ ट्रयाक निर्माण गर्नको निम्ति जिम्मा दिइसकेका कुराहरू म जानकारी गराउन चाहन्छु । र बाँकी खण्डहरू जो ट्रयाक खोलिसकेको छ, त्यसलाई सडक विभाग मार्फत् तदारुकताकासाथ स्तरोन्नति गराउने कार्ययोजनामा समावेश भइसकेको र हामीले योजना बनाइसकेका कुराहरू यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

यो सँगै उठेका कुराहरू महत्वपूर्ण महाकाली करिडोर सँगसँगै कर्णाली प्रदेशका खासगरि उत्तर दक्षिण कर्णाली प्रदेशका महत्वपूर्ण आयोजनाहरू यथासक्य निर्माण सम्पन्न गरियोस् भन्ने अलि धेरै माननीय सदस्यहरूले चाहाना राख्नु भएको छ । हामीले यो चालु आर्थिक वर्षमा पनि ७७ जिल्लामध्ये खास गरेर डोल्पाको दुनै र हुम्लाको सिमिकोटमा यातायात सञ्चालन गर्नुपर्छ, ट्रयाक, मोटरबाटोहरू सम्पन्न गर्नुपर्छ भनेर माइलस्टोन बनाएका थियौं । दुनै ट्रयाक ओपन सञ्चालन भइसकेको छ र कोरोना महामारीको कारण हामीले यो लक्ष्य प्राप्त गर्न नसकेको यथार्थ हो, सकेनौं । त्यसो भएको हुनाले यो आर्थिक वर्षमा यो करिडोरलाई सम्पन्न गराउनको निम्ति उचित बजेटको व्यवस्थापन गरिएको छ र कुन तरिकाबाट यो कर्णाली बाटोलाई सम्पन्न गर्नुपर्छ र बाँकी एउटा जिल्लाको सदरमुकाममा गाडी पुऱ्याउनु पर्छ, यातायात सञ्चालन गर्नुपर्छ भन्ने कुरालाई यथोचित व्यवस्था र योजना बनाइसकेको कुराहरू जानकारी गराउन चाहन्छु । यसदेखि बाहेक बजेट विनियोजन र कार्यक्रमहरूमा क्षेत्रीय, भौगोलिक तथा समानुपातिक वितरण प्रणाली अनुसार राखिनु पर्ने र हामीले आफूले चाहाना राखेका तल जनताका प्रतिनिधित्व गर्दै माग गरेका योजनाहरू समावेश नभएको भन्ने सन्दर्भमा पनि कुराहरू आएका छन् । हामीले यसलाई राम्ररी ध्यान दिएका छौं । विगतमा सञ्चालित तराई-मधेश सडक पूर्वाधार कार्यक्रमलाई छुटेको अवस्थाहरू थियो । हामीले १६५ वटै सबै मुलुकका निर्वाचन क्षेत्रहरूमा यो कार्यक्रमहरूलाई यो आर्थिक वर्षबाट विस्तार गरेका छौं । त्यति मात्रै होइन, प्रत्येक निर्वाचन क्षेत्रहरूमा रणनीतिक महत्वको सडकहरू निर्माण गर्नुपर्छ जो एउटा निर्वाचन क्षेत्रदेखि अर्को निर्वाचन क्षेत्र हुँदै अर्को जिल्लासम्म जान सक्दछन् । यसले धेरै कुराहरूमा उठ्यो । औद्योगिक कृषि उत्पादनका क्षेत्रहरूलाई सहयोग पुऱ्याउने खालका भन्ने पनि जिज्ञासा आएको छ । यसैलाई मध्यनजर राखेर यति बजेट अभावका कारण यस्तो अवस्थामा पनि २/४ वटा नयाँ आयोजनाहरू सञ्चालन गरिएकोमा अहिले हामीले निर्वाचन क्षेत्र रणनीतिक

सडक निर्माण गर्ने भनेर आयोजनाहरू सुरुवात गरेका छौँ आउने आर्थिक वर्षदेखि । त्यसको लागि ३ अर्ब २० करोड बजेट विनियोजन गरेका छौँ र यसले सम्बोधन गर्छ । क्षेत्रीय सन्तुलनलाई, कृषि उत्पादनलाई, उपजलाई औद्योगिकदेखि लिएर धेरै कुराहरूलाई समेट्छ भन्ने हाम्रो मान्यता हो । म यही सहर्ष जानकारी गराउन चाहन्छु । त्यस्ता कार्यक्रमहरूमा सबै सांसदज्यूहरूको समान सहभागिता सबै माननीयज्यूहरूको समान सहयोग रहन्छ भनेर मन्त्रालयले अपेक्षा पनि गरेका छौँ भन्ने कुराहरू अनुरोध गर्न चाहन्छु ।

सडक, पुल निर्माण सम्बन्धमा कुरा राख्नु भएको छ, यहाँहरूले । यसो बजेट पुस्तिकाहरू हेर्दाखेरिमा १५ सयभन्दा बढी पुल निर्माणका कार्यक्रमहरू, रु. १५ लाखदेखि लिएर ५०/६०/७० लाख, करोड बजेट विनियोजन गरिएको छ । यो बन्छ, कसरी ? एकातिर यो चिन्ता जाहेर गर्नु भएको छ । अर्कोतिर हाम्रो आफ्नो भूगोल र क्षेत्रमा आवश्यकीय पुलहरूको निर्माण कार्यक्रम परेन भनेर यहाँहरूले एउटा गुनासो पनि राख्नु भएको छ । यो यथार्थ हो, सत्य हो । त्यसो भएको हुनाले १५ सय वटा पुलको निर्माण अगाडि लानको निम्ति बजेट विनियोजन गरिएको छ । यो अत्यन्तै चुनौतिपूर्ण छ, म सम्मानित सदनमा राख्न चाहन्छु । माननीय सदस्यज्यूहरूलाई सम्वेदनशील हुन पनि अनुरोध पनि गर्दछु । यो निर्माणमा बजेटको अभाव छ, यो निर्माण गर्न निजी व्यवसायीहरूको व्यावसायिकता सक्षम छैन । त्यसो भएको हुनाले प्राविधिक समस्याका कारण, क्षमताका कारण बजेट अभावका कारण आगामी आर्थिक वर्षभित्र यो सबै सम्पन्न नहुने अवस्था भएको यथार्थ हो । त्यसो भएको हुनाले अब हामी मन्त्रालयले सबै माननीय सदस्यज्यूहरूसँगको पनि सरोकार सम्बन्ध, छलफल, सुझाव लिएर आगामी आर्थिक वर्षमा आवश्यकता पऱ्यो भने यसको रिस्ट्रक्चरिङ्ग गर्न पनि जरुरी छ भन्ने कुराहरू यहाँ जानकारी गराउन चाहन्छु । किनभने मुलुकको बजेटको अवस्था, निर्माण व्यवसायीहरूको योग्यता र क्षमता बमोजिम १ वर्षमा अढाइ सय, तीन सयभन्दा पुलहरू निर्माण हुन सक्दैनन् । यो यथार्थता हो । त्यसैले अत्यन्त धेरै चाप परेको छ । त्यसो भएको हुनाले कसैको योजना समावेश भयो, भएन भनेर गुनासो नगर्दिन हुन म आग्रह गर्न चाहन्छु । स्वभाविकैले हाम्रा मागहरू धेरै छन्, चाहानाहरू धेरै छन् । ती हाम्रा माग र चाहाना, जनताका माग र चाहाना हुन् । जसलाई जुनसुकै हैसियतबाट हामीले संसदमा उपस्थित हुँदाखेरि बुझेका छौँ, उठाएका छौँ, परेन भनेर गुनसो नगर्दिन हुन अनुरोध गर्दछु र आगामी दिनमा सबै समानुपातिक वितरण प्रक्रियालाई सहभागितालाई सरकार, मन्त्रालय ध्यान दिनेछ । यतातर्फ यहाँहरूले उठाएका कुराहरूले सचेत गराएकोप्रति म धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सडक, पुल निर्माण तथा मर्मत सम्भारमा चालु आर्थिक वर्षमा अपेक्षित सुधार भई परिणाम समेत देखिन थालेको अवस्थामा कोरोना महाव्याधीका कारणले त्यसको गतिमा वास्तवमा भन्ने हो भने अवरोध पुगेको छ । लकडाउनकै अवधिमा पनि धेरैजसो निर्माण कार्यहरू अहिले आएर पूर्ण सञ्चालनमा आउन थालेको छ । मैले सबैलाई सङ्ख्यात्मक हिसाबले यहाँ उल्लेख गरिनँ । आगामी आर्थिक वर्षमा यस कार्यलाई अझै सुव्यवस्थितको रूपमा सञ्चालन गरिने कुरा सबै माननीय सदस्यज्यूहरूलाई यस क्षणमा अवगत गराउन चाहन्छु र मैले जो उठेका कुराहरूलाई मैले अघि भनेँ समग्र

शीर्षकलाई मैले यहाँ अभिव्यक्त गर्न सकिनँ । क्षमा चाहन्छु । त्यसो भएकोले यहाँ उठेका, उठाइएका, राखिएका जिज्ञासाहरू, सुझावहरूलाई मैले समेट्ने कोशिस गरेँ । र मैले यी व्यक्त गरेको धारणाले माननीय सदस्यज्यूहरूको जिज्ञासा पूरा भयो भन्ने मैले ठानेको छु । त्यसो भएको हुनाले मैले अहिलेलाई यो भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको आफ्नो जवाफ दिने क्रमलाई यहीँ अन्त्य गर्दछु । धन्यवाद ।

**पिठासीनः**- माननीय शशिकला दाहाल ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री बसन्तकुमार नेम्बाङले दिनु भएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउँछु ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)ः**- सम्माननीय अध्यक्ष महोदय, भौतिक योजना मन्त्रीज्यूको सचिवालयबाट हामीलाई फोन आयो । माननीयज्यूहरूको एउटा योजना समावेश गर्ने कुरा भएको छ । एउटा योजना इमेलमा लेखेर पठाइदिनुस् । आफै आउन सक्नुहुन्छ भने आफै पनि उपलब्ध गराइदिनुस् भनेपछि हामीले त्यो उपलब्ध गरायौँ । तर अहिले योजनामा त्यो चीज समावेश भएन, पहिलो कुरा ।

दोस्रो कुरा, यातायात व्यवसायीहरूले अहिले राहतको कुरा गरिरहेका छन् । यत्रो दिन ३ महिनासम्म हाम्रो गाडी चल्न सकेन । हाम्रो राहत चाहियो । अब बैङ्कको ऋण व्याज तिर्न पनि बडो गाह्रो भइरहेको अवस्था छ भनी सोधिरहेका छन् । त्यसमा मन्त्रीज्यूको जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय जितेन्द्र नारायण देव ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)ः**- सम्माननीय अध्यक्ष महोदय, म अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई एउटा प्रश्न सोध्न चाहन्छु । यो मुलुकको कृषि क्रान्तिको सन्दर्भमा, औद्योगिक क्रान्तिको सन्दर्भमा वा सोसल इन्टिग्रेशनको सन्दर्भमा हुलाकी राजमार्गको महत्व कति छ, मैले मन्त्रीज्यूलाई बताइराख्नु पर्दैन । उहाँ स्वयम बुद्धिजीवि विद्वान हुनुहुन्छ । त्यसकारण साँच्चिकै ३ वर्षभित्र, अबको ३ वर्षभित्र हुलाकी

राजमार्ग बन्छ भन्ने कुरामा माननीय मन्त्रीज्यू कति विश्वस्त हुनुहुन्छ ? त्यो म बुझ्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई मेरो जिज्ञासा । अब यो कोरोनासँगै र यो कोरोना पछाडि सार्वजनिक यातायातहरू कसरी चलाउने योजना छ ? महामारीको समयमा रेल विभागलाई किन करोडौँको गाडी चाहिएको हो ? र अर्को जिज्ञासा, सडक, ढल र खानेपानी, यो बिजुलीको पोलहरूको तारहरू अलपत्र छन् । एउटाले बनाउँछ, अर्कोले भत्काउँछ । खानेपानीले त्यही गरेको छ । यिनीहरूमा किन समन्वय हुन सकेन ? एउटाले बनाउने र अर्कोले भत्काउनेको रमिता कहिलेसम्म हो ? धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । हुलाकी सडक यसै वर्ष सम्पन्न हुने भनेर भन्ने गरिएको छ । तर कहिलेसम्म सम्पन्न हुन्छ भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरि राष्ट्रिय गौरवका आयोजनाहरू सुरुमा अनुमानित लागत सम्पन्न हुँदासम्म दोब्बर तेब्बर फरक पर्न जान्छ । र राष्ट्रिय गौरवका आयोजना कहिलेसम्म सम्पन्न हुन्छ ? यो बारेमा पनि प्रश्न गर्न चाहन्छु र सँगसँगै योभन्दा पहिले समयसम्म निर्माण सम्पन्न नगर्ने निर्माण कम्पनीहरूलाई कालो सूचीमा राख्ने भन्ने कुराहरू आएको थियो । अहिले ती कार्यान्वयन भएनन् । अहिले त्यो कुरा सरकारले किन बिर्स्यो भनेर म प्रश्न गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तारा देवी भट्ट ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म भौतिक पूर्वाधार मन्त्रीज्यूलाई के भन्न चाहन्छु भने उहाँ यातायात मन्त्री पनि भएको नाताले अहिले तमाम बाटाघाटाहरू मर्मत गर्ने कार्य सञ्चालन भइरहेको छ । तर ठूलाठूला रुखहरू जो २/३ सय वर्ष लाग्छ, त्यसलाई वयस्क हुन । मैले अस्ति पनि कुरा उठाएको थिएँ,

हाउसमा । ती रुखहरू धमाधम काटिराखेका छन् । कसको निर्देशनमा वन मन्त्रालय हो कि भौतिक पूर्वाधार मन्त्रालय हो ? त्यो पनि हो अनि प्रदेशैपिच्छे विभेदकारी कुरा आइरहेको छ । गत साल पनि यस्तै हो, अहिले पनि यस्तै हो । प्रत्येक प्रदेशको विभेदकारी भावना नहोस् । प्रत्येक प्रदेशमा यस्ता योजनाहरू आफ्नो तर्फबाट परोस् र यी कुराहरूको लागि मन्त्रालयबाट मलाई पनि खबर आएको र त्यसमा के छ, म मन्त्रीज्यूसँगै मन्त्रालयमा गएरै कुराकानी गरौँला । यी कुराहरूको स्पष्ट जवाफ चाहियो । (समय सकिएको हुँदा माइक काटिएको)

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री बसन्तकुमार नेम्बाङलाई समय उपलब्ध गराउँदछु ।

**माननीय भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री श्री बसन्तकुमार नेम्बाङः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको निर्देशनलाई पालना गर्दै केही कुराहरू करेक्शन गर्ने अनुमति चाहन्छु । मैले यस पछाडि फेरि यो प्रश्नोत्तर पुरक प्रश्न सिद्धिसकेपछाडि सहरी विकास मन्त्रालयमा प्रवेश गर्ने भन्ने सोच बनाएको थिएँ । अलिकति मैले राम्रो सुन्न सकिनँ, क्षमा चाहन्छु र केही सँगसँगै मैले अर्को सम्हालेको आजको विषयसूचीमा रहेको सहरी मन्त्रालयका केही कुराहरू छिट्टो राखेर अनि त्यसको पनि पुरक जिज्ञासाहरू सहित मैले आफ्नो भनाइलाई राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय जितेन्द्र नारायण देवज्यूले यस मन्त्रालय भनेको सहरी मन्त्रालय अन्तर्गतको इन्धन अन्तर्गतको २ लाखदेखि ६ लाख रकम बजेट बढाइयो । यो यतिबेलाको अवस्थामा अनुचित छ भन्ने खालको सन्दर्भलाई अगाडि सार्नु भएर एउटा खर्च कटौतीको प्रस्ताव राख्नु भएको छ र यही सन्दर्भमा आफ्ना धेरै जिज्ञासाहरू पनि राखिसक्नु भएको छ । सडक अन्तर्गत अहिले आइसकेको छ । यो सँगसँगै यो बजेटको छलफलमा सहरी विकासको शीर्षक अन्तर्गत माननीय सदस्यज्यूहरूले जिज्ञासा, प्रश्न यसरी नै राख्नु भएको छ । ती प्रश्नहरू सारै धेरै छनैन्, थोरै छन् । यो थोरै भए पनि महत्वपूर्ण मन्त्रालयको निम्ति, सरकारको निम्ति महत्वपूर्ण जिज्ञासा र सुझावहरू, प्रश्नहरू रहेको छ । म सबै माननीयज्यूहरूलाई पुनः यो मन्त्रालयको तर्फबाट पनि आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद दिन चाहन्छु । ती उठेका प्रश्नहरू मैले एकमुस्ट यहाँ समय नभएकोले राख्न चाहन्छु । बजेटले क्षेत्रीय सन्तुलन कायम भएन । अहिले यता पनि पुरक प्रश्नमा आएको छ । सहरमुखी भएको, खासगरि सहरी विकास मन्त्रालयका कार्यक्रमहरू पहाडी, हिमाली भेगहरू र क्षेत्रीय रूपले सन्तुलन हुन नसकेको र यो बजेटलाई हेरिकन असारे खेती नगरिकन छिट्टो आउने, आउने आर्थिक वर्षको सुरुवातदेखि यसको सफल र द्रुत गतिमा

कार्यान्वयन होस् भन्ने जिज्ञासाहरू राख्नु भएको छ र केही आफूले चाहेका आयोजनाहरू समावेश नहुन सकेकोमा आक्रोस नै त भन्दिनँ दुःखसम्म पनि व्यक्त गर्नु भएको छ । यी सबै हामीले मन्त्रालयको एउटा सम्पत्तिको रूपमा ग्रहण गरेका छौँ । ती सबै सुझाव, ती सबै प्रश्न, ती सबै जिज्ञासाले आउने दिनहरूमा मैले अघि पनि भनेँ, पूर्वाधार मन्त्रालयको कुरा राख्दाखेरि । त्यसो भएको हुनाले हामीले यसलाई आफ्नो सम्पत्तिका रूपमा लिएका छौँ । त्यसको लागि आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु । नेपालको संविधान हामीले यो कार्यक्रम बनाइ राख्दाखेरिमा पन्ध्रौँ राष्ट्रिय योजना नेपालको सरकारको नीति तथा कार्यक्रम, वार्षिक कार्यक्रम, राष्ट्रिय सहकारी नीति, राष्ट्रिय सहकारी विकास रणनीति, राष्ट्रिय आवास नीति आदिलाई हामीले मध्येनजर गरेर यो कार्यक्रमहरू तयार गरेको कुराहरू जानकारी गराउन चाहन्छु । बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न समान सहरी अघि यहाँ प्रश्न पनि उठेको छ, कार्यक्रम मार्फत् भारतसँग सिमाना जोडिएका तराई-मधेशका २१ जिल्लाका सदुमुकामस्थित नगरपालिकाहरू, स्मार्ट सहर १३ वटा नगरपालिका, एक सहर एक पहिचान १८ वटा नगरपालिका सुदूरपश्चिम प्रदेशका ४ वटा नगरपालिका सहित ८ वटा नगरपालिकामा यस्ता कार्यक्रमहरू सञ्चालित छन् ।

सम्माननीय अध्यक्ष महोदय, क्रमशः यसलाई विस्तार गर्दै देशभरका बाँकी भएका, १८५ वटा नयाँ नगरपालिकाहरूमा एकीकृत सहरी विकास योजना तर्जुमा गर्ने कार्यहरू सम्पन्न भइसकेको छ र आगामी ५० वटा सहित हामी आगामी आर्थिक वर्षदेखि सुरु गर्छौं भनेर हामीले यो कार्यक्रमलाई महत्व दिएको छ । यस मन्त्रालयका कार्यक्रमले विशेष गरेर सघन सहरी बस्तीहरूमा केन्द्रित हुने भएकोले उठेको प्रश्न सही हो । कर्णाली प्रदेश लगायत उच्च हिमाली भेगमा बजेट तथा कार्यक्रम न्यून हुन गएको कुराहरू स्पष्ट गराउन चाहन्छु । तसर्थ न्यून जनसङ्ख्या र जनघनत्व भएका बस्ती र क्षेत्रमा आवश्यक पूर्वाधार विकास गरी बसाइ सराइलाई निरुत्साहित गर्ने उद्देश्यले ट्रान्स हिमालयन ट्रेलका पाँच हिमाली सहरहरू हामीले पहिचान गरेका छौँ । लुक्ला, स्याप्रुबेसी, जोमसोम, सिमीकोट र माप्तडी । यसको सम्भाव्यता अध्ययन सम्पन्न भइसको छ र आगामी आर्थिक वर्षमा हिमाली क्षेत्रका दुर्गम पहाडी क्षेत्रमा पनि सहरी विकासको निम्ति हामीले सम्भाव्यता अध्ययनलाई अगाडि बढाउँदै कार्ययोजना थालनी गरेर समानुपातिक ङ्गले यो मन्त्रालयका कार्यक्रम बनाउने सोच बनेका कुराहरू जानकारी गराउन चाहन्छु । सन्तुलित सहरी विकास र बसाईसराईलाई व्यवस्थित गर्न मध्ये पहाडी मार्गमा पर्ने १० वटा ठाउँहरूमा नयाँ सहरहरू निर्माण गर्न सुरुवात गरिएको छ । त्यसरी नै अघि हुलाकीको सघन बस्तीको कुरालाई लिएर त्यहाँको आर्थिक सबै पूर्वाधार, औद्योगिक सबै कुरालाई मध्येनजर राखेर हुलाकी सडकमा पर्ने स्थानहरूमा आसपासमा १५ वटा नगरपालिकामा पनि नयाँ सहरहरूको कार्यक्रमा सुरुवात गरिएको छ । त्यसदेखि बाहेक मेधशभित्र पर्ने बाटोमा नपरे पनि ५ वटा स्थानमा गरी जम्मा २७ वटा स्थानमा यो कार्यक्रमहरू अगाडि सारिएको छ । बजेट अभावका कारण नयाँ सहरी कार्यक्रम मार्फत् थप कार्यक्रमहरू गर्न सकिएन । मैले यो जानकारी गराएँ । नवलपुर पूर्व र रुकुम पूर्व जिल्लाका सदरमुकाम तथा सुदूरपश्चिमको केन्द्रमा समेत नयाँ सहर निर्माण गरी स्थापना गर्नु पर्ने भएकोले यतातर्फ ध्यान दिइएको

छ । बजेट कम भए पनि यसलाई थपेर भए पनि हामीहरू आगामी आर्थिक वर्षमा कामहरू गर्नेछौं भन्ने कुराहरू राख्न चाहन्छु । काठमाडौं उपत्यकाको अव्यवस्थित र बढ्दो सहरीकरणलाई समयमै व्यवस्थित गर्न नीति तथा कार्यक्रमले निर्देशित गरेको र सम्भाव्यता अध्ययन भइसकेको १ लाख ३० हजार रोपनीमा नयाँ उपसहर निर्माण गर्न काठमाडौं उपत्यकामा ३ वटा कुराहरू थालिने कुराहरू नीति आयो, कार्यक्रममा आयो, बजेटमा आयो । हामीले निर्णय गरिसक्यौं, यो समितिले र अब अगाडि बढाउने सोच बनाएका छौं । त्यसदेखि बाहेक जम्माजम्मी नयाँ कार्यक्रम भनेर नयाँ एउटा शीर्षक सहरी विकास मन्त्रालय अन्तर्गत गरियो जुन वर्ल्ड बैङ्कको सहयोगमा हामीले सहरी शासकीय क्षमता विकास कार्यक्रमलाई १७ वटाबाट बढाएर यसपालि नयाँ थपेको कार्यक्रम भनेको २९ वटा पुऱ्याएको छौं । २९ वटा कार्यक्रमहरूमा लगभग नगरपालिकामा केन्द्रित रहेर गरिन्छ । प्रदेश नम्बर १ मा क्षेत्रीय सन्तुलन व्यवस्थित गर्नु पर्ने भएकोले दुई नम्बर प्रदेशमा २ वटा, बाग्मती प्रदेशमा १ वटा र अरु यहाँ हुँदै सुदूरपश्चिम ७ नम्बरसम्म हामीले लगभग २ वटा, ३ वटा गरेर यो कार्यक्रमहरू सुरुवात गरेका छौं । यो कार्यक्रमबाट धेरै लाभ हुन्छ र विस्तार हुन्छ भन्ने हामीले ठानेका छौं ।

भौतिक पूर्वाधार विकासको क्रममा स्थानीय तह लगायत सबै सरोकारवाला निकायसँग उचित समन्वय होस् भन्ने उद्देश्यले बढ्दो सहरीकरण र अव्यवस्थित पूर्वाधार निर्माणलाई एकीकृत र समनान्तर रूपमा अगाडि बढाउने कुराहरू पनि उठ्यो । समितिहरूमा पनि बारम्बार उठ्ने गर्छ, सदनमा पनि कुराहरू उठेको छ । त्यसो भएको हुनाले इन्ट्रिग्रेटेड युटिलिटी कोओडिनेटरको मापदण्डहरू बनाउँदैछौं अहिले हामीहरू । त्यसलाई अब लागू गर्ने सुरुवातहरू, त्यसको कानूनी व्यवस्थाहरू गर्न निम्ति सहरी विकास ऐनको मस्यौदा अन्तिम चरणमा पुगेको छ । अब यो सदनको अवधिमा भ्याइन्छ, भ्याइँदैन हामीले प्रयत्न गरिराखेको कुरा जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विगतमा १९ हजार २ सय ३० घरधुरीहरूमा फुसको छानालाई विस्थापन गरेर ५० हजारको कार्यक्रम अन्तर्गत टिनको छानाहरू लगाउने र यसबाट आगलागीदेखि लिएर धेरै कुराहरूबाट जनतालाई जोगाउने जो बिपन्न, निमुखा, तल्लो वर्गका जनताहरूको अवस्थाहरू यस्तो छ भन्ने अवस्था रहेकोमा यसलाई प्रमुख रूपमा सहरी मन्त्रालय अन्तर्गतका कार्यक्रमलाई हामीले ध्यान दिएर हामीले उच्च प्राथमिकतामा राखेका छौं र यो वर्ष उपयुक्त बजेटको व्यवस्थापन यो शीर्षकमा गरेको अवस्था छ । अब हामी १ लाख घरधुरीमा यो कार्यक्रमहरू लाँदैछौं । यसको वितरण विगतमा जस्तो रह्यो । अब यो आर्थिक वर्षमा समानुपातिक वितरण गरिने १६५ वटा निर्वाचन क्षेत्रमा समान अङ्कले यो वितरण गरिने कुराहरू यहाँ जानकारी गराउन चाहन्छु । त्यसको लागि माननीय सदस्यहरूलाई आफ्नो जिल्ला निर्वाचन क्षेत्रका नगरपालिका, स्थानीय तह, गाउँपालिकाहरूको नामावली आओस् र समयमै दिनुहोस् भनेर राख्न चाहन्छु । मैले यस अन्तर्गतका महत्वपूर्ण क्षेत्रहरू भवन, आवस भवन निर्माण गर्ने एउटा क्षेत्र हुन् । सरकारी भवनहरू निर्माण गर्ने गर्दछ, बनाइरोखका अवस्थाहरू छ । विशेष भवनहरू बनाइराखेको अवस्था छ । त्यसो भएको हुनाले संसद भवनहरू, मन्त्री

क्वाटरदेखि लिएर विभिन्न ठूला ३ हजार, ५ हजार क्षमताका सिटीहलदेखि लिएर यस्ता ठूल्ठूला भवनहरू उचित मापदण्ड नयाँ बिल्डिङ्ग कोड अनुसारका गतिलो, धेरै समय टिक्ने खालका आयोजनाहरू निर्माण हुन थालेका छन् भन्ने कुराहरू जानकारी गराउँदछु । यस्ता कार्यक्रमहरू यहाँ काठमाडौं उपत्यकामा धेरै पर्ने भएकोले बजेट असन्तुलनको जुन कुराहरू उठिरहेको छ, बजेट असन्तुलनका कुराहरू यस्ता कार्यक्रमहरू यो ३ नम्बर प्रदेशमा उपत्यका संघीय राजधानीमा परेको हुनाले अलि भोलुम ठूलो देखिन्छ र भण्डै यो मन्त्रालयको ३५/३६ प्रतिशत बजेट यहाँ केन्द्रित भएको देखिएको यथार्थता हो । कारण चाहिँ यी हुन् । यीदेखि बाहेक बजेट पनि सन्तुलन गर्ने कोशिस गरिएको छ । प्रदेश नम्बर १ मा ९.५ प्रतिशत बजेट विनियोजन कार्यक्रमहरू भएका छन् । प्रदेश नम्बर २ मा ११.१ छ । त्यसो भएको हुनाले सबैलाई हामीले यसरी हेर्‍यौं भने योदेखि बाहेकको केही न्यून भएको अवस्थाहरू कर्णाली प्रदेशको कुराहरू मैले अगाडि राखें । आउने दिनहरूमा यसलाई अगाडि बढाउने कुराहरू राख्न चाहन्छु ।

मैले अब धेरै नभनिकन सम्माननीय अध्यक्षज्यू, चालु आर्थिक वर्षका आयोजनालाई आर्थिक वर्ष २०७७/७८ मा दायित्व सिर्जना भई निरन्तरता दिनु पर्ने भएको हुँदा र बजेटको न्यूनताले गर्दा माननीय सदस्यहरूले राख्नु भएको माग, चाहानाहरू छन्, अहिले यहाँ प्रश्नहरू पनि छन् । म प्रश्नमा अलिक केन्द्रित हुनेछु । त्यस्ता आयोजनाहरूलाई उल्लेख्य रूपमा समावेश गर्न नसकिएको कुरा यथार्थ हो । मन्त्रालयका खर्च कटौती प्रस्तावमा आएको छ, विशेष गरेर ध्यानाकर्षण गराउनु भएको छ । मन्त्रालयका सवारी साधनहरूको सङ्ख्या, पदाधिकारी सङ्ख्या र कर्मचारीहरूको सङ्ख्या वृद्धि भएको हुनाले साथै यो आर्थिक वर्षमा यथार्थ खर्च कति भयो त फ्यूलमा, इन्धनमा, २ लाख रुपैयाँ विनियोजन गरिएको थियो पुगेन, अब पुग्दैन । त्यसमा आधारित भएर २ लाखको फ्यूलको बजेटलाई ६ लाख पुऱ्याएको कुराहरू मैले खर्च कटौती प्रस्ताव राख्नुहुने माननीय सदस्यहरूलाई यति कुरा भन्दै अन्त्यमा माननीयज्यूहरूले राख्नु भएको प्रश्न जिज्ञासा र सुझावहरूबाट योजना छनौट, कार्यान्वयनमा मन्त्रालयलाई पुनरावलोकन गर्न ठूलो योगदान पुग्ने विश्वास दिलाउँदै सबै माननीयज्यूहरूप्रति आभार प्रकट गर्दछु र मैले व्यक्त गरेको धारणाले माननीय सदस्यहरूको जिज्ञासा पूरा भयो होला भन्ने आशा पनि गर्दै खर्च कटौती प्रस्ताव राख्नुहुने माननीय सदस्यज्यूलाई विशेष आग्रह गर्दै खर्च कटौतीको प्रस्ताव यति भइसकेपछि फिर्ता लिइदिनु हुनेछ भन्ने आशा गरेको छु र अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सहरी विकास मन्त्रालयका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदछु ।

माननीय सदस्यहरू, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय खानेपानी मन्त्री बीना मगरलाई खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय खानेपानी मन्त्री श्री बीना मगरः</u>-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू, आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकमाथिको छलफलको क्रममा खानेपानी मन्त्रालय अन्तर्गतको विनियोजन सम्बन्धमा आ-आफ्नो धारणा सहित महत्वपूर्ण सल्लाह, सुझाव तथा परामर्श दिनुहुने सम्पूर्ण माननीयज्यूहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । नेपालको संविधानले खानेपानी तथा सरसफाइ सेवामा पहुँचको हक र स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा अङ्गिकार गरेको कुरा विदितै छ । संविधानको मर्म अनुसार आम नागरिकलाई भरपर्दो र सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन एवम् यस क्षेत्रलाई प्रभावकारी रूपमा नियमन गर्न तयार गरिएको खानेपानी तथा सरसफाइ विधेयक सम्मानित सदनमा छलफलको क्रममा रहेको छ र यसै अधिवेशनबाट उक्त विधेयक पारित हुनेछ भन्ने विश्वास समेत व्यक्त गर्दछु ।

नेपाल सरकारले तय गरेको पन्ध्रौं योजना अवधिभित्र सबै जनसङ्ख्यामा खानेपानीको पहुँच पुऱ्याउने लक्ष्य रहेको सन्दर्भमा आगामी आर्थिक वर्षको अन्त्यसम्म करिब ९४ प्रतिशत जनतालाई आधारभूत स्तरको खानेपानी सेवामा पहुँच पुऱ्याउने गरी यस क्षेत्रमा बजेट विनियोजन भएको छ भने ३२ प्रतिश जनङ्ख्यामा मध्यम तथा उच्चस्तरको खानेपानी सेवाको पहुँच पुऱ्याउने लक्ष्य सहित आवश्यक बजेट विनियोजन गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको व्यहोरा निवेदन गर्न चाहन्छु । सबै घरधुरीमा यस घरायसी शौचालय तथा घर नभएकाहरूको हकमा सामुदायिक तथा सार्वजनिक शौचालयको पहुँच निश्चित गरी सरसफाइतर्फ नेपाल दक्षिण एसियामै पहिलो दिशामुक्त राष्ट्र घोषणा भएको र सबै जनतामा आधारभूत स्तरको सरसफाइ सेवा उपलब्ध भएको छ । जसको निरन्तरताका लागि स्थानीय तहहरू निरन्तर रूपमा लागिरहेको अवस्था छ । तीनै तहको सरकारको समन्वयमा सरसफाइको दिगोपनको लागि पूर्ण सरसफाइ उन्मुक्त कार्यक्रम सञ्चालन गर्ने योजना अघि बढाएका छौं । प्रदेश सरकार र स्थानीय तहले कार्यान्वन गर्ने योजना तथा कार्यक्रमहरूसँग दोहोरोपना नहुनेगरि नेपाल सरकार मन्त्री परिषद्को  बैठक मिति २०७६, १० गतेको निर्णय अनुसार भौगोलिक विकटतालाई समेत मध्येनजर गरी तराई क्षेत्रमा १५ हजार, पहाडी क्षेत्रमा ५ हजार र हिमाली क्षेत्रमा १ हजारभन्दा बढी जनसङ्ख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजनाहरू यस मन्त्रालय अन्तर्गत कार्यान्वयन गर्ने र सोभन्दा साना प्रकृतिका आयोजनाहरू सम्बन्धित पनि प्रदेश सरकार तथा स्थानीय तह मार्फत् कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको  छ । संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारको विषयमा सम्मानित सदनमा विचारधीन खानेपानी तथा सरसफाइ विधेयकले गरेको व्यवस्थाले कार्यान्वनमा सहजता ल्याउने अपेक्षा गरिएको छ । विगतदेखिका अधुरा आयोजनाहरूको सङ्ख्या धेरै रहेको तर वार्षिक बजेट विनियोजन न्यून रहने भएकोले क्रमागत आयोजनाहरूलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइएको

छ । जसका कारण माननीयज्यूहरूले अपेक्षा अनुरूपको नयाँ आयोजनाहरू धेरै प्रस्तावित नभए तापनि सकभर खानेपानीको चरम अभाव रहेको स्थानहरूलाई प्राथमिकता दिई क्षत्रीय सन्तुलन समेत मिलाइएको छ । खानेपानीको चरम अभाव भएका सुख्खा क्षेत्रहरूमा लक्षित जलवायु अनुकुलित वृहत खानेपानी आयोजना अन्तर्गत आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने ३० जिल्लाका बहुवर्षीय आयोजनाहरूमध्ये मल्टिस्टेज पम्पिङ्ग गर्नुपर्ने खालका यासोक, प्रकवास, हर्रे, तुनेबोटे, चौरीखोला, ढोकाडाँडा, दरौदी (गोरखा), तानसेन (कालिगण्डकी) र विजेश्वरी (चौरजहारी) खानेपानीहरू सम्पन्न भई १ लाख २० हजार जनसङ्ख्यालाई स्वच्छ खानेपानी उपलब्ध गराउनेछ ।

नयाँ कार्यक्रम अन्तर्गत आवश्यक र मागको आधारमा जिल्ला सदरमुकामहरू, स्थानीय तहका प्रशासनिक केन्द्रहरू, पहाडी तथा दुर्गम क्षेत्रमा अवस्थित बजारहरूमा लक्षित आयोजनाहरू आगामी ३ वर्षभित्र सम्पन्न गर्ने गरी केन्द्रीय खानेपानी आयोजना अन्तर्गत कार्यान्वगन गर्न ठूलो आयोजनाहरूको आवश्यकता अध्ययन, सम्भाव्य आयोजनाको आयोजना बैङ्क तयार गरी क्रमशः कार्यन्वयन गर्दै लगिनेछ । आगामी आर्थिक वर्षदेखि नै बहुवर्षीय ठेक्कामा जाने गरी मङ्गलसेन, चौरजहारी, सिमीकोट, गमगढी, महाबु, मन्थली, गौर, राजविराज, सिराहा, तुम्लिङ्गटार, माङ्सेबुङ् लगायतका ४० जिल्लाका ठूला खानेपानी आयोजनाहरू सञ्चालन गर्ने व्यवस्था गरिएको छ । यसैगरि नयाँ कार्यक्रम अन्तर्गत प्रादेशिक राजधानीहरू लगायत मध्यम तथा ठूला सहरहरूमा चौबीसै घण्टा नियममित रूपमा स्वच्छ खानेपानी आपूर्ति व्यस्था मिलाउन ढलहरूबाट उत्सर्जित फोहोर पानी प्रशोधन गरी प्रशोधन पश्चात मात्र बिसर्जन गर्ने सुनिश्चितता गर्न एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत प्रदेशका राजधानीहरू लगायत १४ वटा मध्यम तथा ठूला सहरहरू हेटौंडा, भरतपुर, जनकपुर, विरगञ्ज, धरान, धनगढी, नेपालगञ्ज, लुम्बिनी साँस्कृतिक नगरपालिका, सुर्खेत, बुटवल, पोखरा, विराटनगर, विर्तामोड र दमकका सम्भाव्यता अध्ययन गरी आगामी आर्थिक वर्षभित्र उपयुक्त ५ वटा आयोजनाहरूको विस्तृत अध्ययन गरिने छ । नेपाल खानेपानी संस्थान मार्फत् पोखरा महानगरपालिका अन्तर्गतका पोखराको खानेपानी शुद्धीकरण गरी सुधार विस्तार कार्यलाई तीव्रता दिइएको साथै बुटवलको खानेपानी प्रणालीमा स्रोत थप गरी भरपर्दो र सुरक्षित खानेपानीको प्रबन्ध मिलाउने कार्य अगाडि बढाइएको छ । विशेषगरि तराई-मधेशमा जनसङ्ख्या वृद्धिको चाप, भूमिगत जल सतहको घट्दो क्रम र विद्यमान आर्सेनिक प्रदुषणले उत्पन्न समस्यालाई दिगो रूपमा समाधान गर्न महाकाली, कर्णाली, कोशी जस्ता ठूला नदीहरूमा आधारित थोक वितरण प्रणालीबाट कञ्चनपुर, कैलाली, बर्दिया, सप्तरी, सुनसरी, मोरङ्ग लगायतका जिल्लामा खानेपानी सेवा प्रदान गर्ने आयोजनाहरूको पहिचान गरी सम्भाव्यता अध्ययन गरिने छ र सम्भाव्य आयोजनाहरूको क्रमिक रूपमा कार्यान्वयन गरिने छ । साथै उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको समन्वयनमा भेरी-बबई डाइभर्सनबाट कोहलपुर र नेपालगञ्ज, सुनकोशी-मरिन डाइभर्सनबाट प्रदेश नम्बर २ का सिराहा, बारा, रौतहट, सर्लाही, महोत्तरी जिल्ला लगायतका जिल्लामा पानी प्राप्त गरी तराई-मधेश क्षेत्रमा स्वच्छ र दिगो खानेपानीको सुविधा उपलब्ध गराउन आयोजना सञ्चालन गरिने छ । तराई-मधेशमा व्याप्त

आर्सेनिक समस्यालाई समाधान गर्न हाल प्रदेशतर्फबाट कार्यान्वयन भइरहेका तराई-मधेश खानेपानी आयोजनालाई सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था मिलाइने छ। खानेपानीको पहुँच नपुगेको बस्ती पहिचान गरी देशभरिका सबै नागरिकलाई खानेपानी सेवा उपलब्ध गराउन भूसंरचना प्रणालीमा आधारित तथ्याङ्क सङ्कलन गरी सबै स्थानीय तहको खानेपानी सरसफाइ तथा स्वच्छ कार्ययोजना वास प्लान तयार गरिने छ। यसको आधारमा प्रादेशिक र राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छता कार्ययोजना समेत तयार गरी सोही आधारमा आगामी आर्थिक वर्षमा बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाइने व्यहोरा म सम्मानित सभालाई जानकारी गराउन चाहन्छु। तीनै तहको सरकारको समन्वयन र सहकार्यमा विकास विकास साझेदार तथा संस्थाहरूको समेत सहयोग लिई कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न तोकिएका होल्डिङ्ग सेन्टर, क्वारेन्टाइन, आइसोलेसन सेन्टर लगायतका स्थानहरूमा आवश्यकता अनुसार शौचालय, पिउने पानी साथै साबुन पानीले हात धुने व्यवस्था मिलाइने छ। खानेपानी आपूर्ति गर्ने विभिन्न सेवा प्रदायकहरू मार्फत् कोभिड-१९ को महामारीको बाबजुत पनि आपूर्ति व्यवस्थालाई सर्वसुलभ तुल्याउन अधिकतम प्रयास गरिएको छ। साथै हाम्रो सामु सन्निकट रहेको मनसुनको समयमा बाढी पहिरोजन्य जोखिमबाट उत्पन्न विपद्को सामना गर्न सबै सरोकारवालाहरूसँग आवश्यक क्षेत्रगत समन्वय गरी स्वच्छ खानेपानीको आपूर्ति गर्न गराउन तीनै तहको सरकारको समन्वयमा विपद् पूर्वतयारी तथा प्रतिकार्य आयोजना समेत बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

मेलम्ची खानेपानी आयोजना कार्यान्वयनको क्रममा भूकम्प, समयसमयमा समाधान गर्नु पर्ने विभिन्न खाले अबरोध, निर्माण मजदुर र कर्मचारीहरूको आन्दोलन पटक-पटक ठेक्का तोड्नु पर्ने बाध्यात्मक अवस्था तथा हालको कोभिड-१९ को प्रकोप लगायतका कठिनाइका बाबजुत पनि आयोजनाको प्रथम चरणको कार्यलार्य तीव्रता दिई चालु आर्थिक वर्षभित्र आयोजनाको आधारभूत कार्य सम्पन्न गरी पानी पठान्तरण गरिने र आगामी आर्थिक वर्षको सुरु अवधिमा काठमाडौंमा पानी वितरण गर्ने गरी काम भइरहेको छ। अनगिन्ति चुनौतिका बाबजुत पनि मेलम्ची आयोजनाको उद्घाटन गर्ने तयारी रहेको यस सम्मानित सदनलाई जानकारी गराउन पाउँदा गौरवाम्वित छु। त्यो दिन नेपाल र सम्पूर्ण नेपालीका लागि गौरवको दिन हुन्छ। तसर्थ नेपालको संविधानले परिकल्पना गरे अनुसार नेपाल सरकारले लिएको लक्ष्य पूरा गर्न र नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा समेत प्रतिवद्धता जनाए अनुसार दिगो विकास लक्ष्य हासिल गर्न खानेपानी मन्त्रालय क्रियाशील रहेको र यस क्रममा सधा झैं माननीयज्यूहरूको अमूल्य सल्लाह, सुझाव र परामर्शका लागि हार्दिक अनुरोध गर्दै आफ्नो विषय यहीँ अन्त्य गर्छु। हवस् त, धन्यवाद।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू, माननीय खानेपानी मन्त्री बीना मगरले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण

माग गर्न पाउने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । विभिन्न बहानाबाजी गरेर मेलम्चीको पानी साँच्चि कहिले आउने ? यहाँले पटक-पटक खानेपानीको बजेटमा पटक-पटक भनिसक्नु भएको छ, आगामी वर्ष, आगामी वर्ष, त्यो आगामी वर्ष कहिले हो भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरि संविधानको मौलिक हकमा त खानेपानीको व्यवस्था भयो । संविधानको धारमा मात्रै हो कि अर्को धारामा पनि स्वच्छ पानी आउने हो ? के हो भनेर म प्रश्न गर्न चाहन्छु । अहिले क्वारेन्टाइनमा खानेपानीको व्यवस्था छैन । साबुन पानीले हात धुने भनिन्छ, हात धुने पानीको व्यवस्था छैन । अनि एक वर्षपछि क्वारेन्टाइनमा बल्ल पानी पुऱ्याउने ? कि के हो, मन्त्रीज्यू ? म पश्न गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः-** माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, अब मेलम्चीका कुरा गर्न छोडौँ भनेको थुप्रै भयो । अब पानी पनि आउन सकेन । पानी आउँछ, भन्नु भएको छ । त्यो पानी चाहिँ राजधानीबासीको घरघरमा आउने हो कि सुन्दरीजलसम्म आउने हो, त्यो कुरा पनि स्पष्ट छैन । काठमाडौंकै खानेपानी जारको पानी समेत पानी खायो भने बिरामी हुने स्थिति छ । त्यसलाई कसले हेर्ने हो ? यो पर्याप्त पानीबिना अब शौचालयमा पानी छैन । पिउने पानी छैन । योबिना कसरी खुला दिशामुक्त क्षेत्र देश घोषणा गर्न सकिन्छ ? यो कागजमा मात्रै घोषणा नगरियोस् भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय खानेपानी मन्त्री बिना मगरलाई समय उपलब्ध गराउँदछु ।

**माननीय खानेपानी मन्त्री श्री बीना मगरः-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूले राख्नु भएको जिज्ञासाको निम्ति म धन्यवाद प्रकट गर्न चाहन्छु ।

विषय मेलम्ची खानेपानी आयोजनामा गएर ठोकिन्छ । यो स्वभाविक पनि हो । मेलम्ची खानेपानी आयोजनाले काठमडौंबासी मात्रै होइन कि सिङ्गो नेपाली जनतालाई पनि

थुप्रै निरासाहरू उब्जाएको छ, यसले थुप्रै अन्यौलताहरू सिर्जना गरेको छ र यसले थुप्रै आशाहरूलाई निमुठेको छ । त्यो यथार्थ हो । तर त्यति रहँदारहँदै पनि मेलम्ची खानेपानी आयोजना सञ्चालन गर्दाको सुरुवाती चरणबाट अहिलेसम्म आउँदाखेरि यसले दुई दशक नै लगभग पार गरिसकेको अवस्था छ र यो बीचमा त्यो यथार्थ पनि हो, यसको बीचमा थुप्रै प्रतिबद्धताहरू जाहेर गरियो, जाहेर भयो सरकारको तर्फबाट र मन्त्रीज्यूहरूको तर्फबाट सदनमा र अन्य ठाउँमा थुप्रै प्रतिबद्धताहरू जाहेर भइसकेको छ । यो यथार्थ पनि हो र मेलम्ची खानेपानी आयोजनाले अन्यौलता र निराशामात्रै दिइराखेको छ, यो यथार्थ पनि हो तर अर्को यथार्थता के हो भने मैले अघि नै राखिसकेको छु, हामी यो चालु आर्थिक वर्षभित्रमै खानेपानीको अहिले वितरण गर्ने बैकल्पिक व्यवस्था अनुसारको खानेपानीको कार्यक्रमलाई भौतिक रूपमा हामी सम्पन्न गर्नेछौँ र छिट्टै नै नयाँ आर्थिक वर्षबाट हामी सञ्चालनको प्रक्रिया अगाडि बढाउने छौँ र तपाईंसँग प्रष्टसँग भन्नु पर्दाखेरि लगभग हामी यो असारको पेरिफेरिमा हामी टनेलभित्र पानीको टष्टिङ्गको प्रक्रियामा अगाडि बढ्ने छौँ र टेष्टिङ्ग सकिसके पश्चात अनि सुन्दरीजलमा झार्ने छौँ र माननीयज्यूले उठाउनु भए जस्तो सुन्दरीजलमा मेलम्चीको पानी आइसकेपछि यतापट्टिको साइट केयूकेएलले वितरण गर्ने छ र केयूकेएलसँगै सुन्दरीजलको कामको पार्ट-२ को व्यवस्थापकीय पीआईडीले हेरिराखेको छ र हामीले पीआईडीको कामको अनुगनमन पनि निरन्तर गरिराखेका छौँ र सुन्दरीजलमा झरिसकेपछि काठमाडौंबासीको घरमा शुद्ध मेलम्चीको पानी जाने विषयमा म पुनः प्रतिबद्धता जाहेर गर्न चाहन्छु र त्यति धेरै शङ्का र उपशङ्का नगर्नको निम्ति म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु ।

अर्को विषय, क्वारेन्टाइनमा र विभिन्न होल्डिङ्ग सेन्टरमा खानेपानी ट्वाइलेट र सरसफाइका विषयहरू उठाउनु भएको छ, माननीयज्यूले । कहिलेसम्म सम्पन्न गर्नुहुन्छ भन्ने कुरो गर्नु भएको छ । भर्खरै मैले उहाँलाई जानकारी गराउन चाहन्छु, भर्खरै मात्रै हामीलाई त्यो जिम्मेवारी दिइएको छ र यो जिम्मेवारीलाई छिटोभन्दा छिटो कार्यान्वयन गर्ने स्पिडमा हाम्रो मन्त्रालय अगाडि बढेको छ भन्ने कुरा म जानकारी गराउन चाहन्छु र उहाँले भन्नु भएको जस्तो वषौं वर्ष नलाग्न सक्छ । यसको स्पिड, यसको आवश्यकता, यसको महत्व र अहिलको महामारीको आवश्यकतालाई परिपूर्ति गर्ने स्पिडमा मन्त्रालय दौडिन सक्छ भन्ने कुरा म तपाईंलाई विश्वस्त दिलाउन चाहन्छु ।

अर्को, मेलम्ची खानेपानीको विषयमा मैले तपाइँहरूले राख्नु भएको जिज्ञासा राखिसकेको छु र हामीले मुख्यतः नेपालको खानेपानी संविधानतः मौलिक अधिकारमा इङ्गित गरिसकेपछि व्यवस्थापकीय पक्षलाई कसरी मन्त्रालयले सञ्चालन गर्छ भन्ने कुरोमा प्रश्नहरू तेर्स्याउनु भएको छ, यो स्वभाविकै हो । हामीले मौलिक अधिकारमा संविधानतः दर्ज गरिसकेपछि यसका व्यवस्थापकीय पक्षमा हामीले निकै महत्वका साथ हामीले दीर्घकालीन योजना बनाएका छौँ । देशैभरिका स्थानीय तहहरू सबै स्थानीय तहहरूको र प्रदेश सरकार र संघको सरकारको सहकार्यमा हामीले सबैभन्दा पहिला वास प्लान बनाउँछौँ । खानेपानी र सरसफाइको सेक्टरमा र त्यो वास प्लानले हामीलाई देशैभरिका स्थानीय तहहरूमा देशैभरिका गाउँबस्तीहरूमा कतिवटा आयोजना आवश्यकता पर्छ र ती आयोजनाका मुहान

कहाँ हो, त्यसको न्यूनतम लागत के हो भन्ने डाटा समेत पनि हामी कलेक्सन गर्छौं र त्यसको आधारमा त्यो स्थानीय तहले सञ्चालन गर्ने हो कि, त्यो प्रदेशले कार्यान्वयन गर्ने हो कि, निर्माण गर्ने हो कि त्यो संघले अथवा केन्द्रीय सरकारले निर्माण गर्ने हो भन्ने कुराको डिक्लियर हुन्छ र हामीले देशैभरिको अहिलेको संविधानतः यो इङ्गित मौलिक अधिकारको मर्मलाई आत्मसाथ गर्दै देशैभरिको खानेपानी र सरसफाइको वास प्लान बनाउँदै छौं र त्यो वास प्लानको आधारमा हामी अगाडि बढ्ने छौं र सदनमा माननीयज्यूहरूले उठाउनु हुने सधैंभरि पहुँचको आधारमा मात्रै खानेपानी जाने गरेको छ । पहुँच र त्यहाँ एक्सिसको आधारमा निरन्तर योजना माग्न जानेको आधारमा मात्रै योजनाहरू केन्द्रित हुने, जो मन्त्रालय धाउन सक्दैन, जो सम्बन्धित निकायमा धाउन सक्दैन, उहाँहरूको योजना सम्बोधन भएको छैन । ती गाउँबस्तीहरूमा खानेपानीको अभाव ज्यूँका त्यू छ । त्यसलाई सम्बोधन गर्न सकिएको छैन । पहुँचको आधारमा निर्माण हुने योजनाको अन्त्य गरिनु पर्छ भन्ने माननीयज्यूहरूको प्रश्नको भाव अस्ति मैले पाएको छु र हामीले ती भावलाई सँधैभरि सिंहदरबार धाइरहने, खानेपानीको लागि धाइरहने निरन्तरताको अन्त्य गर्नको लागि हामीले वास प्लान निर्माण गर्दैछौं । यसले देशैभरिको खानेपानीको सेक्टरमा मास्टर प्लान बनाउँछ र त्यो मास्टर प्लानको आधारमा अहिलेको सरकार र भोलि आउने सरकारहरू पनि निरन्तर अगाडि बढ्ने छ र कुनै पनि माननीयज्यू, कुनै पनि जनताहरू सिंहदरबारसम्म आएर खानेपानीको योजना मागिरहनु पर्दैन । हामीले already आवश्यकताको पहिचान गरेर योजना निर्माण गर्छौं भन्ने कुरा म यहाँ अवगत गराउन चाहन्छु ।

अर्को, हामीले हिमाल र पहाडी सेक्टरमा र तराईमा जुन जनसङ्ख्याको क्राइटेरिया तोकिएको छ, १,०००, ५,००० र १५,००० भनेर जसरी क्राइटेरिया तोकिएको छ, यसमा माननीयज्यूहरूको निकै ठूलो आपत्ति नीतिगत रूपमा खानेपानी मन्त्रालयले गरेको गरेको यो निर्णयमा अथवा मन्त्रिपरिषद्ले गरेको निर्णयमा माननीयज्यूहरूले जुन जिज्ञासा र आपत्ति प्रकट गर्नु भएको छ, म यति मात्र प्रतिबद्धता जाहेर गर्न चाहन्छु कि अहिले हामीले ल्याउने खानेपानी विधेयकमा आउने ऐनले यी सबै कुराको अन्त्य गर्ने छ । हामीले त्यहाँ व्यापक छलफल गरेर ल्याएका छौं भन्ने विषय म यहाँ जानकारी गराउन चाहन्छु र प्रश्नको निम्ति धन्यवाद दिँदै तपाईंहरूको प्रश्नमाथि उठेको जिज्ञासालाई यहीँ अन्त्य गर्दछु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याललाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्माकुमारी अर्याल**:- सम्माननीय अध्यक्ष महोदय, २०७७/०३/०१ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको विनियोजन विधेयकमाथिको छलफलमा माननीय सदस्यज्यूहरूले गम्भीरतापूर्वक उठाउनु भएको विचार, प्राप्त सुझाव, चिन्ता र चासोको निम्ति म सर्वप्रथम माननीय सदस्यज्यूहरूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

मूलतः माननीय सदस्यहरूले उठाउनु भएको विचारहरूले र दिनु भएका सुझावहरूले आगामी दिनको मन्त्रालयको कार्य सम्पादनलाई अझै सुदृढ र प्रभावकारी बनाउन सकिन्छ भन्ने विश्वास पनि दिलाउन चाहन्छु र माननीय सदस्यहरूबाट व्यक्त भएका विचारहरूलाई मैले ६ हिसाबले वर्गीकरण गरेको छु । मुख्य गरेर भूमिहीन सुकुम्बासी, दलित, अव्यवस्थित बसोबासी र सिमान्तकृत समुदाय लगायतका समूह र परिवारहरूको भूमिसँग जोडिएको स्वामित्व स्थापित गर्ने सवालमा माननीय सदस्यहरूले विचार राख्नु भएको छ । त्यसैगरि भू-उपयोग व्यवस्थापन एवम् भूमि बैङ्क सञ्चालन गर्ने विषयहरूमा माननीय सदस्यहरूको चासो छ । सहकारी क्षेत्रको सुशासन कायम गर्ने, उत्पादन वृद्धि गर्ने र रोजगारीको सिर्जना गर्ने विषयमा मन्त्रालयको के सोच छ भन्ने माननीय सदस्यहरूको चासो छ । नाप, नक्साहरूसँग जोडिएका विषयमा के हुँदैछ ? माननीय सदस्यहरूले प्रश्न गर्नु भएको छ । सगरमाथा उचाई मापनको विषय र गरिबी निवारणको क्षेत्रमा भएका काम, यी र यस्तै अन्य केही प्रसाङ्गिक विषयहरूमा समेत यहाँहरूले आफ्नो चासो राख्नु भएको छ । त्यसैले यी विषयहरूलाई समेटेर यहाँहरूको भावनाको प्रतिनिधित्व गर्दै मैले केही आफ्ना विचारहरू यहाँहरू भावनाको सम्बोधन गर्ने कोशिस गर्न चाहन्छु ।

अध्यक्ष महोदय, भूमिहीन सुकुम्बासीको कुरा गरिरहँदा यो समस्या ७ दशक लामो समस्या हो । जमिनमा पसिना बगाउनेले जमिनको स्वामित्व प्राप्त गर्न नसक्ने जस्तो दारण चित्र हेरेर बस्न सकिँदैन । यो सरकारको निश्कर्ष हो । त्यसैले हामी अनौपचारिक भू-सम्बन्ध स्वामित्व कसरी कायम गर्न सकिन्छ, यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा मन्त्रालयले अब सुस्पष्ट कानून निर्माण गरेर अगाडि बढेको कुरा यहाँहरूलाई राख्न चाहन्छु । भूमिहीन, सुकुम्बासी र दलितलाई एक पटकको निम्ति जग्गा उपलब्ध गराउने कुरा कानूनी रूपमै व्यवस्था गरेर अगाडि बढेका छौं । अव्यवस्थित बसोबासीको हकमा विगत लामो समयदेखि बसोबास गरेर आइरहेका आमोत कमोत गरिरहेका किसानहरूको हकमा उनीहरूको आर्थिक अवस्था हेरिकन जोतभोग गरेर आएका जमिनहरूको स्वामित्व प्रदान गर्नुपर्छ, निश्चित शुल्क लिएर स्वामित्व प्रदान गर्नुपर्छ भन्ने हिसाबले हामीले कानूनी व्यवस्था गर्दै हामी यो काम सम्पन्न गर्नको निम्ति कानूनबाट निर्मित शक्तिशाली भूमि समस्या समाधान आयोग गठन गरेर त्यो आयोगले आफ्नो काम अगाडि बढाइरहेको सन्दर्भ छ । अहिले प्रतिकूल परिस्थितिमा फिल्डमा जान नसकेको कारणले ती समस्याको सम्बोधन अझै ढिलाइ भयो कि भन्ने जस्तो अनुभूति त भएको छ । तर परिस्थिति सहज हुने बित्तिकै आन्तरिक काम सकिसकेको आयोग फिल्डमा गएर ती समस्याको समाधान गर्दै ती भूमिहीन

सुकुम्बासीहरू, दलितहरू, सीमान्तकृत समुदायहरू जो भूमिको समस्या विगतदेखि खेपिरहेका छन् र भूमि स्वामित्वको अधिकार खोजिरहेका छन् । त्यो चीजको सम्बोधन गराउने, पूर्जा वितरण गर्ने काम सुरु गरिने छ । म माननीय सदस्यहरूलाई स्मरण गराउन चाहन्छु । त्यस्तैगरि मुक्त हलिया, हरवा, चरवा, कम्लरी लगायतका समस्या पनि समाधान गर्ने गरी सरकार अगाडि बढेको छ । लगभग हामी अन्तिम चरणम पुगेका छौँ । बाँकी कामहरू स्थानीय तहलाई हस्तान्तरण गरेर स्थानीय तह मार्फत् यी सबै समस्याको समाधान गर्ने स्पिडमा मन्त्रालय अगाडि बढेको कुरा माननीय सदस्यहरूलाई राख्न चाहन्छु ।

अध्यक्ष महोदय, भू-उपयोग व्यवस्थापन र भूमि बैङ्क सञ्चालनका सन्दर्भमा माननीय सदस्यहरूको जुन चासो छ, र यो स्वभाविक छ । हामीले पहिलो पटक भू-उपयोग ऐन ल्यायौँ र यसको कार्यान्वयनकै चुनौति छ र त्यही कानूनका हामीले भन्यौं, भूमि बैङ्कको स्थापना गर्छौं भनेर । यो अत्यन्त नयाँ चीज भएको हुनाले यसको कार्यान्वयन कसरी होला, माननीय सदस्यहरूको जिज्ञासा हुनु स्वाभाविक छ । मूलतः हामीले जमिनको अधिकतम उपयोग गर्ने र उपयोग जमिन रहन नदिने नयाँ ढङ्गको जमिनको वर्गीकरण गर्दै वर्गीकरण अनुसारको उपयोग गर्ने र जमिनबाट उत्पादकत्व वृद्धि गर्ने र बेसिभन्दा बेसि मानिसहरूलाई उत्पादनसँग जोड्ने, जग्गाको चक्लाबन्दी गर्ने, सहकारी खेती जस्ता विषयहरूलाई प्रोत्साहन गर्ने गरी यो कार्यक्रम ल्याइएको छ । यसलाई कार्यान्वयन गर्नका निम्ति प्रदेश र स्थानीय तहमा भू-उपयोग परियोजना तर्जुमा गरिने छ र संघबाट गर्ने जिम्मेवारीमा हामीले ५ सय ३१ स्थानीय तहको भू-उपयोग नक्सा निर्माण गरेर हस्तान्तरण गरिसकिएको छ । बाँकी नक्साहरू यसै आर्थिक वर्षमा हस्तान्तरण गर्ने तयारीमा मन्त्रालय रहेको छ ।

जहाँसम्म भूमि बैङ्कको प्रसङ्ग छ, जग्गाको उपयोग र उत्पादकत्व वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ स्थापना भएको यो भूमि बैङ्क हाम्रो मुलुकको हकमा मौलिक र नवीन हो । त्यसैले यसको कार्यान्वयनसित निकै जिज्ञासा माननीय सदस्यहरूको छ र यो स्वभाविक पनि छ । यो सम्बन्धमा माननीय सदस्यहरूले कानून छैन, केही छैन प्रसङ्ग उठाउनु भएको छ । मैले स्पष्ट गर्न चाहन्छु । हामीले यसलाई कार्यान्वयन गर्ने गरी कानूनी व्यवस्था गरिसकेका छौँ । भू-उपयोग ऐनमा नै हामी यसलाई सम्बोधन गरेर स्पष्ट कानूनी व्यवस्था गरेका छौँ । अब कार्यविधि निर्माण गर्नको निम्ति विषय विज्ञहरूसितको छलफल, हाम्रा अन्तर्राष्ट्रिय रूपमा भएका असल अभ्यासहरू के छन्, तिनका अध्ययन र व्यापक छलफलकासाथ यसलाई सफल परियोजनाका रूपमा स्थापित गर्नको निम्ति हामी छलफलमा सम्बादमा रहिरहेको र कार्यविधि निर्माण हुँदै गरेको कुरा म माननीय सदस्यहरूको बीचमा राख्न चाहन्छु र यसलाई संघ, प्रदेश र स्थानीय तहको, तीन वटै सरकारको संयुक्त पहल कदमीमा र तीन वटै सरकारको शेयरमा यो बैङ्क सञ्चालन गर्ने परिकल्पना हामीले गरेका छौँ । त्यसैले बजेटमा प्रष्टताका साथ उल्लेख भइसकेको छ । संघीय सरकारको तर्फबाट ५० प्रतिशत, प्रदेश सरकारको तर्फबाट २० प्रतिशत, स्थानीय सरकारको तर्फबाट ३० प्रतिशत किनकि यो कार्यान्वयन हुने स्थानीय तहमा नै हो, व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई नै छ । यो ढङ्गले यो सञ्चालन गर्ने र यो

आर्थिक वर्षमा ३०० वटा पालिकाबाट सुरु गर्ने भनेर हामीले बजेटमा नै त्यो व्यवस्था गरेको अगाडि बढेको सर्न्दभ म माननीय सदस्यहरूलाई राख्न चाहन्छु ।

अब अध्यक्ष महोदय, माननीय सदस्यले नाप, नक्सासँग सम्बन्धित भएर उठाउनु भएका विषयहरूका सन्दर्भमा स्वभाविक छ । विगतको त्रुटिपूर्ण नाप, नक्साका कारण जनताले धेरै अप्ठ्यारो झेल्नु परेको परिस्थिति हामीले बुझेका छौँ । धेरै खालका गुनासाहरू मन्त्रालयमा आइरहेको छ । हामीले यो कुरालाई मध्येनजर गर्दै विगतको यो कमजोरीबाट शिक्षा लिएर अब नाप, नक्साको काम फित्ताबाट होइन यन्त्रबाट गर्ने फित्ताबाट गर्दा कमजोरी भयो । त्यसैले अब फित्ताबाट होइन यन्त्रबाट नाप, नक्साको काम गरिने छ भनेर हामी त्यो स्पिडका साथ अगाडि बढेका छौँ र त्यो सिस्टम हामीले विकास गरिसकेका छौँ । देशभर आधुनिक तरिकाबाट डिजिटल प्रणालीमा पुनः नाप, जाँच गर्ने कार्य भइरहेको छ । यो सबैसबै ठाउँमा गर्न जरुरी पनि छ र त्यो कामको थालनी पनि भएको छ र नाप, नक्सान क्षेत्रको अत्याधुनिक प्रविधि लाईडर प्रविधि यसै आर्थिक वर्षदेखि नेपालको सुदूरपश्चिम क्षेत्रबाट सुरु भइरहेको छ । त्यसले पृथ्वीको धरातलीय स्वरूपको नाप, जाँच गर्ने कार्य भइरहेको छ र सरकारी स्तरमा पहिलो पटक यस किसिमको सर्वेक्षण हामीले गर्दैछौँ र विभिन्न किसिमको नक्सा तयार गर्ने, बाढी, पहिरो लगायत विपद् अनुमान र सोको पूर्वतयारी गर्ने सडक, रेलवे सिँचाइ, जलविद्युत लगायत भौतिक पूर्वाधार विकास निर्माण कार्यको योजना तर्जुमा लागत स्टिमेट, मूल्याङ्कन, निर्माण लगायतमा यो कामले सहयोग पुग्ने छ भन्ने हामीले विश्वास गरेका छौँ ।

सहकारीको सुशासन र गरिबी निवारणका सन्दर्भमा सम्माननीय अध्यक्ष महोदय, हामी सबैको साझा सङ्कल्प हो । हामीले राजनीतिक परिवर्तन सबै मिलेर गर्‍यौँ र अबको दिशा समाजवाद हो भन्ने कुरा प्रष्ट रूपमा हामीले साझा सङ्कल्पको रूपमा संविधानमा उल्लेख गरिसकेका छौँ । त्यसैले त्यो समाजवादमा पुग्नको निम्ति स्वभावैले आर्थिक क्रियाकलापहरू बढाउने, उत्पादन वृद्धि गर्ने र काम गर्ने सकिने उमेर समूहका मानिसहरूलाई उत्पादनमा जोड्ने र हामीले उत्थान गर्नुपर्ने समुदाय कुन हो या वर्ग कुन हो ? त्यो वर्गको पहिचान गर्दै उसको जीवन बदल्ने प्रकृतिका कार्यक्रमहरू के-के हुन सक्छन् ? सम्भाव्यताको अध्ययन गर्दै स्थानीय तहमा त्यस्ता कार्यक्रम परिचालन गरेर जीवन बदल्ने अभियानमा लाग्ने । यो काम गर्न सहकारी एउटा दरिलो खम्बा बन्न सक्छ भन्ने हाम्रो ठम्याइ छ किनकि सहकारीका सदस्यहरू घरघरमा छन् । ग्रामीण तहसम्म यसको पहुँच छ, जनस्तरसम्म यसको पहुँच छ । त्यसैले यसले भावना जोड्न सक्छ, तागत जोड्न सक्छ, व्यक्तिगत जीवन, राष्ट्र र समाजलाई यसले बदल्न सक्छ भन्ने हाम्रो विश्वास हो । तसर्थ सहकारीको सुशासन, सहकारीलाई मर्यादित बनाउने, सहकारीलाई अनुशासित बनाउने कुरालाई हामीले महत्वकासाथ हेरेका छौँ किनकि सहकारी क्षेत्रसँग जोडिएर आएका गुनासोहरू, त्यहाँ मौलाउँदै गरेका विकृतिहरू पनि हामीले हेक्का राखेका छौँ । तसर्थ यसको अनुगमन गर्ने, सुशासन कायम गर्ने, पूँजी वृद्धि गर्ने, त्यसको परिचालित गर्ने, सहकारीको माध्यमबाट गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने योजनाकासाथ हामी अगाडि बढेका छौँ र मन्त्रालयले स्पष्टकासाथ भनेको छ । भूमि स्रोत हो, सहकारी माध्यम हो, गरिबी गोल

हो । त्यो चीज हामीसित छ । त्यसैले भूमि, सहकारी र गरिबी । भूमिलाई स्रोत मान्दै, सहकारीलाई माध्यम बनाउँदै, गरिबीलाई गोल गराउने गरी अगाडि बढ्नु पर्छ भनेर यो मन्त्रालय स्पष्ट नीतिका साथ यो तीन वटै क्षेत्रलाई समदूरीमा राखेर अगाडि बढ्ने काम भइरहेको छ र किसानहरूबाट उत्पादित, सहकारीबाट उत्पादित किसानहरूको बजारको व्यवस्थापन गर्न सहकारी बजार विकास कार्यक्रम हामीले लागू गरेका छौँ । गरिब पहिचान गर्नको निम्ति, गरिब पहिचान सर्वेक्षण गर्ने काम र परिचयपत्र वितरण गर्ने काम भइरहेको छ । यी काम सकिसकेपछि गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने गरी मन्त्रालय तयारी गरिरहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरूले जिज्ञासा राख्नु भएको छ । भूमि व्यवस्था मन्त्रालयले नाप्दै गरेको सगरमाथाको उचाइ कता गएको छ ? माननीय सदस्यहरूलाई म स्पष्ट गर्न चाहन्छु, प्रकृतिको अनुपम उपहार, विश्वको सर्वोच्च शिखर सगरमाथा हाम्रो गौरव, हाम्रो शान, यसको उचाइ मापन अरु मुलुकहरूले धेरै पटक गरे । तर नेपालले अहिलेसम्म उचाई मापनको काम गर्न सकेन । यो विषयमा मन्त्रालयको ध्यानाकर्षित भई हामीले यस पटक इतिहासमा पहिलो पटक आफ्नै स्रोत र साधन र सीपबाट सगरमाथा उचाईको मापनको कार्य सम्पन्न गरेका छौँ । अब सम गणना गरी वास्तविक उचाइको हिसाब निकट भविष्यमै घोषणा गर्ने गरी हामी तयारीमा रहेका छौँ । यो माननीय सदस्यहरूलाई म राख्न चाहन्छु । माननीय सदस्यज्यूहरू, यस पटक हामीले एउटा युगिन महत्वको काम सम्पन्न गरेका छौँ । विगतमा नेपालको नक्सामा छुट्याइएको नेपालको भूभाग सहितको राजनीतिक तथा प्रशासनिक नक्सा तयार गरी सार्वजनिक गरेका छौँ । सरकारको यस कार्यले हाम्रो स्वाभिमान उच्च भएको छ । हामी चाहन्थ्यौँ, यस्तो समस्याको समाधान वार्ताबाटै गरौँ । सरकारको तर्फबाट अनेकन पटक यो प्रयत्न पनि भयो । तर हामी सम्वेदनशीलता जियौँ । हाम्रो जुन खालको हातार हो, त्यो खालको भावना बुझ्ने कुरा हुन सकेन । वार्ता एक्लै हुँदैन दुई पक्ष हुनपर्‍यो । त्यसैले हामी जुन खालको हुटहुटीमा थियौँ, त्यो सम्बेदनशीलता जुन थियो, त्यसमा गम्भीरता प्रकट नभइसकेपछि हामीले बाँकी चीजहरू फेरि दुई पक्षीय वार्ताबाट कुटनीतिक सम्वादबाट समस्याको समाधान गर्ने गरी हिजो छुट्याइएको भूभाग समेट्ने गरेर नक्सा प्रकाशित गरेका छौँ । यही सम्मानित सभामा पनि त्यो नक्सा समावेश गरेर निशान छाप परिवर्तन गर्ने प्रयोजनाको निम्ति छलफल चलिरहेकै छ । यो माननीय सदस्यहरूलाई जानकारी नै छ । अरु कुरा नेपाल सरकारले कुटनीतिक हिसाबले दुई पक्षीय वार्ताको माध्यमबाट टुङ्ग्याउने छौँ ।

सम्माननीय अध्यक्ष महोदय, म अन्त्यमा राख्न चाहन्छु, भूमि व्यवस्था मन्त्रालयको कार्य क्षेत्रभित्र अनेकन चुनौतिहरू छन् । ती चुनौतिहरूलाई सामना गर्नको निम्ति हामी एकपछि अर्को चुनौतिको सामना गर्दै, सफलता प्राप्त गर्दै अगाडि बढिरहेका छौँ । हामीले सङ्कल्प गरेका छौँ, हिजोको जुन खालको नकारात्मक पहिचान हो, त्यो पहिचानलाई ठ्याक्कै उल्टो बनाएर सकारात्मक सोच, मन्त्रालयप्रतिको सकारात्मक सोच, सकारात्मक विश्लेषण सबै मानिसले गर्ने गरी साबित गराउने दायित्व हाम्रो हो भनेर हाम्रो सेवा प्रवाहदेखि अन्य मन्त्रालयसँग जोडिएका कार्य सम्पादनमा हामी नयाँनयाँ ढङ्गले अगाडि

बढिरहेका छौँ । प्रविधिको प्रयोग मार्फत् हाम्रो सेवा प्रवाहलाई व्यवस्थित गर्ने, विगतका व्यथीतिहरू हटाउने, सुशासन कायम गर्ने अभियान हामी चालिरहँदा, अब सबै डकुमेण्टहरू स्क्यानिङ्ग गर्ने र स्थानीय तहमा हस्तान्तरण गर्ने स्पिडका साथ हामी लागेकै छौँ । धेरै प्रतिकूलता हुँदाहुँदै पनि हामीलाई थाहै छ, इच्छाशक्ति मजबुत हुँदाखेरि ती चुनौतिहरू जस्ता पनि पल्टाउन सकिन्छ भन्ने विश्वासकासाथ हामी अगाडि बढेका छौँ । त्यसैले हामीले भन्यौँ, अबको जग्गा प्रशासन पारदर्शी र सुशासन भन्ने नाराका साथ हामी अगाडि बढेका छौँ । यो कार्यमा यहाँहरू सबैको सहयोग रहेकै छ र रहने छ ।

अब मन्त्रालयसित जोडिएर अर्को महत्वपूर्ण विषय, सम्पत्तिमाथि महिलाहरूको अधिकारलाई स्थापित गर्ने उद्देश्य, जग्गा रजिष्ट्रेसनका महिलाहरूको नाममा हुने रजिष्ट्रेसन शुल्कमा कम गर्ने, यो विषय पनि हामीले अगाडि बढाएका छौँ र छुट दिँदै आइरहेको कुरा पनि म यहाँहरूको बीचमा राख्न चाहन्छु । र छरिएर रहेका कानूनहरू जो वैज्ञानिक छैन, जो आजको समस्यालाई समाधान गर्ने प्रकृतिका छैनन्, ती कतिपय निष्क्रिय पनि छन्, कतिपय बाझिने खालका छन् । यसलाई मिलाउनु आजको समस्यालाई समाधान गर्ने खालको वैज्ञानिक कानून निर्माण गर्नु हाम्रो दायित्व हो । यो कुरालाई महशुस गर्दै दर्जनभन्दा बेसि छरिएर रहेका भूमिसित जोडिएका कानूनहरूलाई एकीकृत गर्ने अभियानमा पनि हामी जुटिरहेकै छौँ । हदबन्दी सम्बन्धी स्पष्ट कानून छैन । हदबन्दी सम्बन्धी स्पष्ट कानून नहुँदा धेरै अन्यौलता, धेरै समस्याहरू छन् । हदबन्दी लागू भयो, कार्यान्वयन भएको छैन । त्यसैले लागू भइसकेको चीजलाई कार्यान्वयन गर्नुपर्छ । यसलाई थप व्यवस्थित गर्नुपर्छ भनेर हामी ठोस् विषयमा पनि पहिचान गर्दै अगाडि बढेका छौँ र यसलाई व्यवस्थित गर्ने सोचाइका साथ लागिरहेका छौँ ।

माननीय सदस्यहरूले उठाउनु भएका कुराहरू मोटामोटी सम्बोधन भएको छ । मैले यो खर्च कटौती सम्बन्धी माननीय अनिता देवकोटाले केही कुराहरू राख्नु भएको छ, त्यो प्रस्ताव गर्नु भएको छ । म स्पष्ट गर्न चाहन्छु, मैले माननीय सदस्यले उठाइसकेपछि हेरेँ, विपत्तै भएछ कि भन्ने लाग्यो, त्यस्तो देखिनँ । सामान्यतः कर्मचारीको सङ्ख्या बढ्नु, गाडीको सङ्ख्या बढ्नु, मूल्य वृद्धिका कारणले दायित्व थपिनु स्वभाविकै छ । अनि किन हो त भन्दा अलिअलि बढाउने चलन पनि रहेछ, अलिअलि बढाउने चलन पनि रहेछ । कति बढेछ भन्दा त्यो क्षेत्रमा ३ लाख रुपैयाँ बढेछ । त्यसैले यो सामान्य चीज हो माननीयज्यू । यहाँले यो प्रस्तावलाई फिर्ता लिइदिनको निम्ति हार्दिक अनुरोध गर्दै फेरि सबै माननीय सदस्यहरू यहाँहरूका सकारात्मक सुझाव ग्रहण गर्दै अगाडि बढ्ने छौँ र यहाँहरूको साथ, सहयोग सधैं रहने छ भन्ने विश्वासका साथ म यहाँहरू सबैलाई फेरि पनि हार्दिक धन्यवाद भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदछु । विनियोजन विधेयक

अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई मेरो जिज्ञासा । हामी निशान छापमा भएको नक्सा अब सर्वसम्मतले पास गर्ने कुरामा द्वीविधा नै भएन, हामी पास गरिहाल्छौँ । राष्ट्रिय झण्डा जस्तै गरेर छर्लक्कै परेको नक्सा संविधानको अनुसूची थप गरेर चाहियो । त्यो यही सरकारले गर्ने हो कि पछि गर्ने हो कि भन्ने कुरा एउटा । अर्को कुरा सबै मन्त्रीज्यूहरूलाई आ-आफ्नो जिल्लाम थुप्रै योजना पार्न चाहिँ ध्यान पुगेछ । तर ती सीमानामा लडेका जङ्गे पिलरहरू उठाउनेतर्फ कसैको ध्यान पुगेन । स्पष्ट हुन चाहन्छु ।

**सम्माननीय अध्यक्षः-** माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु, अहिले यो कोभिड-१९ को कारण रोजगारीका अवस्थाहरू सिर्जाना गर्नको लागि भूमिसँग जोडिनु पर्ने हुन्छ । त्यसैले भूमिसँग जोडिरहँदा भू-उपयोग नीति त निर्माण त भयो तर कार्यविधि कहिलेसम्म आउँछ भनेर म प्रश्न गर्न चाहन्छु । सँगसँगै भूमि बैङ्क बाँझो जग्गाहरूलाई स्थानीय तहमा भूमि बैङ्क स्थापना गर्ने भनेर भनिएको छ । तर अहिलेसम्म तथ्याङ्क सङ्कलन छैन । एकातिर रोजगारीका अवस्थाहरू सिर्जना गर्नु पर्नेछ, भूमि बैङ्क स्थापना गर्नुपर्ने छ । अर्कोतर्फ तथ्याङ्क नै सङ्कलन नगरेर गर्नेछौं भन्नेले यो गफ मात्रै हो कि भन्ने मलाई लाग्दछ । त्यसैगरि भूमिहीन दलितहरूको आवासको लागि जग्गा र आवास र जमिन उपलब्धताका कुरालाई अझै सबै भूमिहीन र दलितहरूले जग्गा र आवास प्राप्त गर्न सकेका छैनन् । यो कहिलेसम्म प्राप्त गर्छन् भनेर म सोध्न चाहन्छु । त्यसैगरि वालुवाटार र गोकर्ण जस्ता भू-माफियाहरू अत्यन्तै धेरै छन्.....(समय सकिएको हुँदा माईक काटिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, हामीले मन्त्रालयको नाम गरिबी निवारण मन्त्रालय राखेका छौँ । तर गरिबहरू दिनप्रतिदिन

गरिब हुँदै गएका छन्, धनीहरू चाहिँ झन् बढी सम्पन्न हुँदै गएका छन् । गरिबलाई उसको जीवनलाई उत्कर्ष बनाउनको लागि कुनै कार्यक्रम आएको देखिँदैन । त्यतातिर मन्त्रालयको के ध्यान छ ? प्रश्न राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याललाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्माकुमारी अर्यालः</u>**- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूले थप स्पष्ट हुनको निम्ति केही जिज्ञासा राख्नु भएको छ । धन्यवाद भन्न चाहन्छु । यो नक्सासित जोडिएर मैले व्यक्त गरिसकेको छु । तपाईं हाम्रो जुन खालको कामना छ, त्यो सफलता मिलोस्, पूरा होस्, मेरो पनि कामना नै छ । अब यो पिलरसित जोडिएर वार्षिक कार्यक्रमको हिसाबले यो परराष्ट्रियता हुन्छ, खडा गर्ने हिसाबले यो भूमि व्यवस्था मन्त्रालयको नापी विभागबाट हुन्छ । प्रश्न उठिसकेपछि म राख्न चाहन्छु । हाम्रा सीमाका स्तम्भ भनेको ८ हजार ५ सय ५३ वटा हाम्रा स्तम्भहरू हुन् । त्योमध्ये ६ हजार निर्माण भइसकेको छ, २५ सय बन्दैछ । बाँकी त्यो पुनः निर्माण गर्नु पर्ने, पुनर्स्थापना गर्नु पर्नेहरू त्यसको खोजिनीति हुँदै काम हुँदै गरेको कुरा म माननीय सदस्यलाई भन्न चाहन्छु । त्यसपछि भू-उपयोग कार्यविधि हामी छिटो ल्याउने तयारीमा छौं । मैले बताइसकेको छु, माननीय सदस्यहरूलाई । हामी संवादमा छौं । पछि यस्तो गरेको भए हुने रहेछ भनेर पछुताउनेभन्दा पनि अलिकति बेसि समय लिएर यसलाई परिस्कृत गरौं, वैज्ञानिक बनाऔं । प्रभावकारी कार्यान्वयन गर्न सक्ने खालको बनाऔं भनेर । हामीले अलिकति हामीलाई थोरै समय लागेको र हामी छिटो तयारी गर्ने गरेर अगाडि बढेका छौं ।

अब भूमि बैङ्क स्थापना गर्नको निम्ति बाँझो जमिनहरूको पहिचान गर्ने कुरा हामीले स्थानीय तह, प्रत्येक स्थानीय तहमा रहने गरी परिकल्पना गरिरहेको सन्दर्भमा यो कामको सुरु हुँदै गर्दा अधिकतम हाम्रो कोशिस के हुन्छ भने सम्बन्धित जग्गावाले नै त्यो भूमिको प्रयोग गरोस् । त्यो दिशातर्फ जान्छ । सम्बन्धित स्वामित्ववालाले कमाउन नसकेको हकमा उहाँले भूमि बैङ्कमा आफ्नो जग्गाको क्षेत्रफल कित्ता नम्बर सहित त्यहाँ बताउनुहुन्छ । सरकारलाई आफूले प्रयोग गर्नु पर्ने अवस्थामा संघको सरकार, प्रदेश सरकार, स्थानीय सरकारले आफ्ना आवश्यकता अनुसार सरकारले प्रयोग गर्छ । सरकारले प्रयोग गर्न नसक्ने चीजहरू जति रहन्छ, त्यो विभिन्न खालको प्राइभेट सेक्टरहरू, व्यक्तिहरू जो उद्यमी बन्न चाहन्छन्, उहाँहरूलाई उत्पादन वृद्धि गर्ने गरी, उत्पादन वृद्धि गर्ने प्रयोजनको निम्ति त्यो जमिन उपलब्ध गराउने र उहाँहरूको बीचमा करार सम्झौता गर्ने, करार सम्झौता गरेको मितिदेखि निश्चित शुल्क जग्गा धनीले पाउने गरी यो प्रबन्ध गरिएको छ । त्यसैले अब कति बाँझो जमिन छन् भनेर टोटल कति उपयोग छ, कति छैन भन्न त

सकिन्छ । प्रत्येक पालिकापालिकाको हामीले निकाली नसकेको सन्दर्भमा यो कार्यान्वयनको निम्ति जाँदा त्यति जटिल हुँदैन । यो छिटै निस्किन सक्छ भन्ने म राख्न चाहन्छु । भूमिहीन दलितले जग्गा प्राप्त गर्ने, आवास प्राप्त गर्ने सन्दर्भमा काम भइरहेकै छ, अगाडि बढिसकेको अवस्थामा यो अब कार्यान्वयनमा आइसक्यो भन्ने बुझ्नको निम्ति म अनुरोध गर्न चाहन्छु । पूरै पूरा गर्न त पाउँनु भएन । माननीय सदस्यले बालुवाटारको कुरा बालुवाटार भन्दै हुनुहुन्थ्यो । बालुवाटारमा के भयो भन्ने यहाँहरूले देख्नु भएकै छ । मन्त्रालय यो विषयमा कहिनेर पनि खुट्टा कमाएको छैन । हामी जतिबेला पनि त्यो एक्सन गर्नको निम्ति, त्यो जमिन फिर्ता लिनको निम्ति हामी एकदम हतारका साथ बसेका छौँ । अहिले जो लगानी गर्नुभयो, लगानीकर्ताहरूले आफ्नो सम्पत्तिको खोजी गर्दै जिकिर गरेको अवस्थामा यो मुद्दा अदालत पुगेको छ । त्यो कारणले हामीले जमिन फिर्ता गर्न सकिएको छैन । त्यो विषय टुङ्गिएपछि यो फिर्ता ल्याउने कुरामा हामीले कहिनेर पनि कसर नराखिकन ल्याउँछौँ र हिजोदेखिको हाम्रो प्रतिबद्धता हो ।

अब गरिबको हकमा ठ्याक्कै अहिलेसम्म गरिब पहिचान भएन । गरिब पहिचान नभइसकेपछि गरिब लक्षित कार्यक्रमहरू पनि अरु समूहले प्राप्त गर्ने, लक्षित समूहमा नजाने, यो स्थितिले अपेक्षाकृत रिजल्ट आएन भनेर नै सरकारले पहिले गरिब कति छन् ? कुन-कुन पालिका कति हुन्छन् ? पालिकागत सर्वेक्षण गरौँ अनि परिचयपत्र दिऊँ । नेपाल सरकारको तहबाट सञ्चालन गर्ने जति पनि गरिब लक्षित कार्यक्रमहरू छन्, त्यसलाई एकीकृत गरेर गरिबको जीवन बदल्ने गरी हामी अगाडि बढौँ भनेर नै त्यो कामको सुरुवात भएको छ । अब छिट्टै हामीले यो पहिचानको काम, परिचयपत्र वितरणको काम सकेर लक्षित कार्यक्रममा जान्छौँ । मैले माननीय सदस्यहरूको मोटामोटी जिज्ञासाको सम्बोधन गरेँ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार (विश्कर्मा) लाई युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेको प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँदछु ।

**माननीय युवा तथा खेलकुद मन्त्री श्री जगत बहादुर सुनार (विश्कर्मा):-** सम्माननीय अध्यक्ष महोदय, युवा तथा खेलकुद मन्त्रालयको आगामी वर्षका लागि विनियोजन विधेयकमा प्रस्तावित कार्यक्रम बजेटमाथि विभिन्न माननीयज्यूहरूले महत्वपूर्ण सुझावहरू, जिज्ञासाहरू राख्नु भएको छ । म सर्वप्रथम छलफलमा सहभागी हुनुहुने सबै माननीयज्यूहरूलाई धेरैधेरै धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु ।

विशेषगरि युवा तथा खेलकुद मन्त्रालयका सन्दर्भमा माननीयज्यूहरूबाट त्यति धेरै जिज्ञासाहरू, प्रश्नहरू पनि आएको छैन । तसर्थ मैले धेरै लामो समय सभाको लिनु त्यति

धेरै वाञ्छनीय हुन्छ जस्तो ठानेको पनि छैन । फेरि पनि संक्षिप्त रूपमा उठेका विषयहरू, केही विषयहरू राख्न चाहन्छु ।

पहिलो कुरा त माननीयज्यूहरूले पनि त्यो महशुस गर्नु भएको छ । गम्भीर रूपले चासो र सरोकार राख्नु भएको छ । म धन्यवाद भन्न चाहन्छु । विशेषगरि युवाको क्षेत्रमा, खेलकुदको क्षेत्रमा यति महत्वपूर्ण क्षेत्रमा स्रोत विनियोजनमा जति धेरै प्राथमिकता पाउनु पर्ने हो, त्यो प्राथमिकता नभएको कुरामा माननीयज्यूहरूले जुन चिन्ता राख्नु भएको छ, म त्यसमा सहमत हुँदै माननीयज्यूहरूलाई धन्यवाद भन्न चाहन्छु । फेरि पनि अहिलेको जो प्रतिकूल परिस्थिति छ, कोरोना सङ्क्रमणको यो महामारीको यो अवस्थाको कारणले पनि हाम्रो देशको राष्ट्रिय अर्थतन्त्रलाई पारेको प्रत्यक्ष प्रभावका कारणले पनि अहिले स्रोत विनियोजनमा हाम्रा सामु राज्यका सामु केही सीमाहरू छन्, बाध्यताहरू छन् भन्ने यो परिस्थितिको जानकार पनि हामी सबै छौँ । फेरि पनि मलाई विश्वास छ, आगामी दिनहरूमा माननीयज्यूहरूले राखेका यी महत्वपूर्ण सरोकारहरूलाई भोलिका दिनहरूमा सम्बोधन हुने नै छ । खेल क्षेत्रले, युवा क्षेत्रले भोलिको दिनमा पर्याप्त राज्यको प्राथमिकता स्रोत विनियोजनका सन्दर्भमा पाउने छ भन्ने त्यो आशा, विश्वास मैले पनि लिएको जानकारी माननीयज्यूहरूको बीचमा सम्माननीय अध्यक्षज्यू मार्फत् राख्न चाहन्छु ।

स्वभाविक रूपमा बजेट न्यून भएको परिस्थिति सँगसँगै युवा तथा खेलकुद मन्त्रालयले अहिलेको बजेट तयार गरिरहँदा स्वभाविक रूपमा नेपाल कम्युनिष्ट पार्टी नेकपाको चुनावी घोषणा पत्र, हाम्रो देशको संविधान, देशको कानून, हाम्रो पन्ध्रौं आवधिक योजना लगायत नेपाल सरकारका नीतिहरू र मन्त्रालयले विगतदेखि नै आरम्भ गरेका जुन निर्दिष्ट लक्ष्य उद्देश्यहरू छन्, त्यसलाई ध्यानमा राखेर नै स्पष्ट नीति बनाएर एउटा मापदण्ड तयार गरेर त्यस हिसाबले बजेट विनियोजन भएका कारण माननीयज्यूहरूको खास गुनासो देखिएको छैन । यसका लागि म माननीयज्यूहरूलाई म धेरै धन्यवाद पनि भन्न चाहन्छु र भोलिका दिनहरूमा यसलाई निरन्तरता दिँदै धेरै माननीयज्यूहरूले सुझावहरू राख्नु भएको छ । माननीयज्यूहरूका सुझावहरूलाई आत्मसात गर्दै अझै युवा क्षेत्र, खेल क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने दिशातर्फ मन्त्रालयले गम्भीरतापूर्वक ध्यान दिनेछ । त्यस हिसाबले हामीले काम गर्नेछौँ । यो विश्वास पनि माननीयज्यूहरूलाई राख्न चाहन्छु । जो माननीयज्यूहरूले आम नेपाली युवाहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउने, हाम्रा युवाहरूलाई खोज, अध्ययन, अनुसन्धानतर्फ लगाउने यो आजको एउटा राष्ट्रिय आवश्यकता हो । हाम्रो सामु देखिएका यी चुनौतिहरू पनि हुन् । यिनै कुराहरूलाई आत्मसाथ गर्दै अहिले स्वभाविक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थपानसँगै यो राजनीनिक परिवर्तन सँगै हिजोको सामन्ति अवशेषका रूपमा रहेका कतिपय सामन्ति सँस्कृतिका अवशेषहरूलाई समेत अन्त्य गरेर नेपाली समाजलाई एउटा समतामुलक सामाजिक न्यायमा आधारित एउटा सम्मुनत समाज निर्माण गर्नु पर्ने, सबै खालको शोषण, विभेद अन्त्य गर्नु पर्ने यो दिशातर्फ पनि यो समाजलाई सामाजिक साँस्कृतिक रुपान्तरणको अभियानलाई पनि तीब्र गतिमा अगाडि बढाउनु पर्ने छ र त्यस दिशातर्फ सचेत परिवर्तनका सम्वाहक नेपाली युवाहरूलाई त्यस दिशातर्फ परिचालित गर्नु पर्ने आजको आवश्यकता छ ।

यसलाई नै परिलक्षित गर्दै अहिले प्रस्तावित बजेट कार्यक्रममा समाजिक जागरण, रुपान्तरण र समृद्धिका लागि युवा अभियान भन्ने कार्यक्रम अगाडि सारिएको छ । त्यसको विस्तृत बजेट कार्यक्रममा नै सबै कुरा सविस्तार भएका हुनाले अहिले मैले चर्चा गरेर मैले समय लिन चाहिनँ । फेरि पनि माननीयज्यूहरूको जुन चिन्ता राख्नु भएको छ, अहिले कोरोना सङ्क्रमणका कारण जो विदेशबाट फर्किएका हाम्रा युवाहरूलाई कसरी हामीले रोजगारीको सिर्जना गर्न सक्छौँ भन्ने सन्दर्भ पनि माननीयज्यूहरूको छ । स्वभाविक रूपमा यी विषयहरू एउटा, अहम् सरोकारका विषय, क्रस कटिङ्ग इस्यू युवाहरूका विषय भनेका क्रस कटिङ्ग इस्यू भएका हिसाबले पनि यो विभिन्न मन्त्रालय अन्तर्गत पनि युवाहरूका यी विषयहरूलाई सम्बोधन गर्ने हिसाबले बजेट कार्यक्रम आएकै छन् र अरु अन्तरसम्बन्धित मन्त्रालयहरूबाट पनि यी कुराहरू सम्बन्धित हुने त्यो आशा अपेक्षा हामीले गरेका छौँ भने विशेषगरि युवा तथा खेलकुद मन्त्रालयको सन्दर्भमा नेपाल स्काउटको तर्फबाट, त्यसैगरि राष्ट्रिय युवा परिषद्को तर्फबाट र युवा तथा साना व्यवसायिक तथा युवा स्वरोजगार कोष मार्फत् विशेषगरि युवा स्वरोजगार कोष मार्फत् विदेशबाट फर्किएका युवाहरूलाई बिनाधितो सहुलियत दरमा कर्जा लगानी गरी युवाहरूलाई स्वरोजगार बनाउने त्यो कार्यक्रम पनि रहेको व्यहोरा म माननीयज्यूहरूलाई राख्न चाहन्छु र यस हिसाबले युवा परिचालन गर्ने दिशातर्फ स्वभाविकले एउटा अभियान नै परिचालन गर्ने हिसाबले नै प्रस्तावित बजेट कार्यक्रम आएको छ ।

यसैगरि माननीयज्यूले जो खेलाडीहरूले समयमै पुरुस्कार पाउने कुरामा ढिलाइ भयो भन्ने जुन एउटा गुनासो राख्नु भएको छ, जिज्ञासा राख्नु भएको छ, यो तेह्रौं साग गेम सम्पन्न भइसकेपछि हाम्रो खेलाडीहरूलाई एउटा उत्साहजनक ढङ्गले पुरस्कृत गरौँ । खेलाडीहरूले जो खेल क्षेत्रको माध्यमद्वारा देशको शान, मान, इज्जत, प्रतिष्ठा र गरिमालाई माथि उठाउनका लागि नेपालको खेलकुद क्षेत्रले निर्माण गरेको गौरवशाली इतिहासलाई अझै चम्काउने हिसाबले तेह्रौं सागमा नेपाली खेलाडीले जुन योगदान गरे, जुन सफलता प्राप्त गरे, स्वभाविक त्यही खेलाडीहरूलाई उनीहरूको योगदानको कदर गर्नु, उनीहरूलाई सम्मान गर्नु, प्रोत्साहित गर्नु राज्यको दायित्व थियो, कर्तव्य थियो । त्यो कर्तव्यलाई, त्यो दायित्वलाई हेरेर नै सरकारले एउटा उत्साहजनक ढङ्गबाट हाम्रा स्वर्ण पदक विजेता खेलाडी र रजत पदक विजेता खेलाडी, त्यस्तैगरि कास्य पदक विजेता खेलाडीहरूलाई एउटा आकर्षक पुरस्कारको घोषणा पनि सरकारले गरेको अवस्था थियो । त्यसैगरि हाम्रा प्रशिक्षकहरू र हाम्रो खेल संघलाई पनि पुरस्कृत गर्ने हिसाबले जुन सरकारको तर्फबाट सम्मानीय प्रधानमन्त्रीज्यूले जुन आकर्षक पुरस्कार घोषणा गरेको अवस्था थियो, त्यसलाई हामीले कार्यान्वयन गर्नका लागि भइरहेको जो हाम्रो खेलाडीहरूलाई पुरस्कार र सम्मान गर्ने जुन कार्यविधि थियो, त्यो कार्यविधिलाई संशोधन गरेर सरकारको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूले घोषणा गरे अनुरूप कार्यविधि संशोधन गरेर जो क्याविनेटबाट नै त्यसलाई संशोधन गरेर अगाडि बढ्नु पर्ने एउटा परिस्थिति एकातर्फ थियो भने अर्कोतर्फ खेल क्षेत्रमा विगतदेखि नै विशेषगरि सुशासनका पार्टबाट आर्थिक सुशासनका हिसाबले पनि विगतमा जुन हिसाबले टिकाटिप्पणीहरू खेल क्षेत्रमा थिए, त्यसलाई समुल अन्त्य गर्ने हिसााले पनि

खेल क्षेत्रमा एउटा सुशासन कायम गर्ने हिसाबले धेरै प्रयासहरू, धेरै सुधार भएको कुरा माननीयज्यूहरूलाई अवगत नै छ । त्यसलाई समेत मध्येनजर गर्दै जो विगतमा पेस्की लिएर पेस्की फछ्र्यौट नभएका, बाँकी रहेका खेलाडी प्रशिक्षक र खेल संघहरूको पेस्की फछ्र्यौट नभएसम्म हामीले त्यो पुरस्कारको रकम उपलब्ध गराउन नसकिरहेको, त्यो कार्यविधिमा व्यवस्था रहेको थियो । त्यो सुशासनका हिसाबले त्यो जरुरी थियो । त्यस हिसाबले कार्यविधि बनेको थियो । त्यो हिसाबले यो पेस्की फछ्र्यौट गर्ने लगायतका केही तयारी प्रक्रियाहरू पूरा गर्नु पर्ने भएका हिसाबले मात्रै केही समय ढिलाइ हुन गएको अवस्था थियो । तथापि यो कोरोना सङ्क्रमणको लकडाउनको परिस्थितिमा पनि जुन छिटाभन्दा छिटो खेलाडीहरूलाई पुरस्कारको रकम दिनु पर्ने जुन अभिभारा थियो, त्यसलाई लकडाउनको परिस्थितिमा पनि तीव्रताका साथ खेलाडीहरूलाई पुरस्कार दिने काम, हाम्रा प्रशिक्षकहरूलाई पुरस्कार दिने काम सम्पन्न भइसकेको व्यहोरा पनि म माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु र जुन हिसाबले माननीयज्यूहरूले जुन सुझावहरू, जुन महत्वपूर्ण जुन सरोकारहरू राख्नु भएको छ, भोलिका दिनहरूमा यसलाई गम्भीरतापूर्वक आत्मसात गर्दै मितव्ययिताको सन्दर्भ पनि माननीयज्यूहरूले उठाउनु भएको छ, बजेट कार्यान्वयन गर्ने सन्दर्भमा पनि मितव्ययितालाई अत्यन्तै ध्यानमा राखेर नै काम गरिने छ । यो विश्वास पनि माननीयज्यूहरूलाई आश्वस्त तुल्याउँदै, विश्वास दिलाउँदै म खर्च कटौतीको प्रस्ताव गर्नुहुने माननीयज्यूहरूलाई आफ्नो खर्च कटौतीको प्रस्ताव फिर्ता लिइदिनु हुन अनुरोध गर्छु । त्यसैगरि सबै माननीयज्यूहरूलाई यो प्रस्तावित कार्यक्रम र बजेट पारित गरिदिनु हुन समेत म विनम्रतापूर्वक हार्दिक अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार विश्वकर्माले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । युवा तथा नवप्रवर्द्धन केन्द्र स्थापना गर्ने उल्लेख गरिएको छ । यस्तै युवा परिचालनको कुरा पनि छ । यस्ता केन्द्रहरू को, कसले, कसलाई सञ्चालन गर्छन् भन्ने कुराहरू स्पष्ट छैन । कतै यो नेकपाका आफ्नै कार्यकताहरू भर्ती गर्ने केन्द्र त होइन भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरि आर्थिक सुशासनका कुराहरू आए खेलाडीलाई नाइ मन्त्रीहरूले पोषाक लिने यही हो आर्थिक सुशासन ? भनेर प्रश्न गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः**- माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म आफै स्वयम् पूर्व अन्तर्राष्ट्रिय स्तरको खेलाडी हुँ । र आज त्यो क्षेत्रमा मेरो भविष्य सुनिश्चित छैन भनेर त्यो क्षेत्र छोडेर यतातिर यहाँ राष्ट्रिय सभामा आइपुगेको छु । र मान्छेलाई आकर्षण गर्न सक्ने त्यो क्षेत्रमा खेलकुदमा सहभागी हुन सक्ने र त्यहाँ मेरो भविष्य सुनिश्चित छ भन्ने खालको कुनै त्यस्तो आकर्षण खालको कार्यक्रमहरू कुनै आएको देखिँदैन । सरकारले त्यसरी युवाहरूलाई मेरो भविष्य सुनिश्चित छ भनेर त्यहाँ आकर्षण गरिने खालको देखिँदैन त्यसकारण यो विषयमा मन्त्रीज्यूले स्पष्ट गर्नको लागि प्रश्न गर्न चाहन्छु धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई जिज्ञासा । खेलाडीहरूले आफ्नो सुख-दुःखले २०९ वटा साग पदकहरू जिते खेलाडी केन्द्रित नै कार्यक्रम भएन उनीहरूलाई सुविधा हुने कुराले भनेर आएको छ, यसमा स्पष्ट हुन चाहन्छु । अब यो कोरोनामा युवा केन्द्रित कार्यक्रम सरकारसँग के छ ? युवा, कृषि, खेलकुददेखि लिएर सेना प्रहरीदेखि लिएर यो उद्योगधन्दा, विश्वविद्यालय जहाँसुकै युवा नै युवा अहिले सांसदमा पनि युवैयुवा र सरकारमा पनि युवा तर यो युवा केन्द्रित कार्यक्रम के छ ? भन्ने कुरा एउटा र अर्को कोइसन साग पछाडि पारा साग हुन्छ कि हुँदैन ? धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार (विश्वकर्मा) लाई समय उपलब्ध गराउँदछु ।

**माननीय युवा तथा खेलकुद मन्त्री श्री जगत बहादुर सुनार (विश्वकर्मा)**:- सम्माननीय अध्यक्ष महोदय, पूरक प्रश्नमा सहभागी हुने सबै माननीयज्यूहरूलाई म फेरि पनि धेरै नै धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु । जहाँसम्म माननीयज्यूहरूले प्रश्न राख्नु भएको छ नवप्रबर्द्धन केन्द्र स्थापनाका सन्दर्भमा यो नवप्रबर्द्धन केन्द्र स्थापना हामीले सात

वटै प्रदेशमा क्रमशः स्थापना गर्ने लक्ष्यका साथ यो एउटा नयाँ कार्यक्रम अगाडि सारिएको अवस्था हो । यसले प्रदेश नं. १ बाट यसलाई हामी सुरु गर्न खोज्दैछौँ अब जहाँसम्म यो एउटा नयाँ कार्यक्रम भर्खरै आएको छ । त्यसको हामी सुरुवातीको चरणमा छौँ अब त्यो कार्यक्रम कार्यान्वयनमा नजाँदै अहिले नै अरु ढङ्गको आशङ्का गर्नु भनेको यो अलि नकारात्मक हुन्छ कि यस दिशातर्फ पनि हामी सबैले सोच्नु पर्छ होला । एउटा सकारात्मक दृष्टिकोण र सोचका साथ नै हामी अगाडि बढ्नु बेश हुन्छ होला जस्तो लाग्छ । अब जहाँसम्म पोषाकको कुरा छ माननीयज्यूलाई कताबाट के यो सूचना माननीयज्यूले प्राप्त गर्नु भयो कुनै मन्त्री वा मन्त्रीका पदाधिकारीहरूलाई पोशाक उपलब्ध गराइएको अवस्था होइन, छैन । त्यसकारण यो भ्रममा नरहनका लागि पनि म माननीयज्यूहरूलाई स्पष्ट गर्न चाहन्छु । अब जहाँसम्म खेलाडीहरूलाई एउटा आफ्नो खेल जीवनको एउटा भविष्यको सुरक्षाको जुन प्रश्न छ यो अत्यन्त अहम् र गम्भीर प्रश्न हो, यो आवश्यक कुरा हो । यो धेरै महत्वपूर्ण प्रश्न माननीयज्यूले राख्नु भएको छ । म धेरै धन्यवाद पनि व्यक्त गर्न पनि चाहन्छु । यो कुरालाई हृदयङ्गम गर्दै वर्तमान सरकार गठन भएसँगै हामीले ओलम्पिकमा सहभागी ओलम्पियन नेपाली खेलाडीलाई उहाँले पुऱ्याउनु भएको खेल क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै ती खेलाडीहरूलाई सम्मान गर्नका लागि खेल क्षेत्रको सम्मानका खातिर मासिक ३ हजारका दरले नेपाली ओलम्पियनहरूलाई सम्मान भत्ता दिने व्यवस्थाको सुरुवात गऱ्यौँ जो आर्थिक वर्ष २०७४/७५ मा र २०७५/७६ मा त्यो सम्मान भत्तालाई एक हजार वृद्धि गरेर मासिक ४ हजारका दरले त्यो व्यवस्था गरेर हाम्रा खेलाडीहरूले प्राप्त गरिरहनु भएको छ ।

अर्कोतर्फ जो अन्तर्राष्ट्रिय औपचारिक प्रतियोगिताहरूमा स्वर्ण पदक विजेता खेलाडीहरूलाई सुरुवातमा मासिक ५ हजारका दरले सम्मान भत्ता दिने व्यवस्था गऱ्यौँ । दोस्रो आर्थिक वर्षमा आइपुग्दा १ हजार बढाएर ६ हजार मासिक दिने व्यवस्था गऱ्यौँ भने अहिले आगामी आर्थिक वर्षका लागि पनि त्यसलाई निरन्तरता गरिएको छ र सँगसँगै म के पनि अनुरोध गर्न चाहन्छु भने १३ औँ सागमा हाम्रा स्वर्ण पदक विजेता खेलाडीहरूलाई समेत यो आगामी आर्थिक वर्षको सुरुवात साउन महिनादेखि नै लागू हुने गरी हाम्रा स्वर्ण पदक विजेताका खेलाडीहरूले मासिक ६ हजारका दरले सम्मान भत्ता पाउँदै हुनुहुन्छ । त्यो व्यवस्था अहिलेको प्रस्तावित कार्यक्रम बजेटले गरको व्यहोरा पनि म माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । स्वभाविक रूपमा यसका अलवा हाम्रा खेलाडीहरूलाई उचित तालिम प्रशिक्षणको प्रबन्ध गर्नु पर्ने कुराहरूदेखि लिएर त्यसलाई व्यवस्था गर्ने दिशातर्फ पनि बजेटले सम्बोधन गरेको छ । सँगसँगै खेल्दा हुने सम्भावित दुर्घटनालाई हेरेर खेलाडीहरूको दुर्घटना बीमा गर्ने कुरा खेलाडीहरूको स्वास्थ्य बीमा र सुरक्षा बीमा लागि समेत व्यवस्था गरिएको छ । यो वर्तमान नेपाल कम्युनिष्ट पार्टी, नेकपाको सरकार गठन भएदेखि नै खेल क्षेत्रमा देखिएका यी नगरी नहुने खेलाडीहरूसँग सम्बन्धित यी गम्भीर विषयहरूलाई सरकारले आत्मसात गरेर नै त्यो स्रोत साधनले भ्याएसम्म यी सबै विषयहरूलाई व्यवस्थित गर्दै अगाडि बढाइएको कुरा पनि म माननीयज्यूलाई राख्न चाहन्छु ।

अब जहाँसम्म माननीयज्यूहरूले ठीकै राख्नु भएको छ हाम्रो १३ औँ सागमा जसरी नेपालले जुन सफलता हासिल गऱ्यो स्वभाविक यो सफलताको श्रेय भनेको हाम्रा खेलाडीहरूलाई जान्छ । खेलाडीहरूले अथक मेहनतकासाथ एउटा साहसका साथ धेरै प्रतिकूलताका बाबजुद पनि नेपाली खेलाडीहरूले नेपाल राष्ट्रको लागि र सिङ्गो हामी नेपालीहरूका शीरलाई उचो पार्ने गरी खेल क्षेत्रमा एउटा नयाँ कीर्तीमान कायम गर्ने गरी जुन सफलता नेपाली खेलाडीहरूले प्राप्त गरे नेपालको खेल क्षेत्रले जुन एउटा नयाँ इतिहास रच्न सफल भयो यो हामी सबैको लागि खुसी र गर्वको पनि कुरा छ । सँगसँगै खेलाडीहरूको त्यो मेहनतसँगै खेलाडीहरूले गरेको त्यो योगदानसँगै स्वभाविक सरकारको तर्फबाट पनि मन्त्रालयको राष्ट्रिय खेलकुद परिषद्को तर्फबाट पनि म माननीयज्यूलाई जानकारी गराऊँ झण्डै पौने २ वर्ष जो हामी ०७५ सालको भदौमा १८ औं एसियन गेम इण्डोनेसियामा हुँदै थियो । १८ औं इण्डोनेसियामा भएको त्यो एसियन गेमको तयारीलाई समेत हामीले १३ औं सागसँग जोडेर त्यसलाई एउटा रणनीतिक तयारीको रूपमा १३ औं साग रणनीतिक तयारीको रूपमा नै जोडेर हाम्रा खेलाडीहरूलाई निरन्तर रूपमा हामीले क्लोज क्याम्पमा राखेर उपयुक्त तालिम प्रशिक्षाण दिने । हाम्रा खेलाडीहरूलाई बैदेशिक ट्रेनिङ्को लागि विदेश पठाउने जो इतिहासमा नै पहिलो पटक खेलाडीहरूलाई सुरुवातमा हामीले दिनको १४ सयका हिसाबले हामीले दैनिक भत्ताको व्यवस्था गऱ्यौं । पछाडि त्यसलाई बढाएर दैनिक २२ सय, अनि त्यसलाई बढाएर २५ सय, बढाएर २७५० सम्म दैनिक भत्ता हाम्रा खेलाडीहरूलाई त्यो प्रबन्ध गरेर खेलाडीहरूलाई पर्याप्त एउटा त नभनौं तर पनि एउटा आधारभूत न्यूनतम चाहिने त्यो खालको एउटा सेवा सुविधा र सहुलियत त्यो वातावरण निर्माण गरेर जुन हिसाबको प्रयास भयो । झण्डै डेढ वर्ष, पौने २ वर्षसम्मको लगातारको हाम्रो तयारी र प्रयासको प्रतिफल नेपाली खेलाडीहरूले जुन सफलता प्राप्त गरे यो हामी सबैका लागि खुसी र गौरवको कुरा छ । जहाँसम्म पारा साग गर्ने सन्दर्भमा यो स्वभाविक रूपमा यो दक्षिण एसियाली ओलम्पिक कामिटिको समेत योजनाभित्र कुन देशमा, कति बेला, कस्ता किसिमका प्रतियोगिताहरू गर्ने भन्ने कुरा त्यता पनि सम्बन्धित विषय भएका हिसाबले अहिले स्वभाविक रूपमा साग गेमको योजना साउथ एसियन ओलम्पिक कमिटिले पनि गरिसकेको अवस्था छैन । स्वभाविक रूपमा भोलिका दिनमा पारासाग नेपालमा आयोजना गर्ने दिशातर्फ पनि हामीले सकारात्मक भएर यो विषयलाई पनि सोच्नु पर्ने त्यो हाम्रो आवश्यकताकै कुरा हो । माननीयज्यूले यसमा ध्यान आकर्षण गर्नु भएको छ, माननीयज्यूलाई धेरै धन्यवाद व्यक्त गर्दै मेरा आफ्ना जिज्ञासाका माननीयज्यूका जिज्ञासाहरूप्रतिका मेरा कुरा यहीँ टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडालाई अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँदछु ।

**माननीय अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाः-** सम्माननीय अध्यक्ष महोदय, म अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयकमा उठेका जिज्ञासा प्रश्नहरूलाई स्पष्ट गर्न उभिएको छु । अर्थमन्त्रालयको सन्दर्भमा ३/४ वटा विषयहरू उठेका छन् । एउटा त खर्च कटौतीको प्रस्ताव नै रह्यो । अरु खर्च आयोगको प्रतिवेदनको कार्यान्वयनको विषय, दलितका विषय र समस्याहरू कार्यक्रमहरू बजेटमा समावेश भएको तर मन्त्रालयगत कार्यक्रममा नपरेको भनेर INGO, NGO को कुराहरू उठेका छन् । संघीयता कार्यान्वयनको प्रसङ्ग पनि उठेको छ । खर्च कटौती अध्यक्ष महोदय, माननीय सदस्यज्यूले खर्च कटौतीमा यो २५ अर्ब बजेटको सन्दर्भमा कुरा गर्नु भएको त्यसमा १७ अर्ब रुपैयाँ यो कोरोनाको सङ्क्रमण व्यवस्थापन गर्नेमा राहत पुनर्उत्थानसँग सम्बन्धित पैसा हो त्यो । त्यो १७ अर्ब रुपैयाँको धेरै ठुलो अंश व्याज अनुदानमा जान्छ, बीमा अनुदानमा जान्छ त्यसैगरि कामका लागि खाद्यान्न कार्यक्रमहरूमा जान्छ र सरकारको सम्पूर्ण कोरोनापछिको राहत पुनर्उत्थान र रोजगारीका कतिपय कार्यक्रम समेतका कामका लागि खाद्यान्न कार्यक्रम समेतको बजेट त्यो १७ अर्बभित्र छ । त्यो १७ अर्ब झिकिदिने हो भने अघिल्लो चालु वर्षकै जतिको आगामी वर्षको बजेट लगभग हुन्छ । मलाई लाग्छ माननीय सदस्यज्यूले त्यो खर्च कटौती गरौं भन्नु हुन्न होला किन भने यो विशेष परिस्थितिको बजेट हो । सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन क्रमशः कार्यान्वयनमा लैजाने हो, क्रमशः कार्यान्वयन भइराखेको छ । एकैचोटि एकैदिन त्यो कार्यान्वयन हुने स्थिति रहँदैन । कतिपय मितव्ययिताका कुराहरु, संस्थागत पुनर्संरचनाका कुराहरु हुँदैछन् र कति कुराहरू समय क्रममा गर्दै जाने कुरो छ । खासगरि आइएनजिओ, एनजिओको रकम कहाँ जान्छ भन्ने कुरा छ । त्यसको विवरण छुट्टै प्रकाशित हुन्छ । सरकारको बजेटमा आउने कुराहरू मात्रै यहाँ उल्लेख हुन्छन् । त्योभन्दा बाहिरको विवरणहरू छुट्टै प्रकाशित गर्ने चलन छ ।

बजेटमा दलितहरूको कार्यक्रम परेनन् भनेर माननीय एक जना माननीय सदस्यले उठाउनुभएको छ । म ४/५ वटा उदाहरणहरू दिन चाहन्छु । यद्यपि धेरै कुराहरू छन । जनता आवास कार्यक्रम मुलतः दलित लक्षित कार्यक्रम हो । त्यो प्रदेशमा कार्यान्वयन हुन्छ । दलितहरू असुरक्षित आवासमा छन् । त्यसैले सुरक्षित आवास कार्यक्रमको ठुलो हिस्सा पनि दलितहरूमै जान्छ । स्वरोजगार कर्जा कार्यक्रममा दलितहरू त्यसबाट लाभान्वित हुने गरी व्यवस्था गरिएको छ । सीप विकासका कार्यक्रमहरूमा दलित छन् । सुकुम्बासी आयोग मार्फत् जमिन वितरण गर्ने कुरा मभन्दा अगाडि मन्त्रीज्यूले बोली नै सक्नुभएको छ । दलित विद्यार्थीको छात्रवृत्तिमा नै रकम छ । १५ करोडभन्दा बढी रकम त्यहीं छ । त्यसैगरि दलितका बच्चाहरू समेतलाई लक्षित गरेर बाल संरक्षण जसलाई बाल पोषण अनुदान पनि भन्छौं १ अर्ब ७४ करोड रुपैयाँ त्यहाँ पनि छ र दलितका लागि ६० वर्ष उमेरभन्दा माथिको सामाजिक सुरक्षा भत्ताको निरन्तरता छ त्यसैमा मात्र ७ अर्ब बढी पैसा खर्च गर्छौं । त्यसपछि राष्ट्रपति महिला उत्थान कार्यक्रमभित्र २/३ वटा कार्यक्रमहरू छन् । जीविकोपार्जनको लागि कार्यक्रम, महिला उद्यमशीलता कार्यक्रम, स्थानीय तहमा

उद्यमशीलता सहजीकरण केन्द्र मार्फत् हुने कार्यक्रमहरू समेत धेरै जसो दलित महिला लक्षित हुन्छन् । त्यसो हुनाले बजेटले त्यो कुराहरू बजेटमा अङ्कहरू छन्, अक्षरहरू पनि छन् मैले स्पष्ट गर्न चाहेँ ।

अब यो संघीयताको बारेमा एउटा सन्दर्भमा म केही स्पष्ट गर्न चाहन्छु । चालु वर्ष जुन अहिले असार मसान्तमा सम्पन्न हुँदैछ । त्यसमा सम्पूर्ण संघको बजेटको ३०.२ प्रतिशत प्रदेश र स्थानीय तहमा थियो । आगामी आर्थिक वर्षमा ३२.९ प्रतिशत जाँदैछ । यद्यपि संघको सरकारको बजेट घटेको छ तर हामीले चाहिँ प्रदेश र स्थानीय तहमा स्रोतको अभाव हुन दिनु हुँदैन भनेर त्यहाँ समग्रमा बजेट कम हुन नदिएको स्थिति मैले यसअघि नै बजेट छलफलमा भनिसकेको छु । त्यसैले संघीयता कार्यान्वयन गर्नमा बजेट चाहिँ सही बाटोमा अगाडि बढेको छ । अर्थ मन्त्रालय मातहतको मूल कुराहरू यिनै मैले स्पष्ट गर्न चाहेँ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत २/३ वटा विषयहरू उठेका थिए सम्माननीय अध्यक्ष महोदय ।

एउटा नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकृत रूपमा सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा विकास गर्ने कुरा हो । त्यससम्बन्धी विधेयक जसलाई हामीले सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक भन्ने छ । त्यो विधेयक मन्त्रिपरिषद्ले पास गरेर संसदमा पास गरिसकेको छ र संसदमा चाँडै नै यो टेवल हुने स्थितिमा छ । त्यसैले त्यसलाई एउटा स्वायत्तको रूपमा अगाडि बढाउने छ । देशभरि फोरजी सेवा दुरसञ्चारको लागि फोरजी सेवा अघि बढाउने भनेको छ । आगामी आर्थिक वर्षमा मुलुकभरि नै फोरजीको सेवा पुग्ने गरी काम गर्दैछौँ र त्यसमा खास गरी कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश लगायतका कतिपय जिल्लाहरू दार्चुलादेखि मुगु, डोल्पा या नजिकै गोर्खासम्म पनि जहाँ-जहाँ दुरसञ्चार सेवा कमजोर छ त्यहाँ विस्तार गर्ने गरी सर्वेक्षण गरेर टावर निर्माण हुँदैछन् । अहिले अलिकति लकडाउनको कारणले केही टावर निर्माणहरू अलिकति ढिला भएको छ केही मर्मत पनि गर्नु पर्ने छ । त्यो काम भएपछि फोरजी सेवा मुलुकभर चल्ने र २ वर्षभित्रमा सबै मुलुकका सबै ठाउँमा इन्टरनेट सेवा पुग्ने गरी सरकारले काम अघि बढाउँदैछ । डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनको क्रममा पनि यो आवश्यक छ किन भने हामी ई-गभर्मेण्टको कुरा गरिराखेका छौँ । ई-कमर्शको कुरा गरिराखेका छौँ, ई-बिजनेसको कुरा गरिराखेका छौँ यी सबै कुरा गर्दा र अहिले कोरोनाले ल्याएको अवसर भनेको पनि डिजिटल इकोनमी नै हो । त्यसो हुनाले त्यसतर्फ काम भइराखेको कुरा म माननीय सदस्यज्यूहरूलाई स्पष्ट गर्न चाहन्छु ।

त्यसपछि एउटा विषय उठेको छ दुर सञ्चार कोषको रकम सरकारले प्रयोग गर्‍यो भनेर ग्रामीण दुरसञ्चार कोषको रकम सरकारले राजस्वमा ल्याएको छैन । तर राजस्व खासगरि रोयल्टीका प्रकृतिका कतिपय करहरू जो चाहिँ दुरसञ्चार प्राधिकरणले उठाउने हो र खर्च पनि नहुने हो र मुद्दती निक्षेपमा गएर बसिरहने रकम हो । त्यस्तो रकमलाई सरकारले विकास कार्यमा प्रयोग गर्न ल्याएको छ र त्यो पनि दुरसञ्चार प्राधिकरणको आफ्नो विकासका कार्यक्रमलाई चाहिने दायित्व र त्यसको थप ५० प्रतिशत रकम दिएर

त्यसमाथि दुरसञ्चार प्राधिकरणलाई काम गर्न आवश्यक पर्‍यो भने थप निकासा अर्थ मन्त्रालयले दिने गरी त्यो सर्तमा स्रोत केही अहिले हामीले अलिकति राजस्व पनि कम उठेको अवस्थामा परिचालन गर्न खोजेको हो । यसबाट दुरसञ्चार सेवा पूर्वाधार विकासमा कुनै अवरोध हुँदैन र अहिले ग्रामीण दुरसञ्चार कोषकै माध्यमबाट सम्पूर्ण यो सेवाहरू विस्तार गर्ने काम भइराखेको र त्यहाँ पर्याप्त बजेट भएको कुरा पनि म स्पष्ट गर्न चाहन्छु ।

अब खर्च कटौतीको सन्दर्भमा पनि यो सञ्चार तथा सूचना प्रविधिको सन्दर्भमा केही कुरा उठेको छ अनिवार्य दायित्वको कुरा, पानी बिजुलीको खर्च कटाउने भन्ने विषयमा पनि त्यहाँ उठेको छ । त्यसैगरि अलिकति कुनै शीर्षकमा मसलन्दहरू जस्तो शीर्षकमा कार्यालय सञ्चालन खर्चमा अलिकति कम भएर रकमान्तर गर्नु परेको कारणले आगामी वर्षमा रकमान्तर गर्नुभन्दा अनिवार्य दायित्वहरू स्वतः बजेटबाट व्यवस्थित होस् भनेर गर्न खोजिएको विषय मात्रै छ । एउटा राष्ट्रिय सूचना प्रविधि केन्द्रको लागि केही रकमहरू हामीले छुट्याएका छौं । मैले अघि भनिहालें धेरै काम गर्नु छ, ई-गभर्मेण्टको सन्दर्भमा गभर्मेण्ट क्लाउड विकास गर्नु छ, हामीलाई डेटा सेन्टर विकास गर्नु छ, डेटा रिकभरी सेन्टरको काम गर्नु छ धेरै थप काम गर्नु पर्नेछ डिजिटल टेक्नोलोजी र खासगरि डिजिटल फ्रेमवर्कको कार्यान्वयन गर्नको लागि त्यसो भएको हुनाले त्यहाँ केही बजेट थप राखिएको छ । त्यसैले त्यसमा खर्च कटौती गर्नु पर्ने आवश्यकता मैले देखेको छैन । त्यसो भएको हुनाले माननीय सदस्यज्यूहरूलाई दुई वटै खर्च कटौतीको प्रस्ताव फिर्ता लिइदिनु हुन पनि विनम्र अनुरोध गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, माननीय अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरणमाग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदछु ।

विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरू मात्र स्पष्टीकरणमाग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँदछु । स्पष्टीकरणमाग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो वर्तमान आर्थिक सङ्कटको सन्दर्भमा डा. डिल्ली खनाल आयोगले दिएको प्रतिवेदन यो सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन मलाई अत्यन्त उपयोगी, देशको लागि अत्यन्त उपयोगी र सान्दर्भिक लाग्छ । यसको लेटर एण्ड स्परिटमा लागू गर्नको निमित्त

माननीय अर्थमन्त्रीजीको मन्त्रलाय र नेपाल सरकारको के स्टाटेजी छ ? यसप्रति कत्तिको प्रतिवद्ध छ ? नेपाल सरकार यो कुरामा म जिज्ञासा राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय रमेश जंग रायमाझी ।

**<u>माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सरकारको बारेमा गल्तीहरू कमिकमजोरीहरूलाई सञ्चारमाध्यमहरूले बाहिर ल्याए र जनताले थाहा पाए भनेर हो कि क्या हो यसपालि सरकारले सञ्चारमाध्यमलाई कुनै पनि राहतको कार्यक्रमहरू राखेको देखिँदैन । ठुला मिडियादेखि सानासम्मका यस क्षेत्रका काम गर्ने मान्छेहरूलाई र अर्को सार्वजनिक खर्चको पुनर्विचारको कुरालाई जसरी क्रमसँग लगिनेछ कति वर्षभित्रमा लगिन्छ वर्ष पनि तोकिदिए हुने थियो मन्त्रीज्यूलाई म आग्रह गर्न चाहन्छु । अर्थमन्त्रालयले अहिले बजेट छुट्याउँदाखेरि संघीय सांसदको सांसदहरू भनेर विभाजित गरेर कुनै सांसदलाई विकास खर्च क्षेत्र विकास पूर्वाधार भनेर स्थानीय पूर्वाधार भनेर ४ करोड रुपैयाँ दिने अरु सांसदलाई प्रतिनिधि सभाको र राष्ट्रिय सभाको कुनै सांसद भनेर मलाई त्यो बजेटको व्यवस्था नगर्नुमा मन्त्रीज्यूको किन यति पूर्वाग्रह हो प्रश्न राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय प्रकाश पन्थ ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई एउटा जिज्ञासा छ । सञ्चार मन्त्रालय प्रविधितिरकै हो यो । यो स्याटलाइट चाहिँ नेपालको लागि रहर हो कि आवश्यकता हो ? यसले के-के काम गरिरहेको छ त्यो एउटा जिज्ञासा । अर्को जिज्ञासा यहाँ रिपिट भइसकेको छ कोही सांसदहरूलाई ४/६/७ करोड दिएर झोला बोकाएर गाउँ-गाउँ पठाउने कोही टुलुटुलु हेरेर बस्ने यो अत्यन्त विभेद्पूर्ण भयो । अब यो बजेट फेल हुन्छ भनेर हो कि के डरले हो माननीयज्यूले यस्तो गर्नु भएको र हामीले यसलाई कोरोना केन्द्रित भएर कोरोनामा नै खर्च गरिने भनेर हामीले सपोर्ट गरिरहेकै थियौं स्पष्ट हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय अनिता देवकोटा ।

**<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>:-** सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म अर्थ मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । अहिले कोभिड-१९ को कारणले अर्थतन्त्र शिथिल छ यो बेला हामी सबैको चासो अर्थतिर केन्द्रित हुने नै भयो तर रासायनिक मल, बिउ बिजनलाई कर वृद्धि गर्ने, जङ्क फुडहरू, चक्लेटहरूमाथि कर घटाउने, विद्युतीय सवारी साधनमा कर घटाएर कर खपतलाई उत्पादनलाई प्रोत्साहित गर्नुको साटो विद्युतीय गाडीमा पनि कर वृद्धि भयो यो अलिकति विरोधाभाषपूर्ण भयो । अर्थमन्त्रीज्यूको किन ध्यान यतातिर पुग्न सकेन भन्ने कुरा मलाई लागेको छ । त्यस्तैगरि सरकारले अहिले यो बजेटमा डिजिटल प्रविधिको फड्को मारिरहेको बेला डिजिटल स्वतन्त्रता इन्टरनेट साक्षरता जस्ता बजेटमा पनि समावेश गर्नु पर्दथ्यो त्यो गरिराखेको छैन र अनलाईन पत्रिकाहरूलाई लोक कल्याणकारी विज्ञापन दिने भनेको छ ती सबै पत्रिकाहरूलाई हो कि सरकारको एकदम राम्रो-राम्रो कुरा गर्नेलाई मात्र हो ? त्यो पनि स्पष्ट गरिदिए राम्रो हुने थियो ।

**<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणको सम्बन्धमा स्पष्ट पार्न माननीय अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडालाई समय उपलब्ध गराउँदछु ।

**<u>माननीय अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडा</u>:-** सम्माननीय अध्यक्ष महोदय, खर्च आयोगको सम्बन्धमा स्पिरिटमा जाने हो । संविधान होइन लेटरहरूमा जान सकिँदैन राम्रा सुझावहरू कार्यान्वयन हुन्छन् । अव्यवहारिक सुझावहरूलाई हामीले परिमार्जन गरेर अघि बढाउनु पर्ने हुन्छ । त्यसो हुनाले अक्षरश: भन्ने चाहिँ यस्ता प्रतिवेदनहरू हुँदैनन् । सञ्चारमाध्यमलाई राहत भन्ने प्रसङ्ग उठेको छ मलाई के लाग्छ भने सञ्चारमाध्यम लगायत यस संस्थाहरूलाई यस चोटिको बजेटले सबैभन्दा धेरै सम्बोधन गरेको छ । खासगरि उहाँहरूलाई लाग्ने कारोबारको आधारमा लाग्ने शुल्क: घटाइएको छ ५० प्रतिशतले दर्ता नवीकरण गर्ने समय बढाइएको छ । सबै किसिमका बैङ्किङ्ग प्रणालीबाट लिएर यदि सञ्चारमाध्याम सञ्चार गृहहरू चलाउनु भएको छ भने जुन व्याजको स्किम अथवा ऋण पर सार्ने स्किमहरू ऋणलाई छ, सञ्चार क्षेत्रलाई पनि छ । कोरोनाको बीमा गर्ने कुराहरू सञ्चार क्षेत्रका पत्रकारहरूलाई पनि त्यो खुला छ, पत्रकार दुर्घटना बीमा छँदैछ धेरै कुराहरू सञ्चार क्षेत्रमा समेटिएको छ । मलाई लाग्छ पहिलेकोभन्दा अहिले खासगरि सामुदायिक र सार्वजनिक सञ्चारमाध्यमहरूलाई थप सुविधाहरू दिएको छ । यो चाहिँ राहतकै पाटो हो भन्ने मैले राख्न खोजे । यो स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको विषयमा कति चोटि बोलूँ मैले ? कुरा त्यही नै दोहोरिन्छ । त्यही नै खोल्ने कुरा हुन्छ सम्भवत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको छलफलमा पनि कुरा आउँला त्यो मन्त्रालयगत छ । त्यसो हुनाले यसमा पहिले म जे बोलेँ त्यही कुराहरू हुन् । अहिले सांसदलाई पैसा बाँडिएको छैन स्थानीय तहको पूर्वाधार विकास गर्नलाई संघीय सांसदहरूको पनि भूमिका रहोस् कुनै-कुनै आयोजना छनोटमा भनेर गरिएको हो त्यो ।

व्यक्ति वा निर्वाचित, समानुपातिक, राष्ट्रिय सभा भनिएर दिएको रकम होइन निर्वाचन क्षेत्रको लागि दिएको रकम हो । त्यसरी नै बुझिदिनु भयो भने यसको औचित्य स्वतः स्थापित हुन्छ र त्यो सबै निर्वाचन क्षेत्रले समानुपातिक ढङ्गले पाउने बजेटमध्ये एउटा त्यो पनि पर्छ । त्यसलाई पनि यसरी नै बुझिदिनु होला ।

यो कोभिडको बेला केको भाउ बढ्यो केको घट्यो यो सोधिरहनु भएको छ निरन्तर अब आर्थिक विधेयकमा के सोध्नु होला फेरि त्यही कुरा दोहोऱ्याउनु होला ? त्यो म आजै जवाफ दिऊँ कि आर्थिक विधेयकको दिन पर्खौं भन्ने म सोच्दैछु । आर्थिक विधेयकमा यस बारे यावत छलफल हुने छ माननीय सदस्यज्यूहरूको यसको जवाफ म त्यहीँ दिन दिने छु । यो अहिले मैले थाति राखेँ । अब डिजिटल टेक्नोलोजीको बारेमा मैले भनिहालेँ डिजिटल नेपाल नै कार्यान्वयन गर्ने कुरा गरिरहँदाखेरि यति धेरै कामहरू हामीले गर्नु पर्ने हुन्छ त्यसको लागि बजेटले अहिले हाम्रो स्रोतको सीमाको बावजुद पनि केही काम गर्न खोजिएको छ । स्याट्लाइटबारे यो हाम्रो धेरै समयपछि हामीले हाम्रो कति समय पछाडि हामीले पाएको अधिकार प्रयोग गर्न खोजेको कुरा हो । अहिले हाम्रा स्रोतहरू जमिनमा अथवा जङ्गलमा अथवा पानीमा मात्रै छैनन् हावामा पनि छन् हाम्रा स्रोतहरू मैले बारम्बार भनेको छु । हावामा भएका हाम्रा रिसोर्सहरूलाई प्रयोग गर्नु पऱ्यो कि परेन ? हामीले पाएको अधिकार प्रयोग गर्नु पऱ्यो कि परेन ? त्यो स्याटलाइट कुन विधिबाट ल्याउने हो ? कसरी ल्याउने यसमा बहस गर्न सकिन्छ तर नेपालको आफ्नै स्याटलाइट हुनु पर्छ भन्ने कुरामा कुनै विवाद होला जस्तो मलाई लाग्दैन । त्यसमा पनि मैले भनिसकेको छु यी सबै कुराहरू पारदर्शी र प्रतिस्पर्धी ढङ्गले अघि बढ्छन् र त्यसको लागि प्रारम्भिक काम मात्रै आगामी आर्थिक वर्षको बजेटमा हुन्छ । त्यसको लागि धेरै ठुलो स्रोत अहिले हामीले राख्न सकेका छैनौं । त्यसपछि यो अनलाइनको सन्दर्भमा त्यहाँ सामान्य ढङ्गले के भन्न खोजिएको हो भने विज्ञापन अब छापाको माध्यमबाट मात्र होइन विद्युतीय माध्यमबाट पनि दिन सकिन्छ है भन्ने कुरा त्यहाँ व्यवस्था गरिएको हो । दोस्रो कुरा विज्ञापन लोककल्याणकारी विज्ञापन दिने कुरा के हो भने अब विज्ञापन बोर्ड गठन भइसकेपछि विज्ञापन बोर्डले एउटा विधिसम्मत ढङ्गले विज्ञापनहरू दिन्छ कुनै व्यक्ति विशेषले यसलाई वा उसलाई भनेर पक्ष वा विपक्ष गरेर विज्ञापन दिने स्थिति हुँदैन त्यो विज्ञापन बोर्ड छिटै गठन हुन्छ र त्यसको आधारबाट लोककल्याणकारी विज्ञापनहरू कसलाई दिने कसलाई नदिने ? कुन विधिबाट दिने निश्चित मापदण्डको आधारबाट वस्तुवादी ढङ्गले, पारदर्शी ढङ्गले काम गर्छ त्यसो भएपछि यसमा कुनै विवाद आउने स्थिति नै रहँदैन । यति भनेर विनियोजन विधेयकमा अर्थ र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको सन्दर्भमा माननीय सदस्यज्यूहरूले उठाउनु भएको जिज्ञासाको सन्दर्भमा मैले यहीँ रेस्पोन्स गरेँ । अब खर्च कटौतीको प्रस्ताव फिर्ता होला भन्ने आशा पनि गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवलाई श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँदछु ।

**माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री रामेश्वर राय यादवः-** सम्माननीय अध्यक्ष महोदय, यो श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धी विनियोजन ०७७/७८ को वार्षिक बजेट तथा कार्यान्वयनको सन्दर्भमा सदस्यज्यूहरूले राखेको जिज्ञासा, प्रश्न र सुझावहरूको सिलसिलामा आज म यहाँ उपस्थित भएको छु । माननीय सदस्यहरूको् मार्गदर्शन जिज्ञासा र प्रश्नको सन्दर्भमा केही कुरा मैले यहाँ राख्ने जमर्को गर्नेछु सम्माननीय अध्यक्ष महोदय । सम्माननीय अध्यक्षज्यू म यहाँ म अस्ति उपस्थित भएको बेलामा माननीय सदस्यज्यूहरूले धेरै जसो प्रश्न उठाउनु भएको छैन । थोरै जिज्ञासाहरू छ । यो आर्थिक वर्ष २०७७/७८ को बजेट रकमको सिलसिलामा हाम्रो मन्त्रालयको कूल रकम १४ अर्ब २० करोड ७४ लाख बजेट विनियोजन भएर आएको छ । त्यसमा ८ अरब ३९ करोड ४० लाख जति संघीयताबाट र ५ अरब २० करोड २४ हजार स्थानीयतहबाट सञ्चालन हुने गरी विनियोजन गरिएको छ । र प्रदेशतहबाट ७ करोड ५० लाख रकम विनियोजन गरिएको छ माननीय अध्यक्ष महोदय । यो अस्तिको प्रश्नको सिलसिलामा, खासगरि माननीय सदस्यहरूले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई लक्षित गरेर अहिले जिज्ञासा झाँड उखल्ने बाँदर धपाउनेको रूपमा यो आएको छ । यो आएको भन्ने किसिमको कुराहरू उठाइएको थियो सम्माननीय अध्यक्ष महोदय । यो बुझाईको फरक हो निश्चित रूपमा यो प्रधान मन्त्री रोजगार कार्यक्रम बडो संवेदनशील र गम्भीर विषय रहेको छ । यो ७५३ वटै स्थानीय निकायमा हामीहरूले बजेट विनियोजन गरेका छौँ ।

अब यो त्यो समेतहरूलाई यो प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विपन्न वेरोजगारहरूलाई हामी १०० दिनको रोजगार जुन हामी यहाँ व्यवस्था गरेका छौँ । सुरुसुरुमा यो प्रधानमन्त्री रोजगार कार्यक्रम जाँदाखेरि त्यो कार्यक्रमहरूको विनियोजन नभएको अवस्थामा कहाँ लगाउने के लगाउने केही निर्धारण नभएको अवस्थाको त्यो पहिलो वर्षको मिडियामा धेरै कुराहरू आए । त्यो बाँदर धपाउने जस्ता कुराहरू त्यतिखेरको हो अहिले हामी स्थानीय निकायबाटै विनियोजन भएको कुराहरू अहिले हामीकहाँ आएको छ । अब हामी ७५३ वटै पठाउँदाखेरि हामीले प्रत्येक स्थानीय निकायलाई त्यो विनियोजनको भरमा उनीहरूले दिएको कार्ययोजनाको आधारमा मात्रै यो पैसाको आधारमा सदुपयोग हुनु श्रमिकहरूले रोजगार पाउने जस्तो कुराहरू हामीले अहिले व्यवस्था गरेका छौँ । अब हामी यो प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जुन अहिले दामासाही रूपमा ६३ लाखको गाउँपालिका र नगरपालिकहरूमा पठाएका छौँ । ६३ देखि ६५ लाखसम्म त्यसमा अब एउटा नयाँ किसिमको योजनाहरू तर्जुमा गर्ने सोच बनाउँदै छौँ । अहिलेको परिस्थितिमा यो जुन विदेशबाट आएका श्रमिकहरू अहिले हेर्दाखेरि धेरै सङ्ख्यामा बेरोजगारको कुराहरू उठेका छन् यी बाहिरबाट आएका श्रमिकहरू हाम्रो लागि ठुलो नै चुनौति छ भन्ने किसिमका

कुराहरू यहाँ उठेको छ । प्रतिनिधि सभामा पनि उठेको छ त्यो स्वभाविकै हो सम्माननीय अध्यक्ष महोदय । सम्माननीय अध्यक्ष महोदय, यो विषयमा हाम्रो लागि ठुलो चुनौति हो भन्ने कुरा महशुस माननीय सदस्यहरूले गर्दाखेरि ज्यादै गम्भीर हुनु पर्ने अवस्थामा म देख्दिनँ । साँच्चै नै यो चुनौति हो तर म यसलाई एउटा अवसरको रूपमा पनि लिएको छु । हाम्रा श्रमिकहरू बाहिर गएर श्रम गरेर अर्काको देश बनाउनभन्दा अहिले यो कोरोनाले जुन परिस्थिति सिर्जना गऱ्यो त्यसको कारणबाट भारतबाट र अन्य मुलुकबाट जुन हामीकहाँ हाम्रै श्रमिक दाजुभाइ दिदीबहिनीहरू आफ्नो देशभित्र फर्किएर आउनु भएको छ । उहाँहरू आउँदाखेरि आज हाम्रो खेत खुलेआम गुलेयामान हुने अवस्था छ । हामीहरूकहाँ रोजगारका प्रशस्त अवसरहरू देखिराखेको छु । मैले अस्ति यो निर्माण व्यवसायीहरूसँग कुरा गरे यो क्लिनरहरूसँग कुरा गरे यिनीहरूसँग गर्दै जाँदा यिनीहरू झण्डै ३० देखि ३५ लाख रोजगार दिन सक्नेको कुराहरू उठाउनु भएको छ । त्यसको लागि हामी यदि व्यवस्थापन गऱ्यो भने हाम्रा विदेशमा रहेका दाजुभाइ दिदीबहिनीहरू नेपालभित्र आयो भने यो एउटा चुनौतिलाई हामी अहिले देशभित्रै समायोजन गरेर देशभित्रै उत्पादनमुलक काम हामीलाई यो गऱ्यो भने हामी यो प्रधानमन्त्री रोजगार कार्यक्रममा लागेका मित्रहरू, बाहिरबाट आउनु भएका मित्रहरूलाई उत्पादनमा लगाउने हो भने यो देशको लागि शौभाग्य हुनेछ । हाम्रो लागि एउटा "समृद्ध नेपाल सुखी नेपाली" को सपना पूरा हुने अठोट हुने यो अवसरमा यो हाम्रो "समृद्ध नेपाल सुखी नेपाली" को प्रतिबद्धतालाई पूरा गर्न अहिले हाम्रो साथीहरूको मनमा के भावना आएको छ भने "आफ्नो देश आफैँ बनाऊँ आफ्नै देशमा श्रम गरी खाऊँ" भनेर एउटा स्लोगन जस्तो एउटा उत्साह जस्तो अगाडि बढेको मैले देखिराखेको छु । त्यसैले यी सम्पूर्ण कुराहरूलाई व्यवस्थापन गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अहिले एउटा श्रमिक सूचना बैङ्कको स्थापना गर्ने निर्णय लिएको छ । श्रमिक सूचना बैङ्क बनिसकेपछि देशभित्र वा देशबाहिर रहेका हाम्रा कुनै पनि श्रमिक दाजुभाइ दिदीबहिनीहरू कहाँ छन् ? के काममा छन् ? उनीहरू रोजगारी छन् कि बेरोजगार छन्, उनीहरू दक्ष छन् कि अदक्ष छन् यी यावत कुराहरू त्यही श्रमिक सूचना बैङ्कबाट थाहा हुने भएकोले र हाम्रो देशमा कति श्रमिकहरू नन्स्किल छन् ? कति श्रमिकहरू स्किल छन् तिनीहरू सम्पूर्णको व्यवस्थापन यो श्रमिक सूचना बैङ्कले गर्ने भएकोले त्यसलाई हामी अगाडि बढाइरहेका छौँ । अहिले यो अवसरको हामी सदुपयोग गर्ने भनेर म बाराम्बार भनेको छु पहिले पनि भनेको छु ।

आज हामीहरूकहाँ यो अवसरलाई प्रयोग गर्दाखेरि वनमन्त्रीज्यू यहाँ हुनुहुन्छ माननीय वन मन्त्रीजीको अथकभित्र प्रयासले कुनै पनि नदीको छेउमा खाली जमिन नराख्ने प्लान्टेसन गर्ने खालि यो प्लान्टेसनको कार्यक्रम गर्दाखेरि हामी यो प्रधानमन्त्री रोजगारमा जो खटिरहेका  साथीहरू छन् उनीहरूको वन मन्त्रालयको बीचमा समन्वय किन नगर्ने ? त्यस्तै कृषि मन्त्रालयसँग हामी समन्वय गरेर ठाउँठाउँमा उत्पादनमुलक कामहरू किन नगर्ने ? जस्ता कार्यक्रमहरू हामी बनाउने र त्यसको लागि हामी यो कार्यक्रमहरू अगाडि बढाउने कुराहरू गरिरहेका छौँ । यसै सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो श्रम सम्बन्धमा पनि धेरै व्यवस्थापनहरू हामीले गरेका छौँ । रोजगारदाता र

ट्रेडयुनियन सहितको कार्य सङ्गठन गरी समस्या पहिचान र समाधानको उपायको विषयमा सिफारिस गर्न व्यवस्थापन हामीले गरेका छौँ । त्यस्तै यो श्रमिकहरूको परिश्रमिकको विषयमा वारम्बार विभिन्न किसिमका विवादहरू उठिराखेको हुन्छ । त्यसलाई व्यवस्थापन गर्न र सम्पूर्ण यो श्रमिकहरूलाई कानून अनुसारको श्रमिक पाउन योगदानमा श्रम गरे बापतको जुन उसको पारिश्रमिक छ त्यो कसैले व्यवस्थापन गर्दाखेरि गडबड नगरोस्, कानून विपरीत नगरोस् त्यसका लागि हामीले विभिन्न किसिमका प्रभावकारी योजनाहरू बनाएका छौँ । हामी यो श्रम प्रतिष्ठानहरूलाई अनिवार्य रूपमा गर्नु पर्ने अडिट अनुगमन प्रभावकारी बनाएका छौँ यो बाल श्रमको बारेमा हामीले गुरु योजनाहरू बनाइरहेका छौँ । अब यो देशलाई या देशका स्थानीय निकायलाई बालश्रम मुक्त घोषणा गर्ने अभियानमा हामी लागेका छौँ क्रमशः यसपालि कमेसकम अधिकतम् स्थानीय निकायहरूलाई हामीले बालश्रम मुक्त घोषण गराउने कार्यक्रम हामीहरूले गरिरहेका छौँ । यही सिलसिलामा यो श्रम स्वीकृत नलिएर आएका यो विदेशी श्रमिकहरूले पनि हाम्रा नेपाली दाजुभाइ दिदीबहिनीहरूको धेरै ठाउँमा यो श्रम गर्ने अवसरबाट बञ्चित गरेको अवस्थामा हामी सम्पूर्ण विदेशी श्रमिकहरूलाई अनिवार्य रूपमा श्रम स्वीकृत लिने वातावरण बनाएका छौँ । यो अहिले भर्खरै यो श्रमिक ट्रेड यूनियन र यो रोजगारदाताहरूको बीचमा विभिन्न किसिमको समस्याहरू आइराखेको हुनाले यी सबैलाई एकै ठाउँमा राखेर अस्ति भर्खरै श्रम सल्लाहकार परिषद् बैठक राखेर यो समन्वयकारी भूमिका हामीले निर्वाह गरेका कुराहरू माननीय सदस्यहरूलाई जानकारी दिलाउन चाहन्छु । यो बैदेशिक रोजगारको सम्बन्धमा यो गणतन्त्र मुलुकमा रहेका नागरिकहरूलाई कहिले ल्याउने ? भनेर उनीहरूको अवस्थाको बारेमा माननीय सदस्यहरूले धेरै ठाउँमा चिन्ता गर्नु भएको छ । म यो जानकारी गराउँन चाहन्छु, सम्माननीय अध्यक्ष महोदय ।

अहिले यो क्रम सुरु नै भइसकेको छ र यो विषयमा माननीय परराष्ट्रज्यू, श्रम मन्त्रालय यो अहिले कोरोना भाइरसको विषयमा उच्चस्तरीय समिति यो जुन निर्माण गरेको छ यो सबैको समन्वय गरेर सम्पूर्ण हाम्रा छटपटिएका श्रमिकहरूलाई उहाँ अप्ठ्यारोमा परेका श्रमिक दाजुभाइ दिदीबहिनीलाई ल्याउने क्रम सुरु गरेको छ । यसमा हामीले अझ गतिका साथ अगाडि बढिराखेका छौँ । र स्वदेश फर्किएका या परदेश भएका श्रमिकहरूलाई पुनर्स्थपना तथा पुनर्योगीककरणको लागि धेरै किसिमका कार्ययोजना बनाएका छौँ । त्यसैगरि यो बैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको लागि यो अनुभव शीप लगायत विषयमा तथ्याङ्क सङ्कलन प्रक्रिया सुरु गरिएको छ । यो बैदेशिक रोजगारीबाट फर्केकाको लागि विभिन्न किसिमका हामीहरूले कार्यक्रम बनाएका छौँ । एयरपोर्टबाट लिएर हामी होल्डिङ् सेन्टरमा लग्ने र होल्डिङ् सेन्टरमा त्यहाँ टेलिभिजन मार्फत् सबैलाई यो काउन्सिलिनका व्यवस्थाहरू गरिराखेका छौँ । विभिन्न किसिमका इन्टरटेन्मेन्टका व्यवस्थाहरू गरेका छौँ । त्यस्तै त्यहाँबाट खानेपिउने व्यवस्थाका साथ उहाँहरूलाई आफ्नो गन्तव्यमा, आफ्नो जिल्लासम्म, आफ्नो घरसम्म पुऱ्याइदिन श्रम मन्त्रालयले यो श्रमिक कल्याण कोषबाट यातायातको समेत पैसा तिर्ने व्यवस्था मिलाइएको छ । त्यसरी यो पूर्वस्वीकृतिको कार्यलाई पूर्ण रूपमा अनलाईन प्रणाली मार्फत् हुने गरी व्यवस्था गरिएको छ । यो विदेशमा कामका

सिलसिलामा गएका हाम्रा कामदारहरूलाई मित्रहरू कोही मृतक हुनु भएको छ भने परिवारको स्वीकृत लिएर उहाँहरूको दाहसंस्कार त्यहीँ गर्ने यदि भएको छ भने त्यही देशमा दाहसस्कार भएका आश्रित परिवारलाई हामीहरूले ५० हजार रुपैयाँ सहयोग स्वरुप प्रदान गर्छौं । त्यो भएन त्यो लास यहाँ ल्याउनु पर्ने स्थिति भयो भने लास यहाँ आइसकेपछि त्यो लासलाई आफ्नो परिवारको हातमा दिने गरी सम्पूर्ण व्यवस्थापन यो श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले व्यवस्था गरेको छ । यो सामाजिक सुरक्षाको विषयमा पनि धेरै कुराहरू हामीकहाँ आएको छ । सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमलाई एकीकृत रूपमा कार्यान्वयन गर्न नीति लिएको छ । औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिक रोजगार समेत र बैदेशिक रोजगारमा जाने श्रमिकलाई समेत योगदानमा आधारित सुरक्षाको एकीकृत संरचनाभित्र आवद्ध गरिनेछ । अहिलेसम्मको परिस्थितिमा यो अनौपचारिक क्षेत्रमा रहेका कृषि मजदुरहरूलाई मजदुरको मेन स्टिममा समेटिने परिपाटि थिएन सम्माननीय अध्यक्ष महोदय । यसपालि जब हामी श्रमिक सूचना केन्द्र बनाउने सामाजिक श्रमिक यो सूचना बैङ्कको स्थापना गर्ने व्यवस्था गरिसकेपछि यसपालिको नीति कार्यक्रमदेखि बजेटसम्ममा आउँदाखेरि यो कृषि मजदुरहरूलाई पनि सामाजिक सुरक्षासँग जोड्ने वातावरण हामी बनाइरहेका छौँ । यो एउटा नयाँ अभियान हो । देशको यो कृषि प्रदान देश हो र कृषि प्रदान देशको हाम्रा श्रमिकहरूमा कृषि मजदुरहरूलाई कहीँ पनि कुनै रिकमेन्डेसन नभएको कारणबाट अहिले उनीहरूको अवस्था दयानिय छ । मजदुरी सुरु गरेदेखिन् नमरुञ्जेल कृषि मजदुर मजदुर हुने तर उसको कुनै रिकम्नेसन नहुने, उसले कुनै सर्टिफिकेसन नहुने उनीहरूको नहुने । त्यस्तै उनीहरूलाई कुनै सोसल सेक्यूरिटीसँग नजोडिने र पेन्सनको व्यवस्था नहुने, उनीहरूको बालबच्चाको लागि कुनै व्यवस्था नहुने, उनीहरूलाई कुनै आपत्-विपत् एक्सिडेन्ट भयो भने उनीहरू स्वयम्ले जिम्मेवार हुने खालको वातावरण भएकोले यो श्रमिक सूचना बैङ्कमा जोडिएर आएका श्रमिक मजदुर, यो कृषि मजदुरहरूलाई पनि अन्य मजदुरहरू सरह सामाजिक सुरक्षासँग जोडिने यो चाहिँ एउटा ऐतिहासिक एवम् हामी थालेका छौँ सम्माननीय अध्यक्ष महोदय ।

यो सामाजिक सुरक्षा कोषमा यो अहिलेसम्म २०७७ असारसम्म १ अरब २९ करोड ५७ लाख रुपैयाँ योगदान रकम सङ्कलन भएको कुरा पनि सम्माननीय अध्यक्ष महोदय मार्फत् सदनलाई जानकारी गराउन चाहन्छु । यो श्रमिक र रोजगारदाताहरूको तर्फबाट जम्मा हुने ३१ प्रतिशत रकम यो लकडाउन अवधिभर सरकारले जम्मा गर्न व्यवस्थापन पनि हामीले गरेका छौँ । त्यस्तै प्रतिष्ठानहरूले श्रमिकहरूलाई तलब भुक्तान गर्ने रकम आवश्यक परेमा उनीहरूलाई यही कोषबाट समेत ऋण प्रदान गरिने नयाँ व्यवस्था हामीले तर्जुमा गर्दैछौँ सम्माननीय अध्यक्ष महोदय । त्यस्तै गरेर शीप विकासको आवश्यकता हातमा शीप भएको कुनै नागरिक भोकले मनै पर्दैन भन्ने अवधारणालाई अगाडि बढाउँदै ५० हजार जना कमसेकम यो संघीय तहबाट र ७५ हजार व्यक्ति यो श्रमिकहरूलाई स्थानीय तहबाट साझेदारी कार्यक्रम गरेर शीपमुलक तालिमको व्यवस्था गर्ने व्यवस्था गरेका छौँ । पहिले यसभन्दा अगाडिको व्यवस्थामा उपस्थिति भएपछि वा त्यसमा भाग लिएको प्रमाणपत्र दिने प्रचलन थियो । अब त्यो प्रचलन हटाएर यो शीप परीक्षण अनिवार्य रूपमा गर्ने उसले

सिकेको शीपको परीक्षण पनि गर्ने । उसले सर्टिफिकेसन मात्रको लागि पढेको छ, अध्ययन गरेको छ वा सिकेको छ वा त्यो शीप सिकेको छ भने शीप सिकेको हो भने शीप परीक्षण कार्यक्रम दिएपछि मात्रै प्रमाण पत्र उपलब्ध गराउँने व्यवस्था हामीले गर्न लागेका छौँ । र यो निजी क्षेत्रको साझेदारीमा नवीन रणनीति अपनाइएको छ सम्माननीय सभा अध्यक्ष महोदय । अन्त्यमा यो श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत विभिन्न माननीयज्यूहरूले यो खर्च कटौतीको प्रस्ताव पनि राख्नु भएको छ । माननीय सदस्यज्यूहरूलाई यो खर्च कटौतीको प्रस्ताव फिर्ता लिइदिनु हुन अनुरोध गर्दछु र यो मन्त्रालयको बजेट यसै सिलसिलामा मन्त्रालयको बजेट छलफलमा जस्तै बजेटको कार्यान्वयनमा पनि माननीय सदस्यहरूले सक्रिय सहभागिता देखाउनु हुनेछ र सहजीकरण गर्ने वातावरण बनाइदिनु हुनेछ भन्ने आशाका साथ अहिले यो बोल्ने क्रम समाप्त गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदछु ।

विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हिजो मात्रै सर्वोच्च अदालतले विदेशमा रहेका श्रमिकहरूलाई ल्याउनको लागि जुन सरकारको कोषमा लगभग साढे ५ अरब रुपैयाँ श्रमिक कोष भनेर जम्मा भएको छ त्यो पैसाबाट ल्याउने व्यवस्था गरियोस् भनिएको छ । अगाडि जसले श्रम गरेर बसिरहेको थियो जसले रोजगार गुमायो ती मान्छेहरूलाई आफ्नो पैसा तिरेर आउनु पऱ्यो । त्यसमाथि पनि जति विगतमा लाग्थ्यो भाडा त्यसको ३ गुणा भाडा लाग्ने । भाडामा पनि ३/३ पल्ट, २/२ पल्ट घटाइएको छ, जनदवाव आएपछि बाहिर यति धेरै भाडा किन भनेपछि । त्यसकारण पनि अहिले सरकारको सोच के छ ? ती श्रमिकहरूलाई धेरै मान्छेहरू ल्याइयो भनियो जम्मा अहिलेसम्म कति सङ्ख्या ल्याइयो ? कुवेतमा भए रहेका २८ सय मान्छेमध्येमा जम्मा ४ सय ६५ जना मात्रै आएका छन् । अहिले पनि अन्योलमा मान्छेहरू छन् जान पाउने हो कि होइन भनेर तिनको भिसा सिद्धिसकेको छ यसकारण सरकारको जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई मेरो जिज्ञासा । अब यो प्रधानमन्त्री रोजगार कार्यक्रम चाहिँ यो एकदम फेल जस्तै भयो अब यसको काम र मापदण्ड छोडेर अब कोरोनाबाट रोजगार गुमाएकाहरूलाई र अरु बेरोजगारहरूलाई केन्द्रित कार्यक्रम बनाऔँ भन्ने चाहन्छु । अर्को फोकस कुरा यो विदेशमा अड्केकाहरू, रोइकराइ गरेकाआपतविपतमा परेकाहरू नागरिकलाई स्वदेश फर्काउन अलमल भइरहेको छ यो परराष्ट्र मन्त्रालयले सहयोग नगरेको हो कि ? पर्यटन मन्त्रालयले सहयोग नगरेको हो कि ? श्रम मन्त्रालय आफै अलमलिएको हो कि ? यो हामी जान्न चाहन्छौँ । के दुतावासहरूले सपोर्ट नगरेको हो कि र कोषको रकम किन परिचालन गरिएन ? भाडा तिर्न नसक्नेलाई के व्यवस्था छ ? कसरी ल्याउने योजना छ ? धन्यवाद ।

**सम्माननीय अध्यक्ष:-** माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू मार्फत् म श्रम मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । अहिले कोभिड-१९ को कारण श्रम विदेशबाट र भारतबाट आउने थुप्रै युवाहरू आउन नपाएको अवस्था छ । सरकारले कहिले भाडा वृद्धि गर्ने २४ घण्टामा ३ पटक भाडा वृद्धि थपघट हुने यो अन्तर्राष्ट्रिय मापदण्ड हो कि ? रत्न पार्कको कपडाको वार्गेनिङ्ग हो भनेर प्रश्न गर्न चाहन्छु । त्यसैगरि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम विगतको वर्ष बाँदर धपाउनेमा दुरुयोग गरियो अहिले दुरुपयोग हुन्न भन्ने के ग्यारेण्टि छ ? शीप र ज्ञान अनुभव लिएर आएका ती युवाहरूलाई स्वदेशमा नै रोजगारीमा लगाउनको लागि श्रम तथा रोजगार मन्त्रालयको के ऊ छ तिनीहरूलाई लगाउनको लागि भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरि ती बाल श्रमिकहरू अहिले पनि होटल रेष्टुरेण्टमा अझ पनि बाल श्रमिकहरू छन् । बाल श्रमिकहरूको लागि श्रम रोजगार मन्त्रालयको के छ भनेर म प्रश्न गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवलाई समय उपलब्ध गराउँदछु ।

**माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री रामेश्वर राय यादव:-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूलाई पहिले हार्दिक धन्यवाद दिन

चाहन्छु । सारै संवेदनशील र भावनात्मक रूपमा श्रमिकहरूको वेदनालाई परिलक्षित हुने गरी माननीय सदस्यज्यूहरूले यो स्पष्टीकरण सोध्नु भएको छ । यो विदेशमा रहेकोलाई यो बोर्डमा रहेको पैसा यो श्रमिक कल्याण कोषबाट ल्याइयोस् भन्ने विषयमा हामीले कतिपय चोटि यस विषयमा निर्णय गऱ्यौँ । माननीय सदस्यज्यूहरूलाई जानकारी होला अहिले यो कोर्टले पनि यस विषयमा बोलेको छ । हाम्रो यो बोर्डको नियममा के छ भने बैदेशिक रोजगार ऐनमा के छ भने यो श्रम स्वीकृति लिएर गएका र त्यसमा २५ सय र १५ सयको योगदान दिएका श्रमिकहरू बाहिर गएको अवस्थामा अप्ठ्यारोमा पऱ्यो । यो कुनै किसिमले महामारीमा पऱ्यो त्यस्तो अवस्थामा ऊ फर्किदाँ उसको अवस्था दयनीय भएको र आफैले खर्च तिरेर आउन नसकेको अवस्था वा ऊ केही कारणले गैरकानूनी काम गरे बापत कुनै कारणले जेलमा पऱ्यो र आम माफी पाएपछि फर्किने वातावरण भयो भने त्यस्तो अवस्थामा त्यो बोर्डमा रहेको ५ अरब रुपैयाँको जुन हेडिङ् तोकिएको छ त्यसबाट तिर्ने गरी व्यवस्थापन गर्ने नियमको व्यवस्था रहेको र हामी त्यस अनुसार अलरेडी हामी कामहरू सूचारु रूपमा गरिसकेको जानकारी म गराउन चाहन्छु ।

यो भाडा तय गरियोस् भन्ने माननीयज्यूहरूले राख्नु भएको छ यो हाम्रो जुन एयरलाइन्सको व्यवस्थापन छ । त्यो एयरलाइन्स कार्यको व्यवस्थापनमा त्यो पनि एउटा व्यापारी दृष्टिकोण लिएको छ तर अहिले यो विशेष परिस्थितिमा यो सामाजिक दुरी कायम गरेर प्लेन उडाउनु पर्ने बीचको एउटा सिट खाली राखेर अनि आधा सिट त त्यसैगरि घट्ने भयो । त्यही पनि केही व्यवस्थापनहरू अरु थप गरेर झण्डै ७०/७५ percent भन्दा अलि बढी सिट पुग्न गयो भने मात्रै फ्लाइट उड्ने भनेपछि के व्यापारिक दृष्टिले पनि कमसेकम त्यो संस्थानलाई घाटा नपरोस् र मजदुरलाई पनि श्रमिकलाई पनि बढी चाप नपरोस् भन्नको लागि यो भाडा समायोजन गरिएको हो । यसमा घरिघरि तलमाथि हुन्छ भन्ने माननीयज्यूले जिज्ञासा राख्नु भएको छ त्यो हुँदो रहेछ । के हुँदो रहेछ भने यो कतिपय अवस्थामा यो निर्णय गर्दाखेरि कुन परिस्थितिमा यो फ्लाइट हुन्छ र कतिवटा फ्लाइट हुन्छ ? दिनभरिमा कति वटा फ्लाइट हुन्छ ? त्यसमा कति श्रमिकहरू आउने व्यवस्था छ ? यी सबै कुराहरूको समायोजन, विश्लेषण गरेर भाडा तयार गर्दाखेरि तलमाथि हुन्छ । कहिले काही रेगुलर फ्लाइट अहिले त यो स्पेसल केस हो रेगुलर फ्लाइटमा पनि एउटै फ्लाइटमा कोही मान्छेहरू २ हजारमा आउँछ, कोही मान्छेहरू १२ हजारमा आउँछ । त्यो परिस्थिति पनि परिराखेको हुन्छ । त्यस्तै यो अहिले यो विशेष परिस्थितिमा यो संस्थानले पनि यस्तै किसिमको त्यो कठिन परिस्थितिमा भाडाको विषयमा यो तय गर्दाखेरि तलमाथि परेको हो । कुनै दुरासयपूर्ण प्रवृत्ति वा कुनै दुरासयपूर्ण सोचले होइन । यो श्रमिकहरूको हितमा निर्णय गर्दाखेरि यो एयरलाइन्सले त्यसरी व्यवस्थापन गरेको अहिले पर्यटन मन्त्रीजी पनि यहाँ हुनुहुन्छ उहाँले यो विषयमा विशेष प्रकाश डाल्नु हुन्छ । अन्य प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा माननीय सदस्यहरूले जुन दुरुपयोग हुँदैन भन्ने ग्यारेण्टि के छ ? भन्ने किसिमको जिज्ञासा राख्नु स्वभाविक नै हो । विगतको दिनहरूको व्यवस्थापन देखेर, हेरेर अनुमान गर्ने विषय त्यही हो । तर अहिले हामी नयाँ किसिमको हिजो अस्तिदेखि नै हामीहरू अन्य मन्त्रीहरूसँग समायोजन गरेर अन्य कार्यविधि तर्जुमा गर्दैछौँ । यो कार्यविधिको

आधारमा हामी यो उत्पादनमुलक काममा लगाएर यिनीहरूलाई कार्यक्रम बनाउने भनेर भनिएको छ । उत्पादनमुलक काममा लगायो भने त्यो १०० दिनमा उसलाई अनुभव पनि हुन्छ । कृषिमा लाग्यो भने पनि, वनमा लाग्यो भने पनि त्यस विषयको अनुभव पनि त्यो श्रमिकले १०० दिनमा अलिकति अनुभव हुन्छ । र त्यही आधारमा पछिल्लो चरणमा पछिका दिनहरूमा पनि अन्य रोजगारका अवसरहरूमा पनि उसले त्यही आधारमा अवसर पाउने व्यवस्था भएकोले त्यो कुरा मैले माननीय सदस्यज्यूहरूले उठाएको र मलाई लाग्छ माननीय सदस्यज्यूहरूले उठाउनु भएका सम्पूर्ण कुराहरू यसरी आएर बालश्रम अन्त्यको विषयमा पनि विषय उठेको छ । बालश्रमको विषयमा हाम्रो महिला समाज कल्याण मन्त्रालयले पनि एक किसिमको योजना बनाएको छ । हामी कानूनी हिसाबमा लेभर ओरियन्टेड मा कुनै पनि बालकलाई लगाउन नपाओस् भन्ने सोचका साथ, कडाइका साथ हामी अगाडि बढाइरहेका छौं । हामी यसलाई अन्त्य गरौंला गर्ने प्रतिबद्धताका साथ अहिले माननीय सदस्यहरूले जिज्ञासा राख्नु भएको कुराहरू मैले उठाएको जस्तो लाग्छ र अन्त्यमा फेरि पनि माननीय सदस्यहरूले जुन जिज्ञासा राख्नु भयो, जुन सुझाव दिनु भयो, जुन प्रश्नहरू र स्पष्टीकरण सोध्नु भयो त्यसको लागि हार्दिक धन्यवाद दिँदै आउने दिनहरूमा फेरि पनि हामी यहाँहरूको सहयोगको आशा राख्दै अहिले विदा चाहन्छु । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू अब म माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँदछु ।

**माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतः-** सम्माननीय अध्यक्ष महोदय, सबैभन्दा पहिले माननीयज्यूहरूका जिज्ञासा, सुझाव, धारणाहरूको निम्ति म धन्यवाद दिन चाहन्छु । माननीय सदस्यज्यूहरूले मुलतः जलवायु परिवर्तन, वृक्षारोपण राष्ट्रपति चुरे संरक्षण, वैज्ञानिक वन व्यवस्थापन, जैविक विविधताको संरक्षण र समृद्धिको लागि वन अथवा जडिबुटी कार्यक्रमसँग सम्बन्धित विषयहरूमा आफ्ना धारणाहरू यहाँ राख्नु भएको छ । म संक्षिप्तमा नै केही विषयहरू यहाँ राख्ने कोशिस गर्दछु । जलवायु परिवर्तनको हिसाबले हामी सबैलाई थाहा छ संयुक्त राष्ट्रसंघीय जलवायु प्रारुप महासन्धि र पेरिस सम्झौताको नेपाल पक्ष राष्ट्र हो । जलवायु परिवर्तनको निम्ति मुख्य कारक पक्ष मानिएको ग्याँस इमिसनको कुरा छ जुन ग्रिन ग्याँस इमिसनको लागि नेपालको कन्ट्रिव्यूसन ज्यादै नगन्य छ, ०.०२६७ प्रतिशत मात्र हो भन्ने हामी सबैले भन्दै आइरहेका छौं । तर जलवायु परिवर्तनको असरबाट प्रभावित हुने मुलुकहरूको अघिल्लो सूचीमा पर्छ भन्ने कुरा हामी बराबर भन्दै पनि आइराखेका छौं । अब यो परिस्थितिमा एउटा अहिले अन्तर्राष्ट्रिय प्रतिबद्धता यो हाम्रो सन्दर्भमा नभएर यो विश्वव्यापी रूपमा एउटा जटिल समस्या

भइराखेको स्थितिमा एउटा अन्तर्राष्ट्रिय प्रतिबद्धताको रूपमा अब तापक्रमलाई १.५ डिग्रीभन्दा बढ्न नदिने 1.5 डिग्रीभन्दा तापक्रम बढ्न नदिने एउटा अन्तर्राष्ट्रिय प्रतिवद्धता छ । त्यो अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई achieve गर्नको लागि UN कै पहलमा यो ग्रिन ग्याँस इमिसन हुने खालका गतिविधिहरूलाई घटाउने र त्यसको निम्ति एउटा राष्ट्रिय योगदानको प्रतिबद्धता सबैसँग माग गरेको छ UN ले यहाँ । अघि NDC को बारेमा माननीयज्यूहरूले NDC को बारेमा कुरा उठाउनु भएको थियो त्यही प्रतिबद्धता माग गरे अनुरुप 2016 मा प्रारम्भिक NDC चाहिँ तयार गरेर हरेक मुलुकहरूले पेश पनि गरेका छन् । त्यसलाई रिभाइज गर्ने र अलि इन्ह्यान्स खालको परिस्कृत खालको NDC फेरि पेश गर्ने ताकि १.५ डिग्रीमा नै सिमित गर्ने खालका गतिविधिहरू हुन् भन्ने हिसाबले र त्यो २०२० मा पूरा गर्ने तयारी भइराखेको छ ।

अब हाम्रो सन्दर्भमा त ०.०२६ प्रतिशत मात्र हाम्रो योगदान भएको कारणले मिटिगेसनको क्षेत्रमा हामीले धेरै गर्नु पर्ने कुराहरू त छैनन् । एडप्टेसन र मिटिगेसन दुई वटै कुरालाई हामीले NDC मा एकीकृत गर्न खोजिरहेका छौँ र त्यसको निम्ति काम भइराखेको छ । प्रदेश १, प्रदेश २ र गण्डकी प्रदेशमा यसको निम्ति आवश्यक कन्सलटेन्सनका कामहरू प्रदेशसँग र स्थानीय तहसँग कन्सलटेन्सनका कुराहरू पूरा भएको छ । बाँकी ४ वटा प्रदेशरूमा पनि यो लकडाउनको कारणले त्यो रोकिन पुगेको छ । तत्काल हामी त्यसलाई पूरा गर्नेछौँ र यो हाम्रो निर्धारित कार्यक्रमभित्र नै रहेको छ । त्यसकारण अब अर्को म्यापको कुरा अघि भने नेपाल जस्तो देशको जलवायु परिवर्तन हाम्रो कारणले ज्यादै कम भएको छ । तर विश्वव्यापी फिनोमेना हो, यो भइराखेको छ । त्यसकारणले हामीलाई त्यससँग कसरी अनुकूलित बनाउँदै लैजाने हाम्रो निम्ति बढी चुनौति यो बनिराखेको छ । त्यसकारणले एडप्टेसनको प्लान अनुकूलनको कार्यक्रम हाम्रो निम्ति प्राथमिकताको कार्यक्रम हुन्छ । त्यसैले नेशनल एडप्टेसन प्लानको अघि यहाँ म्यापको कुरा पनि जो भएको थियो । त्यो म्यापको कुरा पनि हामीले २०२० सम्म नै सायद यो लकडाउन नभएको भए यो आर्थिक वर्षमा कम्प्लिट गर्ने योजना थियो । यो NDC र म्याप दुई वटैलाई हामीले २०२० सम्ममा कम्प्लिट गर्ने हाम्रो कार्यक्रम रहेको छ । हामी यसलाई तत्काल कार्य गर्दछौँ । हाम्रो सन्दर्भमा NDC भनेको यो मिटिगेसन र एडप्टेसन दुई वटैको एकीकृत रूप हो त्यसैले त्यो भएको कारणले यसको नेशनल एडप्टेसन प्लान जो राष्ट्रिय अनुकूलको योजना छ त्यो सँग NDC लाई हामी एकीकृत गरेर नै अगाडि बढाउन खोजिराखेका छौँ । मैले जलवायु परिवर्तनसँग सम्बन्धित विषयमा यति नै हो । तर थप अरू प्रसङ्गहरूमा उठेको थियो यो हाइड्रो मेट्रोलोजिसँग सम्बन्धित विषयहरू माननीयज्यूहरूलाई विनम्रतापूर्वक के राख्न चाहन्छु भने यो हाइड्रोमेट्रोलोजिसँग सम्बन्धित विषयहरू अन्य विषयगत मन्त्रालयहरूसँग अहिले सम्बन्धित रहेका छन् । जस्तो पहिले उर्जा प्रबर्द्धन केन्द्र लगायतका विषयहरू, वातावरणसँग सम्बन्धित विषयहरू थिए । मौसम विज्ञानसँग सम्बन्धित विषयहरू, विज्ञान विषय, वातावरण मन्त्रालय यसमा थिए तर पछिल्लो चरणमा यो उर्जा तथा जलश्रोत मन्त्रालयसँग बढी सम्बन्धित भएको कारणले मैले अहिले यो विषयमा योभन्दा थप नजाऊँ । अब वृक्षारोपणसँग सम्बन्धित विषयहरूमा वृक्षारोपणमा २ वटा कुरा

एउटा सरकारी संयन्त्रहरूले नै वृक्षारोपणका कार्यक्रमहरू सञ्चालन गर्ने एउटा अवस्था, दोस्रो कुरा चाहिँ फेरि सरकारी संयन्त्रहरू नर्सरी निर्माणहरू गर्ने र विरुवाहरू प्राइभेट सेक्टरलाई वितरण गर्ने अथवा निजी क्षेत्रलाई वितरण गर्ने, अथवा किसानहरूलाई वितरण गर्ने र निजी जमिनमा वृक्षारोपण गर्ने खालको स्थिति पनि हुन्छ । त्यो कारणले गर्दाखेरि २ वटा कुरा सरकारी संयन्त्रबाट भएका २ वटा कुरा वृक्षारोपणहरूको अभिलेख त राख्न सजिलो छ र त्यो सम्भव पनि छ । तर जो विरुवाहरू किसानहरूलाई वितरण गरिएको हुन्छ र किसानहरूले आफ्नो अनुकूलतामा निजी जमिनहरूमा जुन वृक्षारोपण गरिराखेको हुन्छ त्यसको स्पष्ट अभिलेखीकरण जटिल भए पनि सबै यसलाई डिजिटलाईज गर्नेको प्रयत्नमा छौँ । हामी यो विषयमा उठिराख्ने प्रश्नहरूलाई एक मुष्ठ उत्तरित गर्ने हाम्रो प्रयास रहिरहेको छ ।

अब जहाँसम्म वृक्षारोपणको सन्दर्भमा अर्को दोस्रो कुरा पनि मैले यहाँ के जोड्न चाहेँ भने अब हामी वृक्षारोपणको कुरा गर्दा काठजन्य पैदावारमा मात्र होइन । अब अरु कृषिसँग रिलेटेड, फलफूलसँग रिलेटेडहरू जडिबुटीहरू र यो लाइमस्टिकलाई पुग्न खालका समग्र क्षेत्रलाई वृक्षारोपणसँग एकीकृत गरेर लाने र समायोजित गरेर लाने हाम्रो कोशिस रहेको छ । यसलाई हामी यही ढङ्गले वृक्षारोपणलाई अझ प्रभावकारी बनाउन हामी कोशिस गर्दैछौँ । अघि यहाँ सम्बन्धित मन्त्रीज्यूले पनि यहाँ राखिसक्नु भयो हामी धेरै पटक पनि छलफल भएको छ वृक्षारोपणका कार्यक्रमहरूलाई फलफूल जडिबुटीसँग सम्बन्धित कार्यक्रमहरूलाई उत्पादनसँग जोडेर यसलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग अझ कसरी इन्भेन्ट गर्न सकिन्छ भन्ने बारेमा हामी धेरै राउण्ड छलफल पनि गरेका छौँ जडिबुटी विकास कार्यक्रमहरूलाई बायोइञ्जिनियरिङ्का कार्यक्रमहरूलाई, फलफूलसँग सम्बन्धित कार्यक्रमहरूलाई वृक्षारोपणसँग सम्बन्धित विषयहरूलाई यतातिर पनि हामीले संयोजन गर्ने बारेमा सोचिराखेका छौँ । मलाई लाग्छ अब वृक्षारोपणका बारेमा उठिराखेका प्रश्नहरू पनि अब क्रमशः उत्तरीत हुँदै जाने र यसले एउटा पारदर्शिता र स्पष्टता हासिल गर्दै जाने हामी विश्वास लिएका छौँ । राष्ट्रपति चुरे संरक्षणको कार्यक्रमको हकमा गुरु योजना तय भएको छ । गुरु योजना निर्माण हुनुभन्दा अगाडि केही अलमलहरू राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अपस्ट्रिम देखिन्छ किनकि त्यहाँ अपस्ट्रिम र डाउनस्ट्रिमको एउटा कन्सेप्टमा काम भइराखेको छ । अपस्ट्रिम चुरे ल्याण्डस्ट्रिमसँग रिलेटेड भयो भने डाउन चाहिँ तलको मधेस त्योबाट प्रभावित हुने क्षेत्रहरू जो डाउनस्ट्रिम छन् त्यो २ वटा खण्ड त्यसमा रहेका छन् । अब विगत २/३ वर्ष अगाडिको स्थिति चाहिँ चुरे संरक्षणको निम्ति विनियोजन गरेको बजेटको ८० प्रतिशत रकम डाउनस्ट्रिममा खर्च भइराखेको थियो । यो त चुरे संरक्षणको कार्यक्रम नेभर इण्डिङ् यो एउटा प्रोजेक्ट जस्तो बन्न पुग्ने देखियो त्यो हिसाबले हेर्दाखेरि अब चुरे ल्याण्डस्ट्रिममा समस्या जस्ताको तस्तै भइराख्ने त्यो बाट उत्पन्न हुने समस्यालाई मात्र हामी सम्बोधन गरिराख्छौँ भन्दाखेरि त चुरेको समस्या भनेको दीर्घकालीन रूपमा भइराख्ने भयो भन्ने कुरालाई ध्यान दिएर हामीले अपस्ट्रिमको म चुरे संरक्षणको कार्यक्रमलाई मुख्य प्राथमिकता दिने र डाउनस्ट्रिममा पनि सँगसँगै ध्यान दिने भन्ने कुरालाई अहिले चुरे संरक्षणको कार्यक्रमको मूल एउटा फष्ट र मूल थिम चाहिँ यसलाई बनाइएको

छ । त्यसो गर्दा डाउनस्ट्रिमका कार्यक्रममा अलिकति घटेको जस्तो देखिनु स्भाविक हुन्छ । अहिले अनि डाउनस्ट्रिममा ती कार्यक्रमहरू घटेको देख्दा कतिपय साथीहरूलाई लाग्ने गरिराखेको हुन्छ । चुरे संरक्षणको कार्यक्रम नै कता हरायो ? यो चुरे संरक्षणको कार्यक्रमको प्रभावकारिता घट्यो कि भन्ने खालका चिन्ताहरू गुनासोहरू पनि बेला बखतमा प्रकट हुने गरेका छन् । त्यसको मूल पक्ष यो रहेको कुरा म विनम्रतापूर्वक यहाँ राख्न चाहन्छु । त्यसकारण अपस्ट्रिममा आइपुग्दाखेरि त्यहाँ वन संरक्षणको कार्यक्रमहरू, वृक्षारोपणका कार्यक्रमहरू, पहिरो नियन्त्रणका कार्यक्रमहरू पोखरीहरूको संरक्षण, पोखरी निर्माणका कामहरू त्यसैगरि एकदम vulnerable खालका बस्तीहरूको पुनर्व्यवस्थापनको बारेमा पनि हामीले अध्ययनका कामहरू यो वर्ष सुरु गर्ने कार्यक्रममा समावेश गरेका छौँ । यी विषयहरूलाई अपस्ट्रिमको कार्यक्रममा मुख्य ध्यान दिएको छ भने अब डाउनस्ट्रिममा पनि जल पुनरावलोकनका कार्यक्रमहरू, तटवन्दका कार्यक्रमहरू, बायोइञ्जिनियरिङ्ग सहित लगायतका कृषि सँग सम्बन्धित कार्यक्रमहरू अनि तराई मधेसमा वृक्षारोपणसँग सम्बन्धित कार्यक्रमलाई पनि राष्ट्रपति चुरे संरक्षणको डाउनस्ट्रिमसँग सम्बन्धित कार्यक्रमहरूको रूपमा तर्जुमा गरिएको छ ।

गत वर्षसम्म २९ वटा नदी प्रणालीको व्यवस्थापनको कार्यक्रम समावेश गरिएको त्यो बजेट कार्यक्रम हो । यो वर्ष हामीसँग चुरे संरक्षणको निम्ति पनि विनियोजित बजेटको अङ्क घटेको छ तथापि हामीले अहिले ४५ वटा नदी प्रणालीमा व्यवस्थापनको कार्यक्रमहरू यो वर्षको वार्षिक कार्यक्रममा समावेश गरेका छौँ यसको सट्टामा । अब बैज्ञानिक वन व्यवस्थापनसँग सम्बन्धित यो विषयमा मैले यति नै राखे । बैज्ञानिक व्यवस्थापनसँग सम्बन्धित विषयमा माननीयज्यूहरूले पनि केही कुरा राख्नु भएको थियो । अब बैज्ञानिक वन व्यवस्थापन सम्बन्धी बुझाइ र अथवा बैज्ञानिक वन व्यवस्थापन सम्बन्धी यस नीतिको विषयमा नै जति कन्सलटेसन हुनु पर्ने हो जति व्यापक छलफल हुनु पर्ने हो त्यो ज्यादै अपुग भइराखेको जस्तो मैले महशुस गरेको छु, भइराखेको पनि छ । किनकि यदाकदा के उठ्ने गर्छ भने बैज्ञानिक वन व्यवस्थापन त्यो त एकदम कटान जस्तो भयो, बैज्ञानिक वन व्यवस्थापन र अर्को त्यहाँ वृक्षारोपणको बारे केही कार्यक्रम छ भन्ने खालका प्रसङ्गहरू उठ्ने गरेका छन् । यो बैज्ञानिक वन व्यवस्थापनको यो नीतिगत विषयमा छलफलको सुरुवात २०६६ सालदेखि भएको रहेछ । ०६९ सालमा पहिलो पटक १ लाख हेक्टरमा बैज्ञानिक वन व्यवस्थापन गर्ने कुरा ०६९ सालको नीति कार्यक्रम र बजेट कार्यक्रममा घोषणा गरिएको रहेछ । ०७१ सालमा यो सबै sprit अनुसार बैज्ञानिक वन व्यवस्थापन सम्बन्धी एउटा कार्यविधि छ त्यो कार्यविधि ०७१ सालमा चाहिँ तयार गरिएको रहेछ । त्यसपछिका वर्षहरूमा पनि ०७१ देखि यता पनि प्रत्येक वर्षका नीति कार्यक्रमहरूमा बजेट कार्यक्रमहरूमा यो बैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम यो समावेश हुँदै आइराखेको छ । अहिलसम्म पनि हुँदै आइरहेको छ । यो एउटा कुरा दोस्रो कुरा बैज्ञानिक वन व्यवस्थापन वा त्यो कटान गरेर त्यसैको बीचमा होइन वन नवीकरणीय श्रोत हो, वन नवीकरणीय स्रोत भएको कारणले जुन ठाउँमा त्यो वन व्यवस्थापनमा हुन्छ । त्यहाँ तारबार गरेर प्राकृतिक रूपमा पुनर्उत्पादन हुन्छ भन्ने मान्यता हो त्यसको त्यहाँ छुट्टै वृक्षारोपण हुँदैन त्यहाँ । केही

माऊ रुखहरू राखिएको हुन्छ त्यो माऊ रुखहरू राखिसकेपछि त्यो माउ रुखले अरु उत्पादन गर्छ र प्राकृतिक रूपमा पुनर्उत्पादन हुन्छ । त्यहाँ वृक्षारोपण अर्को गर्ने होइन । अहिले पनि के रहेछ भने ७/८ वर्ष अगाडि जहाँ जुन ठाउँमा वृक्षारोपण हिसाबले वन व्यवस्थापनको तयारी गरिएको थियो त्यहाँ अहिले ५ मिटरभन्दा अग्ला रुखहरू सालका बोटहरू तयार भएका छन् । प्राकृतिक उत्पादनको रूपमा मेरो विचार त के लाग्छ भने अर्को ५/१० पछि यो बहस टुङ्गिन्छ । किनकि त्यो ५ मिटरवाला १० मिटर हुन्छ पोल हुन्छन्, रुख जस्ता देखिन्छन् जब यो प्राकृतिक रूपमा नै पुनर्उत्पादन हुने कुरा छ र यो पहिलेको डिग्रेटेड फरेष्ट एरियाभन्दा अझ व्यवस्थित फरेष्ट एरियाको रूपमा विकसित हुँदोरहेछ भन्ने कुरा व्यवहारमा त सबैले अनुभूत गर्ने स्थिति आयो भने मेरो विचारमा यो बहसको अन्त्य हुनेछ त्यो प्वाइन्टमा गएर । तर अब आजका दिनको तर्क अलग्गै व्यवस्थापन गर्ने कुरा पनि होइन कटान-कटान नै हो ।

यो बैज्ञानिक वन व्यवस्थापनसँग सम्बन्धी कार्यक्रम हो । अब रह्यो यो प्रसङ्गको कुरा गरिरहँदा अन्य केही प्रसङ्गहरू जरुर उठेका छन् । होइन त्यो डिग्रेटेड अलिकति डिग्रेटेड हुँदै गयो एरियाबाट प्राथमिकताको क्रममा बैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम गर्दै गइएको छ वा छैन ? त्यसपछि गएर दोस्रो कुरा त्यसमा सुशासनको प्रश्न फियरनेसको प्रश्न कस्ते छ ? लगायत र यी सवालहरू पनि उठेका छन् जसलाई सकारात्मक ढङ्गले फेरि ग्रहण गर्नुपर्ने प्रकृतिका छन् जसलाई सम्बोधन गर्नुपर्ने यथोचित सम्बोधन गर्नु पर्ने प्रकृतिका छन् । त्यो विषयहरूमा अप्राकृतिक रूपमा पुनर्उत्पादन हुन्छ कि हुँदैन मरुभूमीकरण हुने हो कि भन्ने चिन्ताहरू जो छन् चिन्ताहरूलाई केही त अहिले जो पुनर्उत्पादन हुँदै गइराखेको अवस्था आफैले जवाफ दिइराखेको छ । केही कुरा यसलाई अझ यो सम्बन्धी बैज्ञानिकहरूसँगको छलफलले यो विषयलाई थप स्पष्ट गर्दै जाने होला । म यो विषयको आफै विज्ञ पनि नभएको कारणले मैले आफूले अवलोकन गरेका ठाउँहरूको आधारमा मात्रै एउटा जनरल कन्सेप्टको कुरा मात्रै मैले यहाँ गरेको हो । तर सबै कुनै सिष्टममा भएका र सिष्टममा नभएका अस्ति अझ प्रसङ्ग मलाई के भन्दै हुनु हुन्थ्यो भने एक जना पी.एच.डी. होल्डर एउटा टेलिभिजन इन्टरभ्यूमा सँगै हामी बस्ने अवसर मिलेको थियो उहाँले के भन्दै हुनुहुन्थ्यो भने म सानोमा पी.एच.डी. हो । सानोमा नै मेरो पी.एच.डी. हो तपाइहरूले ८० वर्षको रोटेशन बनाउनु भयो यो ४० वर्षको रोटेशन बनाउनु पर्छ भनेर उहाँ चाहिँ एकदम आफ्नो स्ट्यान लिइराख्नु भएको थियो । यो इकोनोमीसँग जोडेन, फरेष्टलाई इकोनोमीक्ससँग जोडिएन तपाईंहरूले ८० वर्षको रोटेशन बनाउनु भयो म सानो पी.एच.डी. गरेको ४० वर्ष हो यसको रोटेशन भनेर अस्ति एक जना विज्ञले एकदम जर्वजस्त आफ्नो तर्क गर्दै गर्नुहुन्थ्यो । यी उहाँहरूका तर्क भएपनि अहिले कम्तीमा पनि ८० वर्षकै रोटेशनमा यो विषयमा कुरा गरिएको छ । यो एउटा प्रसङ्ग हो सैद्धान्तिक रूपमा यो हो । यसको व्यहारिक कार्यान्वयन पक्षमा यसको कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा त्यहाँ के-कस्ता कामहरू भइराखेका छन् ? के -कस्ता गतिविधिहरू भइराखेका छन् ? भन्ने बारेमा धेरैतिरबाट चासोहरू पनि प्रकट भइराखेका छन् चिन्ताहरू पनि प्रकट भइराखेका छन्, गुनासोहरू पनि आइराखेका छन् केही रिपोर्टहरू पनि भइराखेका छन् यी सबै कुरालाई

ध्यान दिएर यसको उचित यसबारेमा छानबिन गर्ने, अध्ययन गर्ने, छानबिन गर्ने र एउटा निष्कर्षमा पुग्ने नेपाल सरकारले सोच लिएको छ तदनुसारका कार्यक्रमहरू पनि अगाडि बढाइराखेको छ । यो विषयमा मैले अहिले यति नै भनी राखूँ । यो प्रसङ्गमा मैले अर्को विषयमा मात्र थपौँभन्दाखेरि हाम्रो संबैधानिक व्यवस्था अनुसार प्राकृतिक स्रोतको अफ फरेष्ट एरियाको व्यवस्थापन कुरा गर्दाखेरि राष्ट्रिय वन नीति चाहिँ संघको चुरे, राष्ट्रिय निकुञ्ज लगायतका यी विषय संघको साझेदारी कार्यभित्र, जलवायु र वातावरण चाहिँ साझा अधिकार सूचीभित्र अनि वृक्षारोपण, भू- संरक्षण, वनको व्यवस्थापन यी बैज्ञानिक वन व्यवस्थापन लगायत यी प्रश्नहरू जो छन् व्यवस्थापकीय विषयहरू यो सबै प्रदेशको एकल अधिकारका सूचीभित्रका भएको कारण यसमा अब वन तथा वातावरण मन्त्रलायको डाइरेक्ट त्यसको एउटा कनेक्सन त्यहाँ अलि अपठ्यारो छ हाम्रो संवैधानिक व्यवस्था र अभ्यास हाम्रा विधिहरूले गर्दा । फेरि पनि हामी यो विषयलाई यो सबै कुराले सम्मान गर्दै यसको उपयुक्त नेपाल सरकारले दिएको उपयुक्त निर्णय जे छ त्यो निर्णयको कार्यान्वयनबाट यी अन्य विषयहरू पनि यथोचित ढङ्गले निष्कर्षमा पुग्नेछन् भन्ने मैले विश्वास लिएको छु । बैज्ञानिक वन व्यवस्थापन सम्बन्धमा पनि मैले यति नै कुरा राख्ने चाहेँ ।

जैविक विविधतासँग संरक्षणसँग सम्बन्धित विषय कतिपय सुदूरपश्चिम लगायतका क्षेत्रमा संरक्षण क्षेत्रहरूको बारेमा केही प्रश्नहरू उठेका छन् जरुर तराई क्षेत्रमा पनि जैविक विविधिता संरक्षणको व्यवस्थापनको दृष्टिले राष्ट्रिय निकुञ्जहरू छन् । हिमाली क्षेत्रमा पनि राष्ट्रिय निकुञ्ज हिमाली राष्ट्रिय निकुञ्ज बनिराखेका छन् । मध्येपहाडी क्षेत्रमा जैविक विविधताको संरक्षणको दृष्टिले हेर्दाखेरि मागहरू पनि आइराखेका छन् । यसको आवश्यकताको बारेमा पनि विज्ञहरूले पर्याप्त कुरा उठाउने गरिराख्नु भएको छ । यो प्रदेश नं. १ मा पनि यो विषय गम्भीरतापूर्वक उठिराखेको छ । त्यसैगरेर प्रदेश ५ मा पनि यो कुरा उठिराखेको छ, कर्णाली प्रदेशमा पनि उठिराखेको छ, सुदूरपश्चिममा पनि उठिराखेको छ यहाँ माननीयज्यूहरूले पनि उठाउनु भएको छ । यी सबै विषयहरूले हामी प्रदेश, स्थानीय तह, समुदाय सबैसँग समन्वय गरेर एउटा उपयुक्त निष्कर्षमा हामी पुग्नेछौँ र यसको उपयुक्त व्यवस्थापनको मोडालिटी बनाएर अगाडि बढ्नेछौँ भन्ने म विश्वास दिलाउन चाहन्छु । समृद्धिको लागि वन र जडिबुटी कार्यक्रमसँग सम्बन्धित विषयहरूमा पनि अघि मैले भने । यो समृद्धिको लागि वनसँग जोडिएका धेरै कार्यक्रमहरू प्रदेशहरूसँग सम्बन्धित भए पनि कम्तीमा पनि यो एउटा आर्थिक क्षेत्रको हो र यसलाई नेपालको समृद्धि र जनताको जीवनस्तरमा सुधार, सामान्य जीव विकासको निम्ति सकिन्छ भन्ने मान्यतालाई नीतिगत एउटा हाम्रो राष्ट्रिय वन नीतिको जो एउटा थट छ त्यसलाई कार्यान्वयन गर्नको निम्ति केही हदसम्म गाइडलाइन पनि हुन पुगोस्, केही हदसम्म प्रेरित पनि गरोस्, केही हदसम्म विषयवस्तुलाई थप स्पष्टताको निम्ति सहयोग पनि पुऱ्याओस् भन्ने हिसाबले हामीले केही कार्यक्रमहरू सिम्बोलिक रूपमा हामीले यो वन तथा वातावरण मन्त्रालयको कार्यक्रम अन्तर्गत राखेका छौँ बजेट कन्सटेन्टको हिसाबले हाम्रो क्षेत्राधिकारको हिसाबले यसलाई लागू गर्ने संरचनाको हिसाबले, सीमाको हिसाबहरूले गर्दाखेरि या अपेक्षित रूपमा यहाँ जे कुरा आएको छ सहमत छु । अपेक्षित छैन यो, यो पर्याप्त छैन मैले यो अघि कुरा

भनिसके यसले गाइडलाइन दिन सकोस्, प्रेरित गरोस्, यो एउटा आर्थिक क्षेत्र हो र समृद्धि र जीविकाको लागि यसले सकारात्मक योगदान गर्नु सक्छ भने एउटा छलफलको विषयवस्तु राम्रोसँग बन्न सकोस् राष्ट्रिय नीतिको स्पिरिटलाई कार्यान्वयन गर्नको निम्ति केही हदसम्म सहयोग पुगोस् भनेर हामले सिम्बोलिक रूपमा भएपनि यो कार्यक्रम राखेका छौँ ।

समृद्धिको लागि वन जसलाई बैज्ञानिक वन व्यवस्थापन, दिगो वन व्यवस्थापन, जडिबुटी विकास कार्यक्रम, कृषि वन कार्यक्रम, प्रकृतिमा आधारित पर्यटन, गैरकाष्ठ पैदावर तथा वृक्षारोपण कार्यक्रम लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास लघु, साना, मझौला उद्योगहरूको विकास गर्ने कुरालाई कूल योगलाई हामीले समृद्धिको लागि वन कार्यक्रम पनि भनेर भनेका छौँ । र यो समृद्धिको लागि वन कार्यक्रमको निम्ति सिमित बजेटभित्रबाट पनि यसलाई व्यवस्थापन गर्ने हामी कोशिस गरिराखेका छौँ । यस अतिरिक्त फेरि जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी र नेपाल वन निगम मार्फत् पनि हामीले वन उद्यमहरू स्थापना गर्ने लघु, साना र मझौला उद्योगहरू स्थापना गर्ने बारेमा सोचिराखेका छौँ । जडिबुटीको कार्यक्रमको निम्ति हामीले पकेट क्षेत्रहरू सबै करिव ७७ वटै जिल्लामा केही-केही जिल्लाहरूमा कम्प्लिट भइसकेको ७७ वटै जिल्लामा प्रत्येक जिल्लामा १० वटा अरु स्पेसिस् के हो त्यहाँको ३ वटा प्रमुख स्पेसिस् प्रमुख यहीँ एक स्पेसिस् के हो ? भन्ने कुराको पहिचान गर्ने त्यस अनुसार जडिबुटी विकासको कार्यक्रमलाई भ्यालुचेनमा आधारित बनाएर जडिबुटी विकास कार्यक्रमका एउटा massive प्लान कार्यान्वयनमा लाने भन्ने कन्सेप्टमा नै यो काम भइराखेको छ । त्यस अतिरिक्त त्यसकारण यस कुराको अतिरिक्त निजी क्षेत्रलाई समेत प्रशोधन र उत्प्रेरणा हुने गरी जडिबुटी उत्पादन तथा प्रशोधन उत्पादन कम्पनी लिमिटेडलाई स्वचालित उच्च प्रविधियुक्त बनाउने कार्यक्रम रहेको छ किसानहरूले उत्पादन गरेका जडिबुटीहरू कम्पनी मार्फत् खरिद गर्ने सुनिश्चित गर्ने कार्यक्रम रहेको छ । काष्ठ अन्य तथा गैरकाष्ठजन्य वन पैदावरलाई नेपाल वन निगम मार्फत् व्यवस्थित गर्ने गरी आवश्यक व्यवस्था समेत गरिएको छ मैले अहिले माननीयज्यूहरूले राख्नु भएको कुराहरूलाई यही वरिपरि रहेर मैले विषय वस्तुहरू राखेँ धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमाझी ।

**<u>माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, केही समय अगाडि म धनगढी पुगेको थिएँ । धनगढी बजारको बाटोमा पीच गरिएको छ र बीचमा सालको रुखहरू छ । त्यो सालको रुख नकाटिकन किन पीच गर्न दिइयो ? र पीच गर्ने भए सालको रुख किन काटिएन ? त्यो अत्यन्त बजार हेर्दाखेरि त्यहाँ हामीले हेऱ्यौं यो कसरी-कसरी सरकारको समन्वय भएन ? भन्ने देखियो एउटा कुरा । र अहिले एउटा टीसीएन भन्ने संस्था थियो अहिले अस्तित्वमा छ कि छैन ? छ भने यसले के गर्दैछ ? धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्रीज्यूलाई मेरो जिज्ञासा छ । तनहूँ जिल्ला लगायत विभिन्न ठाउँहरूमा चितुवा लगायत वन्यजन्तुको आक्रमणबाट थुप्रै बालबालिका र मानिसहरूको मृत्यु भएको छ । खालि क्षतिपूर्ति मात्रै दिएर भएन तिनीहरूलाई बचाउनेतर्फ सरकारले ध्यान दिन आवश्यक छ । तनहूँमा निर्माणाधिन भानुभक्त उद्यान प्रा.ली. सम्पन्न हुनु पऱ्यो । त्यो चाहिँ सरकारको प्राथमिकतामा नै परेको छैन त्यसलाई छिटो सम्पन्न गर्नु पर्नेछ । देशैभरि वृक्षारोपण गरिन्छ तर कति हुर्के भन्ने कुराको हिसाब किताब छैन र अर्को कोइसन जनप्रतिनिधिहरूले नै प्राकृतिक स्रोतको दोहन गरिरहेका छन् मन्त्रीदेखि लिएर सांसददेखि लिएर सबैले यसमा त्यो दोहन रोक्नेतर्फ माननीय मन्त्रीज्यूको के धारणा छ ? कसरी रोक्ने हो यो विचित्रै भइसक्यो ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तारा देवी भट्ट ।

**<u>माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले वन मन्त्रालय अन्तर्गत यो दिगो विकासको एकदमै महत्वपूर्ण लक्ष्य वातावरण सम्बन्धी पनि भएको हुनाले धेरै कुरा त मैले बुझेँ धेरै कुरा बुझिएन । यो न्यापको कुरा पनि गर्नु भयो म पनि भन्छु म्याप र NDC को तारतम्य कसरी मिलाउनु भएको छ ? र संयुक्त राष्ट्रसंघलाई पठाउने जुन प्रतिवेदन white paper मा पर्छ मैले अस्ति पनि भनेको थिए त्यसको अवस्था के छ ? अहिलेको कार्यक्रममा कहाँ छ ? साथै नयाँ योजनामा वातावरण संरक्षण गर्ने के कार्यक्रम छ ? भन्न त माननीय मन्त्रीज्यूले भन्नु भयो तर त्यो साँच्चिकै साकार होस् र म पनि अझै त्यसलाई घचघचाउन चाहन्छु । मन्त्रालयले विकासका हरेक आयाममा कसरी वातावरणीय भूमिकाहरूका लागि समन्वय भूमिका खेलेको छ ? लकडाउनको बेला धेरै

रुखहरू काटिएका छन् । मैले अस्ति पनि भनेको थिएँ । २/३ सय वर्ष लाग्छ त्यत्रो रुख बनाउन र अब त्यो ........(समय सकिएकोले माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई समय उपलब्ध गराउँदछु ।

**माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतः**- सम्माननीय अध्यक्ष महोदय, सकेसम्म समय नलिने भन्ने थियो तर पनि फेरि अलिकति थपिने भयो । अब यो ठीकै हो न्याप र NDC को बारेमा अघि कुरा गरिसके माननीयज्यू । यो २०२० भित्रमा नै यो दुई वटै कुरा कम्प्लिट हुन्छ न्याप हामीले यो २०२० अहिले यही आर्थिक वर्षमा हामीले कम्प्लिट गर्ने हाम्रो सोच थियो । लकडाउनको कारणले अलि गाह्रो भयो । NDC सँग सम्बन्धित  कन्सलटेसनको बारेमा ३ वटा प्रदेशमा स्थानीय तह र प्रदेशमा कन्सलटेसन गऱ्यौं बाँकी ४ वटासँग हाम्रो यही बेला पूरा गर्ने कार्यक्रम थियो र टाइमटेवल पनि बनेको थियो तर लकडाउनको कारणले सम्भव भएन । हामी केही २/४ महिना ढिला भएका छौं मतलब ढिलै होइन यो २०२० मा नै हो बुझाउनु पर्ने २० सम्म बुझाउनु पर्ने हो तर हामी योभित्रमा कम्प्लिट गर्छौं यो दुबै कुरालाई । मैले अघि भनिहाले NDC हाम्रो सन्दर्भमा NDC अन्तर्राष्ट्रिय दृष्टिले हेर्दा मिटिगेसनको पार्टमा अलि बढी जोड हो । किन भने १.५ डिग्रीभित्रै सिमित राख्ने कुरा नै त्यसको ऋक्स हो । तर हाम्रो त्यो तापक्रम बढाउने ग्रिन ग्याँस इमिसनमा हाम्रो भूमिका नै ज्यादै नगन्य भएको हुनाले NDC मा हामीले एडप्टेसनको अनुकूलनको कारणले हामीले पनि जोड्या हौं र यो दुई वटैलाई हामीले एकीकृत गरिराखेको छौं । अब जहाँसम्म एउटा कुरा महत्वपूर्ण विभिन्न कुरा छ न्याव बनाउनको लागि लस एण्ड ड्यामेजको कुरा पनि माननीयज्यूले पहिले पनि उठाउनु भएको थियो । लस एण्ड ड्यामेजको बारेमा यकिन गर्न पाएको भएपछि नोक्सानी र क्षतिको अवस्था कस्तो हो जलवायुको दृष्टिले हेर्दाखेरि । यो निकै गाह्रो कुरा छ । तै पनि यो विभिन्न अब यो एउटा अध्ययनको ऋममा सुरु भएको छ अध्ययनको ऋम विभिन्न माध्यमबाट अध्ययन ऋम सुरु भएको छ । जलवायु परिवर्तनको कारणले सुरु भएको क्षति र नोक्सानीको अवस्था हो कस्तो हामी कहाँ भन्ने बारेमा एउटा तथ्याङ्क लिनु पर्ने छ । हामीले मोटामोटि के भनिराखेका छौं त भन्दा हिमालहरू घोलिँदै गइराखेका छन्, नदी प्रणाली बदलिँदै गइराखेका छन्, बाढी, पहिरो लगायतका विषयहरू, भू-क्षयका कुराहरू यो अनावृष्टि अतिवृष्टिका विषयहरू लगायतका यावत जो समस्याहरू छन् अब यो समस्या ठ्याक्कै जलवायु परिवर्तनको कारणले कति, माववीय अन्यप्रयत्न अरु समस्याको कारणले कति हो भनेर यसको चाहिँ अलिकति यसको सप्रेषणको कुरा यसको सेप्रेट गर्ने कुरा अलग गरेर यसको मूल्याङ्कन गर्ने कुरा लस एण्ड ड्यामेजको बारेमा एउटा धारणा बनाउने कुरा कति आफैमा जटिल एउटा प्रक्रिया त हुँदै हो । तैपनि अब अहिलेको यो २५ औं कोपमा यो विषयमा पनि अलि

सिरियसली । यसले पनि उठेको थियो लस एण्ड ड्यामेजको बारेमा । त्यो अनुसार नै लस एण्ड ड्यामेजको अवस्थालाई यकिन गरेर क्लाइमेट फण्ड मोविलाइज गर्ने कुरा छ योसँग रिलेट गर्ने भएको कारणले कहाँ कति क्षति भएको छ ? नोक्सानी भएको छ ? त्यो आधारमा नै क्लाइमेट फन्डको परिचालन हुने भएकोले यो विषयलाई हामीले प्राथमिकताका साथ लगेका छौं । र यो लस एण्ड ड्यामेजको यकिन हुँदा त एडप्टेसनको योजना बन्न धेरै सजिलो पनि हुन्थ्यो हामीलाई । तैपनि अब यो प्रक्रियामा छ अर्को कुरा यसको बजेटको विनियोजन भएको छ कि छैन भन्दा बजेटको विनियोजन त सबै तिर भएकै छ ।

अब विपद व्यवस्थापनसँग गृह मन्त्रालय अन्तर्गतबाट, विपद् व्यवस्थापन प्राधिकरण छ । त्यहाँबाट गर्ने भनेको पनि यहीसँग सम्बन्धित विषय छन् । हाम्रा भू-क्षयसँग जलाधार व्यवस्थासँग लगायतका विषयहरू यसैसँग सम्बन्धित छन् । त्यसपछि गएर हामी वृक्षारोपण लगायतका विषयहरू गर्छौं यो कहीं न कहीं योसँग सम्बन्धित छन् । भन्दाखेरि बजेटको विनियोजन भएकै छैन भन्ने होइन । बजेटको विनियोजन पनि विभिन्न ढङ्गले भइराखेको छ । ठ्याक्कै लस एण्ड ड्यामेज र अनुकूलनको निम्ति भनेर एउटै वीण्डोबाट नभए पनि यो विभिन्न रुपमा चाहिँ विभिन्न मन्त्रालय मार्फत् भइराखेका कारणले यो समस्याहरू होलान् । अब यो धनगढीको पीचको प्रसङ्ग छ माननीयज्यू, के मात्र भने अब वन मन्त्रालयले रुख कटानको निम्ति अनुमति दिने हो अब राइटको कुरा चाहिँ पूर्वनिर्धारित नै हुन्छ । अब रुख नै कटान नगरिकन पीच भइसकेपछि अब सायद त्यसले समस्या उत्पन्न नगर्ने भएर हो कि ? यदि समस्या उत्पन्न गर्ने हो भनेपछि त्यसपछि पनि आउला समस्या उत्पन्न नगर्ने तहको हो भनेपछि अब रुख कटानको अनुमतिको निम्ति मात्र वन मन्त्रालय आकर्षित भएको कारणले मैले यो विषयमा धेरै कुरा भन्न सकेन यो प्रोसेसमा आइसकेपछि मात्र त्यसको बारेमा भन्न सकिएला । टिसीएन अहिले हामीले नेपाल वन निगम यसलाई रुपान्तरण गरेका छौं । मैले अघि पनि यहाँ भनें निगमको तर्फबाट काष्ट र गैरकाष्टजन्य वन पैदावारहरूको प्रोसेसीङ्, मेनिफ्याक्चरिङ्ग लगायतका कामहरूमा यसलाई इन्भल्व गराउने ढङ्गले हामीले गरिराखेका छौं । केवल काठ ल्याएर बिक्री गर्ने, काठको बिक्री गर्नेमा मात्रै यसको भूमिकालाई सिमित नगरिकन हिजोको टिसीएनको भूमिकालाई सिमित नगरिकन यसलाई अब काष्ठ र गैरकाष्ठजन्य उद्यम विकासको क्षेत्रमा चाहिँ यसलाई परिचालन गर्ने हाम्रो सोच रहेको छ । वृक्षारोपणको कुरा अघि नै मैले धेरै कुरा भनिसकें । अब जनप्रतिनिधिहरूको दोहोनको म हुनु हुँदैन । यस्तो कहीं छ भनेपछि ठ्याक्कै यो कुनै कुरा भएन । मैले सैद्धान्तिक कुरा मात्र भने, जनप्रतिनिधिहरूले त अब यता महामारीहरू आउँदैछन् यो सबै महामारीहरूको यो सबै कुरालाई अझ ध्यान दिएर अब हाम्रा विकास प्रयत्नहरूलाई बढीसे बढी सम्मानमुखी बनाउनु पर्ने छ बढीसे बढी प्रकृतिमुखी पनि बनाउनु पर्ने स्थिति देखिन्छ । प्रकृति मैत्री इनोसेन्स हामीले प्रिभेन्सन गर्न सकियोस् । सामाजमुखी यस कारणले कि छचल्किएर अथवा अन्य कतैबाट चाहिँ ती समस्याहरू आए भने त्यसलाई सामना गर्ने सक्ने हाम्रो समाज तयार गर्नु पर्ने भयो । त्यसकारणले हाम्रा सबै विकास प्रयत्नहरूलाई प्रकृति मैत्री पनि बनाउने, समाजमुखी पनि बनाउनु पर्ने आवश्यकता छ । दोहन भन्ने कुरा त अब त्यो पनि अझ जनप्रतिनिधिले त अझ कल्पना गर्न सक्ने कुरा

भएन । त्यसकारण यो सैद्धान्तिक रूपमा मैले के भन्छु त यसको दोहनतिर होइन संरक्षण व्यवस्थापन उपयुक्त व्यवस्थापनतिर हामी लाग्नु पर्छ यो मेरो सैद्धान्तिक कुरा मात्र हो । यो प्रसङ्गमा जहाँसम्म मानव वन्यजन्तु द्वन्द्वको विषय निकै सही कुरा हो । हामी कहाँ वन पनि विस्तार भयो वन्यजन्तुहरू विस्तार भए । वन्यजन्तु मात्रै विस्तार भएको भए त्यति धेरै समस्या हुने थिएन होला । जनसङ्ख्या पनि विस्तार हुँदै गयो । समाजमा मान्छे पनि बढ्दै गए वनमा वन्यजन्तु पनि बढ्दै गए । भनेपछि आमुन्ने सामुन्ने हुने खतराको सम्भावना बढ्दै गयो अब । यसलाई अर्को शब्दमा भन्दा मानव र वन्यजन्तुको द्वन्द्वको सम्भावना र परिस्थिति अझ विकसित हुँदै गयो, बढ्दै गयो । अब यसको व्यवस्थापनको समाधान राहत मात्र हो त ? भन्ने कुरा राहत मात्र होइन । हामीले अहिले कार्यक्रममा राहत मात्र यसको समाधान भनेका छैनौं ।

पहिलो कुरा वन्यजन्तुहरू वनबाट बाहिर ननिस्किनको लागि वनभित्र नै ग्रासल्याण्ड वेटल्याण्डको व्यवस्था अथवा वासस्थानको उपयुक्त व्यवस्थापनभित्र चाहिँ गरिदिनु पर्‍यो नं १ । नं. २ बाहिर निस्किने ठाउँमा अब सोलार फेन्सिङ् गर्ने देखि लिएर तारबार लगायतका त्याहाँ भएका अरु केही कार्यक्रमहरू गर्नु पर्‍यो । त्यसलाई सोलार फिनिसीङ्बाट मात्र नभएर अरु प्राकृतिक रूपमा केही मानौं अब फलफूलका अथवा कागतीका कुराहरू हुन सक्छ, बेसारका कुराहरू हुन सक्छ, कृषि वन कार्यक्रम जुन वन्यजन्तुले रुची राख्दैन त्यो प्रति उसलाई एलर्जी हुन्छ । त्यस प्रकृतिबाट र त्यस बाटोबाट मान्छे चाहिँ लाभान्वित हुन सक्छ त्यो प्रकारको कृषि वनको कार्यक्रमलाई हामीले यो वन्यजन्तुसँग मान्छेको द्वन्द्वलाई न्यूनिकरण गर्ने अर्को उपायको रूपमा लगेका छौं । अब तेस्रो कुरा चाहिँ फेरि हुँदाहुँदै हुने क्षतिहरूको राहतको कुरा त योसँग सम्बन्धित भएर आउने नै भइ हाल्यो तेस्रो कुरा । अब चौथो कुरा उता अर्को प्रसङ्ग पनि छ अर्को ढङ्गमा पनि बहस भइराखेको छ । भारवहन क्षमता कति हो हाम्रो ? वन क्षेत्रभित्रमा एउटा निश्चित वनले अथवा एउटा संरक्षण क्षेत्रले कति वन्यजन्तुहरूको Weight धान्न सक्छ ? भारवहन गर्न सक्छ भन्ने कुराहरूको पनि अध्ययन गर्ने क्षमताको अध्ययन गरेर तदनुसारको व्यवस्थापनको बारेमा पनि सोच्नु पर्छ र यसरी भारवहन मात्रै मानव र वन्यजन्तु द्वन्द्वको परिस्थिति विकास भइराखेको छ यसको उचित ढङ्गले व्यवस्थापन गर्न सकिन्छ । भन्ने बारेमा दृष्टिकोण रहेको छ र त्यस अनुसार राहत मात्र होइन सबै क्षेत्रमा काम भइराखेको छ । अब अलिकति माननीयज्यूहरूले प्रश्न उठाइदिएपछि टाइम अलि ढिलो हुन गयो माफ गर्नु होला धन्यवाद । मैले मेरो कुरा टुङ्ग्याए ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी

विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश कुमार भट्टराई :-** सम्माननीय अध्यक्ष महोदय, यस सम्मानित सभामा विनियोजन शीर्षकमाथिको छलफलका क्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत माननीयज्यूहरूले उठाउनु भएका विभिन्न जिज्ञासाहरूको सम्बन्धमा आफ्ना संक्षिप्त धारणाहरू राख्नको निम्ति म यहाँ उपस्थित भएको छु । यो समयको लागि सम्माननीय अध्यक्षज्यू मार्फत् सम्पूर्ण माननीयज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु । माननीयज्यूहरू सबैलाई अवगतै छ यो कोभिड- १९ को कारणले सिङ्गो विश्व अहिले एक किसिमले भन्ने हो भने निकै नै कष्टसाध्य अवस्थामा गुज्रिरहेको छ । त्यसले  हरेक देशका अर्थतन्त्रहरूलाई गम्भीर नकारात्मक असर पारिरहेका छन् र त्यस मध्ये पनि सबैभन्दा बढी यो पर्यटन क्षेत्रमा यसको असरहरू देखा परेका छन् । नेपालमा पनि नेपालको पर्यटन क्षेत्रमा कोरोना भाइरस कोभिड-१९ का कारणले हामीले भ्रमण वर्ष २०२० लाई स्थगित गर्नु परेको छ । अझै पर्यटन क्षेत्र कसरी फेरि चलायमान हुन्छ भनेर अहिले नै पूर्वानुमान गर्न सकिने अवस्थामा समयका हिसाबले हामी छैनौँ । किनकि यसको प्रभाव कहिलेसम्म रहन्छ र मानिसको सम्पूर्ण ढङ्गले यसको त्रासबाट मानिसहरूको मनोविज्ञान कहिले मुक्त हुन्छ भनेर भन्न सकिँदैन । त्यसकारणले अहिले नै हामी यस विषयमा धेरै अनुमान लगाएर बोल्न सक्ने अवस्थामा छैनौँ । यस मन्त्रालय अन्तर्गत मुलतः यो कोभिड-१९ को कारणले हामीले जति पूँजीगत खर्चहरूलाई प्रस्तावित गरेका थियौँ । त्यसमा केही कटौती भएकै छ । विगतका आयोजनाहरूमा पनि जुन ढङ्गले पर्याप्त विनियोजन हुनुपर्ने थियो । त्यस्तो अवस्था छैन । विशेषगरि यसमा ठुला राष्ट्रिय गौरवको पूर्वाधारका कार्यक्रमहरूलाई यथावत राखिएको छ । विमानस्थलहरूको निर्माणमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई अगाडि बढाउने गरी बजेटको व्यवस्थापन भएको छ । ती कामहरू अगाडि हामी बढाउँदैछौँ । र कतिपय कामहरू छिटै नै सम्पन्न हुँदैछन् । खासगरिकन गौतम बुद्ध विमानस्थलको काम यदि कोभिड-१९ को अवस्था नभएको भए त्यो विमानस्थल सञ्चालनमै आइसक्ने अवस्था थियो । तर केही समय पछाडि धकेलिने अवस्था बनेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति लगायतका कामहरू निरन्तर छन् । लकडाउनको अवधिमा पनि यी सबै विमानस्थलमा काम रोकिएको छैन । निर्माण सामाग्रीहरूको व्यवस्थापन, श्रमिकहरूको व्यवस्थापन गरेर हामीले कामलाई अगाडि बढाएका छौँ । करिब ५५ वटा विमानस्थलहरू अहिले हामीसँग छन् । त्यसमध्ये ३४ वटा जति विमानस्थलहरू कालोपत्रे भएर सञ्चालित छन् । र अरु विमानस्थलहरू पनि बिस्तारै यसको स्तरोन्नति गर्ने, बिस्तार गर्ने काममा हामी निरन्तर लाग्नेछौँ । प्रादेशिक राजधानी भएका विमानस्थलहरूलाई हव विमानस्थलको रूपमा विकास गर्नको निम्ति हामी हरसम्भव त्यसमा लगानी गर्नेछौँ । त्यो प्रयत्नहरू अगाडि बढाउँदै लगेका छौँ । त्यस्तै यो संस्कृतिको क्षेत्रमा यो भूकम्पबाट क्षति भएका करिब ९ सयभन्दा

बढी सम्पदाहरूमध्ये यो बीचमा साढे ४ सयभन्दा बढी सम्पदाहरूको पुनः निर्माण भएको छ । यही आउने वर्ष हामी अरु २ सयभन्दा बढीको पुनःनिर्माण सम्पन्न गर्छौं । र आउने २ वर्षभित्रमा भूकम्पबाट क्षति भएका सम्पूर्ण सम्पदाहरूको पुनःनिर्माणको काम सक्नेगरि हामीले लक्ष्य राखेका छौं । बजेटहरूको व्यवस्थापन त्यसरी गरेका छौं ।

यद्यपी यो साल कोभिडको कारणले त्यति पर्याप्त त्यसमा पनि छैन तर हाम्रो प्राथमिकतामा छ । त्यस्तै पर्यटनको क्षेत्रमा सानातिना आयोजनाहरूमा पनि केही रकमहरू विनियोजन गर्नु पर्ने बाध्यता पनि हुन गयो तर हाम्रो चाहिँ प्राथमिकता ठुला पर्यटकीय गन्तव्यहरूको निर्माण गर्नेतिर नै जानेछ । माननीयज्यूहरूले पनि प्रादेशिक रूपमा ठुला गन्तव्यहरुमा जोड दिनुपर्छ भन्नुभएको छ । त्यसमा हामी प्रदेश सरकारसँग समन्वय गरिकन, स्थानीय तहसँग समन्वय गरिकन हरेक प्रदेशमा मुख्य गन्तव्यहरूको छनौट उहाँहरूको सहमतिमा गर्ने छौं । त्यसलाई बहुवर्षीय योजनामा रुपान्तरण गर्दै अलिकति दीर्घकालीन प्रभाव छोड्ने पर्यटकीय गन्तव्यहरू विकास गर्न हामी लाग्ने छौं । साधारण खर्च पक्कै पनि विगतमाभन्दा कटौती  भएकै छ । माननीयज्यूले यो कर्मचारीको भत्ता लगायतको कुरामा रकम बढेको जस्तै इङ्गित गर्नुभएको थियो तर गएको साल भनेको अहिलेको यो साल करिब २१ लाख त्यसमा विनियोजन भएकोमा आउने सालको लागि हामीले ६ लाखमात्रै त्यसमा राखेका छौं । उल्लेख्यमात्रामा त्यो घटेको कुरा म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । यसदेखि बाहेक आज मैले माननीयज्यूहरूलाई बताउनु पर्ने कुराहरू, विशेषगरि आजकै छलफलमा पनि पूरक प्रश्न गर्ने क्रममा पनि माननीयज्यूहरूले केही मन्त्रालयको सन्दर्भमा त्यो उठाउनु भएको छ र हिजो विनियोजन शीर्षकमाथिको छलफलको क्रममा पनि त्यो उठाउनु भएको छ । साथै हिजोमात्रै नेपाली काँग्रेसको संसदीय दलको तर्फबाट प्रधानमन्त्रीज्यूलाई ज्ञापनपत्र बुझाउने क्रममा पनि यी विषयहरू समावेश भएको हुनाले एउटा जिम्मेवार सरकारको नाताले यी प्रश्नहरूको उचित जवाफ यहाँहरूलाई उपलब्ध गराउनु अथवा यसमा सरकारको धारणा प्रष्ट गर्नु एउटा जिम्मेवारी भएको हुनाले मैले यो कुरा माननीयज्यूहरूलाई निवेदन गर्न चाहन्छु । त्यसमा विशेषगरि यो लकडाउनको अवधि कोरोना भाइरसको कारणले अन्तर्राष्ट्रिय उडानहरू प्रभावित भएका छन् ।

विदेशबाट आउनु पर्ने नेपाली अथवा विदेशी यात्रुहरूलाई ठुलो कष्ट भइराखेको छ र नेपालबाट जानु पर्नेहरूलाई पनि कष्ट भइराखेको छ । परिवारको विछोड भइराखेको छ, कोही परिवारको सदस्य अमेरिकामा हुनुहुन्छ, कोही क्यानडामा हुनुहुन्छ, कोही नेपालमा हुनुहुन्छ । यसले वास्तवमा एउटा विछोडको स्थिति बनाइराखेको छ । यस्तो  अवस्थामा सरकारले सकेसम्म बढीमात्रामा सहजीकरण गर्ने भूमिका खेल्ने हो । म यहाँ माननीयज्यूहरूलाई त्यो निवेदन गर्न चाहन्छु । त्यसमा पनि हाम्रो प्राथमिकता देशभित्र कोरोनाको प्रभाव बढ्न नदिनु, प्रभावित भएका मानिसहरूको सही ढङ्गले उपचार गर्नु र मानिसहरूको जीवन रक्षा गर्ने कुरा नै सरकारको प्रधान प्राथमिकता भएको हुनाले अन्य कतिपय विषयहरूमा सरकारले यथेष्ट ध्यान दिन कहिले काहीँ नसक्न सक्छ किनकि प्राथमिकता मान्छेको जीवन रक्षा गर्ने हो । प्राथमिकता मान्छेहरूलाई कोरोना लागिसकेपछि त्यसको सकुशल उपचार गर्ने र उहाँको परिवारमा खुशी ल्याउने हो । त्यसकारण सरकारको

प्राथमिकता त्यता जान्छ । त्यो भइसकेपछि बजेटहरू पनि बढी त्यहाँ खर्च हुन्छन् भन्ने कुरा माननीयज्यूहरूले नबुभ्नु भएको होला भन्ने म ठान्दिनँ । माननीयज्यूहरूले त्यो बुभ्नु भएको छ । संक्षिप्तमाभन्दा यो लकडाउनको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अहिलेसम्म १०८ वटा उडानहरू भएका छन् । अन्तर्राष्ट्रिय उडानहरू । त्यसमा प्यासेन्जर बोकेका यात्रु उडानहरू ६६ वटा भएका छन् र कार्गो उडानहरू ४२ वटा भएका छन् । यो यात्रु उडानबाट ११ हजार ८ सय ५६ जना प्यासेन्जरहरू यात्रुहरू आउनु भएको छ र जानु भएको छ । यसमा करिब ६ सय ४९ जना, हिजोसम्मको डाटा हो । ६ सय ४९ जना यात्रुहरू विदेशबाट नेपाल आउनु भएको छ त्यो अधिकांश नेपाली नै हुनुहुन्छ विभिन्न ठाउँबाट । अरु चाहिँ ११ हजार ७ सय २ चाहिँ विदेशी नागरिकहरू र विदेशमा जानु पर्ने नेपाली नागरिकहरू यहाँबाट उडान गर्नु भएको छ म माननीयज्यूहरूलाई त्यो निवेदन गर्न चाहन्छु । विदेशी वायुसेवाहरू, २५ वटा वायुसेवाहरूले ५४ वटा उडान गरेको छ, नेपालका ४ वटा वायुसेवाहरूले अरु बाँकी उडान गरेको छ, ५४ वटा उडान गरेको छ । यसरी म यो निवेदन गर्न चाहन्छु । विशेषगरि आज यो माननीयज्यूहरूलाई पनि मैले स्पष्ट गर्नु पर्छ । म माननीयज्यूहरू मार्फत् सम्पूर्ण नेपाली जनसमुदायले पनि जानकारी पाउनु राम्रो हुन्छ । साथै विदेशमा बस्ने दुःख पाएका हाम्रा नेपाली दाजुभाइ दिदी बहिनीहरूलाई पनि यो विषय प्रष्ट हुनु पर्छ भनेर मैले अलिकति यो विदेशबाट आउने फर्किने नेपालीहरूको व्यवस्थापनको बारेमा केही प्रष्ट बनाउनु पर्ने हुन्छ । माननीयज्यूहरूले पनि आज पनि उठाउनु भएको छ । २ डबल मात्र होइन, ३ डबल, ४ डबल भाडा भयो भनेर उठाउनु भएको छ माननीयज्यूहरूले । कहाँबाट त्यस्तो देखेर उठाउनु भयो मलाई थाहा भएन । माननीयज्यूहरूको कम्प्युटरको डाटा अलिकति गडबड भए जस्तो लाग्छ । अलिकति आफ्नो सफ्टवेयरलाई राम्रोसित अपडेट गर्नु भयो भने म खुशी नै हुने थिएँ माननीयज्यूहरू । यसमा माननीयज्यूहरूलाई म भन्न चाहन्छु २०७७ साल जेठ १२ गते हाम्रो मन्त्रिपरिषद्को बैठकले विदेशबाट आउने नेपालीहरूको सहजीकरण गर्ने एउटा कार्यविधि पास गर्‍यो । त्यो कार्यविधि माननीयज्यूहरूलाई थाहा छँदैछ । त्यसमा प्राथमिकता तोकिएको छ कस्ता मानिसहरूलाई, कस्ता नेपालीहरूलाई पहिलो प्राथमिकतामा राख्ने ? त्यो प्राथमिकता तोकिएको छ । त्यो प्राथमिकताको आधारमा सम्बन्धित देशमा रहेको नेपाली नियोग दूतावास अथवा कुटनीतिक नियोगले प्राथमिकताको क्रममा यात्रुहरूको नामावली तयार गर्छ । त्यो नामावली हाम्रो परराष्ट्र मन्त्रालयमा पठाउँछ । परराष्ट्र मन्त्रालयले त्यसलाई आवश्यक छानबिन गरेर स्वीकृत गर्छ र त्यसको निम्ति कस्तो खालको हवाई उडानबाट आउने ? त्यो कुरा निश्चित हुन्छ । त्यसमा २/३ वटा कुरा हुन्छन् । एउटा कुनै पनि कम्पनीले त्यहाँ काम गरिरहेका श्रमिकहरूलाई निशुल्क आफ्नो खर्चमा काठमाडौंसम्म उतार्छ । त्यो उसको खर्च हुन्छ । अर्को एउटा सम्बन्धित देशले पनि आफ्नो खर्चमा मानिसहरूलाई काठमाडौंसम्म ल्याउने काम गर्छ । त्यो पनि उसको खर्च हुन्छ त्यो हामीले खर्च गर्न पर्दैन । कम्पनीको पनि हामीले खर्च गर्न पर्दैन ।

अब कतिपय कम्पनीले पनि नल्याइदिने त्यो देशले पनि नल्याइदिने त्यस्तो मानिसहरूलाई नेपाल सरकारले यदि उहाँहरूको आर्थिक अवस्था एकदमै कमजोर छ,

उहाँहरू सक्नुहुन्न, उहाँहरूको अवस्था दयनीय छ भन्ने ठान्यो हो भने नेपाल सरकारले त्यस्ता उद्धार उडानहरू गर्नसक्छ । चौथो विकल्प हामीले आजको सन्दर्भमा सकेसम्म सस्तोमा हवाई भाडादर तोक्छौँ र त्यो हवाई भाडादर आफै टिकट काटेर आउनु पर्ने यो खालको क्याटगोरीको हुन्छ । यसैले हामीले विभिन्न ढङ्गले छुट्याएका छौँ । अब म माननीयज्यूहरूलाई के भन्न चाहन्छु भने हाम्रा नेपालीहरू चाहे त्यो कतारमा होस्, चाहे त्यो मलेसियामा होस्, चाहे अरु कुनै पनि देशमा होस् उहाँहरू किन जानु भएको छ ? आफ्नो रगत त्यहाँ बगाउनु भएको छ, आफ्नो पसिना बगाउनु भएको छ, परिवारसँग विछोड भएको छ अनेक सामाजिक तनावहरू उत्पन्न भएका छन्, त्यसका बाबजुद पनि १८ घण्टा, २० घण्टा त्यहाँ काम गरेर रगत, पसिना त्यहाँ बगाउनु भएको छ । त्यहाँको बैभव, त्यहाँको समृद्धि, त्यहाँको खुसीयालीका निम्ति हाम्रा नेपाली नौ जवान साथीहरूले रगत पसिना बगाएका छन् । जब उनीहरूलाई अप्ठ्यारो पर्छ भने त्यो देशको दायित्व हुन्छ कि उनीहरूलाई सकुशल मानवीय व्यवहार गर्ने । पहिलो कुरा त म भन्न चाहन्छु हाम्रो संसदले त्यो कुरा उठाउनु पर्छ । हाम्रो नेपाली जनसमुदायले त्यो कुरा उठाउनु पर्छ । तपाईंको खुसीको निम्ति हाम्रो नेपालीहरूले रगत पसिना बगाए । आज अप्ठ्यारो परेको बेला तपाईंले सडकमा फाल्न पाउनु हुन्न । तपाईंले आइएलओ कन्भेन्सनमा सही गर्नु भएको छ, तपाईंले श्रम सम्झौतामा सही गर्नु भएको छ भने त्यो तपाईंको दायित्व हो । हाम्रो संसदले त यो पो कुरा उठाउनु पर्छ जस्तो मलाई लाग्छ । त्यसो हो भने एउटा दवाव हुन्छ, योजना हुन्छ तर जे भए पनि हामीले यो पनि म माननीयज्यूहरूलाई भन्न चाहन्छु । कतिपय देशहरूले आफ्नो नागरिकहरूलाई यहाँबाट लानु भयो नेपाली पनि जानु भएको छ । अमेरिका जाँदा झण्डै ३ हजार डलरसम्मको टिकट काटेर यहाँबाट जानु भएको छ । यो हाम्रो सरकारले तोकेको भाडादर होइन । क्यानाडा जाँदा ३५ सयभन्दा बढी उठाइएको छ, अष्ट्रेलिया जाँदा २२/२५ सय डलरसम्म पनि पैसा उठाइएको छ । जापान जाँदा हजार डलर, १२ सय डलर, १५ सय डलरसम्म पनि पैसा उठाइएको छ । हङ्कङ जाँदा ८ सय डलरभन्दा बढी उठाइएको छ यसमा हामी कोही पनि बोल्दैनौँ । किनकि यो ठुलो देशको मामला हो । विदेशी एयरलाइन्सहरूको मामला हो, हामी यसमा बोल्दैनौँ किन भने डराउँछौँ ठुला देशको कुरा हो के गर्ला पछि भिसा नदेलाकि पछि जाँदा डर लाग्छ हामीलाई त यही भइराखेको छ । त्यही ठाउँमा हामीले भाडा तोकेका छौँ ५ सय ५० डलर हङ्गकङ्ग जाने जब कि त्यहाँ चाहिँ ८ सय डलर, हजार डलरसम्म भाडा उठाएर लगियो । हामी बोलेनौँ नेपाल एयरलाइन्सले ५ सय डलरमा लिएर आउँछ भन्दाखेरि नारा जुलुस भइराखेको छ अनि माननीज्यूहरू भन्नुहुन्छ ३ डबल भाडा उठायो । यो तोकेको हामीले यही हो । योभन्दा बढी हामी उठाउँदैनौँ । अझ म भन्न चाहन्छु कि भाडादर अनियमित ढङ्गले ट्राभल एजेन्सिहरूले उठाइराखेको छन् । एजेन्सिहरूले भन्ने कुरा हामीले थाहा पाएपछि मैले मन्त्रालयमा एउटा कमिटी बनाएर छानबिन गर्न लगाएको छु । मैले भनेको छु यदि अनियन्त्रित ढङ्गले भाडादर उठाइएको छ भने सप्रमाण हामी त्यो हेर्छौं त्यस्ता ट्राभल एजेन्सीहरूको लाइसेन्स खारेज गर्छौं । तिनीहरूलाई फेरि काम गर्न नदिने गरी कारबाही गरिन्छ । किनकि ब्रह्मलुट गर्न कहीँ पनि पाइँदैन ।

सरकार भनेको नियमनकारी निकाय हो त्यसले नियमन गर्छ । त्यसकारणले हामीले त्यसरी तोक्यौँ जापान जानेले १२ सय, १५ सय डलर तिरेर गए हामीले नेपाल एयरलाइन्सको भाडा तोक्यौँ ९ सय ३५ डलर । म माननीयज्यूहरूलाई सोध्न चाहन्छु ९ सय ३५ डलर बढी हो कि, १२ सय डलर बढी हो ? हामीले अष्ट्रेलियाको भाडादर तोक्यौँ १६ सय १५ डलर अष्ट्रेलिया जानेले तिरेका छन् २२/२५ सय डलर छ । अब हामीले भन्यौँ १६ सय १५ डलरभन्दा बढी लिन पाइँदैन । हाम्रो नेपाल एयरलाइन्सले १६ सय १५ डलरमा अष्ट्रेलियामा गएर नेपालीहरूलाई गएर लिएर आउँछ । कहाँको १६ सय १५ डलर कहाँको २५ सय डलर अनि माननीयज्यूहरूले यो कुरालाई राम्ररी हेर्न सक्नु भएन जस्तो मलाई लाग्छ । त्यस्तै कोरियाको EPS प्रणालीबाट जाने नेपालीहरूसँग हजार, १२ सय डलर उठाइयो । हामीले त्यसमा अब्जेक्सन गऱ्यौं र उताबाट आउने नेपालीहरूलाई हामीले आउछौँ भनेर कोरियन एयरले हामीलाई भन्यो चिठी पठायो हाम्रो सियोल स्थित दूतावास मार्फत् र उसले हजार डलर भाडा प्रस्तावित गऱ्यो । हामीले सोध्यौँ उसले नेपालबाट प्यासेन्जर लान्छ कि लादैन ? लान्छ लान्छ भने हजार डलर महङ्गो भयो । वान-वे भने पनि महङ्गो भयो एकपट्टि मात्रबाट आउने हो भने पनि महङ्गो भयो । नेपालबाट पनि प्यासेन्जर लान्छ भने झन् महङ्गो भयो । हामी हजार डलरमा स्वीकृत गर्दैनौं भन्यौं । त्यसपछि फेरि चिठी पठायो हाम्रो एम्बेसी मार्फत् उसले ७ सय ५० डलरमा ल्याउँछु भन्यो । हामीले त्यो ७ सय ५० डलर पनि काठमाडौंबाट पनि प्यासेन्जर ल्याउने हो भने महङ्गो हुन्छ भन्यो । हिजो मात्रै आयो ६ सय २५ डलरमा ल्याउँछु भन्नु भयो । कोरियनहरूले र हामीले भन्यौं ६ सय डलरसम्मा ल्याउनुहोस् । ६ सय डलरमा ल्याउँदा पनि उसले यताबाट प्यासेन्जर लान्छ त्यो कुरा हामी देख्दैनौँ । उसले कति कमाइराखेको छ त्यसलाई हामी देख्दैनौँ विचरा एउटा घिटिपिसे ढङ्गले खुट्टा टेकेको नेपाल एयरलाइन्समा ती सबैका आँखा लाग्छन् । अरुले कसरी कमाइराखेका छन् त्यतातिर ध्यान दिँदैनौं त्यसमा पनि म माननीयज्यूहरूलाई त्यो प्रष्ट गर्न चाहन्छु । त्यस्तै यो UAE को एयर अरेबियाले उसले यताबाट प्यासेन्जर बोक्नको निम्ति अनुमति मागेको थियो हामीले ठीक छ आउनुहोस् भन्यौँ । साथै उताबाट पनि प्यासेन्जर ल्याउँछु भनेपछि तपाईंको भाडादर कति ? हो भनेर सोध्दाखेरि ५ सय डलर भन्यो UAE को लागि हामीले भन्यौं ५ सय डलर महङ्गो हुन्छ । जब कि नेपाल एयरलाइन्सलाई हामीले कति तोकेका छौँ भन्दाखेरि UAE को लागि जम्मा ३ सय ६० डलर तोकेका छौँ । हामीले भन्यौं ३ सय ६० डलरमा तपाईं प्यसेन्जर ल्याउनु हुन्छ भने आउनुहोस् भन्यौं । उसले यसमा मानेको छैन । किनभने ३ सय ६० डलरमा हामीलाई नाफा हुँदैन भन्छ । जबकि हाम्रो नेपाल एयरलाइन्सले ३ सय ६० डलरमा ल्याउँदैछ त्यहाँबाट उद्धार गरेर ल्याउँदैछ । त्यसलाई पनि हामीले ठीक ढङ्गले बुझ्नेनौँ बङ्गलादेशको १ सय ६५ डलर, कतारको ३ सय ९२ डलर जबकि एउटा सामान्य अवस्थामा पनि यो भाडादर चाहिँ योभन्दा धेरै महङ्गो हुने स्थिति बन्छ । तर आज हामीले नेपालीहरूलाई नै उद्धार गर्ने कुरा हो त्यसैले सकेसम्म रनिङ्ग कष्टमा खर्च मात्र उठ्ने र धेरै नाफा नराख्ने गरिकन ल्याउनु पर्छ भनेर नेपाल एयरलाइन्सलाई हामीले भनेका छौँ ।

म माननीयज्यूहरूलाई स्पष्ट गर्न चाहन्छु । हामीले अमेरिकाबाट पनि युरोपबाट पनि नेपाली आउँदैछन् जबकि त्यहाँ पहिले अमेरिका जाँदा चाहिँ ३ हजार डलरसम्म पनि तिरेर गए तर हामीले तोक्यौं अब कुनै पनि एयरलाइन्सले अमेरिकाबाट नेपाली ल्याउँछ भने १५ देखि १६ सय डलरभन्दा बढी लिन पाउँदैन । यसमा सम्बन्धित एयरलाइन्सले पनि सहमति जनाएका छन् र उनीहरूले यही अनुसार उडान गर्छन् । युरोपतिर खासगरि लण्डन, फ्रेन्क फोर्टी जस्ता देशहरूमा हामीलाई ११ सय १२ सय डलर जति तोकेका छौं । जब कि योभन्दा पहिले त्यहाँ चाहिँ झण्डै-झण्डै तपाईंको १५ सय २ हजार डलर पनि तिरेर यात्रुहरूलाई लाने काम भयो । जबकि नेपाल एयरलाइन्सले अथवा नेपाली विमानहरूले सरकारले तोकेको सहुलियत भाडादरमा प्यासेन्जरहरू ल्याउने कुरा गर्छ । त्यसकारणले म माननीयज्यूहरूलाई के भन्न चाहन्छु भने हामी नेपाली भएर हेर्दाखेरि हाम्रा नेपाली वायुसेवाहरूलाई फाइदा पुगोस्, तिनीहरूको आर्थिक अवस्था राम्रो बनोस् हामीले हेर्ने त त्यही नै हो जस्तो लाग्छ । केही साथीहरू युवा साथीहरू नेपाल एयरलाइन्समा धर्ना बस्न जानु भयो त्यहाँको अध्यक्षलाई हप्कीदप्की गर्नु भयो तर ती मित्रहरू कुनै पनि ठुलो देशको एयरलाइन्स अथवा बीचमा बसेर अकुत नाफा कमाइरहेका ट्राभल एजेन्सीहरूसँग प्रश्न सोध्न पनि हिम्मत गर्दैनन् । तर हाम्रो एउटा बल्ल-बल्ल यसो चली आइराखेको एयरलाइन्समाथि धावा बोल्न जान्छन् र आफ्नो बहादुरी देखाउँछन् । त्यस्तोलाई मैले के भनुँ र खै । त्यस्तै माननीयज्यूहरू हामी यो सानो देशको लघुताभाषबाट मुक्त हुनु पर्छ कुनै देशका प्रधानमन्त्रीले योगाभ्यास गर्नुस्, एकदम अर्गानिक खानुस्, प्रतिरोधी क्षमता बढाउनुस् भन्दाखेरि धेरैले प्रशंसा गरे अहो प्रधानमन्त्री त त्यस्तो पो हुनु पर्छ जनतालाई कन्भिन्स गर्ने, कोरोनाको विरुद्ध लड्ने जब हाम्रो देशमा प्रधानमन्त्रीले पार्लियामेण्टमा आएर कोरोना विरुद्धको लडाइमा कसरी इम्यूनिटी पावर बढाउने ? भनेर नेपालका जैविक कुराहरूको प्रशंसा गर्दा धेरै मित्रहरूको बुद्धिजीवि मित्रहरूले सांसद साथीहरूले पनि उडाउनु भयो । अहो हाम्रो प्रधानमन्त्रीलाई त कहाँबाट ज्ञान आएछ ? हाम्रो प्रधानमन्त्री ज्ञान खोज्न हिड्नु भयो साथीहरू अरु देशका प्रधानमन्त्रीको प्रशंसा हाम्रा देशका प्रधानमन्त्रीले त्यही भन्दाखेरि कहाँबाट पढेर आएछ ? हाम्रो प्रधानमन्त्री भनेर खोज्न हिड्नु भयो । मलाई लाग्छ यो सानो देशको लघुताभाष लिनु पर्दैन । सत्य कुरा चाहे त्यो सानो देश होस् चाहे ठुलो देश होस् त्यो हामीले बोल्नु पर्छ । मलाई लाग्छ यही कुरा यहाँ पनि उपयुक्त हुन्छ जस्तो मलाई लाग्छ ।

जहाँसम्म यो वैदेशिक रोजगारको कल्याणकारी कोषको कुरा छ अघि श्रम मन्त्रीज्यूले पनि यसलाई प्रष्ट पारिसक्नु भयो । विदेशमा काम गर्न जाने विशेषगरि खाडी र मलेसियामा काम गर्न जाने श्रमिकहरूले जाँदाखेरि केही निश्चित पैसा त्यहाँ जम्मा गर्नुहुन्छ र उहाँहरूकै पैसा हो । अब त्यो पैसा चलाउने कि नचलाउने त्यो सम्बन्धित मन्त्रीको, मन्त्रालयको कुरा हो मैले भनेको थिए हामी एयरलाइन्सबाट सय डलर जति भाडा घटाऔं त्यो कोषबाट पनि अलिकति व्यवस्था गरौं । त्यसो अझै नेपालीहरूलाई सहज हुन्छ भनेको छु । मलाई विश्वास छ कि मन्त्रीज्यूले सम्बन्धित मन्त्रालयले त्यसमा सकारात्मक ढङ्गले त्यसमा हेर्नेछ । उहाँहरू यहाँ आइसकेपछि होल्डिङ् सेन्टरमा खानेपानी, खाजा, खानाको व्यवस्थापन र सम्बन्धित प्रदेशसम्म जाने यातायात व्यवस्था सम्भवतः त्यो प्रदेशबाट गर्नु भएको छ । यदि

हवाई भाडामा पनि उहाँहरूले सय डलर जति त्यसमा आफ्नोतर्फबाट योगदान दिनु भयो भने श्रमिकहरूलाई अझै सहज हुने थियो । त्यो मैले सम्बन्धित मन्त्रीज्यूसँग पनि भनेको छु हामी छलफलमा छौँ । अब यहाँ एउटा दृष्टान्त यहाँ दिन चाहन्छु ओमनबाट एउटा एयरलाइन्सले नेपालीहरूलाई लिएर आउनु भयो २ सय ९९ सय डलरमा हामीले त्यहाँ भाडा तोकेका छौँ ३ सय ६८ डलर हाम्रोभन्दा उसको सस्तो छ यहाँ । तर के कुरा बुझिएन भने त्यो एयरलाइन्सले जम्मा ७ केजी वेट लगेजमा दिन्छ हाम्रो नेपाल एयरलाइन्सले २५ किलो दिन्छ । हवाइ उडानमा १ के.जी. वेट तपाईंले थप्नु भयो भने सामान्यतय नेपाली १ हजार रुपैयाँ तपाईंले तिर्नु पर्छ । हामीले १८ के.जी. बढी दिएका छौँ । यदि हाम्रो जति नै वेट उसले बोक्यो भने उसले १८×१००० बराबर १८ हजार रुपैयाँ एक्स्ट्रा तिर्नु पर्छ । भनेपछि उसको भाडा कहाँ पुग्छ ? त्यो बजेट यो हो त्यसले १ गिलास पानी खान पनि दिँदैन । हाम्रो विमानले त्यहाँबाट यहाँसम्म आउँदा खाना खुवाउँछ अरु पनि फ्लाइटभित्रको सर्भिसहरू उसले दिन्छ । माननीयज्यूहरूलाई यो सबै आज मैले सायद बुझाउने मौका पाएँ मलाई खुसी नै लागेको छ । यति कुरा बुझेयौँ भने चाहे फेरि हामी यो कुरा छलफलमा दिनु पर्दैन भन्ने लाग्छ । त्यसकारणले म सबै माननीयज्यूहरूलाई भन्न चाहन्छु यस्तो अफ्ठ्यारो बेलामा कसैलाई पनि अनावश्यक नागरिकहरूलाई दुःख दिनु हुँदैन । नागरिकहरूलाई आर्थिक भार अनावश्यक ढङ्गले बोकाउनु हुँदैन त्यो कुरा म माननीयज्यूहरूलाई निवेदन गर्न चाहन्छु । त्यही कुरा कोरियन एयरलाइन्सका उसले हजार डलरमा ल्याउने प्रस्ताव र यदि हामीले हुन्छ भनेको भए नेपालीहरूले हजार डलर तिर्नु पर्दथ्यो । आज उसले अब ६ सय डलरमा ल्याउँदैछ । ४ सय डलर त हाम्रा दवावले अथवा हामीले अस्वीकृत गरेको कारणले १ जना व्यक्तिको ४ सय डलर त बचत गरिरहेका छौँ त । ५ सय डलरमा दुबईबाट ल्याउँछु भन्ने एयरलाइन्सले ३ सय ६० डलरमा झर्नु पर्‍यो भने झण्डै-झण्डै १ सय ५० डलर १ जना नेपालीको बचत हुँदैछ । दोहाबाट त्यस्तै हुन्छ, अन्यत्रबाट त्यस्तै हुन्छ, अमेरिकाबाट, युरोपबाट, जापानबाट पनि यिनै प्रकृयाहरू हुन्छन् । त्यसकारण यो कुरा म माननीयज्यूमार्फत् यो सम्मानित सभालाई निवेदन गर्न चाहन्छु । हामी यो कोरोना विरुद्धको लडाइँमा पर्यटन क्षेत्रको पुनर्स्थपनामा देशको अर्थतन्त्रलाई फेरि चलायमान बनाउने कुरामा हामी सबै एकताबद्ध भएर अगाडि बढौँ । माननीयज्यूहरूले उठाउनु भएका अरु थुप्रै कुराहरू मैले आज छुन सकिनँ किनभने समय पनि त्यस्तै छ । पछि पनि हामी छलफल गर्दै जाउँला कुन, कहाँ, कति बजेट भयो अथवा भएन हामी साझेदारीमा काम गर्न सक्छौँ प्रदेशसँग, स्थानीय तहसँग त्यसमा पनि माननीयज्यूहरूको रायसुझाव पछि हामी लिने नै छौँ । यति भनेर सम्माननीय अध्यक्षज्यू, मार्फत् यो संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा जिज्ञासा राख्नु हुने सम्पूर्ण माननीयज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, माननीय संस्कृति पर्यर्टन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईले दिनु भएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदछु । विनियोजन विधेयक

अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँदछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमााझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीले भने अनुसार प्रश्न सोध्न मात्र ५ मिनेट लाग्ने भयो तर १ मिनेटमा सोध्नु पर्ने छ । अब मन्त्रीज्यूले धेरै कुराहरू भन्नु भयो आवश्यक बजेट विनियोजन भएन भनेर । विनियोजन नभइरहेको बेलामा यो चुहान डाँडामा प्रधानमन्त्रीज्यूको आफ्नो जिल्ला भएको कारणले, जन्मेको थलो भएको कारणले यो बजेट नहुँदा नहुँदै त्यहाँ एयरपोर्ट बनाउनु पर्ने साना जहाजहरू हामीसँग छैनन् । कुनै पनि साना जहाजहरू, ट्वीनेटरहरू अनि त्यहाँ चाहिँ वाइडवडी लाने हो कि के हो मन्त्रीज्यू ? अनि हामीसँग ४/४ वटा जहाजहरू घाम तापेर बसेका छन् । ती जहाजहरू हामीले किन पठाएनौं त ? अर्काको हजार डलर किन स्वीकार गरेर बस्यौं ? त्यसलाई किन घटायौं भन्यौं ? डलर घटाउने नाममा जनता चाहिँ त्यहाँ श्रमिकहरू यातना पाएर बस्ने हो ? यतना भोगेर बस्ने हो ? हाम्रो देशको नागरिकहरू ? पैसा मात्रै ठुलो कुरा होइन नि मान्छेको लागि । जीवन ठुलो कुरा हो नि । त्यसकारण मन्त्रीज्यू यो अलिकति धेरै भएको जस्तो लाग्छ मलाई प्रश्न सोध्न धेरै लामो प्रश्नहरू थियो । त्यसकारण यति मात्रै प्रश्न सोधे जवाफ पाऊँ धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीज्यूसँग संक्षिप्त उत्तर चाहन्छु है । अब यो हाम्रो कार्यसूचीमा यो नेपाल सरकारको विभिन्न मन्त्रालयको सूची यहाँ पेश भएको हुनाले अरु-अरु मुलुकका मन्त्रालयको बारेमा गफ गर्न सकिएन । अब पछि सरकारले नै पेश गऱ्यो भने हामी गरौंला । अब यहाँ के छ भने वेदव्यासलाई विर्सेर त्यसपछि भानुभक्तलाई विर्सेर देवघाट लाई विर्सेर कसरी यो संस्कृति मन्त्रालय हुन सक्छ ? त्यतातर्फ अलिकति मन्त्रीज्यूको ध्यान पुगेन जस्तो लाग्यो । पर्यटन क्षेत्र उद्योगदेखि लिएर यो सबै होमस्टेहरू दुनियाँ थोक सबै यो एकदम धरासायी छ । तिनीहरूलाई कसरी उठाउने कार्यक्रम छ ? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । सरकार अभिभावक हो कि होइन ? त्यसैले विदेशमा अलपत्र परेकालाई अध्ययन गरेर सस्तो मूल्यमा ल्याउनु पर्ने सरकारले त्यो रणनीति अख्तियार गऱ्यो कि गरेन ? इन्धनमा ५२ प्रतिलिटर अहिले पनि नाफा छ । त्यसैले २४ घण्टामा २ पटक प्लेनको भाडा घटबढ हुनाले त्यहाँ विदेशमा रहेका नागरिक एकछिन म आफू पनि म विदेशमा अलपत्र छु भनेर सोचेर भन्ने हो भने कस्तो अवस्था हुन्छ भन्ने कुरा सरकारको ध्यान जान जरुरी छ । त्यसैगरि म अर्को पनि प्रश्न गर्न चाहन्छु, भर्खरै सरकारले भिसा लकडाउन अवधिभरि यहाँ रहेका पर्यटकहरूलाई एकसातासम्म भिसामा शुल्क जरिबाना नलाग्ने भनेर भन्यो फेरि यस जरिबाना उठाउन लाग्यो भनेर अहिले सम्बन्धित देशकाहरूले राजदूतवासमा गर्ने र अन्यत्र पनि विरोध गर्ने कार्यहरू आएको छ र फेरि सरकार यसमा निर्णय गर्ने अनि फेरि पुनर्विचार गर्ने हो भने समयमा नै किन पुनर्विचार ........(समय सकिएकोले माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईलाई समय उपलब्ध गराउँदछु ।

**माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश कुमार भट्टराईः**- सम्माननीय अध्यक्षज्यू, चुहानडाँडा एयरपोर्ट त्यो प्रधानमन्त्रीज्यूको गाउँ मात्रै भएर होइन । नेपालको लोकतान्त्रिक आन्दोलनको एउटा अग्रणी स्थान भएर पनि प्राथमिकता पाएको हो । त्यहाँ सानो जहाज नै बस्छ । र त्यसको आकाशमाथि वाइडवडी पनि उडेर विदेश जान्छ । हामीसँग ४/४ वटा जहाजहरू छन् । त्यसकारणले नै विदेशबाट आउने नेपालीहरूलाई ल्याउनलाई सबैभन्दा बढी प्राथमिकता हामीले हाम्रो जहाजहरूलाई दिएका छौँ । ६० वटा फ्लाइटमध्ये ४४ वटा फ्लाइटहरू नेपाल एयरलाइन्स र हिमाल एयरलाइन्सले गर्छ । यो प्राथमिकतामा नै राखेका छौँ, हामीहरूले वेदव्यास र भानुभक्त तनहुँको सन्दर्भमा माननीय प्रकाश पन्थज्यूले उठाउनु भएको छ । त्यही भएर व्यास क्षेत्रको पर्यटकीय विकासको निम्ति भनेर केही बजेटहरू हामीले राखेका छौँ । यदि त्यो अपुग भयो भने हामी त्यहाँको नगरपालिकासँग साझेदारीमा थप बजेटहरू व्यवस्था गर्न सक्छौँ । र भानुभक्तलाई पनि हामीले राष्ट्रिय प्राथमिकतामा नै राख्ने छौँ । त्यस्तै माननीयज्यूहरूले उठाउनु भएको छ जुन कुरा अघि मैले धेरै लामो फेहरिस्त पनि बताइसके त्यो प्रष्ट पनि बनाइसकेँ । सरकारले विदेशबाट आउने नेपालीहरूको सहजीकरण गर्ने सम्बन्धमा कस्तो नेपालीहरू कस्तो दाजुभाइहरू फ्री मा आउनु हुन्छ, कम्पनीले ल्याउँछ, त्यहाँको सरकारले ल्याउँछ, कतिपयलाई हाम्रै देशको सरकारले पनि उद्धार गर्छ र कतिपय आफ्नो पैसा हालेर आउनु

पर्छ सायद यो क्यटगोरी हामीले छुट्याएका छौं । यो प्रोग्रेसिभ नै छ । जसले सक्नु हुन्छ उहाँहरूले केही फेयरहरू भाडाहरू तिरेर आउनुहुन्छ । जसले सक्नु हुन्न त्यहाँको कम्पनी अथवा, त्यहाँको सरकार अथवा नेपाल सरकारले उहाँहरूलाई उद्धार गर्छन् । मेरो विचारमा योभन्दा उपयुक्त नीति अर्को हुँदैन होला जस्तो मलाई लाग्छ । जहाँसम्म भाडादर घटबढ भन्ने कुरा छ सुरुमा हामीले कुनै पनि एयरलाइन्सहरूलाई विदेशबाट मात्रै नेपालीहरूलाई उद्धार गर्ने, फ्लाइट गर्ने भनेका थियौं पछि हाम्रो सी.सी.एम.सीले यताबाट पनि कोही जान चाहन्छ भने लगिदिने भनेपछि यताबाट प्यासेन्जरहरू पाउने सम्भावना हुन्छ । त्यसो हुँदा सुरुमा तोकेको भाडाभन्दा सेकेण्ड लटमा हामीले सय डलर त्यसकारणले घटाएका छौं कि यताबाट पनि प्यासेन्जर चाहिँ हुन सक्ने सम्भावना भएको हुनाले तपाईंको भाडा अलिकति घटाउनु होस् भनेपछि दुबई एयरलाइन्सहरूले त्यो भाडा घटाएका हुन् । अहिले जुन भाडादर निर्धारण गरिएको छ । त्यस आधारमा पनि हामीले राखेका छौं ।

सामान्यतयाः हाम्रो पहिलेको निर्णय अनुसार यो लकडाउनको अवधिमा नेपालभित्र रहेका विदेशी पर्यटकहरूको भिसा अवधि सकियो भने त्यो भिसा अवधि एक्सटेन गर्ने र त्यसमा भिसा शुल्क नलाग्ने भन्ने नै सरकारको निर्णय हो । मैले बुझेको त्यही हो । यद्यपि यो इमिग्रेसन गृहमन्त्रालयको सवाल भएको हुनाले मैले पछिल्लो कालमा के त्यसमा थप अपडेटहरू भएको छ कि मलाई जनाकारी छैन । तर पहिलेको सुरुको निर्णय यही नै हो । यदि त्यसमा त्यो निर्णय कायम छ भने विदेशीहरूलाई ओभर स्टे भएको कारणले यो लकडाउनको अवधिभरिको भिसा शुल्क लाग्दैन नै । यदि गृहमन्त्रालयले पछि कुनै निर्णय गरेको छ भने मलाई जानकारीमा छैन । माननीयज्यूहरूलाई फेरि एक पटक धन्यवाद दिँदै सम्माननीय अध्यक्षज्यूलाई समय उपलब्धताको निम्ति धन्यवाद भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टलाई उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँदछु ।

**माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टः**- सम्माननीय अध्यक्ष महोदय, आगामी आर्थिक वर्ष ७७/७८ को बजेट तथा कार्यक्रमको विनियोजन विधेयकमाथि सम्मानित सभाको छलफलमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित विषयहरूमा माननीय सदस्यज्यूहरूले उठाउनु भएको प्रश्न र प्रदान गर्नु भएका सुझावहरूका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । यी सुझाव र जिज्ञासा मन्त्रालयको लागि महत्वपूर्ण मार्ग दर्शन पृष्ठपोषणको रूपमा रहेको मेरो विश्वास छ । माननीय सदस्यज्यूहरूले उठाउनु भएका सबै जसो विषयहरूमा आगामी आर्थिक वर्षको बजेट तथा

कार्यक्रममा समावेश भएका छन् भने कतिपय विषयहरू मन्त्रालयको प्राथमिकतामा रहेका छन् । बजेटको सिमितताका कारण सबै माननीयज्यूहबाट माग भएका योजना र कार्यक्रमहरू हुबहु राख्न नसकिएकोमा क्षमा माग्दै ती योजना र कार्यक्रमहरू आगामी आर्थिक वर्षहरूमा समेट्दै लग्ने विश्वास दिलाउन चाहन्छु । सम्माननीय राष्ट्रपतिज्यूले यस गरिमामय सदनमा प्रस्तुत गर्नु भएको नेपाल सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममा आधारित रही उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको २०७७/७८ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको थियो छ । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ ले सिर्जना गरेको चुनौतीलाई सम्बोधन गर्दै विकास देशभित्र उद्यमशीलता प्रवर्द्धन गर्ने, औद्योगिक लगानी वृद्धि गर्ने र उद्योग धन्दाको विकास गर्ने उद्योग व्यापारको क्षेत्रमा व्यापक रोजगारी सिर्जना गर्ने, अन्तर्राष्ट्रिय व्यापार घाटा कम गर्ने, आपूर्ति व्यवस्थालाई सहज र सरल बनाउने आन्तरिक वितरण प्रणालीलाई सुदृढ गर्ने एवम् उपभोक्ता हित प्रर्बद्धन र संरक्षण गर्ने गरी मन्त्रालय अघि बढ्ने कुरा छ । यस क्षेत्रमा विनियोजन भएको रु १० अर्ब १८ करोड ६४ लाख पारदर्शि र मितव्ययी त्यही तवरले खर्च गर्दै उच्च प्रतिफल प्राप्त गर्न म र मेरो मन्त्रालय प्रतिबद्ध रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, गरिबी निवारणको लागि ७७ वटै जिल्लामा सञ्चालित लघु उद्यम विकास कार्यक्रमलाई थप विस्तार गरी ६३ हजार लघु उद्यमी सिर्जना, ३३ हजार लघु उद्यमीहरूको स्तरउन्नति, लघु उद्यमीहरूलाई १५ सय ६ वटा प्रविधि हस्तान्तरण गरिने छ । गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम ७७ वटै जिल्लाका सबै स्थानीय निकायहरूमा विस्तार गरी ६३ हजार लघु उद्यम सिर्जना गर्ने, ३३ हजार लघु उद्यमीको स्तरउन्नति र उद्यमीहरूलाई १५ सय ६ वटा प्रविधि हस्तान्तरण गर्ने कुरो, कोभिड -१९ को कारणले रोजगारी गुमाई स्वदेश फर्कने युवा समेतलाई लक्षित गरी ग्रमीण उद्यम तथा विप्रेषण आयोजनाबाट १२ हजार १ सय जना र घरेलु तथा साना उद्योग प्रर्बद्धन केन्द्रबाट थप १० हजार १ सय ४ जनालाई विभिन्न किसिमका शीपमुलक तालिम प्रदान गरिने छ । तालिमलाई बजारको माग अनुरूप परिमार्जन गरिने छ र रोजगार सूचना बैङ्कको व्यवस्था गरी बेरोजगारहरूलाई निजी क्षेत्रको समेत सहभागितामा रोजगार मुलक तालिम कार्यक्रम सञ्चालन गरिने छ । स्वदेशी तथा विदेशी लगानी लागि गरिएका नीतिगत, प्रकृयागत र संस्थागत सुधारका कामलाई कामहरूलाई अझ परिस्कृत र नतिजामुलक ल्याइनेछ । उद्योग विभाग र कम्पनी रजिष्टारको कार्यालयमा उद्योग व्यवसाय दर्ता नविकरण र बहिर्गमनको प्रकृयालाई विद्युतीय माध्यमबाट सरलीकृत गरी स्वचालित बनाइने छ । देशलाई औद्योगीककरणको तिव्र मार्गमा लैजान बाँकेको नौवस्था, चितवनको शक्तिखोर, मकवानपुरको मयुरधाप, रुपन्देहीको मोतिपुर, कैलालीको लम्की र कञ्चनपुरको दैजुमा औद्योगिक क्षेत्रहरू निर्माण र विकास गर्नेछन् । कैलालीको हरैयामा विशेष व्यापार क्षेत्र र कञ्चनपुरको दोधरा चाँदनी स्थित कुञ्जमौजमा सुख्खा बन्दरगाह निर्माणका लागि अध्ययन सम्पन्न गरिने छ । चालु आर्थिक वर्षबाट स्थानीय कच्चा पदार्थ, सीप, प्रविधि र पूँजीको उपयोग गरी स्थानीय स्तरमा ४५ वटा थप औद्योगिक ग्रामहरूको निर्माण सुरु गरिएको छ । आगामी आर्थिक वर्षमा थप १ सय ३० औद्योगिक ग्राम घोषणा गरी सञ्चालनमा ल्याउन

स्थानीय तहहरूलाई वित्तीय सहयोग र समन्वय गरिने छ । उत्तरी सिमाना र दक्षिणी सिमानामा लगानी र औद्योगीकरणलाई तिव्रता दिन अन्तरदेशीय आर्थिक क्षेत्र (क्रस बोर्डर इकोनोमिक जोन) निर्माणको प्रकृया अघि बढाइने छ र निर्माण भई सञ्चालनमा आएका र निर्माणाधिन रहेका औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा स्थापना हुने उद्योगहरूलाई थप सहुलियत र एकीकृत सुविधाको प्रबन्ध मिलाइने छ ।

यस्ता क्षेत्रहरूको सञ्चालनमा विशेष ध्यान पुऱ्याइने छ । स्वदेशी खनिज जन्य उद्योगहरूको विकास गर्न सुन, म्याग्नेसाइड, फोस्फोराइड, सिलीका, मोति तथा किम्ती तथा अर्ध किम्ती, पत्थर, तामा, युरेनियम लगायतका १४ वटा खनिज पदार्थको अन्वेषण गरिने छ । विभिन्न १० खनिज पदार्थको अन्वेषण कार्य सम्पन्न गरी उत्खननको अनुमति दिइने छ । दैलेख जिल्लामा पेट्रोलियम अन्वेषण ड्रिलिङ्ग कार्यलाई निरन्तरता दिइने छ । धोवादी फलाम खानी उत्पादनमा ल्याउन आवश्यक पूर्वाधार विकास गरिने छ । ठोसे फलाम खानी र सोलुखुम्वु तामा खानीको पहुँचमार्ग निर्माण गरिनेछ । ढुङ्गा, गिट्टी, बालुवा जन्य खनिज उद्योगलाई वातावरणीय प्रदुषण नियत्रण न्यूनीकरण हुने गरी सञ्चालन अनुमति दिने व्यवस्था गरिने छ । देशभित्र उपयुक्त स्थान छनोट गरी अन्तर्राष्ट्रिय स्तरको औद्योगिक प्रदर्शनी स्थल निर्माणको लागि अध्ययन तथा तयारी कार्य सुरु गरिने छ । सार्क स्तरीय घरेलु प्रदर्शनी कक्ष र सार्क हस्तकला केन्द्रको भवन निर्माण कार्यक्रम आगामी आर्थिक वर्षमा सुरु गरिने छ । प्रतिस्पर्धी क्षमता भएका उत्पादनहरूमा आत्मनिर्भरतातर्फ अग्रसर हुने र स्वदेशी उत्पादनको उपभोग बढाई स्वदेशी उद्योगलाई टेवा दिन विशेष पहल विज्ञहरूसँग परामर्श गरी सरकारी स्वामित्वमा रहेका बन्द तथा रुग्ण उद्योगहरू उद्योग एवम् संस्थानहरूलाई निजी क्षेत्रसमेतको सहभागितामा उपयुक्त व्यवस्थापन विधि र प्रकृया पुनः सञ्चालन गरिने छ ।

अध्यक्ष महोदय, नेपाली वस्तुको निर्यात वृद्धि गर्न देशगत र क्षेत्रगत रणनीति तथा तयार गरी कार्यान्वयनमा ल्याइनेछ । निर्यात वृद्धिका लागि नेपाली कुटनीतिक नियोगहरूलाई यस कार्यमा परिचालन गर्न आवश्यक समन्वय गरिने छ । नेपाली उत्पादनको विशिष्ट पहिचान र गुणस्तर कायम हुने गरी ब्राण्डिङ् गरिने छ । निकासी प्रोत्साहन प्राप्त गर्ने प्रकृयालाई सरल बनाइनेछ । निकासी प्रोत्साहन पाउने वस्तुको दायरा बढाइनेछ । अनावश्यक वस्तुको आयातलाई निरुत्साहित गर्न सेफ गार्डस्, एण्टि डम्पिङ्ग तथा काउन्डर भ्येलिङ्ग सम्बन्धी कानूनको पूर्ण कार्यान्वयन गरिने छ । आम स्वास्थ्यका लागि हानिकारक हुने उपभोग नगर्दा पनि हुने र संरक्षण गर्नु पर्ने स्वदेशी वस्तुहरूको पहिचान गरी आयात प्रतिवन्ध र महशुल वृद्धिका उपाय अपनाइनेछ । विद्युतीय व्यापार ई-कमर्श रणनीतिको कार्यान्वयन गर्दै विद्युतीय व्यापारलाई प्रोत्साहित र व्यवस्थित गरिने छ । कोभिड-१९ का कारण गरिएको बन्दाबन्दीका बीच पनि आपूर्ति व्यवस्थालाई सहज बनाउन गरिएको प्रयासले सार्थकता पाएको छ । स्वदेशी उत्पादनले बजार पाउने गरी आपूर्ति श्रङ्खलालाई थप प्रभावकारी बनाइएको छ । उत्पादन आयात र बजारको मागको एकीकृत तथ्याङ्क प्रशोधन र विश्लेषण गरी आपूर्ति व्यवस्थालाई सुदृढ गर्न एकीकृत आपूर्ति व्यवस्थापन प्रणाली निर्माण गरिने छ । स्वदेशी उत्पादनको बजार नपाउने तर विदेशी

उत्पादन निर्माण सुधारमा बिक्री वितरण हुने कार्यमा ध्यान दिन माननीय सदस्यहरूले दिनु भएको सुझावलाई ग्रहण गर्दै स्वदेशी उत्पादनको बजारीकरणका लागि सरोकारवाला निकायहरू समेतको समन्वयमा ठोस् पहल गरिने छ । कृषकहरूलाई आफ्नो उत्पादनको उचित मूल्य प्रदान गर्न बाली लगाउनुपूर्व नै न्यूनतम् समर्थन मूल्य तोक्ने नीति अनुरूप आगामी आर्थिक वर्षका लागि धानको बिउ न्यूनतम् समर्थन मूल्य तोकिएको जानकारी गराउँछु ।

चालु आर्थिक वर्षको धान र गहुँको न्यूनतम् समर्थन मूल्य तोकी करिब २० हजार मेट्रिक टन धान र करिब ५ सय ६० मेट्रिक टन गहुँ नेपाल सरकारले खरिद गरेको छ । उच्च हिमाली र पहाडी जिल्लाहरूमा खाद्यान्न, नुन ढुवानी गर्ने कार्यलाई निरन्तरता दिइने छ । देशभर कूल ३ लाख १० हजार मेट्रिक टन खाद्यान्न मौज्दात रासन पुग्ने गरी पूर्वाधार निर्माण र अन्य आवश्यक व्यवस्था गरिने छ । क्षेत्रमा हुन सक्ने खाद्यान्न अभाव तथा विश्वव्यापी रूपमा समय-समयमा आउने बाह्यि अवरोधका कारण आपूर्ति श्रङ्खलालाई समस्या आउन नदिन आवश्यक व्यवस्था गरिएको छ । मुलुकमा पेट्रोलियम पदार्थको अभाव हुन नदिन आवश्यक परिणाम मौज्दात रहने छ र आवश्यक र सम्भाव्य व्यापारिक आवस्थाको विश्लेषण गरी विक्रेता इजाजत अनुमति प्रदान गर्ने व्यवस्था मिलाइने छ । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र गुणस्तर नाप तौल विभागबाट निरन्तर रूपमा बजार अनुगमन भइरहेको छ । उपभोक्त संरक्षण ऐन र नियामावली कार्यान्वयनमा आएपछि बजार अनुगमनमा प्रभावकारिता आएको छ । बजार अनुगमनलाई थप प्रभावकारी बनाउन उपभोक्ता हित संरक्षण गरिने छ । मन्त्रालयका कार्यक्रमहरूमा तीनै तहका सरकारबीच सहकार्य र समन्वय एवम् निजी क्षेत्र तथा विकास साझेदारहरूसँग कार्यगत समन्वय गर्दै सञ्चालित कायक्रमहरूको अनुगमन तथा मूल्याङ्कन र अध्ययन अनुसन्धान कार्यहरूलाई निरन्तरता दिइने छ । उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्रमा आम जनताका मागहरूको प्रतिनिधित्व गर्दै माननीयज्यूहरूले दिनु भएका सुझावहरू स्रोत साधनको भ्याएसम्म उच्च प्राथमिकता दिई क्रमशः कार्यान्वयन गर्दै लग्ने प्रतिबद्धता गर्दछु । माननीयज्यूले हिजो पनि मैले अलि यहाँ उठ्यो यो एटीएफमा ५२ रुपैयाँ मुनाफा लियो सरकारले भनेर आज पनि उठाउनु भएको छ । यो सही जानकारी नहुँदा यो खालको हुन्छ । यो पेट्रोलमा अहिले ६८ पैसा मात्रै हामीले मुनाफा लिएको छ प्रतिलिटर, डिजेलमा ३ रुपैयाँ ३७ पैसा छ । एटिएफमा १२ रुपैयाँ छ नाफा चाहिँ । अहिले हामीले हरेक चीजको मूल्य निर्धारण गर्दा के गर्दछौँ भने हामीले भारतको मूल्यलाई पनि ध्यान मनन् गर्छौं । अहिले भारतको र हाम्रो डिजेलको मूल्यमा २९ रुपैयाँको अन्तर छ । त्यो भएर उता महङ्गो भएपछि यताको सस्तो वस्तुहरू अथवा पेट्रोलियम पदार्थ पारि जान्छ त्यो भएर सन्तुलन गर्नु पर्ने हुन्छ । चाहे त्यो खाद्यान्न होस्, चाहे पेट्रोलियम पदार्थ । त्यो भएर यो चीजलाई ध्यान दिनु पर्ने हुन्छ माननीयज्यूहरू, त्यो भएर मैले यहाँ धन्यवाद दिन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले दिनु भएको जवाफका सन्दर्भमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्रै स्पष्टीकरण माग गर्न पाउनु हुने व्यवहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय मन्त्रीज्यूलाई जिज्ञासा छ । यो उद्योग वाणिज्य र निजी क्षेत्रको असन्तुष्टि कायमै छ, प्याकेज, राहतहरू आउन सकेनन् । नेपाल भित्रने खाद्य पदार्थहरू तरकारीजन्य वस्तुहरूको विषादी, गुणस्तर परीक्षण गर्ने कुरा थियो । यो अहिले कति ठाउँमा कहाँ-कहाँ परीक्षण भइरहेको छ । यो जानकारी चाहन्छु । र यो खाद्य संस्थानहरूमा चामलहरू कुहिने कुरा बारम्बार आइराख्छ । यो मन्त्रालय वा कुन मन्त्रालयले हेर्छ मलाई थाहा भएन । यसको पनि जानकारी चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देबकोटा ।

**माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । अहिले कोभिड-१९ का कारण उद्योगहरू धरासायी भएका छन् । हामीले रोजगारीबाट फर्केकालाई मझौला तथा साना उद्योगहरूमा जबसम्म संलग्न गराउन सक्दैनन् । तबसम्म फेरि रोजगारीका अवसरहरू सिर्जना हुँदैनन् भन्ने पनि छ । त्यसैले एकातिर घरेलु उद्योगहरू धरासायी छन्, निराश छन् । अर्कोतर्फ मझौला तथा साना उद्योगहरू पनि अझ बन्दाबन्दीको बेला स्वास्थ्यलाई ख्याल राखेर काम गर्ने अवस्थामा अझै आइसकेका छैनन् । तिनीहरूलाई ल्याउनको लागि सरकारको के रणनीति छ ? के योजना छ ? अब तत्काल सुरुवात गर्नको लागि भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरि अहिले खाद्य सामाग्रीहरू जहाँ तही पनि यो मिसावट बढी छ । हामीले अनुगमन गर्‍यौं भन्निछ । अनुगमनको परिणाम निक्लँदैन । केबल कागजमा मात्रै अनुगमन हुन्छ कि साँच्चै अनुमगनको लागि अनुगमन हो कि ? परिणाममुखी................ (समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टलाई समय उपलब्ध गराउँछु ।

**माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्ट**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले सोधिएका प्रश्नहरूको लागि धन्यवाद छ । र अहिले हामीले यो बोर्डरबाट जुन आयात हुन्छ, पहिलो कुरो त हामीलाई जति आवश्यक हो । त्यति नेपालमा तरकारी, फलफूल यो उत्पादन हुँदैन । यो उत्पादनतिर योपछि अब कृषि मन्त्रीज्यूले पनि राख्नु हुन्छ । हाम्रा कति उत्पादन हुन्छन् र हाम्रो योजना के हो भन्ने तर हामीले भारतबाट अहिले तरकारी, फलफूल र तेस्रो मुलुकबाट आयात नगरिकन हामीले माग पूरा गर्न सक्दैनौं । यो बीचमा कोभिड-१९ को कारणले अलिकति केही अप्ठ्याराहरू भएको निश्चित रूपमा हो । हाम्रो किसानको खेतबाट बजारसम्म आउन नसकेको बिचौलियाहरूले काम नगर्दाखेरि त्यो नआउदा केही समस्या देखापरेको थियो । पछिल्लो चरणमा हामी आफै पनि उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि मन्त्रालय, सहकारीहरूसँग समन्वय गरेर हामीले बजारसम्म ल्याएका छौं । जहाँसम्म यो कहाँ-कहाँ छ ? चेक जाँच गर्ने यो विषादी हो कि होइन भन्ने कुरो हाम्रा जहाँ-जहाँ मुख्य नाकाहरू छन् । जहाँबाट आयात हुन्छ । त्यहाँ हाम्रो क्वारेण्टाइन छ । त्यहाँ चेक जाँच हुन्छ । चेक जाँच भएर मात्र भित्रिन्छ । नेपालमा उत्पादित जो किसानले उत्पादन गर्छ । विशेषगरि उपत्यकाको वरिपरिका जिल्लाहरूमा त्यहाँ पनि विषादी प्रयोग हुन्छ । त्यो खान योग्छ छ कि छैन भनेर हाम्रो खाद्य प्रविधि प्रयोगशालाले चेक जाँच गर्छ । त्यसपछि मात्र बजारमा आउछ र मैले माननीयज्यूहरूले राखेको जिज्ञासा र यो घरेलु उद्योगहरूको स्थिति के छ ? मझौला उद्योगहरूको के छ ? सञ्चालनमा ल्याउन मन्त्रालयले के गरेको छ ? नेपाल सरकारले के गरेको छ ? भन्ने सन्दर्भमा यो बीचमा हाम्रा उद्योगहरू जब कोभिड-१९ को सङ्क्रमण भयो । यो महामारी आइसकेपछि लकडाउनको जुन स्थिति रह्यो । त्यसले गर्दा हाम्रा उद्योगहरू बन्द हुने स्थिति रहे । तर पनि यो लकडाउनको बीचबाट पनि विशेष गरी यो खाद्य वस्तुसँग जोडिएको उद्योगहरू सञ्चालनमै रहेको र त्यसले उत्पादित भएका वस्तुहरू बजारमा आएको थियो । अहिले हामीले त्यो खालको वातावरण बनाएका छौं र घरेलु तथा साना उद्योग विशेषगरि औद्योगिक ग्रामहरू जो हाम्रो समाजवादको लागि आधारभूत हाम्रो टेक्ने ठाउँ हो । ग्रामिण उद्योगहरूलाई विशेष जोड दिएका छौं । त्यसलाई अगाडि बढाउने र विशेषगरि नेपाली वस्तुहरूमा आधारित भएर कच्चा पर्दाथमा आधारित भएका साना उद्योगहरूलाई अगाडि बढाउने नीति रहेको छ । र यो बीचमा यो घरेलु उद्योगहरूका समस्याहरू छन्, वेरोजगारीहरूलाई उद्यमशीलता तिर तालिम दिएर हामीले त्यो कार्यक्रम भएको छ । त्यो कार्यक्रम मार्फत् हामीले विशेषगरि हाम्रा क-कसको के दक्षता छ ? वा दक्ष जनशक्ति कसरी उत्पादन गर्ने ? निजी क्षेत्रमा त्यसलाई पनि ध्यान दिएर हामीले ऊ गरेका छौं । नीति अगाडि बढाएका छौं । कार्यान्वयनमा पनि गइसकेको छ । अहिले हामीले उद्योग व्यवसायीहरू त्योसँग सम्बन्धित उद्योगीहरूसँग पनि छलफल गरेर अघि बढाएका छौं ।

अहिले भर्खरै अब यो चैते धान खरिद पनि हामी पक्रियामा छौँ र अहिले हामीसँग मौज्दाद पनि रहेको । प्रशस्त अब हामीलाई ६ महिनासम्म पुग्ने खाद्यान्न मौज्दाद छ । मैले माननीयज्यूहरूले जो प्रश्न सोधेर सुझाब सल्लाह दिनु भयो । त्यसको लागि हार्दिक धन्यवाद दिदै सम्माननीय अध्यक्षज्यूले समय दिनु भएकोमा उहाँलाई पनि हार्दिक धन्यवाद दिदै आफ्नो भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकाललाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भानुभक्त ढकालः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विनियोजन विधेयकमाथिको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित छलफलमा उठेका प्रश्नहरूको बारेमा केही प्रष्टीकरण दिन यहाँ उपस्थित भएको छु । छलफलमा भाग लिनु हुने सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्न चाहन्छु । जसले हामीलाई अगाडि बढ्नको निम्ति अझ बाटो देखाउने छ र अझ दरिलो ढङ्गले अगाडि बढ्नको निम्ति सहयोग पुग्ने नै छ । अहिले यो वर्षको बजेटको हिसाबले भन्ने हो भने अघिल्लो वर्ष ६८ अर्ब ६८ करोड बजेट रहेकोमा अहिले ९० अर्ब ६९ करोड रहेको छ । २२ अर्बले यो रकम बढेको छ । अथवा भनौँ ६.१५ प्रतिशत अहिले टोटल बजेटको यसले लिएको छ । स्वास्थ्य मन्त्रालयको हिसाबले भन्ने हो भने बजेट ३२ प्रतिशतले बढेको छ । तर समग्र स्वास्थ्य क्षेत्रको कुरा गर्ने हो भने बजेटको ७.८ प्रतिशत लगानी यहाँ रहेको छ । किनभने टिचिङ्ग हस्पिटल, सैनिक र सिभिल हस्पिटल लगायतका अस्पतालहरू पनि स्वास्थ्यसँगै सम्बन्धित पर्छन् । तर यो स्वास्थ्य मन्त्रालयभित्रबाट तिनीहरूको रकम चाहिँ विनियोजित हुँदैन । त्यो सबै जोड्ने हो भने रकम ७.८ प्रतिशत लगानी छ । १५ बेडका अस्पतालहरूको निम्ति अहिले यो वर्षको निम्ति २ अर्ब ४० करोड रहेको छ । अहिले हामीले २७४ वटा व्यवस्था गरेका छौँ । त्यसमा यसलाई विनियोजन गर्न बाँकी नै रहेको छ । अहिलेको यो स्वास्थ्यसँग सम्बन्धित विषयमा कुरा गर्दा हामी COVID-19 बाट अलि बेशी प्रभावित छौँ । त्यही कारणले गर्दा हामीले हाम्रा अस्पतालहरूको संरचनागत औजार औषधिका सुधारहरू गर्ने कुरालाई पनि केही विषयलाई केन्द्रमा राखेर हामीले प्राथमिकताका साथ योजना बनाएका छौँ । केन्द्रमा ३०० बेडको सरुवा रोगसँग सम्बन्धित उपचार गर्ने अस्पतालको व्यवस्था । सात वटै प्रदेशमा ५० बेडभन्दा माथिको सरुवा रोग नियन्त्रण गर्नको निम्ति ७ वटा अस्पताल र ती उन्नतस्तरका ल्याब सहितको अस्पतालको व्यवस्था । प्रत्येक प्रदेशमा रहेका संघका अस्पतालहरू र संघका अस्पताल नभएका प्रदेशहरूमा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू गरेर जम्मा ७ वटालाई ५००

बेडको अस्पतालको रूपमा स्तरबृद्धि गर्ने र नमुना ढङ्गले सञ्चालन गर्ने । विगतमा अञ्चल अस्पताल रहेका अस्पतालहरूलाई २०० शैयाको अस्पतालको रूपमा स्तरउन्नति गर्ने र प्रत्येक जिल्ला सदरमुकाममा रहेको अथवा जिल्ला अस्पतालमा ५० बेड छैन भने त्यसलाई यो वर्षभित्र ५० बेडको अस्पतालमा स्तरउन्नति गर्ने भनेर हामीले यो खालको व्यवस्था अहिले गरेका छौँ । सात वटा प्रदेशमा सात वटा ट्रमा सेण्टरको व्यवस्था पनि हामीले अगाडि सारेका छौँ । सेवालाई अझ बढी सरलीकृत गर्नको निम्ति सजिलो बनाउनको लागि एकीकृत एम्बुलेन्स सेवा प्रणालीको व्यवस्था हामीले गरेका छौँ । लामो समयदेखि स्वास्थ्य क्षेत्रमा नबढेको दरबन्दीलाई हामीले दरबन्दी बढाउने व्यवस्था यस चोटिदेखि राखेका छौँ । एक चिकित्सक स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था भन्ने नीतिलाई पाइलट प्रोजेक्टको रूपमा यो वर्षदेखि कार्यान्वयनमा ल्याउने व्यवस्थालाई अगाडि बढाएका छौँ । इमर्जेन्सी सेवा अन्तर्गत काठमाडौं उपत्यकामा ३ वटा र बाहिर संघको अस्पताल भएको ठाउँमा इमर्जेन्सी सेवालाई पनि आय कम भएका र सर्वसाधारण व्यक्तिहरूका लागि निःशुल्क सेवा प्रवाहको व्यवस्था गरेका छौँ । निरोगी नेपाल बनाउने अभियानलाई उच्च प्राथमिकताकासाथ हामी त्यो काममा लागेका छौँ । यससँगसँगै स्वास्थ्य मन्त्रालयभित्र नरहेको तर उपचारसँग सम्बन्धित रहेका विषयहरूमा जनआन्दोलन र जनयुद्धका घाइतेहरूको उपचार गर्ने व्यवस्था गृह मन्त्रालय मातहत रहे पनि यो स्वास्थ्यसँग सम्बन्धित रहेको छ । Sickle cell anemia को परीक्षण गर्ने कुरा र उपचारको व्यवस्था शिक्षा मन्त्रालयको मातहत राखिएको छ र गेटा कलेजलाई चाहिँ त्यसलाई अझ व्यवस्थित गर्न भनिएको छ । महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूको उपचारका सन्दर्भमा यो महिला मन्त्रालयको योजना छ जो निःशुल्क गराउने त्यसमा पनि हामी लागेका छौँ । स्वास्थ्य बीमाको कुरालाई अझ प्रभावकारी बनाउँदै, जनताको बीचमा हामीले लाने खालको कुरा यसरी अहिलेको व्यवस्था गरेका छौँ । केही संरचनागत हिसाबमा पनि हामीले सुधार गरेका छौँ । मलाई लाग्छ COVID-19 को समापन पछि स्वास्थ्य क्षेत्रमा हामीले ल्याएका नीति र अहिलेको बजेट ले अघि सार्ने योजनाबाट निश्चित परिणामहरू, निश्चित समयभित्र प्राप्त गर्ने कुरामा माननीयज्यूहरू बीचमा कुनै द्विविधा छैन होला भन्ने विश्वास मैले लिएको छु ।

म आज जतिखेर यहाँ उपस्थित भएको छु । सम्माननीय अध्यक्ष महोदय, ८२ लाख ६४ हजार ३ सय ९९ मान्छेहरू विश्वभरि यो रोगबाट प्रभावित छन् । ४ लाख ४६ हजार १ सय ३५ जनाको मृत्यु । यो बिहान म यहाँ आउनुभन्दा अगाडिसम्म हो । यो रिपोट, अझै अहिलेसम्म बढिसकेको होला । यस्तो एउटा भयावहको स्थितिबाट हामी गुज्रिएका छौँ । यो कोरोनासँग लड्ने कुरा भनेको यो कुनै क्षेत्र विशेष, राष्ट्र विशेष मात्रै नभएर यो अहिले सिङ्गो विश्वको एउटा युद्ध मोर्चा बनेको छ । त्यो युद्ध मोर्चामा हामीले नेपालको तर्फबाट यसलाई परास्त गर्नको निम्ति विभिन्न नीतिहरू अवलम्बन गर्दै आएका छौँ, कार्यान्वयन गर्दै आएका छौँ । तथापि यसको नियन्त्रणको कुराभन्दा यो फैलावटको दिशातिर नै क्रमशः अगाडि बढिराखेको छ । धेरै शक्तिसम्पन्न राष्ट्रहरू, सुविधा भएका राष्ट्रहरू, विश्व मेरो पञ्चामा नै छ भन्ने राष्ट्रहरू पनि अहिले यो COVID-19 को प्रभावबाट, यो सङ्क्रमणबाट आच्छु-आच्छु भएका छन् । खुट्टा टेकेर उभिन सकिन्छ कि सकिँदैन भन्ने दोधारमा रहेको

बेला ठिकठिकै साधन स्रोतको व्यवस्थापनभित्र काम गरेर पनि हामीले जुन न्यून क्षतिमा हामीले यसलाई अहिलेसम्म राख्न सकेका छौँ । यो तपाइँ, हामी सबैको साझा योगदानको प्रतिफल हो भन्ने विश्वास म व्यक्त गर्न चाहन्छु ।

आज यहाँ स्वास्थ्य मन्त्रालयको तर्फबाट जवाफ दिन आउनुभन्दा अगाडि हिजो बेलुकासम्मको डाटा कस्तो रहेको थियो भने १ लाख ४३ हजार ७ सय ३८ जना व्यक्तिहरूको हामीले पीसीआर टेष्ट गरेका थियौँ । २ लाख २३ हजार ५ सय १९ आरडीटी हामीले परीक्षण गरेर जम्मा ३ लाख ६६ हजार २ साय ५७ जनाको परीक्षण गरिसकेका छौँ । त्यसमध्ये ६ हजार ५ सय ९१ जना व्यक्तिहरू हिजोसम्म पोजेटिभ हुनुहुन्थ्यो । त्यो मध्ये ६ हजार ८७ जना पुरुष साथीहरू र ५ सय ४ जना महिला साथीहरू सङ्क्रमित रहनु भएको थियो । ११ सय ५८ जना व्यक्तिहरू हिजोसम्ममा डिस्चार्ज हुनु भएको थियो । त्योमध्ये हजार ४६ पुरुष र ११२ जना महिला रहनु भएको थियो । १ लाख ३३ हजार ९ जना व्यक्ति क्वारेण्टाइनमा थिएँ । हिजोको रेकर्डमा बस्नु भएको थियो । त्यो हिजोको रेकर्ड हेर्दाखेरि ४ वटा जिल्लामा अहिलेसम्म यो रोग सङ्क्रमित हुन सकेको छैन । ओखलढुङ्गा, रसुवा, मनाङ र मुस्ताङ्ग । यी चार जिल्लाहरू अहिले पनि यो सङ्क्रमणको जोखिमबाट मुक्त रहेका छन् । प्रदेशहरूको हिसाबले हेर्ने हो भनेदेखि एक नम्बर प्रदेशमा ४०१ जना व्यक्तिहरू पोजेटिभ केस भएका छन् । दुई नम्बर प्रदेशमा २४६६ जना व्यक्तिहरू रहनु भएको छ । प्रदेशको आँकडामा सबैभन्दा बेसी रेकर्ड २ नम्बर प्रदेशमा रहेको छ । बाग्मती प्रदेशमा जम्मा २९ जना, गण्डकी प्रदेशमा जम्मा २२८ जना, ५ नम्बर प्रदेशमा १८२१ जना र यो माथिबाट दोस्रोमा रहेको छ । कर्णाली प्रदेशमा ११ सय ४ जना यो तेस्रो क्रममा रहेको छ भने सुदूरपश्चिमाञ्चलमा ३४२ जना व्यक्तिहरू सङ्क्रमित रहनु भएको छ । जिल्लागत हिसाबमा भन्ने हो भने सबैभन्दा बेसी सङ्क्रमित रौतहटमा ९४१ जना हुनुहुन्छ । कपिलबस्तु दोस्रोमा ६५० जना रहेको छ । दैलेखमा ६३६ तेस्रो स्थानमा रहेको छ भने सर्लाही ५३३ र बाँके ३२५ गरेर क्रमश पहिलोदेखि पाँचौंसम्म यो खालको स्थिति रहेको छ । ७ जिल्लाहरूमा एक जना मात्रै सङ्क्रमित भएका जिल्लाहरू छन् । ४३ जिल्लामा ५० भन्दा तल सङ्क्रमित भएका व्यक्तिहरू छन् । ७ जिल्लामा १ सयभन्दा तल सङ्क्रमित भएको, ६ जिल्लामा २ सयभन्दा तल रहेको स्थिति हामीसँग समूहका व्यक्तिहरूमा सबैभन्दा बेसी पोजेटिभ केसहरू चाहिँ नेपालमा देखिएको छ । दोस्रोमा ११ देखि २० वर्षसम्म, २१ देखि ३० उमेर समूहमा २५८० जना व्यक्तिहरू, ११ देखि २० वर्ष उमेर समूहमा १७३५ जना व्यक्तिहरू, ३१ देखि ४० सम्म १३४३ व्यक्तिहरू, ४१ देखि ५० का ५३७ र यो जति माथि गयो, अथवा जति त्योभन्दा तल आयो त्यो नै कम हुँदै जाने हाम्रो बीचको बिरामी जस्तो माथिबाट तल आउने अरुको चाहिँ क्रमशः तलबाट माथि जाने खालको एउटा स्थिति यो रहेको छ । अहिले यहाँ बोल्न आउनुभन्दा अगाडि तत्काल ताजा प्राप्त परिणाम अनुसार हामीले पीसीआर बाट १ लाख ४९ हजार ७ सय ५२ जनाको रिपोर्ट आजसम्म भएको छ । जम्मा ३ लाख ८३ हजार २ सय ९५ जना हामीले परीक्षणको दायरामा ल्याएका छौँ । आज मात्रै ५८६ जना व्यक्तिहरू पोजेटिभ केस देखिएको छ । यो ५८६ केस यहाँनेर पोस्टिङ्ग गर्दाखेरि अघि भनेको रिपोर्टमा यसले थोरै तलबितल बनाउन सक्ने व्यहोरा पनि म माननीयज्यूहरूसँग हार्दिक आग्रह गर्न

चाहन्छु । यो आज हामीले जम्मा ६ हजार १७ जना व्यक्तिहरूको पीसीआर विधिबाट ल्याबले चाहिँ त्यो हामीलाई रिपोर्ट दिएको छ । हामीले पहिले पनि भनिसकेका छौँ कि असार १५ भित्रमा हामी per day १० हजारभन्दा माथि पीसीआरको परिणाम दिएर यसलाई व्यवस्थित गर्ने अभियानमा हामी लाग्नेनै छौँ ।

योसँगसँगै मैले अर्को भन्नु पर्ने विषय के छ भने परीक्षणको बारेमा, परीक्षणको दायराको बारेमा प्रश्न उठेको छ । हामीले हाम्रो छिमेकी मित्रहरूसँगको परिस्थिति हेर्ने हो भने प्रति १० लाखमा कति मान्छेहरूलाई परीक्षण गरियो भनेर हेर्दा यो आरडीटी होइन पीसीआर को मात्रै रिपोट हेर्दाखेरि आजसम्मको स्थितिमा हामी कहाँ छौँ भने हामी भारत, श्रीलङ्का, पाकिस्तान, बङ्गलादेश, जापानभन्दा हामी माथि छौँ । नेपालप्रति १० लाखमा हामीले ५१४६ जनाको पीसीआरबाट हामी परीक्षण गर्न सफल भएका छौँ । भारतको ४४ सय ११ छ । पाकिस्तानको ४३०८ छ । श्रीलङ्काको ४२०४ छ, बङ्गलादेशको ३३३९ छ, जापानको २७२४ मात्रै रहेको छ । यो पीसीआर प्रविधिबाट मात्रै हो । मैले यो प्रसङ्ग किन उठाउन खोजेको हो भने परीक्षण गर्ने दायराभित्र अरु मुलुकहरूभन्दा हामी कमजोर अवस्थामा भएका छैनौँ । धेरै गर्नुपर्छ राम्रो कुरा हो । त्यसमा कुनै विमति जनाइरहनु परेन । तर हामीले हाम्रो अवस्थाभित्र जे गरेका छौँ अरुको भन्दा राम्रो गरेका छौँ । तपाइँ हामीले भने जति गर्न सकेका छैनौँ होला, त्यो एउटा कुरा हो तर हामीले यो व्यवस्थापन चाहिँ गरेका छौँ ।

माननीयज्यूहरूले यहाँ उठाउनु भएको प्रश्नमा अन्य रोगहरूसँग सम्बन्धित विषयहरू यो कोभिडभन्दा बाहिरको रोगहरूसँगको सम्बन्धित विषयहरू नसर्ने रोगहरूको बारेमा पनि राज्यले के ध्यान दिएको छ भनेर जुन प्रश्नहरू गर्नु भएको छ । यथोचित विगतको व्यवस्थापनभन्दा ती विषयहरूमा पनि हामीले राम्रो व्यवस्थापन गरेका छौँ । हिमोफेलिया रोगको बारेमा चाहिँ यो औषधि सबैतिर नपाइने भएको हुनाले हवाइ मार्गबाट हामीले त्यो औषधि उपलब्ध बनाएर मान्छेको जीवनलाई बचाउने काममा अहिलेसम्म हामीले सफलता नै प्राप्त गरेका छौँ । औषधिहरूको मौज्जाद हामीसँग ४ महिनाका निम्ति कुनै अपुग नुहने गरी हामीले त्यो व्यवस्थापन गरेका छौँ । र अन्य रोगहरूको बारेमा पनि हामीले त्यो व्यवस्था गरेका छौँ । क्वारेण्टाइनको विषयलाई पनि केही प्रश्न उठेका छन् । म यहाँ आग्रह गर्न चाहन्छु । यसको मुख्य काम स्थानीय तहले व्यवस्थापन गर्ने, स्थानीय प्रशासनले त्यसको सुरक्षाको जिम्मा लिने, स्वास्थ्य उपचार र स्वास्थ्य जनशक्तिको व्यवस्थापन स्वास्थ्य मन्त्रालयले गर्ने व्यहोरा हामीले बुझ्यौँ भने सायद् त्यो स्वास्थ्य मन्त्रालयमाथि कति भार छ र हामीले कति विषय यो स्वास्थ्य मन्त्रालयको क्षेत्राधिकारभित्रको कुरा हो भन्ने कुराको बारेमा कुनै पनि अन्यौलता रहँदैन भन्ने मलाई लाग्छ । हामीले अहिलेसम्म २२ वटा ठाउँबाट यो परीक्षणको व्यवस्थालाई अगाडि बढाएका छौँ । छिटै नै अरु सात वटा ठुला मेसिनहरूको व्यवस्थापन गरेर हामीले यसलाई व्यवस्थित गर्ने खालको कुरा ल्याएका छौँ । एउटा प्रश्न मैले यो सभामा सम्माननीय सभामुखको अनुमतिले प्रष्ट गर्न जरुरी ठान्छु । कि यो पीसीआर र आरडीटीमा के फरक छ ? यसको विधा नै मलाई लाग्छ फरक । पीसीआरको काम भनेको के हो भने स्वाब टेष्ट गरिसकेपछि

स्वाब टेष्ट गरेको बेलासम्म उसमा कोरोनाको किटाणु छ कि छैन भन्ने कुराको यकिन गर्ने काम पीसीआरले गर्छ । तर आरडीटीले त्यो भन्दा त्यसको फरक काम छ । आरडीटी अध्ययनका लागि, रिसर्च गर्नका लागि, स्क्रिनिङ्ग गर्नको निम्ति पनि यसले काममा सहयोग पुऱ्याएको छ । तर डाइग्नोसिस् गर्ने हिसाबले अथवा यो कोरोना हो कि होइन भन्ने कुराको फाइनल कुरा हामीले यो आरडीटी पोजेटिभ आउने बित्तिकै त्यो खालको ट्रिट हामीले गरेका छैनौँ । आरडीटी बाट त्यो भयो भने सय जनालाई गरियो दश जनामा त्यो पोजेटिभ देखियो भने त्यो दश जना अरु सम्भावित रहेका भनिएका दश जनालाई राखेर हामीले फेरि पीसीआर नै गरेका छौँ र कोरोना सङ्क्रमित हो कि होइन भन्ने कुरा त्यसले पुष्टि गर्छ । एकैचोटि गर्दा दुई वटा रिपोट आउँछ नि ? किन भन्ने खालको एउटा जिज्ञासा पनि छ । के पीसीआरले कोरोनाको किटाणु छ कि छैन ? त्यतिमात्रै हेर्ने हो । तर आरडीटीले कोरोनासँग लड्न सक्ने एन्टिवडी उसको शरीरले उत्पादन गरेको छ कि छैन भन्ने कुरा त्यो यकिन गर्ने हो । त्यसले गर्दा हामीले १४ दिनसम्म क्वारेण्टिनमा रहेपछि, क्वारेण्टिनबाट बिदा गर्नु अघि उसको आरडीटी टेष्ट गर्ने कुरा किन हामीले जोड दिएका छौँ भने त्यो रोगसँग लड्न सक्ने क्षमता उसले आर्जन गऱ्यो कि गरेन ? त्यो हेर्नका लागि पनि हामीले आरडीटीको प्रयोग गरेका छौँ । यसले गर्दा कहिले काहीँ के हुन्छ, दुवैको पोजेटिभ हुन्छ । किनभन्दा सङ्क्रमणले नछोडिराखेको अवस्था भयो भने पीसीआरले पनि त्योलाई सङ्क्रमित पोजेटिभ नै देखाउँछ । एन्टिवडी उत्पादन भएको तर त्यसले पूर्ण रुपमा परास्त गर्न सकेको छैन भने त्यसले पनि पोजेटिभ नै देखाउँछ । त्यसले गर्दा यो एउटा विषयवस्तु यसमा म क्लियर गर्न चाहन्छु ।

दोस्रो, व्यक्तिहरूमा मरेपछि किन पीसीआर भन्ने खालको एउटा प्रश्न पनि उठेको छ । कि यो सङ्क्रमित रोगहरूबाट पत्ता लागेर यो कोरोनाबाट सङ्क्रमित हो भन्ने कुरा थाहा नपाएर पनि मान्छेहरूको मृत्यु भएको छ । यो किनभने मैले सम्माननीय अध्यक्ष महोदयको अनुमतिले म यहाँ रोष्ट्रममा बोल्दैछु । चाहे त्यो पहिलो केसको कुरा होस्, चाहे त्यो दोस्रो केसको कुरा होस् । कि उहाँहरू कोरोनाबाट सङ्क्रमित हो भन्ने कुरा मर्नुभन्दा अगाडि कसैलाई थाहा थियो ? थिएन । तर मरेपछि पनि हामीले किन त्यसको व्यवस्था गऱ्यौँ भन्दा यो कोरोना यति निर्दयी छ, यति अव्यवहारिक छ कि यसको मृत्यु भयो भने परिवारका मान्छेहरू मलामी जाँदैनन् । दागबत्ती दिन पनि घर परिवारका मान्छे जाँदैनन् । बिरामी भएर तलवितल हुन आँट्यो भनेदेखि सेवा सुसारको लागि अरु मान्छेहरूको सहयोग बर्जित गरिएको हुन्छ । त्यसले गर्दा यदि त्यो मृत्यु भएको व्यक्तिमा कोरोना रहेछ भने मलामी जाने मान्छेहरू, आफन्तहरूमा सुरक्षा गरेर त्यसलाई त्यहाँसम्म लाने कुरामा संलग्न रहेका सबै व्यक्तिहरूलाई कन्ट्याक ट्रेसिङ गर्ने भन्छ यसको भाषामा कि तिनीहरूलाई सङ्क्रमित भएको छ कि छैन ? त्योबाट सर्ने जोखिम हुन्छ कि हुँदैन ? भन्ने कुरा अरुको स्वास्थ्य बचाउने कुराका लागि पनि यो गर्न जरुरी भएको कारणले गर्दा हामीले यो गरेका छौँ । तपाईं हामीलाई थाहा छ । सिमानापारि नै मृत्यु भएर कतिपय व्यक्तिहरू आउँदाखेरि पनि हामीले कोरोना टेष्ट गऱ्यौँ । पोजेटिभ देखियो ।

त्यसलाई त्यही विधिपूर्वक नै हामीले काम गऱ्यौँ । यो हाम्रो बाध्यात्मक एउटा परिस्थिति हो । त्योभन्दा पहिला नै हामीले त्यो दायरामा ल्याउने खालको कुरा गर्न सकेको

भएदेखि यो खालको एउटा स्थिति रहँदैनथ्यो । अर्को, मैले अन्त्यमा अध्यक्ष महोदयको अनुमतिले मैले यति मात्रै भनौँ कि यो कोरोना रोगसँग सम्बन्धित रहेर, यसको खर्चसँग सम्बन्धित विषयहरू पनि उठेको छ । सदनमा पनि उठेको छ र बाहिर पनि उठेको छ । यो उठ्नु एकदम स्वभाविक पनि छ । म बहुत दुःखका साथ के आग्रह गर्न चाहन्छु भने राज्य विधिबाट चल्छ । त्यो विधि र प्रक्रियाभित्र जोसुकैले पनि त्यसको जवाफदेहिताबाट बञ्चित हुन पाउँदैन । त्यो परिपाटी अहिलेको सरकारले कायम गर्ने छ । उदाहरणका लागि त्यहाँ १० अर्बको कुरा आयो । १० अर्ब निकाशा भयो भन्ने कुरा आयो । त्यो १० अर्ब निकाशा कतिपय व्यक्तिहरूको बुझाइ स्वास्थ्य मन्त्रालयले जम्मै पैसा गयो । बुझ्ने नै एक जना माननीयज्यूले पनि हिजो बताउनु भयो यो स्वास्थ्य मन्त्रालयले दिनैपिच्छे खर्चको बुलेटिन निकालिदिए हुन्थ्यो । स्वास्थ्य मन्त्रालयमा कति जान्छ ? मसँग स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित खर्च मसँग हुने हो । तर क्वारेण्टिन व्यवस्थापनको खर्च पनि कोभिडसँग सम्बन्धित हुन्छ । राहत वितरण स्थानीय तहलाई भनेर हामीले दिएका छौँ, त्यसको खर्च पनि स्वास्थ्यसँगै जोडिएको हुन्छ । फ्रण्टलाईनमा काम गर्ने व्यक्तिहरू भनेर जसलाई खटाइएको छ । त्यो खर्चको शीर्षक पनि यहीँबाट हुन्छ । संघबाट हुन्छ, प्रदेशबाट हुन्छ, स्थानीय तहबाट पनि हुन्छ । त्यसले गर्दा निकासा हुने बितिकै सबै खर्च यो-यो हो भनेर खर्चै नभइकन त्यसको विवरण संसदमा वा सार्वजनिक ठाउँमा दिन सकिन्छ ? दिन मिल्छ ? मलाई लाग्छ सरकार चलाएरै आउनु भएका साथीहरू पनि हुनुहुन्छ । भोलि सरकार चलाउने योग्यता भएको साथीहरू पनि हुनुहुन्छ । मन्त्रीले चेक काट्छ, आर्थिक कारोबारमा उसको भूमिका हुन्छ ? त्यो विधि सम्वत् भएका कामहरू छन् । त्यसको खर्चको फाँटबारी पनि आउछ । अडिट हुन्छ, त्यति गर्दा भएन भने संसदमा त्यसको छानबिन गर्ने समितिहरू पनि छन् । संवैधानिक अङ्गहरू पनि छन् । यी सबैको कारणले गर्दाखेरि पनि अनियमितता भएका विषयहरूको बारेमा छुट त कुनै गुन्जायस छैन र त्यो हुँदैन । यसले गर्दा म सम्पूर्ण सार्थीहरूलाई के आग्रह गर्न चाहन्छु भने निकासा हुनु नै सबै त्यो मितिमा खर्च भएको हो भन्ने खालको बुझ्ने कुरोभन्दा पनि त्यसको फाँटबारी सहित मोटो ब्रेकिङ्ग अहिले हामीले दिएका छौँ । त्यो पछि पनि हामीले अरु कुराहरू चाहिँ क्रमशः ल्याउने नै छौँ । यति विश्वास दिलाउन चाहन्छु । यो सरकार पारदर्शी छ, भ्रष्टाचार सहँदैन, भ्रष्टाचार गर्ने व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउछ । बानी बिग्रिएर हिजो कै परम्परा दोहोरिएकै हो कि भन्ने अनुमानले सोझाइएका प्रश्नहरूको जवाफ व्यवहारले समय क्रममा दिनेछ र त्यो जुन सुकै अग्नि परीक्षामा उभिनका निम्ति पनि अहिलेको सरकार, अहिलेका सरकारका मन्त्रीहरू त्यसको निम्ति सक्षम रहने छ । अहिले पहिलो चरणमा माननीयज्यूहरूले उठाउनु भएका धेरै विषयहरूको बारेमा मेरो संक्षिप्त प्रस्तुति यति मै रोक्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकालले दिनु भएको जवाफका सन्दर्भमा स्पष्टीकरण माग गर्न चाहानु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले

मात्रै स्पष्टीकरण माग गर्न पाउनु हुने व्यवहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूसँग मेरो दुईटा जिज्ञासा छ । COVID-19 सङ्क्रमितहरूको सङ्ख्या दिनानुदिन तीव्र गतिले बढिरहेको अवस्थामा नेपाल जस्तो कम जनसङ्ख्या भएको मुलुकमा सात वटै प्रदेशको हरेक परिवारबाट कम्तीमा एक जनाको पीसीआर टेष्ट हुनु अति आवश्यक छ । स्वास्थ्य मन्त्रालयले यसको लागि एफोर्ड गर्न सक्छ कि सक्दैन ? यो खर्च धान्न सक्छ कि सक्दैन ? जान्न चाहन्छु । अर्को प्रश्न COVID-19 महामारी नियन्त्रणको लागि खटिरहेको चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरूप दिइने भत्ता र जीवन बीमा बजेट आउनु अगाबै सरकारद्वारा घोषणा गरिएको थियो ।......... (समय सकिएको हुँदा माइका काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मेरा मित्र मन्त्रीज्यूलाई मैले पटक-पटक भनेँ स्वास्थ्य तथा जनसङ्ख्या प्राविधिक प्राधिकरण बनाएर जाने मोडेलमा सरकार छ कि छैन ? यो ब्रिटिश मोडेल हो । अहिले हामी अमेरिकन मोडलमा छौँ । यसले स्वास्थ्यमा खासै परिवर्तन हुन्छ जस्तो लाग्दैन मैले भनेर बारम्बार उठाएँ । मैले अहिले सोध्छु, सरकारको यसमा के धारणा छ ? अनि अहिले मन्त्रीज्यूले कुरा त धेरै गर्नु भयो । पत्रकार सम्मेलन हामीले सोधेको जवाफ दिनेभन्दा पनि पत्रकारलाई स्पष्टीकरण दिएको जस्तो गरेर हामीले सोधेका जवाफभन्दा बाहिरबाट आएर र हामी चाहिँ बिशेष गरेर पत्रकार सम्मेलनमा उपस्थित भएका विद्यार्थीहरूलाई बढाएको हो कि जस्तो भयो मलाई । त्यसकारण अनि अर्को मन्त्रीज्यूसँग जोडिएको जिल्लामा मदन भण्डारी जुन मङ्गलबारे हस्पिटल छ । मदन भण्डारीको नामाकरण गर्न खोजिएको हो । मन्त्रीज्यूलाई थाहा छ कि छैन त्यो । त्यो किन गर्न खोजिएको हो ? त्यहाँ जनताको श्रमदानबाट बनेको हो । त्यहाँ जनताले आफै पैसा उठाएर चन्दाले बनाएको, आफैले एक-एक वटा कोठा बनाएको हो । त्यो हस्पिटललाई किन यसरी आँखा सरकारको गएको हो । म त्यता सोध्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देबकोटा ।

**माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । क्वारेण्टाइन स्वस्थ मान्छे पनि बिरामी हुने जस्तो क्वारेण्टाइनको अवस्था भयो । अहिले सामुयिक बलात्कारको घटनाहरू छ । त्यो क्वारेण्टाइनको व्यवस्थापन पटक्कै  हुँदै भएन मन्त्रीज्यू । त्यसैगरि स्वाथ्य विज्ञान प्रतिष्ठानलाई बजेट छुट्याउने कुराहरू आयो । तर राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अहिले पनि बजेट छुट्याइएको छैन । के सुशील कोइरालाको नेतृत्वमा भएको स्वास्थ्य विज्ञान प्रतिष्ठान भनेर पूर्वाग्रहको राजनीतिको आधारमा हो ? संविधान पनि सुशिल कोइरालाको नेतृत्वमा बनेको हो भनेर हेक्का होस् भनेर म भन्न चाहन्छु । त्यसैगरि कोभिड-१९ को १० अर्बको ३ महिनामा खर्च भयो । एक वर्षको लागि ६ अर्ब कि यो उही पढायो-पढायो पाठ सोह्र दुना आठ भनेको जस्तै हो कि क्या हो ? भनेर म स्पष्टीकरण माग्न चाहन्छु । ६ अर्बले १२ महिना धान्न सक्छ कि सक्दैन ?

**सम्माननीय अध्यक्ष**:- माननीय तारा देवी भट्ट ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य मन्त्रालयकै सन्दर्भमा मैले माननीय मन्त्रीज्यूलाई के जिज्ञासा अथवा उहाँलाई के सल्लाह दिन चाहन्छु भने समष्टिगत रूपमा त सबै कुरा मैले अवगत गराइसकैं । पुनः मेरो सुझाब नेपालीहरूको आउट अफ पकेट खर्च अर्थात् सर्ने रोगहरूमा खर्च धेरै छ । यो खर्च कम गर्न बढीभन्दा बढी निशुल्क गर्न मन्त्रालयले के रणनीति बनाएको छ ? अनि communicable & non-communicable disease हरूमा प्राईभेट अस्पतालहरू र ल्याबहरूलाई सेवामुखी बनाउन निष्पक्ष र सर्वस्वीकार्य भूमिकाका लागि के पहल भएको छ ? यसको अनुमगन कसरी हुन्छ । यसको जवाफ पाऊँ । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकाललाई समय उपलब्ध गराउँछु ।

**माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भानुभक्त ढकाल**:- सम्माननीय अध्यक्ष महोदय, ४ जना माननीय मित्रहरूले प्रश्न सोधेर थप प्रेरणा दिनु भएको छ । धन्यवाद भन्न चाहन्छु । परिवारको एक जनालाई पीसीआर गराउने बारे के छ भनेर भन्नु भएको छ । परिवारका सबै मान्छे कोरोना सङ्क्रमित भए भने एक जना मात्र छानेर होइन । सबैको

उपचारको जिम्मा सरकारले लिने नीति अन्तर्गत गएको हुनाले, सबैलाई लिनेभित्र परिवारको सदस्य पनि परिहाल्छ माननीयज्यू त्यसले गर्दा कोरोनाको कारणले गर्दा आशङ्कित भएर उपचार पाइदैन कि भन्ने भयमा कोही पनि बस्नु पर्दैन । दोस्रो, चिकित्सकको सुविधाको बारेमा म मन्त्री बन्नुभन्दा अगाडि मेरा अग्रजहरूले नारा र आश्वासन मात्रै बाड्नु भयो । तर मलाई गर्व लाग्छ कि म स्वास्थ्य मन्त्रालयको जिम्मेवारी लिएर आएपछि यो कोरोनासँग सम्बन्धित जोखिममा काम गर्ने front line का चिकित्सक, स्वास्थ्यकर्मीहरूको सन्दर्भमा १०० प्रतिशत भत्ता, सेकेण्ड लाइनमा रहेको लाई ७५ percent र थर्ड लाइनमा भएकाहरूलाई पनि ५० percent भत्ताको सुविधा नारामा होइन । यो क्याबिनेटबाट निर्णय गरेर कार्यान्वयमा ल्याइसकिएको छ । २५ लाखको स्वास्थ्यकर्मीहरूको सुरक्षा बीमाको कुरा पनि हामीले ग्यारेण्टी गरिसकेका छौँ । यसले गर्दा यो सिद्धान्तमा, मन्तव्यमा होइन, व्यवहारमा नै यो अनुवाद भएको व्यहोरा  म जानकारी गराउँन चाहन्छु ।

मेरो अति नै अनन्य मित्र माननीय रमेश जङ्ग रायमाझीज्यूले उठाउनु भएको विषयमा संस्थागत संरचनाको बारेमा हामीले स्वास्थ्य मन्त्रालयभित्र परिवर्तनको खाका बनाएका छौँ । नीति कार्यक्रममा पनि त्यो आएको छ । तर अहिले यो कोरोनाको फर्किन नदिएको कारणले गर्दाखेरि स्वास्थ्य क्षेत्रका दैनिकीको आँखाले हेरियो भने यसलाई सोचे जति भएन कि भन्ने खालको निष्कर्षमा पुग्न सकिन्छ । तर यो कोरोनालाई समयमा बाँधसाँध गरेर टुङ्गोमा पुऱ्याएपछि यो संरचनागत अरु सुधारका अनुभूतिहरू चाहिँ हामीले व्यवहारमा गर्न सक्छौँ । माननीयज्यूहरूलाई पत्रकारलाई जस्तो गरेर अरुलाई पढाउने जस्तो गरेर त्यो दुस्साहस बिचरा मन्त्रीहरूले गर्दै गर्दैनन् । किनभने विनम्रताका नमुना नै मन्त्रीहरू जस्तो लाग्छ । माननीयज्यूहरू त हाम्रो लागि पद प्रदर्शक हुनुहुन्छ, आदरणीय हुनुहुन्छ । यसले गर्दा त्यो दुस्साहस छैन । तर बाहिर पनि योसँग उठेका कतिपय विषयहरू यो सार्वभौम संसद हो । यहाँ बोलेको कुरो बाहिर पनि सार्वजनिक छ भने अरु व्यक्तिहरूले बुझ्नको लागि सहयोग पुगोस् भन्ने हेक्का चाहिँ थोरै राखिएको मात्रै हो । तर माननीयज्यूहरूलाई त्यो खालको अनुभूति गर्ने गरी पढाउने चेष्टा त्यो हामीबाट हुन सक्दैन । त्यो विनम्रतापूर्वक माननीयज्यूलाई मैले आग्रह गर्न चाहन्छु ।

मङ्गलबारे मदन भण्डारी उसको बारेमा संघको यसमा कुनै संलग्नता नरहेको व्यहोरा  म माननीयज्यूलाई आग्रह गर्न चाहन्छु । क्वारेण्टाइनमा बलात्कार जस्तो घटना घट्नु यो राज्यको कलङ्क हो । मैले अस्ति दिन पनि एउटा मिडियामा भनेको थिएँ । नेपालमा मृत्युदण्डको कानून छैन । बाँकी त्योभन्दा बाँकी हदैसम्मको कारबाही अभियुक्तहरूलाई गर्नु पर्छ भन्ने धारणा नेपाल सरकारको रहेको छ । यो घटनामा त्यहाँ स्वयंसेवक साथीहरूका संलग्नता छ भन्ने कुरा सुनिएको छ र संलग्न भएका सबै व्यक्तिहरूलाई सरकारले गिरफ्तार गरेर अहिले कष्टडीमा राखिसकेको छ र हदैसम्मको कारबाही गर्ने र अरु व्यक्तिहरूलाई पनि त्यस्तो गर्नु हुँदैन भन्ने चेतना जगाउनका लागि पनि दण्डको व्यवस्थालाई कडा गरिने छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र अरु संस्थाहरूप्रति व्यक्तिगत हिसाबमा आग्रह-पूर्वाग्रहको आँखाले अहिले हामीले स्वास्थ्यमा त्यो विभेद गरेका छैनौं । सायद स्वास्थ्य मन्त्रालयको रातो किताब पनि हेर्नु भयो होला हामीले ७५३ वटै पालिकालाई गच्छे अनुसारको बजेट समानुपातिक ढङ्गले नै हामीले वितरण गरेका छौं । सात वटै प्रदेशमा हामीले ट्रमा सेण्टर एक-एक वटा बनाउने गरी नै गरेका छौं । मैले यति निसन्देह रूपमा भन्न सक्छु । व्यक्ति, नेता र मन्त्रीको हैसियतले आफूले प्राप्त गरेर अरु क्षेत्रकोभन्दा अतिरिक्त सुविधा केही विभेद भएको कुराको प्रश्न उठ्यो भने त्यसको जवाफ दिन म जुनकुनै बेला पनि तयार छु, हाजिर रहने व्यहोरा अनुरोध गर्न चाहन्छु ।

१० अर्ब जम्मा अहिले खर्च भयो । यसले अब पुग्दैन कि भन्ने माननीयज्यूको जुन चिन्ता छ । अहिले हामीले सबै भनेका छौं, जे व्यवस्था गरेका छौं । त्यसबाट हामी गर्छौं । पैसाको अभावको कारणले कोरोना प्रभावितलाई उपचार नगर्ने कुरा हुँदैन । अहिले नै बजेट घटेको छ । तर स्वास्थ्यमा बजेट बढेको छ । यसले मात्रै पुगेन महामारी त्योभन्दा माथिल्लो आयो भने अरु रकमहरू, अरु मन्त्रालयका विकास निर्माण र अरु कटौती गरेर पनि यो क्षेत्रमा लगाइन्छ । किनभने पहिलो ज्यान हो । त्यसपछि मात्रै विकास र अन्य खालका विषयहरू चाहिँ हुन् । उपचार निःशुल्क बारे माननीयज्यूले उठाउनु भएको विषय मैले अघि पनि भने केही, केही पहिला हामीले ८ वटा रोगको बारेमा जे निःशुल्क भनेका छौं । त्यसको अतिरिक्त इमरजेन्सी सेवालाई चाहिँ हामीले सात वटै प्रदेशमा हाम्रो संघसँग आवद्ध भएका हस्पिटलहरूबाट र उपत्यकामा चाहिँ ३ ठाउँबाट हामीले त्यो गर्ने भनेका छौं । प्राइभेट र ल्याबहरूलाई पनि अझ सेवामुखी बनाउने खालको विषयमा हामी त्यसको छलफल गृहकार्यमा चाहिँ अहिले लागिराखेका छौं ।

अन्त्यमा, अध्यक्ष महोदय, यति आग्रह गर्न चाहन्छु । यो कोरोना हामी सबैको साझा शत्रु हो । यसले न दल चिन्छ, न जात चिन्छ, न लिङ्ग चिन्छ, न धर्म चिन्छ, न वर्ग चिन्छ, न वर्ण चिन्दछ । यो विश्वको हामी सबैको साझा शत्रु भएको हुनाले यसको विरुद्ध राजनीतिभन्दा माथि उठेर यसलाई परास्त गर्ने कुरामा हामी सबै एकतावद्ध भएर जुटौं, लागौं । हिजो पनि संसदको साथ, सहयोग सरकारले यो मामिलामा पाएकै छ । दलहरूको पनि पाएकै छ । भोलिका दिनहरूमा पनि अझ उन्नतस्तरबाट नै सहयोगको अपेक्षा गर्दछु र यो बोल्ने समयको निम्ति र यो विनियोजन विधेयकमाथिको यो छलफलमा बहुत खुला खुलस्त छलफल भएपछि सङ्कटको बेला पैसा पुग्दैन भनिरहेको बेला माननीय सांसदले जुन खर्च कटौतीको प्रस्ताव राख्नु भएको छ । झनै पैसा घटाइयो भने त उपचार गर्ने कुरा कसरी व्यवस्थित गर्न सकिएला यसलाई समेत मध्येनजर राखेर खर्च कटौतीका प्रस्तावकज्यूलाई प्रस्ताप फिर्ता लिएर यो विषयमा सर्वसम्मतिका साथ पास गर्ने कुरामा सहयोग हुने पूर्ण विश्वासका साथ बिदा लिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब

म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाललाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसाल**:- सम्माननीय अध्यक्ष महोदय, आज म यो कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बद्ध जिज्ञासाहरू वा स्पष्टीकरणका लागि यहाँ आएको छु । कृषिका बारेमा कुरा गर्दाखेरि कहिले काहीँ सबै थोक भयो भन्दाखेरि केही पनि नहुने कुरा, सबैथोक छ भन्नुको अर्थ केही पनि छैन भन्ने अर्थ लाग्ने त्यस्तो हुँदो रहेछ । कृषि, कृषिको महत्व, त्यसका निबन्ध लेखेर, कथा सुनेर "कृषि मुलस्य जीवनम्" भन्ने पण्डितदेखि, स्कूलदेखि सर्वत्र चर्चा कृषि प्रधान देशको कथा त हामीले कति वटा निबन्ध लेख्यौं । त्यसरी हामी हुर्कंदै आयौं तर आज कृषिको कुरा गर्दाखेरि जुन महत्वका साथ history मा यसलाई हामीले यसलाई हेर्‍यौं इतिहासमा र भन्ने गर्छौं यसै बोलचालको भाषामा त्यो तहको यसको स्याहार सुसार नभएको एउटा इतिहास रह्यो । त्यो एक हिसाबले स्वभाविक पनि भयो कि खासगरि पछिल्लो कालमा १९८० पछि यो हरेक चीज अब बजारलाई छोड्नु पर्छ भन्ने एउटा अन्तर्राष्ट्रिय विकासको जोड चलेर आयो कि यसबाट हामी ९० देखि हामी वास्तबमा त्यो हावामा बग्यौं । यति नराम्ररी बग्यौं, धेरै कुरा बिग्रियो हाम्रो, बजार आवश्यक पनि थियो होला तर सर्वश्व बजार, हर चीजको उपचार बजार हो । हर समस्याको समाधान बजार हो भनेर हामीले अथवा एउटा जुन भास्य थियो । त्यो अन्तर्राष्ट्रिय भास्यको प्रभाव त्यसलाई रोक्न सकेनौं । हामी ९० पछाडि चाहिँ त्यहाँ गयौं । हाम्रो त विकासको कुरा कस्तो भयो भन्दाखेरि यो चाहिँ के कृषिको, के उद्योगको त्योभन्दा अगाडि गयो अब उत्तर औद्योगिक युग हो । यो knowledge industy को युग हो । Idea बनाएपछि हुन्छ, पैसा, विकास, समृद्धि यो सारा कुरा knowledge industy तिर होइन । उत्तर औद्योगिक युग हो भन्ने कुरातिर हाम्रो यस्तो एउटा बौद्धिक, एउटा वातावरण तयार भयो कि वास्तबमा हामीले ground, त्यसले वास्तविक जीवन, हामीले त्यसलाई छोड्दियौं । यसमा को-को कति जिम्मेवार रह्यौं । त्यसमा म जान्न । मैले भने कि यो एउटा अन्तर्राष्ट्रिय प्रवाह थियो । त्यसमा हाम्रा जस्ता मुलुकहरू सजिलो गरी नटिक्नु स्वभाविक पनि हुथ्यो होला र हामी टिकेनौं । जसले गर्दाखेरि त्यो विरोधाभास कस्तो थियो ? paradox भन्छौं नि हामी त्यो कस्तो थियो भन्ने एकातिर हामी यो artificial intelligence को कुरा गर्‍यौं । knowledge industy को कुरा गर्दै छौं । तर गाउँमा के हुँदै थियो ? जीवनमा के हुँदै थियो ? माटोमा के हुँदै थियो भन्दाखेरि हाम्रा छोराहरू, हाम्रा छोरीहरू एक पेट राम्ररी खान नपाएर सहर पस्दै थिए । अनि सहरमा केही पनि थिएन र तिनीहरू चाहिँ मुग्लान पस्दै थिए । बास्तविक जीवन यस्तो थियो । अनि भनिएको कथ्य यस्तो थियो । बताइएको कुरा यस्तो थियो । विकासको भास्य यस्तो थियो । गाउँबाट उखेलिएको सहर, सहरमा आएर चाहिँ हामी वित्तीय व्यवस्थापनको युग भन्यौं । अनेक कुरा भन्दै थियौं । अनि त्यो वित्तीय व्यवस्था अथवा सर्भिस सेक्टरमा जान सक्थ्यो भन्दाखेरि त्यहाँ राम्रो शिक्षा पाएको कुनै जवान त्यहाँ हुन सक्थ्यो । बिचरा उसको त्यहाँ स्कूल पनि थिएन, हस्पिटल थिएन, केही

थिएन । ऊ त्यहाँको परित्यक्त त्यो मान्छे त्यहाँबाट उखेलिएर आयो । गाउँबाट सहर, सहरमा के पाउथ्यो त्यसले ? सहरमा उद्योग पनि थिएन । हाम्रा जस्ता उद्योगलाई उद्योग भन्ने जमाना थिएन फेरि हाम्रो त । मैले अघि भनिसकेँ नि त्यो knowledge industy को युगमा चाहिँ हामी यही उद्योग खोल्नु पर्छ, यही रोजगारी, यहाँ साना उद्योग, ठुला उद्योग, रोजगारी सिर्जना गर्ने कुरा त हाम्रो विकासको भास्यबाट हराइसकेको थियो ।

त्यसले गर्दाखेरि चाहिँ एउटा परिस्थिति रह्यो । हामीले यो सन्दर्भलाई छोड्यौँ भनेदेखि अब पनि केही गर्दैनौँ फेरि । फेरि पनि हामी काल्पनिक कथ्यहरू तयार गर्छौं र अनि हामी लड्खड्याउँछौँ र फेरि पनि नगर्ने हो कि भन्ने डर लाग्छ । त्यसले गर्दाखेरि हामी यो जे भयो, जीवनको वास्तविकता यसलाई स्वीकार गऱ्यौँ र अब यसबाट निक्लौँ । अब भए पनि खुट्टा टेकौँ । कोरोनाले त हामीलाई छडी लगाएर यहाँ टेक्नु पर्ने बाध्य बनाइसकेको छ । डर चाहिँ के छ भन्दाखेरि अहिले सबै कुरा कृषि हो भन्दा भन्दै फेरि यो केही पनि नहेनछ भनेर फेरि ६ महिना पछाडि अर्को वर्षदेखि हामीले छोड्ने हो कि भन्ने डर चाहिँ बरु मलाई छ । त्यस्तो नहोस् । हामीले यो कामना गरौँ र यो कुरालाई History को यो तथ्यलाई आजका यी आवश्यकतालाई हामीले कृषि मन्त्रालयले बुझेको छ, बुझ्ने प्रयत्न गरेको छ । यसलाई बुझेको छ भनेर दाबी गर्दाखेरि पनि त अलि बढी हुनसक्छ । यसलाई बुझ्ने, यसलाई अलि नजिकबाट बुझ्ने प्रयत्न गरेको छ । अहिले के गरेका छौँ, तिमीहरूले भन्नु भयो भने पहिलो त मैले यहीँ बुझ्ने प्रयत्न गरेका छौँ हामीले भन्ने गरेको छ । किनभने साँच्चै बुझ्यौँ, राम्ररी बुझ्यौँ, त्यसलाई बस्तुगत हिसाबले बुझ्यौँ भने आधा समस्या समाधान हुन्छ । बुझ्दा मात्रै समाधान हुन्छ । त्यसो गर्दाखेरि चाहिँ हामी त्यतातिर जाँदैछौँ । यो चाहिँ राम्रै भएको छ भन्ने लाग्छ । मलाई यो basically राम्रो भएको छ । मैले कति अरु तमाम चीजहरूमा कमिकमजोरीहरू भएका होलान् । अरु के भएका होलान् तर basically इतिहास र त्यसले खडा गरेको चुनौति छ र आवश्यकता छ । त्यसलाई बुझ्ने कुरामा चाहिँ कृषि मन्त्रालयले ठिक्कै ठाउँमा खुट्टा टेकेको छ होला भन्ने मलाई लाग्छ । Informally मैले धेरै जना सांसदहरूसँग, हाम्रो माननीयज्यूहरूसँग कुरा गरेको छु । विपक्षी पार्टीका नेताहरूसँग, अर्थशास्त्रीहरूसँग, बाहिरका विदेशमा अध्ययन गर्दै गरेका, देशको माया भएका, उहाँहरूसँग २० वर्ष, २५ वर्ष, ३५ वर्ष बाहिर बसिरहेका तर मुलुकमा के भइराखेको छ भनेर चासो दिने विज्ञहरूसँग अरु university मा पढाउने प्रोफेशरहरूसँग कुरा गरेको छु । यो सबै हेर्दाखेरि चाहिँ पहिलो त यो सन्तुष्टि व्यक्त गर्न चाहन्छु कि कृषि मन्त्रालयले ठीकै ठाउँमा खुट्टा राखेको छ भन्ने म यहाँ अनुरोध गर्न चाहन्छु । त्यो भनेको के हो भने त्यो पनि फेरि एकदम काल्पनिक रहस्यपूर्ण एकदम जान्न नसकिने, छुन नसकिने, बुझ्न नसकिने, देख्न नसकिने भन्छन् नी अदृश्य, यस्तो चीज होइन । एकदम बोधगम्य नहुने, दृश्य स्पष्य हामीले चाहिँ त्यो कुरा गर्दै छौँ अहिले । त्यो भनेको हेर्दा के देखियो भन्दाखेरि मान्छे किन त्यहाँबाट उखेलियो भन्दा मैले धेरै ठाउँमा भनेको पनि छु । केही study हरूले भनेका छन् । ३२ हजार रुपैयाँ एउटा परिवारमा ५ जनाको सरदर परिवारमा पसेन भने त्यो मान्छे त्यहाँ टिक्न सक्दो रहेनछ । त्यो परिवार त्यहाँ टिक्न सक्दैन । कृषिमा टिक्न सक्दैन, कृषि कर्म गरेर बाँच्नका लागि कृषि कर्मले अथवा त्यो कर्मले जुन काम गर्छ ।

कि त उनले अलिअलि खेती छ, अन्तबाट पैसा आउँछ । यस्तो टिक्दो रहेछ । कृषि मै टिक्नको लागि उनीहरूलाई ३२ हजार जति, ३२ हजार ५ सय, ६ सय कति छ ? एउटा study कति छ मैले हेरेको थिए । तलमाथि हुन सक्छ । यति बचत नहुने परिवार त्यहाँबाट उखेलिन्छ । सबै समस्या हेर्दै जादाखेरि के भएर मलाई चाहिँ म मन्त्री भएर आएपछि धेरैले भन्नु भयो । वास्तबमा म एकदम भोको पनि थिएँ । असाध्यै भोको थिएँ । सबैले आउनुभयो, कृषिलाई आकर्षण बनाउनुस् । एकदम तान्नु पर्यो, ध्यानाकर्षण गर्नु पर्यो भन्नु हुन्थ्यो । त्यही भोकी कसरी ध्यानाकर्षण हुन्छ ? कहाँ समस्या छ भन्दाखेरि समस्या त्यहाँ रहेछ । त्यो भएन भने उसले बाल बच्चा पढाउन सक्दैन, आफै बाच्न सक्दैन, कपडा लत्ता लाउन सक्दैन । उपचार गर्न सक्दैन । शिक्षा, आदि, इत्यादिको खर्च व्यहोर्न सक्दैन । त्यसपछि बिचरा त्यहाँबाट निक्लन्छ वा निक्लन्छे । आमाको काखबाट, बाको काखबाट निस्कन्छन् र त्यस पछाडि उनीहरू मुग्लाङ्ग पुग्छन् । यसलाई ब्रेक गर्ने भनेको त पहिला त यो वास्तबिक हो । यो Simple देखिने, छुन सकिने ३२ हजार मैले भने नि रहस्यपूर्ण कुरा गर्दै छ । यो देखिने, दृश्य, स्पर्ष्य यो चीज यहाँनेर हान्नु पर्छ है, अब हान्ने हो भने भनेर चाहिँ हामीले यसैलाई हेर्दै हामी "संरक्षित कृषि, सुनिश्चित बचत" भनेर हाम्रो नारा एउटा तय गरौँ । एउटा मार्ग दर्शन भन्छु मैले । यो मार्ग दर्शन तय गर्‍यौँ । कृषिको आजको मार्गदर्शन हामी यसो भनेका छौँ ।

केही बिचौलियाहरू वा बिचौलिया अर्थतन्त्र र त्यो artificial intelligence को युग अथवा चाहिँ त्यो knowledge industry को युग अथवा यो मार्क्सको Adam Smith को वा Rechard को वा Risab को दिन गयो अब त अर्कै चीज आयो । तीनले नसुनेको नजानेको दिन आयो भन्ने त्यस्तो अर्थशास्त्र । त्यस्ता अर्थशास्त्रीहरूको कुरा अलग हो । जसले त्यो अघि मैले भने नि त्यो artificial intellgence को त्यहाँको वास्तविकता ती मुलुको वास्तविकता होला । त्यो Artificial intelligence लाई center गरेर बनेको इकोनोमी र त्यो इकोनोमिक्सलाई सोझै यहाँ कपि गरेर अनि हाम्रो कृषि अर्थतन्त्र, त्यहाँको भोको हाम्रो छोराछोरी त्यसको आङको कुरा मिल्दो रहेनछ । यस्ता केही अपवाद बाहेक आम रूपमा हामीले त्यसमा सहमति बनेको छ कि त्यो बचत न्यूनमत उसको भएन भने त्यहाँबाट निस्कन्छ । न्यूनतम बचत हुनलाई के गर्नुपर्छ भन्दाखेपरि उत्पादनमा हुने लगानीलाई घटाउनु पर्छ । अनि उत्पादित बजारमा उसको पहुँच हुनुपर्छ र त्यो मूल्य उसले ठिकै पाउनु पर्छ । Simple कुरा देखिने कुरा हो फेरि त्यो पनि अदृश्य, रहस्यमय कुरा भएन । बस् हामीले गर्न खोजेको यही दृश्य देखिने, छुन सकिने, बुझ्न सकिने, सिम्पल कुरा हो । कि हामीले उत्पादनका सामाग्रीहरूमा बढीभन्दा बढी सस्तो, सुलभ बनाउनका लागि त्यहाँ ध्यान दिऊँ । यसैलाई मैले वास्तबमा यो कस्तो रहेछ भन्दाखेरि पहिला यो सामन्तवादबाट उम्किँदै गरेका, उम्केका किसानहरूसँग केही पनि थिएन । मल थिएन, बिउ थिएन, पानी थिएन, बिजुली थिएन, हैन अझ पानी, बिजुलीको त छोड्दिनुस् । सामान्य पैसा थिएन, हलो, कुटो कोदालो थिएन, गोरु, गाडा केही पनि थिएन, नाङ्गै हिड्थे । त्यतिखेर प्रगतिशीलहरूले नयाँ लोकतान्त्रिक क्रान्तिका पक्षधरहरूले किसानको पक्षमा यो उनीहरू मुक्त त भए । ती हिजो कमारा, कमारी थिएँ । अब यी किसान त भए तिनीसँग अब केही पनि छैन । त्यसले

गर्दा तिनीहरूलाई बिउ पनि चाहियो, मल पनि चाहियो, पैसा पनि चाहियो । हैन, गोरु, गाडा चाहियो भनेर राखिएका मागहरू थिए । दुर्भाग्यले आज पनि हाम्रा कृषिका प्रारम्भिक आधारभूत मागहरू त्यस्तै छन् । यसले गर्दा ती चीजहरू हामीले पुऱ्याइदिनु पर्छ । आजको राज्यले यो जिम्मा लिनु पर्छ । यो पनि जिम्मा लिन्न भन्ने राज्यले २१ औं शताब्दीमा यत्रा ७० वर्षको लोकतान्त्रिक आन्दोलनको इतिहास भएको र संविधानमा समेत समाजवाद उन्मुख समृद्धितिर लम्केको यो मुलुक भनेर भन्न मिल्दैन, सुहाउँदैन । त्यसले गर्दा यो जिम्मा हाम्रै हो । यो राज्यले जिम्मा लिनु पर्छ । यो राज्यले व्यवस्था गर्नु पर्छ । यो सबै कुरा राज्यले लिनुको अर्थ उसले सबै आफ्नो उसमा थियो । खजानामा थियो, निकाल्दै दिनु पर्छ भनेको होइन । उसले व्यवस्था गर्नु पर्छ । ऊ कहाँ छ ? ऊसँग के कति छ ? प्राइभेटसँग कति छ ? समूहहरूसँग कति छ ? स्वयम् किसानसँग कति छ ? यसलाई म्यानेज गर्नु पर्छ भन्ने कुरा हो । त्यसले गर्दाखेरि लागतलाई कम गर्ने पानी, बिजुली किसानको कुरा गर्दा मल, बिउ, बिजुली, पानीलाई सस्तो, सुलभ बनाउने हो । ऋण सुलभ बनाउने हो । बीमा त्यसको गरिदिने हो । अब जलवायु, तमाम परिर्वतनले गर्दाखेरि यो एकदमै unpredictable हुँदै गइराखेको छ । हैन, सबैले भन्नुहुन्छ । यत्रो त्यो प्लालिष्टकका कुर्सी भाँचिने गरी अब असिना पर्न थाले । अकस्मात् हुरी, हावा, त्यसका चक्रवात यी सबैको प्रभाव, यी सबैले गर्दाखेरि हिजोभन्दा आज जोखिमहरू प्राकृतिक हिसाबले पनि बढ्दैछन् । त्यसले गर्दाखेरि हामीले बीमाको राम्रो बन्दोबस्त गरौं र हरेक ठाउँमा, गाउँमै खेत, खल्यानमै, गोठमै प्राविधिक सेवा, टेवाको व्यवस्था होस् । र यति भएपछि एउटा आधार त तयार हुन्छ । त्यस पछाडि एउटा critical कुरा बाँकी रहन्छ त्यो भनेको हामीले हाम्रा उत्पादन किसानका उत्पादनमाथि हामीले त्यसको न्यूनमत समर्थन मूल्य तोकिदियौँ । न्यूनतम समर्थन मूल्य तोक्दाखेरि यसरी तोकिदियौँ कि त्यसमा लागत जोडियोस् । सबै खालको लागत जोडेर वास्तबमा किसानको सबै खालको लागत जोड्न पनि सकिदो रहेनछ । किनभने यो चाहिँ व्यापारीको जस्तो आज सामान ल्यायो, भोलि बेचे जस्तो पनि हुँदोरहेनछ ।

हरेक बिरुवा आज हुर्केको, भोलि हुर्केको, पर्सि हुर्केको, एक दिन पानी नपाएको, अर्को दिन पानी पाउँदा हलक्कै बढेको । त्योसँग त त्यो बच्चाको जस्तै एउटा emotional लगानी हुँदोरहेछ । एउता भावनात्मक लगानी पनि हुने रहेछ । त्यो भावनात्मक लगानीको त्यहाँ जोडेर त्यो पैसा त निकाल्न सक्दै, सक्दैन कसैले पनि । मैले भन्छु नि यो बेला-बेलामा यो ६ महिनाको बच्चा जस्तो हुँदोरहेछ । त्यसलाई जब घाममा राखेर आमाले अलिअलि तेल लगाएर अघाएको बालकलाई तेल लगाई आमाले मुसार्दाखेरि घुँडामा राखेर त्यसलाई तेल लगाउँदाखेरि त्यो हुर्केको बच्चाले त्यसको हाउ, भाउ, ऊ नबोल्दोखेरि पनि उसको त्यो इमोशन जुन हुन्छ । यसरी हुर्काएको त्यो बालीको अलि हामीले के-के नाफा दिन्छौँ । नाफा होइन, त्यही भएर मैले सुरुदेखि नै भनेको छु । त्यो नाफा होइन । अर्थशास्त्रीय राजनीतिक अर्थशास्त्रको भाषामा नाफा प्रोफिट भनेको श्रम, श्रम ठगेर सङ्गालेको पैसा भन्ने अर्थमा भनेको होइन । त्यही भएर मैले सुरुदेखि नै बचत भनेको छु । केही बचत, त्यहाँबाट निकालेर, खाएर, लाएर दुई छाक भात खाएर पनि केही काममा त्यसलाई translate गर्न सकियोस् । बच्चाको अलिकति कपडामा खर्चमा अनुवाद गर्न सकियोस् । यो गर्न सकियोस्,

त्यो गर्न सकियोस् । अलिकति आट्न सकियोस् । यस्तो बनाउने कुरा हाम्रो कुरा हो । त्यो गर्नका लागि लागत मूल्य र त्यसमा ढुवानी र अलिकति बचत त्यसमा राखिदिऊँ भन्ने कुरा नै हो । त्यो बचत भनेर मात्रै हुँदैन फेरि हुँदोरहेनछ । कैयन् ठाउँमा हामीले पनि बेला-बेलामा गरेर हेऱ्यौँ । त्यस्तो हुँदोरहेनछ । तपाईंको मूल्य यति हो भनेर जस्तो अस्तिसम्म हामीले हेर्दैछौँ । अहिले नै पनि हेऱ्यौँ । अस्तिको कत्तिको ख्याल गर्नु भयो । अहिले मैले त्यति धेरै संसदमा त्यति सुनिनँ तर बाहिर मैले किसानहरूको चाहिँ सुने । भयो के भने मकै चाहिँ हाम्रो ४३०० सम्म प्रति क्वीन्टल पुग्यो । ४२,४३,४४ सम्म भन्नुभयो कति-कतिले तर ४२ त पुग्यो । ३६ साय, ३७ सय, ३८ सय रुपैयाँमा मोटा चामल पाउँदाखेरि मकै ४४ सयसम्म पुग्यो । तर अहिले चाहिँ फेरि के भयो भने त्यो मकै यो लाइभस्टकको दानामा जान्थ्यो । त्योबढी जसो मासुका लागि, पशुपालनका लागि जान्थ्यो । दुधका लागि जान्थ्यो । त्यसले कोरानामा हण्डर, ठक्कर खायो । अस्तिको उसमा त्यस पछाडि त्यसको स्वाट्टै उत्पादन घट्यो फेरि बजारमा त्यो यति धेरै आयो मासु बिकेन त्यसपछि मकै मात्रै रह्यो । जसले गर्दा ईण्डियामा नै मकैको भाउ स्वाट्टै घट्यो । हामी कहाँ अब मकैको भाउ बढिराखेको थियो नि त ४४ सय भनेर किसानले लगाएका थिए । अस्ति तराईमा यहीं सर्लाही, सप्तरी, बारा, पर्सा, रौतहट तिर मकै उत्पादन भयो तर मूल्य घट्यो । त्यही ईण्डियामा सम्भवत यो चाहिँ २२ सय यस्तै कति मैले ठ्याक्कै बिर्सिएँ । यसको मूल्य ईण्डियामा नै २२ कति तोकेको थियो । तर त्यसको खरिदको ग्यारेण्टि गरेको रहेनछ । त्यसले गर्दाखेरि केही पनि भएन । त्यसले गार्दखेरि हामीले मूल्य तोकिएर मात्रै सुख पाइँदैन, नगर्दा त पाइन्छ । त्यसो हुँदाखेरि हामीले जिम्मेवार होयौँ भन्न पाइँदैन । हामीले त्यसको खरिदको पनि व्यवस्था गर्नु पर्छ भनेर उत्पादनका सामाग्रीहरूलाई सस्तो र सुलभ गरिदिने, बीमा समेत गरिदिने, न्यूनतम समर्थन मूल्य तोकिदिने, सेवा, टेवा दिने र खरिदको समेत व्यवस्था गरिदिने ।

खरिदको कुरा गर्दाखेरि अलिकति अर्थशास्त्रीहरू मैले कोड, अनकोड भनेको छु । अर्थशास्त्रीहरू कहाँ राज्यले खरिद गर्न सक्छ भन्छ । वास्तबमा हामी कहाँ अहिले पनि गएको वर्ष हामीले ७ लाख, साढे सात लाख मेट्रिक टन चामल किन्यौँ । भनेको त अब दुई, तीन, पाँच वर्ष हामीले बेस्सरी विकास गर्दा पनि यो नेपालीले एक प्लेट राम्ररी भात खाने हुनका लागि हामी त हामीलाई पाँच वर्ष लाग्दैछ । भनेपछि त्यो खेरजाने कुरा छैन यहाँ । नबिक्ने कुरै होइन, बजार माग नभएको कुरै होइन । कर्णालीमा छैन, त्यहाँ मोरङ्गमा छ । यहाँबाट त्यहाँ पुऱ्याइदिनु पर्ने छ । कर्णालीको चीज यहाँ मोरङ्गमा सिमी ल्याइदिनु पर्ने छ । त्यहाँको भटमास ल्याइदिनु पर्ने छ । त्यो चीजहरू ल्याइदिने । यो व्यवस्था पनि हामीले गर्न सक्दैनौँ भन्देखिन् त त्यस पछाडि कसरी समृद्धि आउला, कसरी समाजवाद ल्याउला । यो अव्यहारिक कुरा गरेको होइन, आर्दश एकदम रहस्यमय कुरा गरेको होइन । एकदम सिम्मल कुरा गरेको, दृश्यको कुरा गरेको हो । हामीले गर्न खोजेको यसो गर्दा यो काम गरौँ भनेर सङ्कल्प अब हामीले गऱ्यौँ । यतातिर लाग्यौँ अब चाहिँ हामी । अब हामीले साँच्चै राम्रो काम गर्ने भयौँ । ठीक ठाउँमा टेकेका छौँ । हाम्रो दिशा ठिक छ । हामी अब यसमा प्रतिवद्ध रह्यौँ भने हामी केही गर्छौँ । यो आजको भोलि या पर्सि हुँदैन । आज केही हुन्छ, भोलि अलि धेरै हुन्छ, पर्सि अलि धेरै हुन्छ । एक वर्ष हामी यसको जग बसाल्छौँ र राम्रो आधारभूत केही

कामहरू गर्छौं । दोस्रो वर्ष यसको अलि ठुलो  स्केलेटन हुनेछ । अलि सिङ्गार पट्यार पनि गर्ने छौं । अलि धेरै हामी लागेपछि हामी इमानका साथ लाग्यौं भनेदेखि साधन, स्रोतमा हामीमाथि अप्ठ्यारो परेन भने र हामी कन्जुन भएनौं भने हामी ३ वर्षमा कृषिको एउटा राम्रो व्यवस्था हामीले बनाउँछौ । यसो गर्नका लागि मन्त्रीमा अधिकार राखेर, मन्त्रालयमा अधिकार राखेर अनि यहाँ बस्ने प्रयोजनहरूमा सही गरेर चाहिँ हुँदोरहेनछ । यो तलै दिनु पर्दोरहेछ । उम्रिने तलै हो रहेछ । यहाँ त सिंहदरबारमा केही पनि उम्रिँदो रहेनछ । यो भ्रम चाहिँ हाम्रो रहिरह्यो । सिंहदरबार बलियो भए पछि उम्रिन्छ भन्ने र सिंहदरबारलाई बलियो बनाउँदाखेरि यो ६०/७० वर्षको इतिहासमा सिंहदरबारमा केही फलेन । जहाँ फल्ने हो त्यहाँ केही गएन । त्यसले गर्दा त्यो जहाँ फल्छ, त्यो त्यही पुऱ्याउने गरी साधन, स्रोत, पैसा यो सबै कुराहरूले त्यहाँ पठाउन खोज्यौं, पर्यत्न गरेका छौं । अझै पनि कम भएको होला । हामीले पठाउन अझै पनि बाँकी रहेको होला । मैले सबै राम्रो बजेट जे-जे विनियोजन गरेका छौं हामीले यो सबै अक्षरस 100 percent राम्रो मैले भनेकै छैन । हामीले maximum गरेका छौं । हिजो हामीले १ अर्ब ६८ करोड स्थानीयलाई दिएका थियौं भने आज ५ अरब ४४ करोड दिएका छौं । मैले भनेको छु हामीसँग १ अरब भएको यो बाइब्याक ग्यारेण्टिको पूर्वाधारका लागि राखेका छौं । यो पनि त्यही दिने पैसा हो । चोखो त्यही पठाइदिने पैसा हो । यहाँ चेक काटेर दिने पैसा केही पैसा । हामीले राखेका छैनौं ।

यहाँ अहिले नै उत्तर दिन्छु अनुदान यो पहुँचवालालाई हर्नु भएन भनेर हिजो यहाँ छलफलमा उठेको रहेछ । यी सबै कुराको पनि मैले सँगसँगै उत्तर दिएको हो । यहाँ यो पहुँचवाला यो नपहुँचवाला सबै केही पनि छैन यहाँ । एक जना देखाइदिनु भयो कि कृषि मन्त्रालयमा पहुँचवालाले पाएको, अर्कोले नपाएको पनि चाहिएन । पहुँचवालाले पाएको मात्रै भने पनि म त्यसका लागि बाजी राख्न तयार छु । अरु के भनूँ, बाजी राख्न तयार छु । त्यसो गर्दाखेरि चाहिँ हामीले यो स्प्रिरिटका साथ काम गर्न खोज्या छौं । स्प्रिरिटका हिसाबले तर हामीसँग फेरि पनि भने कमी होलान् । Please, त्यसका लागि राम्ररी अनुमगन गरिदिनुहोस्, हेरिदिनुहोस् । टोक्नुहोस् भन्ने हुन्छ नि अस्ति त्यहाँ एकजना टोक्ने भन्ने कुरा भएको थियो । टोक्दिनुहोस्, टोक्नुस् भनेको इगिंत गरिदिनुहोस्, आलोचना गरिदिनुहोस् । यसका लागि हामी तयार छौं । यससका लागि हामीले भन्यौं कि अब हामी यो कृषि मन्त्रालयलाई त हामी स्थानीयकरण गरिदिन्छौं । म कहिले काही यसै ठट्टामा भन्ने गर्छु । ७ वर्ष पछि सम्भवत ५ वर्ष पछि यसैगरि गयौं भने आजको कृषि मन्त्रालय चाहिँदैन । त्यो सबै तलका पालिकाले चलाउँछन् ।  त्यस पछाडि रहेको कृषि मन्त्रालय प्रदेशले चलाउछ । यहाँ चाहिँ केही coordination यस्तो केही संयोजन, यस्तो केही चीज राखेको हुन्छ कृषिमन्त्रालयले । त्यो तहले यसको नार्क चाहिएला हामीले । क्वारेण्टाइन हामीलाई चाहिएला । ल्याबहरू हामीलाई चाहिएला । यस्तै केही चीजहरू हुनेछन् कृषि मन्त्रालयसँग अनि यहाँ trade intelligence  एउटा ब्यूरो बनाउने छौं । भारतमा के हुँदैछ, अमेरिकामा के हुँदैछ, यूरोपमा के हुँदैछ, चाइनामा के हुँदैछ ? त्यससँग प्रतिस्पर्धा गर्दा के कस्तो हाम्रो वित्तीय अरु टेक्निकल के व्यवस्था हुनेछन् । यतातिर सोच्ने छौं । हामी ५/७ वर्षमा राम्ररी गयौं भने हाम्रो बाटो चाहिँ त्यो हो । त्यसर्थ हामी राम्रै ठाउँमा छौं ।

धेरै कुरा अहिलेको यो बजारको खासगरि यो तरकारीको कुरा छ । यो तरकारी दुःखद् छ तर यो भवितव्य हो । किनभने हामीले अलि सहज बनाउन सक्थ्यौं । हामी अलि सचेत भएको भएदेखि, धेरै कोही-कोही हाम्रो गाउँ टोलमा अलिकति सामाजिक कुण्ठाले ग्रस्त केही मान्छेहरूले अलिकति हिरोइजम देखाउनको लागि पनि अलिकति चुर्तिफुर्ति गरेर पनि हाम्रो कृषिलाई अप्ठ्यारो पारे होलान् । तर धेरै जसो हामी डराएरै यस्तो गऱ्यौं । गाउँपालिकाले ए अब यो बन्द भयो । अब अर्को केही आउँदैन भन्ने टोल-टोल बन्द गरिदिने । प्रदेश सरकारले बन्द गरिदिने । पुलिस डराएर आफै आतङ्कित हुने । पुलिस फेरि बिचरा आफ्ना लागि आतङ्कित भएको होइन । यो कोरोना आउँछ र यो सारा सत्यानाश हुन्छ र मेरो ड्युटी मेरो राज्यका लागि मेरो राष्ट्रका लागि, राष्ट्रसेवक कजुन कर्मचारी हौं । मेरो दायित्व बिग्रिन्छ कि भनेर डरायौं । सीडीयो डरायो, अर्को डरायो, डराउँदा-डराउँदा मान्छेका डरले हाम्रो बजार अलिकति अस्तव्यस्त भयो । त्यसलाई अलिकति बनाउन सकिन्थ्यो । अरु कुरा चाहिँ यो कोरोनाले यत्रो मान्छे मरेको अघि भर्खरै हाम्रो स्वास्थ्य मन्त्रीज्यूले बताउँदै हुनुहुन्थ्यो । यो सहेर बसेका छौं भने यो अहिलेको basically तरकारीमा भएको क्षति, हामीले त्यसकाप्रति भएको दुःख व्यक्त गर्नु, हामीले त्यसकाप्रति ती किसानहरूप्रति सहानुभूति राख्नु । साह्रै धेरै किनभने ऋण नै लिएर गरेको छ । बिचरा अनि उसको त्यो सारा डुब्ने हो । त्यसका लागि कमसेकम उनका लागि एक खालको सहानभूति व्यक्त गर्ने यही हो हामीसँग कतिपय हिसाबले अलिकति अवस्थाले बिग्रियो । तर आगामी दिनमा हामीले बजार व्यवस्थालाई पनि निश्चित गरेर गरौंला । किनभने सँधै कोरोना त नआउला नि त । आखिर जिन्दगी history भनेको कोरोनाको history त होइन नि । त्यसो गर्दाखेरि यसलाई हामीले यो तरकारीको अहिलेको भवितव्य भयो । यसलाई मानिदिऊँ हामीले अरु कुरालाई हामी बन्दोबस्त गर्छौं । यो poultry, यो कुखुरा किसान र यो दुधमा अर्को अप्ठ्यारो परेको छ । त्यसलाई पर्यत्न गर्दैछौं हामीले । अरु कुरा हामीले सुरु गऱ्यौं । अघि हाम्रो उद्योग मन्त्रीज्यूले भन्नु भएको थियो । हामीले धानको मूल्य हिजो हाम्रो क्याबिनेटले स्वीकृत गरेको छ । धान लगाउनुभन्दा अगाडि नै अब स्वीकृत गर्ने आगामी दिनमा हामीले ३ लाख मेट्रिक टनसम्म हाम्रो धान होल्ड गर्ने क्षमता लिन सक्ने क्षमता राज्यले बनाउने भनेर लागेकाछौं । त्यसका लागि यो खाद्य व्यवस्था कम्पनीका गोदामहरू बनाउँदैछौं । सहकारीहरूलाई बलियो बनाउँदैछौं । नगरपालिकाहरूलाई बलियो बनाउँदै छौं । हामी ३ लाख मेट्रिक टन धान यो मङ्सिरमा किन्न सक्यौं भने त हामीले बाइव्याक सम्म गर्ने हाम्रा कामहरू बडा मजाले गर्न सक्यौं र हामीले क्रान्ति गऱ्यौं है । यो उसमा, हाम्रो परीक्षा त्यहाँ हुनेवाला छ । आउने मङ्सिरमा हाम्रो खास परीक्षा हुनेवाला छ । म यो चाहिँ हाम्रो माननीयहरूलाई हाम्रो सम्माननीय अध्यक्षज्यू मार्फत् यी कुराहरूको सामान्य ऊहरू राखें । हामी जाँदै यतापट्टि छौं । ठिकै ठाउँमा टेकेका छौं भन्ने कुरा राख्दै । यो बीचमा उठेका धेरै प्रश्नहरूको लिष्ट छ यहाँ मसँग । धेरे प्रश्न यसै परिपरि नै छन् र हरेक प्रश्नको मैले उत्तर दिइराख्नु पर्दैन भन्ने नै हो ।

मलको एउटा कुरा रहेछ बाँकी मल चाहिँ के छ भने पोहोर साल हामील ३ लाख ४२ हजार मेट्रिक टन मल ल्यायौं र किसानहरूलाई वितरण गऱ्यौं । त्यसले पुगेको थिएन

भन्ने कुरा हेरेपछि यो वर्ष हामीले चाहिँ करिब करिब १ लाख ५ हजार मेट्रिक टन बढी हामीले किन्नका लागि सबै बन्दोबस्त गऱ्यौं र आजका मितिसम्म १ लाख ११ हजार मेट्रिक टन आइसक्नु पर्ने थियो । खासगरि यो फागुनपछि चैत, बैशाख, जेठ, असारसम्ममा यो मलहरू आइसक्नु पर्थ्यो । तर यही कोरोनाको कारणले खासगरि कोरोनाकै कारणले अर्को कुनै कारण होइन । कोरोनाको कारणले गर्दाखेरि लामो समय कलकत्ता पोर्ट बन्द भयो र बहुत मुस्किलले यो गएको हप्ता त्यो क्रमश सुचारु हुँदै छ र १० हजार मेट्रिक टन हामीले लिएर आएका छौं । जम्माजम्मी मलमा पनि हाम्रो बाटोमा १ लाख ११ हजार मेट्रिक टन हाम्रो बाटोमा छ । त्यसले गर्दा त्यो एक हिसाबले अप्ठ्यारोमा परेको छ । आउन चाहिँ सुरु भएको छ । यही बीचमा पनि फेरि यसको अर्थ यहाँ मलको हाहाकार भयो भन्ने चाहिँ होइन । अहिले पनि हामीसँग पर्याप्त मात्रामा डिएपी छ । मैले भने यही हप्ता मात्रै हाम्रो १० हजार मेट्रिक टन आएको छ । अरु बाटोमा छ, आउँदै छ । सुरु भएको छ । एउटा Rake भन्दा रहेछन् । एउटामा चाहिँ २५०० मेट्रिक टन आउँछ । ४ rake आएकोछ । अरु प्रक्रियामा छ । युरियामा थोरै यो बीचमा अलिकति टाइड भएको छ । जो-जो माननीयजीहरूले कुरा उठाउनु भएको छ । किसानहरूले भनेर उठाउनु भनेर उठाउनु भएको छ वा आफै जानेर उठाउनु भएको छ । यो मलको हाहाकार छ भनेको युरियाको हाहाकार हो । मलको हाहाकार होइन । युरिया मलको अलिकति कम भएको छ । हुँदै नभएको पनि होइन फेरि । हामीले जहाँ २० ट्रक माग्नु भएको थियो भने कही १५ ट्रक दिएको होला, कही १० ट्रक दिएको होला । अलि फारोतिनो गरेर किनभने हाम्रो करिब २२ हजार मेट्रिक टन चाहिँ गुजरातमा त्यहाँ रोकिएको छ । यही कोरोना र योसँग संवद्ध कारणले गर्दाखेरि त्यो रोकिएको छ । अब हामी त्यो पोर्टबाट ल्याउन नसक्ने हो भने कलकत्ताबाटै ल्याउनु पर्ने हो कि भनेर सोच्दै छौं । त्यहाँ लैजाँदाखेरि यो १४ दिन क्वारेण्टिनमा राख्नु पर्नेछ । त्यहाँको ऊ अनुसार । त्यसले झन् ढिलो गर्छ कि भनेर यहाँ हेरेर बसेका छौं । यहाँ पनि खुलिराखेको छैन । यसले गर्दा अलिकति त्यसमा थोरै अप्ठ्यारो भएको छ । युरिया मल अलि कम भएको छ है । डीएपी पर्याप्त छ है । त्यसले गर्दाखेरि पहाडको मकै करिब-करिब यो अब सकिन थाल्यो । हामीले एक हिसाबले पुऱ्याएका छौं । अर्को एउठा ठुलो क्रान्ति त्यहाँ चाहिएको रहेछ । मल कति हाल्ने भनेर बताउने कुरामा ठुलो क्रान्ति जरुरी छ । बताउने पर्ने कुरा छ किनभने १८ प्रतिशत नाइट्रोजन यो डीएपीमै हुँदो रहेछ । जुन युरियाले काम गर्छ । त्यो चाहिँ १८ प्रतिशत यो काम त यही डीएपीले गर्दोरहेछ । त्योभन्दा बढ्ता हाल्ने नै होइन रहेछ । यो रोपाइँ गर्दा, धान रोप्दा त्योभन्दा बढ्दा हाल्नु पर्ने चीज नै रहेनछ । सबै टेक्निसिएनहरू, scientist हरू यसो भन्छन् । तर हामीलाई यसो ऊ लगाइदिए कि मल भनेको युरिया हो । ठण्डा माने कोकाकोला भन्या जस्तो गरेर चाहिँ हामीले मल भनेको युरिया हाल्दा रहेछौं । यो एउटा भ्रम रहेछ । त्यसरी हाल्दाखेरि माटो बिग्रदो रहेछ । त्यसले गर्दाखेरि चाहिँ अहिले धानमा डीएपी हाल्न हामीले पर्याप्त दिने छौं । यसले गाँज लाग्दाखेरि चाहिँ युरिया चाहिन्छ । त्यतिखेरसम्म हामी एकदमै विश्वस्त छौं । हामी त्यतिखेरसम्म बीचको मलहरू ल्याउछौं र हामीले किसानलाई साच्चै अप्ठ्यारो चाहिँ पार्दैनौं है । पोहोरभन्दा हामीले १ लाख मेट्रिक टन ल्याएको हो । आजसम्म आइसक्नु पर्ने थियो । कोरोनाको कारणले मात्रै रोकिएको छ । फेरि अहिले मल अलिकति

बढी अरु कारणले पनि भयो । सीमानाबाट पनि अलिकति आउथ्यो । त्यो बन्द भयो । अर्को अहिले कृषिमा यसै पनि roughly १० प्रतिशत बढ्यो त्यो गर्ने, त्यो बाँझो जमिन १० प्रतिशत त जोतखोत भइसक्यो पनि भन्दा रहेछन् । त्यहाँ पनि मल हाले । अनि मान्छे घरमै रहे, गाउँमै रहे । त्यसले गर्दा अलि सजिलो पनि भयो कृषि गर्न । त्यसले गर्दा त्यहाँ पनि मल हाल्दिए । अनि यी सबै कुराले गर्दाखेरि मल बढी गयो । हामीले बढी ल्याएका थियौं, बढी नै गयो । त्यो ठिकै भयो तर हामीले भने जतिको मल आएको छैन । समस्या यहाँनेर मात्रै हो एउटा । त्यो पनि हामीले समाधान गर्छौं भन्ने चाहिँ मैले यहाँहरूलाई अनुरोध गर्छु ।

एउटा राम्रो कुरा, खुस खबरी मैले एउटा के सुनाउछु भने हिजो सबै प्रदेशहरूमा चाहिँ बजेट प्रदेश सरकारहरूले ल्याए । कस्तो राम्रो कुरा भयो भने खासगरि मैले यो प्रतिनिधि सभामा पनि यो भनेको थिए । हामीले जति सकदो छिटो वित्तीय व्यवस्था गर्न सकेनौं, गर्नु पर्थ्यो । त्यसमा हामीले वास्तवमा कमी रह्यो । अर्को चाहिँ यता यो टेक्निकल म्यापावरमा हामीले लगानी गर्न सकेनौं । यो असाध्यै ठुलो कमी रह्यो भनेको थिए । कस्तो खुसखबरी छ भने सातै प्रदेशमा सबभन्दा कृषिको लगानीमा एक त बढेको छ । धेरै राम्रो लगानी बढाउनु भएको छ उहाँहरूले र यसमा धेरै अगाडिदेखि नै हाम्रो छलफल पनि हुँदै आएको थियो । अबको कृषि के हो ? कता पट्टि जाने हो भन्ने बारेमा प्रदेश सरकार र संघीय सरकारका बीचमा कुनै कृषिको बीचमा ऊहरू छैनन् । हामी एउटै ठाउँमा छौं र उहाँहरूले त्यो दुईटा जुन कमीकमजोरी रहेको थियो । त्यसलाई पनि धेरै अर्थमा लगानी गर्नु भएछ । बजेट राख्नु भएछ । खासगरि कृषि प्राविधिकमा र  फाइनान्सिङ्गमा चाहिँ जिरो प्रतिशतमा मैले धेरै अगाडिदेखि नै भन्दै थिएँ । एकदम मिसान्तलाई निर्व्याजे ऋण दिन पनि तयार हुनुपर्छ है हामीले । यो एकमद बढ्ता पैसा लिने त्यो लघुवित्तका त्यो जुका जस्तो टप्प टाँसिएर आज चाहिँ अलिकति एउटा घिरौलो फलायो साँझ खाइदियो, त्यो लघुवित्त आएर खाइदियो । एउटा काको फलायो साँझ आएर खाइदियो । त्यो दन्त्य कथाको टोकाको सर्प जस्तो त्यस्तो । त्यो चाहिँलाई हामीले हटाउन भनेका थियौं । धेरै ठाउँमा उहाँहरूले बन्दोबस्त गर्नु भएछ । यो चाहिँ धेरै राम्रो कुरा भएको छ । म ती सबै कृषि मन्त्रीहरू, ती अर्थ मन्त्रीहरू, ती मुख्य मन्त्रीहरू उहाँहरूलाई पनि मैले वास्तबमा संघीय मन्त्रालयको तर्फबाट धेरै-धेरै यो लगाबका प्रति, यो परिस्थितिमा यो यसको understanding प्रति, यसका प्रति उहाँहरूको बुझाइको प्रति, यसभन्दा अगाडि छलफलमा भएका कुराहरूलाई यो लागू गर्नका लागि उहाँहरूले गर्नु भएको यो प्रतिबद्धताका प्रति पनि म उहाँहरू सबैलाई मुरी-मुरी धन्यवाद दिन्छु र माननीयजीहरूले राख्नु भएका धेरै कुराहरू यसका वरिपरि अक्षरस भएन भनेदेखि पनि करिब-करिब त्यसका वरिपरि अविदा, लक्ष्यणा, व्यजना भन्छन् । अविदा, लक्ष्यणा, व्यजनाले यो अर्थका हिसाबले समाधान हिसाबले चाहिँ समाधान भए होलान् भन्ने म अनुरोध गर्छु र अरु केही जिज्ञासाहरू भयो भनेदेखिन् सम्माननीय अध्यक्षज्यू म तयार छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसालले दिनु भएको जवाफका सन्दर्भमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्रै स्पष्टीकरण माग गर्न पाउनु हुने व्यवहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देबकोटा ।

**माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू मार्फत् म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । मन्त्रीज्यूको अहिले भूमिका परिवर्तन भएको छ । भाषण गर्ने ठाउँबाट अब काम गर्ने ठाउँमा पुग्नु भएको छ । हेक्का गर्नुहोस् । त्यसैले अब यो कोरोकाको चुनौतिलाई अवसरमा बदल्नको लागि कृषिसँग कति जोड्न सक्नु हुन्छ ? त्यतिखेर मात्रै बाजी मार्न सक्नु हुन्छ । म भन्न चाहन्छु । त्यसैगरि लकडाउनको अवधिभर अरबौं कृषिजन्य उत्पादन भित्रियो तर नेपालमा उत्पादित कृषिजन्य कुहियो, कुहिएको खबर आयो । खाल्डोमा पुरिएको अवस्था आयो । विदेशी बस्तुले बजार पाउने ? स्वदेशमै उत्पादित बस्तु कुहिने सरकारको अकर्मन्यताको हो कि होइन ? अहिले पहिलो पटक मलमा कर लाग्दैछ । यूरिया मल मात्रै अभाव हो । के यूरिया मल होइन ? रासायनिक मलको अभाव छ । बिउ, बिजनको अहिले पनि अभाव छ । त्यतातर्फ सरकारको ध्यान गएको छैन ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, As a leader माननीय मन्त्रीज्यूमाथि मधेसी जनताको ठुलो विश्वास छ । गत वर्षको वर्षायाममा प्रदेश नम्बर दुईमा बाढी प्रकोपले गर्दा कृषि क्षेत्रामा वास्तबिक कृषक दाजुभाइहरूलाई ठुलो क्षति व्यहोर्नु परेको हुँदा यसपालिको बजेटले सो क्षतिपूर्तिको लागि र आगामी वर्षायाममा बाढी प्रकोपबाट बच्न दीर्घकालीन रोकथामको लागि संघबाट कस्तो किसिमको विशेष प्याकेज ल्याउने रणनीति लिएको छ ? माननीय मन्त्रीज्यूसँग सोध्न चाहन्छु । धन्यवाद

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई मेरो जिज्ञासा । यो कोरोना जस्तै घुमेर आयो । उत्तरको कोरोना यूरोप, अमेरिका घुमेर दक्षिणबाट नेपाल छिरेको जस्तो कता-कता गोलमाल भयो । किसानहरूले कति बुझे मैले त आधाभन्दा धेरै बुझिनँ है मन्त्रीज्यूको कुरा । त्यही भएर मैले question गर्न लागेको । अब यो युवाहरूलाई परिचालन गर्ने कृषिसँग जोड्ने कुरा अनि उत्पादन, भण्डार र वितरण प्रणालीलाई सुनिश्चित गर्ने कुरा के हो ? किसानले खास बुझ्ने कुरा अब उखु किसानले पैसा पाउँछन् कि पाउँदैनन् । दुध पोखिन्छ कि पोखिँदैन ? तरकारी फालिन्छ कि फालिँदैन ? डोजर लाग्छ कि लाग्दैन ? धानबालीमा आगो लगाउन पर्छ कि पर्दैन ? चल्ला, अण्डा गाडिन्छ कि गाडिँदैन भन्ने कुराहरू छन् । यस्ता कुराहरूको उत्तर किसानले खोजिराखेका छन् । अब यो लामो उत्तर तर विश्वविद्यालयतिर विद्यार्थीहरूलाई मात्र काम लाग्छ होला मन्त्रीज्यू । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेश जंग रायमाझी ।

**माननीय रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, बिचौलियाहरूको कुरा आइराखेको छ । कालिमाटीमा जुन सरकारी तरकारी बजार छ त्यसमा एउटा मान्छेले लिन्छ र अर्को मान्छेले बिक्री गरेर लाखौँ रुपैयाँमा बिक्री केन्द्र जस्तो बनाएर आफ्नो तरकारी बेचिराखेको हुन्छ । त्यसलाई सरकारले कसरी व्यवस्थित गर्न खोजेको छ ? त्यो एउटा प्रश्न भयो । अनि उन्नत जातको बिउहरू सरकारले उत्पादन गर्नु पर्ने, दिनु पर्ने । त्यो छैन । कसरी कृषि गर्छु भनेर बजेट छुट्याएर मात्रै हुन्छ कि कृषिका साधन सामाग्रीहरू चाहिन्छ । जस्तो लकडाउनको बेला मान्छेले ट्र्याक्टर बनाउन पाएन र कसरी जोत्छ ? नजोती कन ट्र्याक्टर बनाउने ठाउँ बन्द छ । उसको सामान्य कुरा हो नि ! सामान्य कुरा पनि हेरिएन र उसले कसरी खेतीपाती गर्न सक्छ र भोली उत्पादन गरेको सामाग्रीहरू जस्तो तरकारीहरू सरकारले किनिदिन्छ भन्ने ग्यारेण्टी हुनु पर्छ । मै आफै कृषिमा लाग्छु । तर .............(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाललाई समय उपलब्ध गराउँछु ।

**माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसाल**:- धन्यवाद, सम्माननीय अध्यक्षज्यू, ठीक हो, मैले भए गरेका काम भनेको हुँ । कृषिमा क्रान्ति हुँदैछ है भनेर भाषण नै गरेको हो । यही नै काम होला भन्ने लाग्छ मलाई । तर मैले गरेको भाषण यदि गलत हो भने यहाँनेर गलत भयो है भन्दा म एकदम खुसी हुनेछु । यदि मेरो भाषण लामो भयो तर त्यो चाहिँ आवश्यक किसानकै कुरा थियो भने त्यो असल नै भयो होला भन्ने लाग्छ मलाई चाहिँ । अथवा आज मैले गर्नु पर्ने कुरै त्यही थियो । स्वदेशी तरकारी, विदेशी तरकारीको कुरामा तरकारी सड्यो त्यसका प्रति हाम्रो सहानुभूतिले हामीले अलि केही कुरा भन्यौं, कसैले केही कुरा लेखिहाल्यो भने त्यो मान्नु पर्छ, त्यो बुझ्नु पर्छ भन्ने लाग्छ मलाई । सबै तरकारी इण्डियाबाट आयो, हाम्रो सबै तरकारी गुहियो भनेको पनि मैले धेरै दिनदेखि सुनिराखेको छु । बस्तुतः कुरा त्यस्तो होइन । संसदीय समितिमा पनि हामीले एकचोटि छलफल गरेका थियौं । अब कतिपय कुरा मैले यहाँ भन्न पनि अलिकति गाह्रो हुन्छ । तथ्याङ्कको कुरा गर्ने हो भने २२/२४ प्रतिशत सबभन्दा धेरै तरकारी आउने कालिमाटीमा हो, इण्डियन तरकारी आएकै हो । किनभने सोझै विरगञ्जबाट पस्यो, भैरहवाबाट पस्यो । यहाँ आयो, सोझै यहाँ आयो । बीचमा लामो समय कतैपनि पस्न दिएनन् । चितवनमा पस्थ्यो, चितवनमा बन्द गरिदिए पछि सोझै यहाँ आयो । त्यो चाहिँ मैले हेरिराखेको छु । त्यो कति आयो भन्दा २२ देखि २४ प्रतिशत आयो । के-के आयो भन्दाखेरि त्यो प्याज आयो, जो हामी कहाँ छैन । यो कागती आयो, हामी कहाँ छैन । आलु आयो हाम्रोले पुग्दैनथ्यो । अहिले टमाटर पुग्न थाल्यो, अहिले हाम्रो टमाटर बजारमा आउन थाल्यो अब इण्डियाबाट बन्द भयो । त्यतिखे्र चाहिँ सुरुसुरुमा टमाटर आयो । हरियो खुर्सानी आयो । यस्तो चीजहरू बढी आयो । त्यो २२/२४ प्रतिशतमा बढी आएको चाहिँ त्यो हो । त्यसोगर्दा यसलाई सामान्य किसानहरूले बुझ्नु हुन्न, बुझ्न गाह्रो हुन्छ किनभने information छैन । सूचना छैन त्यसले गर्दाखेरि उहाँहरूले एकदम आफैलाई धिक्कार्ने, सरकारलाई धिक्कार्ने, मन्त्रीलाई धिक्कार्ने असाध्यै स्वभाविक हो भन्छु मैले । तर बुझ्ने पहुँच हुने साधन, स्रोत हुनेहरूले यति बुझिदिनु भयो भने ठिकै हुन्छ भन्ने लाग्छ । सँगसँगै हाम्रो के छ भने मैले सँगसँगै भनेको छु । मैले समितिमा पनि बताएको थिएँ, कि अहिले पनि धनकुटाबाट हाम्रो पश्चिम बङ्गालमा जानु पर्ने तर अहिले सीमाना बन्द भएको कारणले गर्दा खासगरि पश्चिम बङ्गालले बन्द गरेको कारणले रोकिएको छ । दिनदिनै मलाई भनिराख्नु भएको छ । त्यो खोलिदिनु पऱ्यो । हाम्रो तरकारी यहाँ कुहियो भनेर भनिराख्नु भएको छ ।

इलामको तरकारी कुहिएको कुरा गरिराख्नु भएको छ । हैन, त्यसो गर्दाखेरि हाम्रो केही ठाउँको उतापट्टि जान्छ, केही आउँछन् । इण्डियासँगका हाम्रा सम्बन्ध, हाम्रा व्यापार, व्यापार सम्झौताहरू, हैन अघि हाम्रो उद्योग मन्त्रीजीले पनि भन्नु भएको थियो । क-के चीज हामीलाई पुग्दैन । के-के चीज हामीलाई पुग्छ । आज हामीले ठ्याप्पै बन्द गरिदिँदाखेरि एक महिना जुन चीज हामी कहाँ उत्पादन हुन्छ । त्यो बन्द गरिदिहाल्यौं । ११ औं महिना फेरि सङ्कट हुन्छ । त्यसोगर्दा हाम्रो ध्यान उत्पादनमा लगाऔं अलि बढी पर्याप्त उत्पादनमा लगाऔं । त्यसको बजारीकरणमा लगाऔं । धेरै चिन्ता इण्डियाको बजारको नगरौं । त्यसपछि

हामी बन्द गर्न सक्छौँ । बन्द गर्नु भनेको कोटा तोक्न सक्छौँ, अलिकति शुल्क लगाउन सक्छौँ । कृषि सुधार शुल्क के एउटा शुल्क छ । त्यो शुल्क लगाउन सक्छौँ । अनेक चीज हामीले गर्न सक्छौँ । यसमा चिन्ता नगर्नुस् । म सबैलाई अनुरोध गर्न चाहन्छु । हामीले उत्पादन र हाम्रो बजारको बारेमा चिन्ता गरौँ । त्यसमा सरकारले गरेका कमजोरीका बारेमा प्रश्न उठाइदिनु भयो भने म त्यसका लागि तयार हुनेछु । नत्र ईण्डियाको तरकारी भन्ने चाहिँ यो कहावत अलि बढी हुन थाल्यो है, कहावत हुन थाल्यो है । यसले हाम्रो ध्यान हामीले गर्नु पर्ने कुराबाट अन्ततिर डाइभर्ट गरिदिने हो कि भन्ने तिर मलाई लाग्यो । फेरि लामो भाषण गरे त्यसका लागि माफी पाऊँ ।

मलमा कर, मैले बुझ्दाखेरि, म नबुझ्न पनि सक्छु । फेरि त्यो पनि सीमा हुन्छ । मैले बुझेको कर चाहिँ निजी कम्पनीहरूले मल ल्याउँदाखेरि कर लाग्छ भनिएको हो भन्ने बुझेको छु मैले हाम्रो बजेटको स्प्रिरिट चाहिँ । यो अनुदानको मल किसानलाई दिने, सरकारले दिने मल चाहिँ होइन । जुन औद्योगिक मल हो अझ । औद्योगिक कामका लागि पनि मल आउछ भन्ने कुरा मलाई नै थाहा थिएन वास्तबमा । म मन्त्री भएर आउँदाखेरि पछि थाहा पाएँ त्यो चाहिँ । त्यो रेक्जिन फ्याक्ट्रीहरूमा चाहिने रहेछ । प्लाइउड फ्याक्ट्रीहरूमा युरिया चाहिँदो रहेछ । तिनीहरूलाई पनि कर नलगाउन भन्न हुँदैन होला । त्यसो गर्दा सूचना अलिकति लिदिनुभयो भने राम्रै हुन्छ अथवा सूचना मैले यहाँहरूलाई यो सूचना प्रस्तुत गर्दछु । उत्पादन, भण्डारण, प्रारम्भिक प्रशोधनलाई हामीले बजेटमा सबभन्दा प्राइरोटी त्यसैमा राखेका छौँ । यो पर्याप्त हुने छैन यो वर्ष । यो वर्ष जग बस्नेछ । तर धेरै राम्रो काम हुनेछ । यति मात्रै भन्छु यो विषयमा ।

उखु किसानको बारेमा हामीले अस्ति पनि मैले धेरै पटक भन्दै आएको छु । हामीले अहिले कृषकहरूको सूचीकरण सुरु गरेका छौँ । मन्त्रालयले सूचना निकालिसकेको छ । पहिले पनि हामीले किसानको खातामै दिने भनेका थियौँ । अलि व्यवस्थित सूचीकरण गर्न सकिएको थिएनौँ । अहिले हामीले सूचीकरण गर्दै छौँ । अब हामी किसानको जुन ६५ रुपैयाँ २८ पैसा हामीले प्रति क्वीटल किसानलाई दिने पैसा हो । त्यो सोझै किसानको आफ्नै खातामा बसी-बसी कन जाने व्यवस्था हामीले गरेका छौँ । यसैबेला हामीले सूचीकरण गर्थ्यौं । बैशाखदेखि सूचीकरण गर्नु पर्ने थियो हामीले कार्यविधि अनुसार । यो कोरोनाको कारणले गर्दा यो अहिले भएन । अलि ढिलो भइराखेको छ । अब हामीले त्यतापट्टि गर्छौं । कालिमाटी बिचौलियाको कुरा मैले यसभन्दा अगाडि भने अब भन्नु पर्दैन होला । हामीले अब अलिकति सुरु गरेका छौँ । काठमाडौँमा हामी एउटा किसानको बैकल्पिक बजार बनाउने हिसाबले सोचेका छौँ । हामीसँग त्यहाँ चोभारमा आफ्नै सरकारको एउटा कम्प्लेक्स छ । त्यहाँ हामी करिब-करिब १०० गाडी, एक दिनमा १०० गाडी, सय ट्रक तरकारी व्यवस्थापन गर्न सक्ने एउटा कम्प्लेक्स करिब बनाउँदै छौँ । अब करिब-करिब फिनिसिङ्ग हुने अवस्थामा छ । त्यसो भएपछि काठमाडौँमा एउटा तरकारीको ठुलो बजार यो हो र यहाँ हस्तक्षेप गर्ने र सोझै त्यो किसानले मात्रै पाउने गरी म दोहोऱ्याएर भन्दै छु कि किसान उत्पादकहरूले, उत्पादक सहकारीहरूका लागि मात्रै बजार अब कालिमाटी जस्तै एउटा ठुलो बजार सरकारले बनाउँदै छ । यसका लागि यसपछि हामी काठमाडौँमा पनि हामी राम्रै यो

बिचौलियामाथि हस्तक्षेप हामीले गर्छौं । बिचौलिया ल्याएर थुनिदिएर के हुँदो रहेछ भन्दाखेरि त्यही पनि हराउँदो रहेछ । आफ्नो बजार छैन, हामीले उही भने नि मैले उत्तर औद्योगिक युगको कुरा गरेर कृषि जति खाएर बस्यौं । त्यसले गर्दा हाम्रो बजार छैन । अब त्यसो गर्दाखेरि चाहिँ अब हामीले हस्तक्षेप गर्ने भनेको यसरी नै रहेछ । उन्नत जातको बिउ अहिलेदेखि सुरु गर्‍यौं । सानो सुरु गरेका छौं । अलि दिनु सक्दा राम्रो हुन्थ्यो । अहिले केही करोड २०/२५ करोड हामीले राखेका छौं । बिउमा अनुदान दिने त्यो उन्नत बिउ उत्पादकहरूलाई पनि दिने र बिउ उपभोग, बिउका लागि छर्नेहरूलाई पनि दुईटै किसानलाई दिने भनेर अहिलेदेखि नै हामील हाम्रो बजेटमा बन्दोबस्त गर्‍यौं । बडा राम्रो सुरुवात भएको छ यो । सुरुवात चाहिँ । अहिले पैसा थोरै छ ।

ट्याक्टर चल्न पाएन, सुरुमा २ हप्ता जति भन्नु भएको भए ठिकै हो । त्यस पछाडि ट्याक्टरहरू चलेको छ किनभने म हरेक ट्याक्टर जस्तै-जस्तै पछाडि छु । सुरुको दुई हप्ता, तीन हप्ता चाहिँ अलिकति अप्ठ्यारो भयो भने सबै डराए । सीडीयो डराए, सांसद डराए सबै डराए । त्यसले गर्दाखेरि अलिकति अप्ठ्यारो भएको हो । अहिले चाहिँ पछि ट्याक्टरहरू बनाउने कुरामा कहीँ त्यस्तो रिपेयरिङ्ग सेण्टरहरू त्यस्तोमा चाहिँ अलिकति प्रोबलम होला नत्र भएकै ट्याक्टरहरू चल्न नपाएको स्थिति छ भन्ने चाहिँ मलाई लाग्दैन ।

अन्तिममा बाढी पहिरोबाट कृषिलाई बचाउने कुरा के हुन्छ भनेर माननीय सदस्यले भन्नु भएको छ । हामीले यसको दुरगामी कुरा चाहिँ बीमा नै हो । यो कुरा हामीले सम्झनै पर्छ । अझ पोलिसीमा हामी रहेकोहरूले त सम्झनै पर्छ । बीमालाई प्रभावकारी नबनाइकन अब कुनै एउटा ठाउँको कुरामा हामी बढी चिन्तित भएर, त्यसमा चाहिँ बढी छलफल गरेर मात्रै अर्थ हुँदैन । आम रूपमा हामीले कृषिलाई संरक्षण गर्ने भनेको बीमाबाटै हो । बाढीको कुरा हामीले जलस्रोत सिँचाइ मन्त्रालयले आफ्नो योजना अनुसार त्यसमाथि पनि सानातिना हामीले प्रदेश सरकारसँग हामीले छलफल गर्नु पर्छ । त्यो कुरा कहाँ कसरी यो कुरा कृषि मन्त्रीको अथवा सिँचाइ मन्त्रीको अथवा प्रदेश मन्त्रीको मात्रै मैले भन्न खोजेको होइन । यसमा कहाँ-कहाँ त्यस्तो सम्भावनाहरू छन् । त्यसलाई अहिले नै हामीले के गर्न सक्छौं ? त्यसका बारेमा हामी छलफल गरौं । त्यसका लागि त हामी सरकार जतिखेरि पनि ओपन नै छ । माननीयजीहरूलाई म यति कुरा अनुरोध गर्दै मैले आज पाएको यो समयमा जति भाषण राखें । त्यो अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनलाई उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री वर्षमान पुनः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म यस सम्मानित सदनमा आर्थिक वर्ष २०७७/०७८ को विनियोजित बजेटमाथिको मन्त्रालयगत छलफलमा उठेका विषयहरू जहाँ माननीय सदस्यहरूले उत्साहपूर्वक जो सहभागिता जनाउनु भयो । त्यसको लागि हार्दिक धन्यवाद आभार व्यक्त गर्दै  सदनमा उठेका महत्वपूर्ण विषयहरू जसको बारेमा म केही विषयहरू यहाँ स्पष्ट पार्ने कोशिस गर्न गइराखेको छु । अध्यक्ष महोदय खासगरि आ.ब. २०७७/०७८ मा उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयतर्फ ९९ अर्ब २९ करोड ४८ लाख विनियोजन गरिएको छ । यस मध्ये उर्जा तर्फ ७२ अर्ब ६० करोड ३ लाख र जलस्रोत तथा सिँचाइतर्फ २६ अर्ब ६९ करोड ४५ लाख विनियोजन प्रस्ताव गरिएको छ । यसमा उर्जातर्फ चाहिँ हाम्रो नेपाल सरकारको नीति कार्यक्रम, रणनीतिहरू, योजनाहरू, कार्यक्रमहरू खासगरि हामी नेपालमा उर्जा सुरक्षा, उर्जा क्षेत्रमा आत्मनिर्भरतालाई आधार बनाएर यो बजेट प्रस्ताव गरिएको छ । र नेपालको हालसम्मको अवस्था हेर्दा उर्जा खपततर्फ कस्तो आँकडा देखिदो रहेछ भने अध्यक्ष महोदय, पेट्रोलियम पदार्थ ६० प्रतिशत हामी उपभोग गर्दै आएका छौँ । हाम्रो आधुनिक उर्जामा कोइला २० प्रतिशत उर्जाको हिस्सा रहेको छ र विद्युतीय उर्जाको जम्मा १३ प्रतिशत हिस्सा रहेछ र अन्य उर्जाहरू जम्मा ७ प्रतिशत रहेको छ । हामीले देख्यौँ र भोग्यौँ कि हामीले आफ्नो संविधान बनाउँदै गर्दा हामीले नाकाबन्दी पनि भोग्यौँ । त्यसमा उर्जा लगायतका विभिन्न विषयहरू स्वभाविक रूपले पर्ने भए र लामा-लामा लाइनहरू पेट्रोलियम प्रोडक्टको लागि, ग्यासको लागि लाग्नु पर्ने अवस्था बन्यो । यो अवस्थालाई प्रतिस्थापन गर्ने अथवा उर्जामा आत्मनिर्भरता बन्ने भन्नुको अर्थ खासगरि विद्युतीय उर्जाको उत्पादनमा, प्रशारणमा, वितरणमा हामी आफूलाई केन्द्रित गर्नु हो । यसरी हेर्दा चाहिँ हामीले करिब ११० वर्ष पहिले पहिलो  जलविद्युत आयोजना सम्पन्न गर्‍यौँ । त्यसपछि आज ११० वर्ष पछि आइपुग्दा झण्डै १३०० मेगावाट जडित क्षमता जलविद्युत, अन्य थर्मल प्लान्ट र अन्य सौर्य गरेर हामीसँग जडित क्षमता रहेको छ । ६ हजार मेगावाट बाराबर क्षमताको आयोजनाहरू अहिले निर्माणको क्रममा रहेका छन् । कबिर ६ हजार मेगावाट हाराहारि कै पीपीए भएर फाइनान्सिङ्गको लागि तयारी अवस्थामा रहेका छन् । करिब १८ हजार मेगावाट क्षमता प्रारम्भिक अध्ययनको चरणमा रहेका छन् । यसरी हेर्दा जलविद्युत, सौर्य र अन्य विभिन्न प्रकारका आधुनिक उर्जाको उत्पादनमा नेपाल सरकारको प्राथमिकता रहेको कुरो म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु  । यस क्रममा हामीले यो खपतको कुरो गर्‍यौँ । सुरक्षाको कुरो गर्दा २ खर्ब बराबरको पेट्रोलियम प्रोडक्ट हामीले बिस्तारै-बिस्तारै विस्थापन गर्दै हामी उर्जामा आत्मनिर्भर हुनेर रणनीतिक रूपले उर्जा संरक्षण गर्ने र उर्जामा हामी आत्मनिर्भर हुने कुरो प्राथमिकतामा रहेको छ । यसरी हेर्दा चाहिँ हामीले ग्यासतर्फ हेर्दा झण्डै ६० अर्ब बराबरको हरेक वर्ष ग्यास आयात गर्दै आएका छौँ । यसलाई हामी नीतिगत रूपले, योजनागत रूपले सरकारको या मन्त्रालयको नीतिले नै हामी त्यसलाई प्रेरित गर्ने हो । विस्थापन गर्ने वातावरण बनाउने हो । आजै मात्रै विद्युत नियमन आयोगबाट नयाँ विद्युत महशुल दर घोषणा भएको छ । विद्युत प्राविधिकरणले जो प्रस्ताव गर्‍यो । नेपाल सरकारले आफ्नो नीति कार्यक्रममा प्रस्तुत गर्‍यो र बजेट वक्तव्यमा पनि त्यो उल्लेख गरियो कि खुसीको कुरो कि हामी जति धेरै विद्युत उपयोग गर्छौं,  त्यति

कम महशुल लाग्दै गर्ने हामी एउटा विद्युत महशुल सम्बन्धी नीति सरकारको थियो । त्यसै अनुसार आज विद्युत महशुल निर्धारण भएको छ । म यो खुसी यो सम्मानित सदनमा बाड्न चाहन्छु । १० युनिटसम्मको घरेलु ग्राहकहरू अथवा ग्रार्हस्थ ग्राहकहरूलाई उर्जा शुल्क निःशुल्क गरिएको थियो । त्यो भनेको ८ लाख ६१ हजार ग्राहकहरूले अब जो गरिब छन्, विपन्न छन्, तल्लो वर्गका छन् । जसले निःशुल्क विद्युत प्रयोग गर्न पाउने अवस्था बनेको छ । जो हामीले बजेट वक्तव्यमा प्रस्तुत गरेका थियौं । त्यो चाहिँ आजै मात्रै व्यवस्था भएको जानकारी गराउन चाहन्छु । त्यसैगरि बजेट मार्फत् १५० युनिटसम्म २५ प्रतिशत छुट यो वर्षलाई । त्यसैगरि २५० युनिटसम्मको ग्राहकहरूको लागि १५ प्रतिशतको छुटको व्यवस्था बजेट मार्फत् गरिएको थियो । त्यसैगरि लकडाउनको समयमा सम्पूर्ण औद्योगिक ग्राहकहरू र अन्य ग्राहकहरूको लागि डिमाण्ड शुल्क निःशुल्क गरिएको थियो अथवा छुट गरिएको थियो । यसरी हेर्दा यो आर्थिक वर्षमा सरकारको तर्फबाट बजेट मार्फत् १२ अर्ब बराबरको हामी उर्जामा खासगरि विद्युतीय उर्जामा चाहिँ उपभोक्ताहरूलाई, ग्राहकहरूलाई सहुलियत दिने व्यवस्था गरिएको छ । म त्यो कुरो यहाँ सम्मानित सदनमा राख्न चाहन्छु । यसरी हामी नयाँ विद्युत महशुल अनुसार १५० युनिटसम्म ५ देखि ६ जना सदस्य सङ्ख्या रहेको घरमा ईण्डक्सन अथवा विद्युतीय चुलो प्रयोग गर्दा १५० युनिट हाराहारीमा खपत आउदो रहेछ । त्यो समूहलाई सस्तो विद्युत महशुल निर्धारण गरेका छौं । यसरी हेर्दा नयाँ व्यवस्था भनेको चार्जिङ्ग स्टेशनहरू विद्युतीय गाडीलाई प्रोत्साह गर्नको लागि हामी विद्युत प्राधिकरण मार्फत् हामी देशभरि ५० वटा स्मार्ट चाजिङ्ग स्टेशन आफै स्थापना गर्दैछौं । बाँकी प्राइभेट सेक्टरले पनि गर्न मिल्ने गरी नयाँ महशुल दर निर्धारण गरेका छौं । ५ रुपैयाँ ६० पैसाको रेटमा जो विगतमा झण्डै १२/१३ रुपैयाँको रेन्जको ग्राहकहरूको रेञ्जमा रहेर त्यो चार्जिङ्ग गर्ने व्यवस्था भइराखेको थियो । अलग्गै व्यवस्था थिएन । यस पटक त्यो व्यवस्था पनि गरेका छौं । त्यसैगरि बजेट मार्फत् विद्युतीय गाडीहरू खासगरि सार्वजनिक यातायातलाई भन्सार नलिने अथवा १ प्रतिशत मात्रै भन्सारको व्यवस्था छ । जसले एउटा प्रोत्साहन गरेको छ । प्रतिनिधि सभामा पनि उठेको थियो, सम्मानित राष्ट्रिय सभामा, आम बुद्धिजीविहरूको बीचमा पनि त्यो गाडीको महशुलको बारेमा उठेको छ । त्यसलाई सरकारले, मन्त्रालयले र अर्थ मन्त्रालयले पनि गम्भीर रूपले लिएको छ । माननीय सदस्यहरू र आम जनताको यो आवाजलाई उपयुक्त समयमा सम्बोधन हुने छ र विद्युतीय गाडी प्रयोग र हाम्रो आफ्नो विद्युतीय उर्जा प्रयोगलाई प्रोत्साहित गर्ने वातावरण बन्ने छ भन्ने कुरा पनि म यहाँ विश्वास व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय, यसरी हामीले सरसर्ति हेर्दा हाम्रो एउटा प्रक्षेपण छ कि हामी २०४० सम्मको हाम्रो विद्युत खपतको प्रक्षेपण हेर्दा हामी सरसर्ति ४.५ प्रतिशत ग्रोथ रेट रहँदा चाहिँ हाम्रो १९ हजार १ सय ५१ मेगावाट हामीलाई जरुरी हुँदोरहेछ । तर हामी ७.२ प्रतिशतको ग्रोथ रेट रह्यो भने झण्डै ३० हजार मेगावाट चाहिन्छ । तर यसलाई अझ ९.२ प्रतिशतको आर्थिक वृद्धिमा जाँदा ४२ हजार मेगावाट हामीलाई विद्युतीय उर्जा हामीलाई जरुरी पर्छ । यही प्रक्षेपणलाई आधार बनाएर हामी २०३० सम्मको प्रक्षेपणमा चाहिँ एकदम कम ७.२ मा रहँदा पनि १२ हजार मेगावाट हाराहारीको विद्युत हामीलाई जरुरी पर्छ ।

त्यसैले उर्जा दशक नेपाल सरकारले गत वर्ष सन् २०२८ लाई आधार बनाएर २०७५, २०८५ लाई आधार बनाएर घोषणा गर्दा १० हजार मेगावाट हामीलाई आफूलाई जरुरी हुन्छ । कम्तीमा पनि १५ हजार मेगावाट उत्पादन गऱ्यौं भने हिउँदको सहित लगाएर, हिउँदमा पनि आत्मनिर्भर हुन्छौं । वर्षा सिजनमा हामी झण्डै ५/६ महिना ५ हजार मेगावाटको हामलिाई सरप्लस हुन्छ । त्यो हामी क्षेत्रीय बजारमा पनि पुऱ्याउन सक्छौं । त्यसरी हामी उर्जाको संरक्षण, उर्जामा आत्मनिर्भर हुन सक्छौं भनेर एउटा रणनीतिका साथ मन्त्रालयले काम गरिराखेको छ । सरकारको बजेट विनियोजन पनि यसैमा केन्द्रित रहेको म सम्मानित सदनलाई जानकारी गराउँछु ।

अब सिँचाइतर्फ जाँदा, यसैगरि म एक, दुई वटा प्वाइन्टमा हाइलाइट गर्न चाहन्छु । आजको यो विद्युत महशुल निर्धारण क्रममा डेलिकेटेड लाइन भनेर उद्योगि व्यवासायीहरू असाध्यै मर्कामा पऱ्यो भनेर जानकारी गराइराख्नु भएको थियो । विगतमा हामी खासगरि यो उर्जा सङ्कटको बेला, लोडसेडिङ्गको बेला अलग्गै डेलिकेटेडलाइन ट्रङ्क लाइन जसले प्रयोग गर्नु भएको छ । उहाँहरूलाई प्रिमियम लिइन्थ्यो । त्यसोगर्दा २४ सैं घण्टा विद्युत जसले सेवा लिनु हुन्छ । उहाँहरूलाई झण्डै-झण्डै ६५ प्रतिशतसम्म अतिरिक्त शुल्क तिर्नु पर्थ्यो । लोडसेडिङ्ग अन्त्य पछि त्यसलाई हटाउने पर्यत्न गर्दै आएका थियौं । उपयुक्त निकाय, विद्युत नियमन आयोग थियो । आजको यो महशुल निर्धारणमा त्यो डेलिकेटेड पनि हटाइएको छ । जसले उद्योगी व्यवसायीहरूले स्वागत पनि गर्नु भएको छ । खुसीको कुरा यो रहेको छ । खासगरि सामुदायिक खानेपानी र सिँचाइतर्फ रहेको डिमाण्ड शुल्क पनि बजेटमा घोषणा गरिएको थियो र  महशुल एड्जष्ट गर्ने क्रममा पनि हटाइएको व्यहोरा म जानकारी गराउन चाहन्छु । समग्रमा जाँदा चाहिँ १० प्रतिशतको हाराहारीमा अहिले विद्युत महशुल सस्तो गरिएको छ । सबै तहका ग्राहकहरूको लागि त्यसो गर्दा यो लकडाउनका कारण, कोरोनाको कारण अर्थतन्त्रमा गम्भीर असर देखिराखेको बेला सामाजिक जीवनमा प्रभाव देखिराखेको बेला सरकारको तर्फबाट यो एउटा राहत प्याकेज जस्तो भएको कुरो पनि म यहाँ राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सिँचाइतर्फ कुरोगर्दा हाम्रो कूल सिँचाइ योग्य भूमिमध्ये अहिले १४ लाख ७८ हजार हेक्टर जमिनमा सिँचाइ संरचना विकास भएको छ । जो सिँचाइ योग्य भूमिको ८४ प्रतिशत हो । हामी जल उत्पन्न प्रकोपतिर पनि काम गरिराखेका छौं । यसमा हालसम्म १ हजार ६० किलोमिटर तटबन्ध निर्माण भएको छ । यसबाट जग्गा उकास १० हजार ८ सय ७६ हेक्टर भएको छ । राष्ट्रिय गौरबका आयोजनाहरू सिक्टा, बबई, भेरी बबई डाइभर्सन, रानी जमरा, सुनकोशी मरिन, महाकाली तेस्रो लगायतका राष्ट्रिय गौरबका आयोजनाहरू मन्त्राालयबाट सञ्चालित छन् । यो सबै आयोजना पूरा गर्दा २ लाख ७५ हजार हेक्टर जमिनमा बाह्रैं महिना सिँचाइ सुविधा पुग्ने छ र २ लाख ७५ हजार हेक्टर जमिनमा सिँचाइ पुग्नुको अर्थ हाम्रो कूल ग्राहस्थ उत्पादनमा कम्तीमा पनि २ प्रतिशतको योगदान यति आयोजना सम्पन्न गर्दा रहने प्रक्षेपण, आकँडा देखिएको छ । त्यसोगर्दा हामी राष्ट्रिय गौरबको आयोजनाहरूलाई प्राथमिकताका साथ पूरा गर्ने मन्त्रालयको कोशिस रहेको छ । कृषि क्षेत्रको कूल ग्राहस्थ उत्पादनमा २७ प्रतिशत योगदान

रहीआएको छ र हामीले आगामी वर्षको २६ अर्बको बजेट सिँचाइतर्फ छ । जसबाट कम्तीमा पनि २८ लाख श्रम दिन रोजगारी सिर्जना हुन्छ भन्ने हाम्रो अध्ययनले देखाएको छ । हामीले यो कोरोना प्रभावित जसबाट थुप्रैले रोजगारी गुमाउने, राष्ट्रिय योजना आयोगले त विभिन्न प्रकारको रोजगारीको हिसाब गर्दा झण्डै ७९ लाखले विभिन्न प्रकारको फर्मल, इनर्फमल रूपमा रोजगारी गुमाएको तथ्याङ्क निकालेको छ । तर फर्मलतिर जाँदा कम्तीमा पनि ११ लाखले रोजगारी गुमाउने देशभित्रै हरेक वर्ष कम्तीमा पनि ५ लाख नयाँ श्रमशक्ति बजारमा आउने र कम्तीमा पनि १० लाखजति भारतबाट र तेस्रो देशबाट हाम्रो देशबाट बाहिर श्रममा जानु भएका युवाहरू फर्किने अवस्था । हेर्दा २५/२६ लाख त यही सङ्ख्या देखिन्छ, रोजगार गुमाउने अथवा नयाँ रोजगारी सिर्जन गर्नु पर्ने अवस्था आएको छ । यसलाई मध्येनजर गर्दै कृषि मन्त्रलायसँग हामीले संयुक्त रूपमा एउटा कार्यदल निर्माण गरेर हामीले सिँचाइ पुऱ्याउने कृषिले चाहिँ त्यो ठाउँमा मल, बिउ बिजन, प्राविधिक पुऱ्याउने र पे-ब्याकको ग्यारेष्टि पनि गर्ने र रोजगारी सिर्जना गर्ने, स्वरोजगारी सिर्जना गर्ने र जो विदेशबाट फर्केको जनशक्ति छ । त्यसलाई त्यसमा लगाउने गरी एउटा बजेटको विनियोजन पनि भएको छ । यसरी हेर्दा यस वर्ष गत वर्षमा हामीले ४०० वटा स्यालो ट्युवेल गरेका थियौँ । यस वर्ष ५ हजार स्यालो ट्युवेल राखिएको छ र २४७ वटा डिप ट्युवेल गर्दा २२ हजार हेक्टर आगामी वर्ष नै सिँचाइ सुविधा पुग्छ । त्यसो गर्दाखेरि हामीले सिँचाइ, कृषिले मल, बिउ बिजन, प्राविधिक र विदेशबाट आएका या यही देशभित्र रोजगारी गुमाएका युवकहरू त्यसमा जाने र जसले स्वरोजगार पनि बन्ने, रोजगार पनि बन्ने, उत्पादन पनि बृद्धि हुने र एक खालको सामाजिक सन्तुलन पनि हुने खालको हामीर्ले विश्वास गरेका छौँ । त्यस अनुसार त्यस खालको बजेटको विनियोजन अथवा प्रस्ताव रहेको जानकारी गराउन चाहन्छु ।

यहाँ विनियोजन माथिको छलफलमा माननीय सदस्यज्यूहरूले संशोधनको रूपमा या चाहिँ बहसमा भाग लिने क्रममा सोध्नु भएको प्रश्नमा म संक्षेपमा स्पष्ट गर्न अनुमति चाहन्छु । ठुला जलविद्युत आयोजना प्रदेश अनुसार हुनु पर्ने भन्ने खालको माननीयज्यूको प्रश्न आएको छ । त्यसमा हामी एक प्रदेश एक मेगा प्रोजेक्ट भनेर गत वर्षदेखि नै हामी त्यो नारा नै अगाडि सारेका छौँ । अहिले त्यस अन्तर्गत हरेक प्रदेशमा कम्तीमा पनि ठुलो आयोजना पर्ने गरी जलविद्युत आयोजनाहरू राखेका छौँ । प्रदेश नम्बर एकबाट अपर अरुण खोला, किमाथाङ्का अरुण त्यसैगरि अहिले यसै वर्ष हामीले दुधकोशी रिजर्भ वायर प्रोजेक्ट ६२०/६३० मेगावाटको सुरु नै गर्दैछौँ । लगायतका हुँदै सबै प्रदेशमा कम्तीमा पनि एक ठुला प्रोजेक्ट रहने गरी आयोजनाहरू अगाडि बढाइएको म जानकारी गराउन चाहन्छु । त्यसै नेपाल विद्युत प्राधिकरणलाई उत्पादन, प्रसारण र वितरण ३ वटा अलग-अलग निकायको रूपमा अनबण्डलिङ्ग गर्ने कुरो हाम्रो बजेटमा आएको छ । यसबारे के हो ? स्पष्ट नीति हो कि ? हचुवाको भरमा आएको हो कि ? भन्ने माननीयज्यूबाट आएको रहेछ । यसमा हामीले विद्युत ऐन नयाँ ड्राफ्ट गरेका छौँ । नयाँ संविधानको स्प्रिरिट अनुसार । संघीयताको स्प्रिरिट अनुसार । त्यो चाहिँ अहिले क्याबिनेटबाट पास भइसकेको छ र हामी छिट्टै नै सम्मानित सदनमा प्रस्तुत गर्दैछौँ । त्यस क्रममा के हामी अब कसैले पनि एउटै

कम्पनीले यो उत्पादन, प्रसारण र वितरण गर्न पाउने छैन । विद्युत प्राधिकरणलाई पनि अनबण्डलिङ्ग गरेर वशिष्टीकरण गरिने छ भन्ने त्यसको प्रस्ताव पनि छ । अहिले कार्यक्रममा त्यही अनुसार आएको हो । हामी पनि त्यही अनुसार जान्छौँ । त्यसो हुँदा चाहिँ उत्पादन तिर एक खालको विशिष्टीकरण हुन्छ एउटा कम्पनी । प्रसारणको कम्पनी अथवा ग्रीड कम्पनी हुन्छ र वितरण सम्बन्धी सात वटा कम्पनीहरू हुन्छन् र प्रदेश सरकारहरू पनि त्यसमा सहभागी हुन्छन् र वितरणका कामहरू मूलत प्रदेशसँग सम्बन्धित भएर जान्छन् । त्यो रूपले हामी विधेयक तयार गरिसकेका छौँ र प्रस्तुत हुँदैछ । विद्युतीय गाडीलाई प्रोत्साहन नगर्ने, चाजिङ्ग स्टेशन बनाउने विरोधाभाष भएन र ? भन्ने खालको जिज्ञासा रहेछ । यसमा चाहिँ मैले अघि नै बताइसके सार्वजनिक यातायातलाई प्रोत्साहन नै गरेको छ । जो चार्जिङ्ग स्टेशनहरूको कुरा हो हामीले सरकारी तबरबाट पनि प्राइभेट सेक्टरबाट पनि गर्ने गरी नीतिहरू, कार्यक्रमहरू बनाएका छौँ । त्यो प्रोत्साहन गरिराखेका छौँ । सम्मानित सदनमा उठेका आवाज जनताको तहमा, उपभोक्ताको तहमा उठेका आवाजलाई सरकारले उपयुक्त समयमा, उपयुक्त तरिकाले रेस्पोन्स गर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु विद्युतीय गाडी सम्बन्धी ।

त्यसैगरि माथिल्लो तामाकोशी ०७५/७६ मै सम्पन्न गर्नु पर्ने अहिलेसम्म भएन भन्ने माननीयज्यूको जिज्ञासा रहेछ । यसमा यसै वर्ष सम्पन्न गर्ने र ४५६ मेगावाट सिस्टममा आउने थियो । तर यो लकडाउन लगायतका प्रभाव त्यहाँ देखियो र हामी साउन, भदौ महिनामा कम्तीमा पनि पूरै नभए पनि केही युनिटहरू हामी सञ्चालन गर्छौं र आगामी आर्थिक वर्ष मध्यसम्म जाँदा सबै जाँदा सबै हामी पूर्ण क्षमतामा सञ्चालन गर्ने हाम्रो प्रतिवद्धता रहेको छ । मुख्य त्यहाँ असाध्यै क्रिटिकल समस्याको रूपमा रहेको पेन स्टक पाइपहरू हो । त्यो तल्लो खण्ड जडान भइसकेको छ । माथिल्लो खण्ड अन्तिम चरणमा रहेको छ । त्यसलाई टेष्टिङ्गको पिरिएडमा छिट्टै जाँदै छ र त्यो प्रतिवद्धता पूरा हुँदैछ । यसको लागत महङ्गो भयो भन्ने कुरो छ प्राय जसो हाम्रा आयोजनाहरूको लागतमा बताउँदा नेट लागत मात्रै बताउँदो रहेछ । ५/७ वर्ष निर्माणको चरणमा रहेको चाहिँ ब्याज त्यसमा नजोड्ने यसमा पनि झण्डै १४/१५ अर्ब ब्याज मै पुगिसकेको छ । त्यसोहेर्दा सुरुको लागत अनुमान र ब्याज गर्दा अहिले अलिकति बढी जस्तो देखिएको छ एक । अर्को चाहिँ भुकम्पले झण्डै दुई वर्ष पछि सऱ्यो । अहिले कोरोनाले यो ५/७ महिनाले सर्दा केही लागत बढेको छ । यद्यपि सस्तो मध्येको आयोजना हो यो । अहिले हामीले गरिराखेका आयोजनामा असाध्यै सस्तोमध्येको आयोजना हो । अहिले विद्युत प्राधिकरणले नेपाल सरकारले जसरी सस्तोमा १० युनिटसम्म निःशुल्क दिने हिम्मत कहाँबाट आयोभन्दा के हामी यो ४५६ मेगावाटको माथिल्लो तामाकोशी आउँछ । त्यो सस्तोमा हुन्छ र त्यसबाट हामी केही ग्याप पूरा गर्छौं भन्ने हाम्रो विश्वासले नै हामीले यो गरेका छौँ एकातिर । अर्कोतिर हामी हाम्रो वितरण लगायतका कुरामा इफिसेन्सी ल्याउँछौँ अथवा चुहावट नियन्त्रण गर्छौं । र हाम्रा आर्थिक अनुशासन कायम गर्छौं । जसबाट हामी यो ग्याप पूरा गर्न सक्छौं भन्ने हाम्रो विश्वास छ ।

जनताको लगानी आर्कषण भएन शेयर मूल्य घट्दो अवस्थामा छ भन्ने कुरा आएको छ । यसमा निश्चय पनि यो क्रममा विभिन्न क्षेत्रका जलविद्युतका अतिरिक्त अरु क्षेत्रका

पनि केही शेयरका इन्डिकेटरहरू तलमाथि देखिएका छन् । यद्यपि राम्रा विद्युत आयोजनाहरूको असाध्यै राम्रो छ । जस्तै चिलिमेकै राम्रो छ । माथिल्लो तामाकोशीको राम्रो छ । राम्रा आयोजनाहरूको शेयर भ्यालु, शेयर मूल्य अहिले पनि राम्रो रहेको छ । जनताको जलविद्युत आयोजना अन्तर्गत अथवा 'नेपालको पानी जनताको लगानी' अन्तर्गतका कार्यक्रमहरू हामीले गरेका छौँ । त्यसमा पनि असाध्यै राम्रा आकर्षणहरू जनताको रहेको छ । आगामी दिनमा पनि त्यो विश्वासलाई हामी कायम राख्छौँ । यो प्रदेशगत सन्तुलन मिलेन कि भन्ने हो हामीले त्यसमा ७५३ तहहरूलाई नै वैकल्पिक उर्जाका कार्यक्रमहरू सशर्तमा पठाएकाछौँ । त्यसैगरि ७७ वटा जिल्लामा विद्युत विस्तार कामको लागि ७७ वटै जिल्लामै बजेट विनियोजन गरिएको छ । त्यस अन्तर्गत प्रदेश नम्बर २, त्यसैगरि बागमती अनि गण्डकी र प्रदेश नम्बर ५ । ४ वटा प्रदेशलाई आगमी आर्थिक वर्षमा पूर्ण विद्युतीकरण गर्दै छौँ । त्यो अनुसारको बजेट रहेको छ । बाँकी ३ वटा प्रदेशलाई आगामी वर्ष बहुवर्षीय टेण्डरमा जाने या ठेक्कामा जाने र अर्को वर्ष सम्पन्न गर्ने गरी पूर्ण विद्युतीकरणको योजना या बजेट प्रस्ताव यहाँ गरिएको छ । त्यो कुरो सबै जिल्लाको हकमा छ, सबै जसो पालिकाको हकमा छ । त्यसैले एकखालको सन्तुलन बन्छ । अर्कोतिर मैले अघि नै बताएँ २४७ वटा डिप ट्यूबेल सबै निर्वाचन क्षेत्रमा छ । तराई मधेसका २५ जिल्लाका, स्यालो ट्यूबेल सबै पालिकाहरूमा अहिले ३०/३५/४० सङ्ख्यामा पानीको उपलब्धता स्यालो ट्यूबेल भनेको अलि सतहमा पानी जहाँ पाउँछ त्यो अनुसारको अध्ययन अनुसार वितरण गरिएको छ । त्यसैले सबैजसो क्षेत्रलाई कभरेज छ । त्यसैगरि तराई मधेसमा १४ वटा हाम्रा जनताको तटबन्ध या नदी नियन्त्रण सम्बन्धी काम चलिराखेको छ । सबै जसो तराई मधेसका जिल्लाहरूलाई कभरेज गर्छ त्यसले र पहाड तिर हामीले खासगरि एकीकृत उर्जा तथा सिँचाइ कार्यक्रम अन्तर्गत लिफ्ट सिँचाइहरूलाई प्राथमिकता दिएका छौँ । नदी किनारहरूलाई अलि हराभरा बनाउने, उत्पादनमूलक बनाउने त्यही पनि मान्छेहरू रहने अवस्था बनाउनको लागि त्यस प्रकारका आयोजनाहरू अगाडि सारेका हौँ । जो माननीयज्यूले दिनु भएका आयोजना लगभग सबै राखेका छौँ । त्यसलाई राम्ररी अध्ययन गर्दै जो फिजिबल हुन्छ त्यसलाई सम्पन्न गर्ने गरी हामीले राखेका छौँ । त्यसैले असन्तुलित भए कि भन्ने कुरोमा म त्यति सहमत छैन । तै पनि माननीयहरूज्यूको यसमा ठोस रूपले यो ठाउँमा असन्तुलन भयो भन्ने आयो भने त्यसलाई सच्चाउने, त्यसलाई पनि कार्यक्रममा समावेश गरेर जानेमा मेरो प्रतिवद्धता रहेको कुरो यहाँ राख्न चाहन्छु ।

उत्तरगंगा जलाशययुक्त आयोजनाको बारेमा आएको छ । त्यो डीपीआर भइराखेको छ । डीपीआरको फेजमा छ । त्यो डीपीआर सम्पन्न हुने बितिकै त्यसलाई प्राविधिक उपयुक्तता हेरेर प्रदेश नम्बर ४ अथवा गण्डकी तिरका साथी भाइहरू, त्यहाँका मुख्य मन्त्री लगायतकाले यतैतिर गर्नु पऱ्यो । जो पहिले जाइकाले अध्ययन गरेको थियो भन्ने छ । रुकुम या प्रदेश नम्बर ५ को एउटा हिस्सा, प्रदेश नम्बर ६ अथवा कर्णालीका साथीहरूले चाहिँ होइन जहाँ नेचुरल कोर्स छ भनिराख्नु भएको छ । त्यसमा हामी विवादमा छैनौँ र डीपीआर भइराखेको छ । जहाँ फिजिबल हुन्छ, उपयुक्त हुन्छ, सबभन्दा राम्रो हुन्छ, लाभमूलक हुन्छ, त्यो ढङ्गले गर्दाखेरि यो आयोजना अगाडि बढिराखेको कुरो म यहाँ राख्न चाहन्छु ।

विद्युत निर्यातभन्दा खपतमा जोड गर्नु पर्ने, विद्युतीय चुलो, सवारीमा जोड दिनु पर्ने भन्ने छ । यो प्रश्नमा म पूरै सहमत छु । अघि नै म बताइसकेँ, त्यो अनुसारको घरेलु खपत मै हाम्रो जोड छ । त्यसमा अलिकति बचत भयो भने मात्रै हामी क्षेत्रीय बजारमा पुऱ्याउने कुरो गरेका हौँ ।

समृद्ध तराई मधेस विशेष सिँचाइ कार्यक्रमको बारेमा प्रश्न उठेको रहेछ । मैले बताइसकेँ । ५ हजार स्यालो र २४७ डिप ट्यूबेल र २२ हजार हेक्टरमा आगामी वर्ष नै सिँचाइ सुविधा यस मार्फत् पुऱ्याउँछौँ र पर्याप्त यसमा जोड दिइएको छ र बजेट पनि पर्याप्त रहेको छ । कृषिका लागि सिँचाइ कार्यक्रमदेखि साना योजनाहरूका कुराहरू आएका छन् । खासगरि यो पहाडी क्षेत्रहरूमा संघबाट आयोजना रहेनन् भन्ने जिज्ञासा आएको रहेछ । यसलाई हामी एकीकृत उर्जा तथा सिँचाइ अन्तर्गत गत वर्ष माननीयज्यूहरूकै आवाज सुनेरै एक हजार हेक्टरभन्दा ठुला मात्रै संघले गर्ने थियो । त्यसलाई घटाएर पहाडमा १०० हेक्टरसम्म, हिमाली क्षेत्रमा ५० हेक्टरसम्म पनि गर्ने गरी त्यो क्याबिनेटले निर्णय गरेको छ । त्यस अनुसार नै अहिले कार्यक्रमहरू आएका छन् । त्यसैगरि यहाँ रिऊ नदीमा बाँध निर्माण गर्ने कुरो, नारायणी तटबन्ध हाम्रो जनताको आयोजनाको रूपमा रहेको छ । हामी त्यसबाट पनि बिस्तार गर्न सक्छौँ एउटा । अर्को वन तथा वातावरण मन्त्रालयले खासगरि यो निकुञ्जसँग सम्बन्धित पनि भयो र अर्को राष्ट्रपति चुरे कार्यक्रमसँग पनि सम्बन्धित भयो । त्यहाँबाट पनि कार्यक्रमहरू भइराखेका छन् । तर माननीयज्यूले पटक-पटक व्यक्तिगत रूपले पनि भनिराख्नु भएको छ । यो हाउसमा पनि उठ्यो यसलाई अलग्गै अलि एउटा स्पेशल आयोजनाका रूपमा अगाडि बढाउन पायो भने तटबन्ध पनि हुन्छ र अर्कोतिर बस्तीलाई खासगरि निकुञ्जबाट आउने जनावरबाट संरक्षण हुन्छ । पर्यटकीय पूर्वाधारको रूपमा पनि यो वन छ । यसरी वहुआयामिक खालको वहुउद्देश्य खालको हुन्छ भनेर राख्नु भएको छ । यसलाई हामी अलग्गै अध्ययन गर्ने म विश्वास दिलाउन चाहन्छु । नदी नियन्त्रण तिरको कामहरू वहुवर्षीय हुन पर्‍यो । one time अथवा सालवसाली गर्दा चाहिँ एकैसाथ पैसा नपुग्ने, काम नहुने भन्ने खालका छन् । ठुला आयोजनाहरू वहुवर्षीय छन् । कति आयोजना खासगरि हामी नयाँ प्रविधिमा आधारित यस्ता तटबन्ध के गर्ने गरेका छौँ भने जहाँ critical छन्, जहाँ नयाँ Geo Bag लगायत अलिकति नयाँ प्रविधिमूलक गर्ने हो । त्यो चाहिँ on time नै गर्ने गरेका छौँ । यसोगर्दा बरु नपुग हुँदा अर्को वर्ष फेरि रकम व्यवस्था गरेर गर्ने गरेका छौँ । म यहीँ राख्न चाहन्छु ।

पहुँच र शक्तिको आधारमा आयोजना छनौट भए कि भन्ने खालको माननीयज्यूको रहेछ । मैले अघि पनि सबै बताएँ, सबिस्तार पालिकाहरूमा पनि छ, प्रदेशहरूमा पनि छ, जिल्ला-जिल्लागत रूपले पनि छ । त्यसोहुँदा चाहिँ यो पहुँच, शक्ति कुनै आधारमा होइन कि कति माननीयज्यूहरू, कुनै जिल्लाका माननीयज्यूहरू हामी कहाँ नपुग्दा पनि विद्युतीकरणका कुराहरू परेका छन्, सिँचाइका कुरा परेका छन् । अरु वैकल्पिक उर्जाका कार्यक्रमहरू परेका छन् । त्यसैले यो कुरोमा सत्यता छैन । पश्चिम सेती छिट्टै कार्यान्वयन होस् भन्ने छ । लगानी बोर्ड मार्फत् हामी यसलाई अगाडि बढाएका छौँ । त्यसमा केही कम्पनीहरूले इच्छा पनि देखाएको छ । हामीलाई के आसा छ भने लगानी बोडै मार्फत् त्यो आयोजना अगाडि

बढ्छ । विगतमा धेरै कोशिस, धेरै खालको लगानी मोडालिटिमा कामको कोशिस भो । यद्यपि त्यसको सम्पन्न हुन सकेन । यसले क्षेत्रीय सन्तुलनको लागि, यद्यपि अहिले हामीले यो बझाङको सेती नदीमा regional balance लाई भनेर, provincial balance को लागि हामी गर्दै छौँ अहिले बजेटमा पनि आएको छ । यो आयोजनालाई लगानी बोर्ड मार्फत् अलि ठुलो आयोजना पनि भयो । बैदेशिक लगानी जुटाएर गर्ने ढङ्गले त्यो अगाडि बढाएको कुरो पनि म सम्मानित सदनमा राख्दै अध्यक्ष महोदय म माननीय सदस्यहरूबाट उठेका जिज्ञासाहरूलाई मैले स्पष्ट गर्ने कोशिस गरेँ । यसमा थप जिज्ञासाहरू भए माननीय सदस्यहरूको फेरि पूरक प्रश्न आउने नै छ । मैले यति कुरो राख्दै म सम्मानित सदनमा उठेका विषय माननीय सदस्यज्यूहरूले व्यक्त गर्नु भएका भावनाहरूलाई एउटा मार्ग दर्शनको रूपमा लिएर मन्त्रालयले काम गर्ने म विश्वास व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनले दिनु भएको जवाफका सन्दर्भमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल विद्युत प्राधिकरण महाप्रबन्धकले दैनिक रूपमा एक करोड रुपैयाँको विद्युत खेर गइरहेको छ भन्नु भएको छ । यो कसरी खेर गएको छ र किन खेर गएको छ ? एउटा प्रश्न । अर्को नेपाली काँग्रेसको संसदीय दललाई मन्त्रीज्यूको सचिवालयबाट फोन गरेर हरेक माननीयज्यूले एउटा योजना पठाउनु भनेर भनिएको रहेछ । त्यो अनुरूप हाम्रो पनि योजना समावेश गर्‍यौं । तर बजेटमा कतै पैसा छुट्याइएको देखिँदैन । किन यसरी मागियो र किन यसरी हालिएन ? यसको जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यो तटबन्धतर्फ अघिल्लो वर्ष बाढी डुबानमा परेर विशेषगरि दुई नम्बर प्रदेशका मानिसहरू धेरै मृत्यु भयो र यो क्रम हरेक वर्ष भइरहेको छ । अब हामीले पोहोर अघिल्लो वर्ष राष्ट्रिय

सभाको अध्यक्षज्यू कै नेतृत्वमा त्यसको अनुगमन पनि गऱ्यौं र पछि एउटा रिपोट पनि बनायौं । हाउसमा पनि छलफल गरेका थियौं । त्यसको केही प्रगति भयो ? अब त्यो क्षेत्रका मानिसहरू डुब्नु पर्छ कि पर्दैन ? मुर्न पर्छ कि पर्दैन ? यसमा यसमा के-के तयारी भयो ? के प्रगति भयो ? जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देबकोटा ।

**माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म उर्जा मन्त्रीलाई प्रश्न गर्न चाहन्छु । यो अपर तामाकोशीको अनुमानित लागतभन्दा सम्पन्न हुँदा ७५ अर्ब पुग्यो ३५ अर्बबाट । यो नेपाल सरकारको मातहतमा रहेका आयोजनाहरूको यति धेरै भिन्नता किन हुन्छ भन्नेर म प्रश्न राखेको थिएँ । मन्त्रीज्यूले ब्याजबाट हुन्छ भनेर भन्नु भयो । म यहाँलाई स्मरण गराउन चाहन्छु । यहाँ उर्जा मन्त्री मात्रै होइन । योभन्दा अगाडि अर्थ मन्त्री पनि हुनुहुन्थ्यो । त्यसैले ब्याज जोडेर राख्न सकिन्न ? उर्जा मन्त्रीज्यू । त्यसैले यस्तो तरिकाले जवाफ त अलि मिलेन कि भन्ने मलाई लाग्छ । त्यसैगरि पेट्रोलियम पदार्थको आयातलाई कम गर्न, विद्युतीय उत्पादनलाई प्रोत्साहन दिनको लागि विद्युतीय गाडीमा लगाइएको कर हटाउनु पर्छ भन्ने सबैतिर आएको छ र एकातिर ५ वटा चार्जिङ्ग सेण्टर राख्ने अर्कोतिर विद्युतीय गाडीमा कर लगाउने ? अनि यो मन्त्रालय, अर्थ मन्त्रालयसँग पनि समन्वय छैन कि क्याहो ? एक मन्त्रालयदेखि अर्को मन्त्रालयसँग मेरो प्रश्न यहीँ छ ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएका स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनलाई समय उपलब्ध गराउँछु ।

**माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री वर्षमान पुन**:- अध्यक्ष महोदय, प्रश्नकर्ता माननीयज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । खासगरि एक करोड दैनिक खेर गएको भन्ने सन्दर्भ कस्तो हो भने अहिले गत वर्ष हाम्रो पिक टाइममा १३५० मेगावाटसम्म थियो । अहिले कोरोनाको कारणले उद्योगहरू बन्द भए, डिमाण्ड कम भयो । होटल व्यवसायहरू पनि चलेनन् । त्यसोगर्दा अहिले घटेर हाम्रो चाहिँ १२ सय मेगावाट तिर छ । अझ कस्तो हुन्छ भने मध्येराततिर जाँदा त्यो घटेर त्यो उद्योगहरू हुँदा रातीको खपतहरू हुन्थ्यो । अहिले तयो पनि घटेर ९ सय, साढे ९ सय मेगावाट तिर जाने गरेको छ । हिउँदमा हामी अलिकति ईण्डियातिर आयात गरेर यसलाई मिलाइराखेका थियौं । अहिले

पानीको सतह बढ्दै जाँदा run of river खालका हाम्रा आयोजना धेरै छन् । पूर्ण क्षमतामा हाम्रा आयोजना चल्न सुरु गरेर पूर्ण क्षमतामा चल्दा १३०० मेगावाट आउछ हाम्रो । यसरी हेर्दा हामी big demand अथवा एकदम साँझ र बिहान सबभन्दा धेरै विद्युत खपत हुँदा बराबर जस्तो हुने । जब चाहिँ मध्येरात हुँदै जाँदा ५/७ घण्टालाई हाम्रो बढी हुने गरेको छ । अहिले २ करोड जति loss भइराखेको छ daily जसो । यो खालको छ । यो कुराको बढेर हाम्रो असार, साउन, भदौ, असोज ३ महिनाालाई २०० मेगावाटसम्म खेर जाने सम्भावना छ । त्यसैले यसलाई एकातिर हामीले रातको खपत सस्तो गरेका छौँ । आधा गरेका छौँ, बेलुका पख ८ रुपैयाँ छ भने रातिको ४ रुपैयाँ छ । यसरी ५० प्रतिशत छुट गर्ने गरेको छ अथवा कम गर्ने गरेको छ । त्यसले गर्दा उद्योगहरू राती चलून् भनेर demand र supply मिलाउने कोशिस गरेका छौँ । अर्कोतिर गत वर्ष ईण्डिया तिर energy exchange गरेर केही विद्युत हामीले पठाएका थियौँ । ३५/३७ करोड जति, अहिले त्यो माध्यम पनि र ईण्डियाको बजारमा पनि हाम्रो कुरा भइराखेको छ । day hug मार्केट भन्छ दिन दिनैको २० मिनेटको एउटा स्लाब बनाएर बिक्री गर्न पनि पाउँछौ एउटा । अर्को चाहिँ त्यहाँको खारगरि कृषिमुलक क्षेत्रहरू छ खासगरि पञ्जाब, हरियाना लगायतमा चाहिँ साउन, भदौ, असोज ३/४ महिनाको लागि झण्डै एक हजारदेखि पन्ध्र सय मेगावाट चाहिँ ४ महिनालाई डिमाण्ड गर्छ र त्यो खालको biding गरेर त्यो मार्केटमा जान सक्छ । त्यसको लागि अहिले हामी क्याबिनेटमा एउटा प्रस्ताव पुगेको छ । कि हामी विदेशमा लगानी गर्नको लागि त सरकारको अनुमति चाहिन्छ । अथवा व्यापार गर्नको लागि । त्यसैले त्यहाँ व्यापार गर्ने गरी कम्पनी खोल्ने व्यापार गर्ने, कम्पनी खोलिसकेको छ । व्यापारको अनुमतिको लागि क्वायबिनेट गएको छ र यसलाई त्यो रूपले पनि मिलाउने Supply demand लाई मिलाउने, बजार व्यवस्था गर्ने गरी काम भइराखेको छ । त्यसैले यो कुरो चाहिँ यो सन्दर्भमा आएको हो । अहिले अब बिस्तारै बजार खुल्दै गएपछि यो manage पनि हुँदै जान्छ ।

अनि योजना मागियो किन राखिएन भन्ने छ । मागिएको हो सबै दलहरूलाई, मन्त्रीहरू, मन्त्रालयहरूले सबैले स्वभाविक रूपले माननीयज्यूहरूको तयस्तो छ भने individual आउनु भन्दा त दलबाटै आउँदा राम्रो भनेर मागेकै हो । धेरै जसो सम्भव भएसम्म हामीले राखेका छौँ । केही हाम्रो कार्यक्रमसँग नमिल्ने कुरोहरू त्यहाँ सम्बोधन भएका छैनन् होला । त्यो सत्तापक्ष होला, प्रतिपक्ष होला, अन्य माननीयज्यूहरूको पनि त्यो गुनासोहरू छन् । यसलाई हामी आगामी आर्थिक वर्षमा मिल्ने जतिलाई अध्ययनमा या त्यो भित्र adjust गर्न सकिने कुरालाई हामीले त्योभित्र adjust गर्छौं । यो म सबै माननीय सदस्यज्यूहरूको हकमा अध्यक्षज्यू मार्फत् जानकारी गराउन चाहन्छु ।

जहाँसम्म प्रदेश नम्बर दुईमा गत वर्ष बाढी, पहिरो, डुबानले निकै असर गऱ्यो । सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा एउटा टोली पनि गयो । अध्ययन पछि प्रतिवेदन आयो । यहाँ बिशेष समयमा छलफल पनि भयो । त्यसको जवाफ पनि मैले दिएँ र आवश्यक बजेट पनि हामीले विनियोजन गऱ्यौँ । त्यो अनुसार काम पनि भएका छन् । अहिले हामीलाई विनियोजित बजेटभन्दा बाहिरको र थप रकमहरू हामी रकमान्तरको लागि हामी अर्थ मन्त्रालयमा पुगेका थियौँ । केही रकमान्तर भएको छ, केही पैसा हामीले पाइराखेका छैनौँ ।

हाम्रो के विश्वास छ भने त्यो पैसा रकमान्तर पनि पूरा हुन्छ र त्यो आयोजनाहरू काम पनि हुन्छ । र यो वर्षा अगाडि, वर्षा त लागिसक्यो, सुरु भइसक्यो । यो अगाडि त्यो क्रिटिकल ठाउँहरू मर्मत हुन्छन् । त्यहाँ तटबन्ध हुन्छन् र बस्तीहरू सुरक्षित हुन्छन् भन्ने विश्वास म यहाँ राख्न चाहन्छु ।

माथिल्लो तामाकोशीको लागत मैले अघि नै बताइसके यो ३५ अर्बको लागत प्रस्तुत गरिएको थियो । त्यो चाहिँ नेट लागत मात्रै रहेछ । त्यो बीचको ५ वर्षको निर्माण पिरिएड हुन्थ्यो । झण्डै १३ अर्ब जतिको ब्याजको हिस्सा हुन्थ्यो । त्यो सहित हुँदा १४/१५ अर्ब हेर्दा त्यतिखेर नै त्यो चाहिँ ५० अर्बक भन्दा बढीकै आयोजना थियो । ५०/५५ अर्बको आयोजना थियो । यो दुई वर्ष खासगरि भुकम्पको प्रभावले दुई वर्ष त्यो बन्द अवस्था रह्यो । अहिले यो लकडाउन, कोरोना यसले गर्दा ५/६ महिना थोरै केही डिलेहरू भएका छन् । यो सबै जोडेर हेर्दा अलिकति लागत बढेको छ । त्यो कुरो चाहिँ फेरि हामी सम्मानित सदनमा सायद गत वर्ष पनि अलिकति उठेको थियो र प्रतिनिधि सभामा पनि यही विषय उठेको थियो । सार्वजनिक ठाउँमा पनि उठेको छ । यसलाई हामी अब सम्पन्न हुँदैछ । त्यो स्वभाविक रूपले १० लाख शेयर होल्डरहरूको पनि लगानी भइसकेको छ । किनभने जनतामा त्यो पनि अफर भइसकेको छ । सार्वजनिक अफर भएर लिई पनि सकेको अवस्थामा १० लाख त्यहाँ लगानीकर्ता छ । यो १० लाख individual लगानीकर्तालाई, लगानी पनि गरिसकेको सन्दर्भमा जिम्वारीपूर्वक त्यसलाई आयोजनाले सार्वजनिक गर्ने छ । माननीय सदस्यज्यूको यो खबरदारीलाई निश्चय पनि हामीले यसलाई एउटा सतर्कताको रूपमा खबरदारीको रूपमा लिएर त्यो आयोजनालाई कुनै पनी हालतमा त्यहाँ अनियमिता नहोस् । समयमै सम्पन्न होस् र जति लागत हो त्यसलाई प्रष्ट रूपले, स्पष्ट रूपले सार्वजनिक होस् भन्ने हामीले पनि आवश्यक निर्देशन दिएको कुरो म राख्न चाहन्छु ।

विद्युतीय गाडीको कुरो छ । मैले अघि नै राखिसकेको छु । त्यसमा गत वर्षसम्म चाहिँ एउटै सल्याबमा थियो । अहिले ५ स्ल्याबमा त्यो विद्युतीय गाडीलाई राखेको छ । त्यसमा सार्वजनिक बसहरू आदि इत्यादिलाई पुरानै व्यवस्था छ । त्यसैगरि कम क्षमताको अथवा त्यो मध्यम वर्गले अफर गर्ने खालकोलाई चाहिँ कम भन्सार दर छ । जतिमाथि हुँदै गयो । त्यसको क्षमता अनुसार अलि विलासिताको परिभाषाको स्लाबलाई अलिकति महङ्गो जस्तो छ । यद्यपि त्यो हाउसमा कुरा उठेको छ । सार्वजनिक उठेको छ । त्यो कुरो पनि नियतभन्दा पनि त्यसमा चाहिँ जे तर्क अहिले कोरोना आदि, इत्यादि, सङ्क्रमण, राजस्य कम उठ्ने । हाम्रो राजस्वले साधारण खर्च नै धान्ने अथवा प्रशासनिक खर्च धान्नलाई गाह्रो भइराखेको बेला स्वभाविक रूपले अर्थ मन्त्रालयले विभिन्न क्षेत्रमा सम्भावित राजश्वका स्रोतहरू कहाँ हुन सक्छन् भन्दै जाँदा यो बिस्तारमा पर्न गएको छ । यद्यपि यसमा पर्याप्त आवाज उठिसकेकोले मैले सुरुदेखि भनिराखेको छु कि यसलाई सरकारले उपयुक्त समयमा, उपयुक्त ढङ्गले सम्बोधन गर्छ । त्यो सम्मानित प्रधानमन्त्रीज्यूले पनि विभिन्न सन्दर्भमा बताउनु भएको छ । यो कुरो चाहिँ कुनै नियतको कुरोभन्दा अहिले असाध्यै अप्ठ्यारो अवस्थामा गत वर्षभन्दा बजेटकै आकार घटाएर ल्याउनु पर्ने अवस्था छ । हामी सबैले महशुस गरेका छौँ । आर्थिक क्रियाकलापहरूमा सङ्कुचन आएको छ । यो अवस्थामा

स्वभाविक रूपमा राजश्व परिचालन पनि सङ्कुचन छ । अर्थ मन्त्रीज्यूले सम्मानित हाउस मै भनिसक्नु भयो कि महिनामा प्रशासनिक खर्च मात्रै ४० अर्बको दायित्व छ । तर जम्मा यो असार महिनामा १५ अर्ब उठ्यो । भन्दा अब यहाँ साधारण खर्च नै सञ्चालन गर्न नसक्ने अवस्था तिर गयो भने त यो जिम्मा हामी सबैको हो । यो कुनै प्रधानमन्त्री, अर्थ मन्त्रीले या कुनै मन्त्रीले ल्याएको समस्या त होइन । होल विश्वले भोगिराखेको समस्यालाई सामुहिक रूपले यसलाई फेस गर्ने कुरो हो । त्यस अर्थमा यो सन्दर्भ वस आएको कुरो हो । यसरी राजस्वको दायराहरू खोज्दै जाँदा, फराकिलो बनाउँदै जाँदा यो परेको छ । यसलाई उपयुक्त समयमा, उपयुक्त ढङ्गले यो आवाजहरू सम्बोधन हुन्छ भन्ने कुरो फेरि पनि विश्वास दिलाउँदै म अन्त्यमा अध्यक्ष महोदय यति कुरो भइसकेपछि पक्का पनि संशोधनकर्ता माननीयज्यू कन्भिन्स हुनु भयो होला र पक्का पनि आफ्नो प्रस्ताव फिर्ता लिनु हुन्छ भन्ने विश्वासका साथ बिदा हुन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणी पोखरेललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणी पोखरेल**ः- सम्माननीय अध्यक्ष महोदय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित आर्थिक वर्ष ०७७/०७८ को वार्षिक कार्यक्रम र बजेटको विषयमा केन्द्रित भई १६ जना माननीय सदस्यहरूले छलफलमा भाग लिनुभई राख्नु भएका सुझावको लागि धन्यवाद तथा आभार व्यक्त गर्दै अब म माननीय सदस्यज्यूले राख्नु भएको चासो, सरोकार र जिज्ञासाका मुलभूत विषयहरू स्पष्ट पार्न चाहन्छु । नेपालको संविधानमा शिक्षा मौलिक हकको रूपमा रहेको र राज्यका निर्देशक सिद्धान्त र नीतिमा पनि शिक्षालाई नागरिकको आधारभूत आवश्यकताको रूपमा स्वीकार गरिएको छ । यस व्यवस्थाबाट सबै नागरिकलाई शिक्षाको अवसर प्रादान गर्नु राज्यको दायित्व रहेको छ । यसैगरि संविधानले बिज्ञान तथा प्रविधिलाई देशको विकासँग वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्न निर्देश गरेको छ ।

कोभिड-१९ को महामारीको प्रभाव कम पार्न नेपाल सरकारले चैत्र ११ गतेदेखि बन्दाबन्दीको नीति अवलम्बन गरेको सर्वविदितै छ । अहिले विषम परिस्थितिका कारण शिक्षा क्षेत्र प्रभावित भएको विषयलाई अलमल भएको भन्ने बुझ्नु उचित हुँदैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विपत्का समयमा बनाउनु पर्ने दृष्टिकोण, सञ्चालन गर्नु पर्ने नीति तथा कार्यक्रम, चाल्नु पर्ने कदमका सम्बन्धमा अध्ययन गरी सङ्क्रमणकालीन वा आपत्कालीन कार्य योजना निर्माण गर्न पूर्व विज्ञान तथा प्रविधि मन्त्री श्री गणेश शाहको

नेतृत्वमा ०७६ चैत्र १५ गते मन्त्रीस्तरीय निर्णयबाट उच्चस्तरीय समिति र त्यस अन्तर्गत ६ वटा उपसमिति गठन गरेको थियो । यस समितिको अध्ययन तथा महामारीको स्थिति विश्लेषण गरी आफ्नो प्रतिवेदन मन्त्रालयल समक्ष पेश गरेको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रको नाममा गर्नु भएको सम्बोधन, उच्चस्तरीय समितिको सुझाब र अन्तर्राष्ट्रिय अभ्यासलाई समेत दृष्टिगत गरेर जेठ १८ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ निरन्तरता सम्बन्धी निर्देशिका २०७७ जारी गरी कार्यान्वयनमा ल्याइसकेको कुरा सम्माननीय अध्यक्ष महोदय मार्फत् माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु ।

बहुआयामिक सङ्कटको रूपमा आएको कोभिड-१९ को महामारीले हाम्रो औपचारिक एवम् परम्परागत शिक्षाको सिमिततालाई उजागर गरिदिएको छ । यसले शिक्षा क्षेत्रमा विशिष्ट अवसरहरू सिर्जना गरेको मैले महशुस गरेको छु । हामीले औपचारिक शिक्षा, किताबी शिक्षा, गुरु ज्ञानलाई चेलामा हस्तान्तरण गर्ने शिक्षाको विकास गर्‍यौं । यसले व्यक्तिलाई यान्त्रिक बनाउनेतर्फ अग्रसर गरायो । अहिलेको महामारीको सन्दर्भमा मूलत शिक्षा पद्धतिमा ३ विषयमा रुपान्तरणको अवसर प्राप्त भएको लागेको छ । पहिलो, विद्यार्थीहरूमा स्वअध्ययन, मनन र बुझाइको प्रक्रियाबाट शिक्षा लिने बानी बसाल्ने अवसर प्राप्त भएको छ । स्वसिकाइमा केन्द्रित हुदाँ शिक्षक, विज्ञ, पुस्तक, इन्टरनेट, मिडिया आदिको प्रयोग  गर्न पनि यसले सिकाएको छ । घर परिवारालाई नै मिनी स्कूल बनाउन प्रेरित गरेको छ । दोस्रो, प्रत्यक्ष, आमने-सामने भएर शिक्षा आर्जन गर्ने face to face पद्धतिको प्रणालीको विकल्प र परिपूरकको रूपमा बैकल्पिक शिक्षा पद्धतिलाई स्वीकार गर्न बाध्य बनाएकोले अब खुला तथा दूरशिक्षा, बैकल्पिक शिक्षा, अनौपचारिक शिक्षाको विकासमा तीव्रता ल्याउन हामीलाई प्रेरित गरेको छ । तेस्रो, प्रविधिमा आधारित औद्योगिक क्रान्तिका बीच artificial intelligence को युगमा सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम अङ्गिकार नगरी नहुने पाठ सिकाएको छ । शिक्षामा आइसीटीको अधिकतम प्रयोग गर्ने अवसर सिर्जना गरिदिएको छ । समग्रमाभन्दा ज्ञान हस्तान्तरणमा केन्द्रित विद्यमान शिक्षा प्रणालीमा रुपान्तरण गरी ज्ञान हस्तान्तरणका साथै ज्ञान निर्माणमा केन्द्रित शिक्षा प्रणाली विकास गर्ने अवसर हामीलाई प्राप्त भएको छ । स्वसिकाइ दिगो र प्रभावकारी हुने, जीवनपर्यन्त तथा जीवन उपयोगी सिकाइमा जोड दिनु पर्ने, प्रविधिको उच्चतम् प्रयोगबाट सिकाइमा तीव्रता दिनु पर्ने स्पष्ट भइसकेकोले अब विद्यार्थी, शिक्षक र शिक्षामा सरोकार राख्ने सबैले यस दिशामा आफूलाई अग्रसर गराउन जरुरी छ । शिक्षा प्रणालीलाई यतिसम्म अघि बढाउन मन्त्रालय प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छु । बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ लाई कार्यान्वयन गर्ने सन्दर्भमा थुप्रै विषयहरू उठेका छन् । म यति भन्न चाहन्छु, २०७७ मा विद्यार्थीको स्रोत साधनमा पहुँचको अवस्थाको आधारमा स्थानीय तथा विद्यालयले विद्यार्थीको पहिचान एवम् वर्गीकरण गर्ने आधारहरू तयार गरिएका छन् । ती आधारमा पहिलो, सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह । दोस्रो, रेडियो, एफएममा पहुँच भएका विद्यार्थी समूह, तेस्रो टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह, चौथो कम्प्युटर भएको तर अनलाइन

कनेक्टिभिटी नभएका विद्यार्थी समूह, पाँचौं इन्टरनेट तथा सूचना, सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह र छैठौँ, माथिका पाँचै समूहमा राख्न नसकिने अपाङ्गता तथा विशेष आवश्यकता भएका बालबालिकाको समूह गरी ६ प्रकारमा वर्गीकरण गरिएको छ । ६ प्रकारकै बालबालिकाको सिकाइ निरन्तरता हुने गरी अहिले कार्यक्रम सञ्चालन गर्न यो निर्देशिका ल्याइएको छ ।

यसरी उल्लेख गरिएका स्रोत साधनमा पहुँचको अवस्थामा आधारमा विद्यार्थीको पहिचान एवम् वर्गीकरण, कोभिड-१९ को महामारीका कारण अवरुद्ध रहेको सिकाइ प्रणालीलाई सूचारु गर्न र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठन पाठन नभएसम्म आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्न दूर तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीको माध्यमबाट प्रभावकारी र व्यवस्थित रुपमा सिकाइ सहजीकरण गर्न मन्त्रालयबाट सबै प्रदेश तथा स्थानीय तहहरूलाई आव्हान गरिसकिएको र सो बमोजिम अधिकांश स्थानीय तहहरूमा अप्ठ्यारोको बावजुद पनि यो सङ्क्रमणको जटिलताको बीचमा पनि कार्यक्रमलाई अगाडि बढाउनको लागि पहलकदमी लिइरहनु भएको छ । बाँकी स्थानीय तह र प्रदेशलाई पनि यथाशीघ्र कार्यक्रम अगाडि बढाउन मन्त्रालयको तर्फबाट अनुरोध गर्न चाहन्छु । अहिलेको विषम परिस्थितिमा घरमै बसेर सिकाइको निरन्तरता गर्नुको विकल्प छैन । विद्यमान चुनौतिहरूलाई अवसरमा बदल्दै यस सङ्कटको घडीमा पनि विद्यार्थीको सिकाइ निरन्तरताका लागि असार १ गतेबाट बैकल्पिक पद्धतिबाट सिकाइ निरन्तरता कार्यक्रम सञ्चालन प्रारम्भ गरिसकिएको छ । मुलतः स्वअध्ययन, होम स्कूलिङ्ग, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल शिक्षा जस्ता मोडालिटी प्रयोगमा ल्याइएको छ । यी कार्यक्रमहरूमध्ये बालबालिकाले आफूसँग भएको अध्ययन साधनको आधारमा कुनै पनि माध्यमबाट सिक्न सक्ने गरी समानान्तर रुपमा कार्यक्रम सञ्चालन गरिएकोले यसबाट सकेसम्म सम्पूर्ण बालबालिकाहरू लाभान्वित हुनसक्ने अपेक्षा गरिएको छ । दूर तथा भर्चुअल पद्धतिमा अभ्यस्त नभइसकेको विद्यमान अवस्थामा प्रभारम्भिक चरणमा केही अलमल र कार्यक्रमबाट बञ्चित हुनसक्ने जोखिम रहेकाले १५ दिनमा नै यसको समिक्षा गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउन मन्त्रालयले योजना बनाइरहेको छ । यस कार्यक्रमलाई सफल पार्न माननीयज्यूहरूले पनि आ-आफ्नो स्थानबाट सकारात्मक भूमिका खेलिदिनु हुन अनुरोध गर्छु । कार्यक्रमबाट कोही बालबालिका नछुटुन् भन्ने मान्यता अनुसार सबैको पहुँच सुनिश्चित गर्न विद्यालय तथा स्थानीय तहलाई अनुरोध गर्दछु ।

आर्थिक, सामाजिक लगायतका विविधि कारणले विद्यालय उमेरका विद्यालय बाहिर रहेका बालबालिकालाई अभिभावकत्व ग्रहण गरी उनीहरूको पढाइलाई निरन्तरता प्रदान गर्न नेपाल सरकारले अगाडि सारेको अभियानमा स्वतस्फूर्त रूपमा सघाउ पुऱ्याउन आव्हान गर्ने क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले दुर्गम हिमाली जिल्ला मुगुबाट साङ्केतिक रुपमा अभिभावकत्व ग्रहण गर्ने अभियान थालनी गर्नुभएको थियो । यो विषयमा हिजो सदनमा पनि उठेको छ । सम्माननीय प्रधानमन्त्रीज्यूबाट अभिभावकत्व ग्रहण गर्नुभएको विद्यार्थीले पठन पाठनमा निरन्तरता पाइरहेका छन् । सम्माननीय प्रधानमन्त्रीज्यूले अभिभावकत्व ग्रहण

गर्नुभएका विद्यार्थी अध्ययनरत विद्यालयमा इन्टरनेटको सुबिधा पुगेको र भर्चुअल सिकाइलाई सूचना तथा प्रविधि प्रयोगशाला स्थापना गर्न बजेट व्यवस्था गरिएको व्यहोरा माननीय सदस्यज्यूहरूलाई जानकारी गराउँदछु । त्यसैगरि ७ हजार १ सय ४४ वटा माध्यमिक तहका सार्वजनिक विद्यालयहरूमा बार्षिक रु १२ हजारका दरले इन्टरनेट सेवा प्रयोगबापतको शुल्क भुक्तानी गर्न रकम स्थानीय तह मार्फत् वित्तीय हस्तान्तरण गरिने जानकारी पनि गराउन चाहन्छु । विद्यार्थी अभिभावकत्व ग्रहण गर्ने गरी सञ्चालन गरिएको भर्ना अभियानमा समाजका मनकारी समाजसेवी व्यक्तित्वहरूबाट स्वतस्फूर्त रुपमा साथ दिने कार्य भएको थियो । यस अभियानमा विद्यालय बाहिर रहेका प्राथमिक विद्यालय उमेर समूहका कुल ३ लाख १३ हजार २ सय ५८ बालबालिकामध्ये २ लाख ५४ हजार बालिकालाई पहिलो वर्ष नै विद्यालय शिक्षाको पहुँचमा ल्याउन सफलता मिलेको थियो । त्यसैगरि १ सय २७ स्थानीय तहले आधारभूत तह विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालयभन्दा बाहिर नरहेको घोषणा गरिसकेका छन् । अरुहरू पनि यो प्रक्रियामा हुनुहुन्छ । विद्यालय शिक्षामा बालबालिकालाई ल्याउने, टिकाउने र सिकाउने अभिप्रायले विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइएको छ । कक्षा ५ सम्म अध्ययन गर्ने सबै विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ । यसबाट विद्यार्थीको विद्यालयमा उपस्थिति बृद्धि हुने र सिकाइमा निरन्तरता हुनेछ । यतिमात्रै होइन दिवा खाजाको व्यवस्थाबाट विद्यालयमा हुने छुवाछूत, भेदभाव, उचनिचको भावना पनि क्रमशः हटेर जाने विश्वास लिएको छु । यसले विद्यार्थीमा कुपोषणबाट बचाउनुका साथै विद्यालयमा नियमित उपस्थितिका कारण सिकाइको स्तर पनि बृद्धि हुनेछ । स्थानीय कृषि उत्पादनमा आधारित सन्तुलित दिवा खाजाको व्यवस्थाले स्थानीय उत्पादनलाई प्रोत्साहन पनि गर्नेछ । लक्षित वर्गको पहुँच सुनिश्चित हुने गरी छात्रबृत्ति कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालय शिक्षामा अध्ययन गर्ने सबै छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिएको छ । ८ कक्षासम्म रङ्गिन सहित कक्षा १२ सम्म नै निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ । यस्ता कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको कुरा सम्मानीय अध्यक्ष महोदय मार्फत् माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु ।

सम्मानीय अध्यक्षज्यू, महामारीका कारण अबरुद्ध भएको कक्षा १०, जहाँ ४ लाख ८२ हजार ७ सय ७ विद्यार्थीहरूको परीक्षालाई हालको विशिष्ट परिस्थितिलाई विचार गरी विद्यालयले लिएको आन्तरिक मूल्याङ्कनलाई आधार मानी राष्ट्रिय परीक्षा बोर्डबाट प्रमाणीकरण गर्ने प्रबन्ध मिलाउने निर्णय नेपाल सरकारले गरिसकेको छ । कक्षा ११ मा, जहाँ ५ लाख ३२ हजार ६ सय ९२ विद्यार्थीहरू छन् । उनीहरूको कक्षाको परीक्षा र प्रमाणीकरण सम्बन्धमा पनि बिद्यालयले गरेको आन्तरिक मूल्याङ्कनलाई आधार लिने गरी निर्णयका लागि अन्तिम गृहकार्य भइरहेको छ ।

**माननीय श्री गिरिराजमणी पोखरेल**:- विद्यालय शिक्षाको अन्त्यमा लिइने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा जहाँ कक्षा १२ मा ४ लाख ३१ हजार ३ सय ३० विद्यार्थीहरू छन् । उनीहरूको भने परिस्थिति अनुकूल भएपछि उच्च स्वास्थ्य सुरक्षा सावधानी सहित परीक्षा सञ्चालन गर्ने योजना रहेको जानकारी गराउन चाहन्छु । विश्वविद्यालयका विभिन्न परीक्षाहरूको सम्बन्धमा भएका अन्यौलता हटाउन, महामारीको फैलावटलाई आँकलन गरी सरकारले छिटै उपयुक्त निर्णय लिने कुरा स्पष्ट पार्न चाहन्छु । उच्च शिक्षामा प्राविधिक धारका ९७ हजार ८ सय ६८ र साधारण धारका ३ लाख ९७ हजार ३ सय ६३ विद्यार्थीहरू छन् । स्नात्तक तह, स्नाकोत्तर तह लगायत सबै तहका अन्तिम वर्ष वा अन्तिम सेमेष्टरका परीक्षाहरू केही समय कुरेर भए पनि उपयुक्त समयमा सञ्चालन गर्ने हाल अन्तिम बाहेक अघिल्ला सेमेष्टरको पढाइ सकेर बसेका विद्यार्थीहरूलाई परीक्षा नलिइकन पनि अर्को सेमेष्टरमा पढाइ सुरु गर्न सक्ने गरी विश्वविद्यालयले गृहकार्य गरिरहेका छन् । प्राविधिक शिक्षा व्यवसायिक तालिम परिषद् अन्तर्गतका डिप्लोमा र TSLC गरी ९२ हजार विद्यार्थीहरू छन् । उनीहरूको परीक्षा सञ्चालनमा समेत अध्ययन भइरहेको छ । शैक्षिक सत्र क्षति हुन नदिनेतर्फ सरकार सजग रहेकोले माननीयज्यूहरूको भावनालाई यसले सम्बोधन गर्ने छ भन्ने मैले विश्वास लिएको छु । शिक्षामा बजेट अपर्याप्त भयो भन्ने कुरा राख्नु भएको छ । माहामारीको विषम परिस्थिति तथा सिङ्गो बजेटको आकार घटेको बेलामा पनि शिक्षा क्षेत्रमा केही मात्रामा भए पनि बजेट वृद्धि हुनलाई मैले सकरात्मक रूपमा लिएको छु । प्रदेश र स्थानीय तहबाट पनि शिक्षा क्षेत्रमा ठुलो लगानी गरी सिर्जनाको कामहरू भएका छन् । तीनै तहको सरकारको साझेदारीमा शिक्षा क्षेत्रमा आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्नु पर्छ । चालू आर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा करिब ६० प्रतिशत बजेट विनियोजन भएकोमा आगामी आर्थिक वर्षको बजेटमा स्थानीय र प्रदेशको बजेट वृद्धि गरी करिब ६७ प्रतिशत पुऱ्याएको छ । यसले स्थानीय र प्रदेशलाई कमजोर बनाएको छैन । यसले शिक्षामा वित्तीय संघीयताको कार्यान्वयन सही दिशामा अघि बढेको देखाउँछ । तत्काल सिकाइ निरन्तरता निर्देशिका लागू गर्ने सम्बन्धमा आवश्यक कार्य सञ्चालन गर्न नेपाल सरकारबाट सबै स्थानीय तहमा जम्मा बजेट २४ करोड ६ लाख रकम शसर्त अनुदानको रूपमा हस्तान्तरण गरिसकेको छ । त्यसैगरि आवश्यक सामग्री विकास तथा कार्यक्रम सहजीकरणका लागि १ करोड १२ लाख रुपियाँ शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई विनियोजन गरिएको छ र आगामी वर्ष यस कार्यको लागि १ अर्ब ६४ करोड छुट्याएको व्यहोरा सम्माननीय अध्यक्ष महोदय मार्फत् माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु । भूकम्पबाट ७ हजार ९ सय २३ वटा विद्यालय भवन क्षतिग्रस्त भएकोमा केही विद्यालय गाभिन गई कूल ७ हजार ५ सय ५३ विद्यालय भवन पुनर्निर्माण गर्नु पर्ने अवस्था भएकोमा हालसम्म ५ हजार ५ सय ९८ विद्यालय भवन निर्माण कार्य सम्पन्न भइसकेका छन् । र २०७७/०७८ मा बाँकी १९५५ विद्यालय भवन निर्माण कार्य सम्पन्न गरिने कुरा अवगत गराउन चाहन्छु ।

मन्त्रालयबाट शिक्षा क्षेत्रमा विभिन्न परिवर्तनकारी कामहरू भएका छन् । कतिपय माननीयज्यूहरूले ढिला भयो कि अलि अन्यौल भयो कि भन्ने ढङ्गले पनि विषय राख्नु

भएको छ । म एकदम प्रष्ट पार्न चाहन्छु । १५ औं योजनामा प्राविधिक तथा व्यवसायिक शिक्षाको बिस्तार र सार्वजनिक विद्यालय सबलीकरण गरी २ वटा विषयलाई रुपान्तरणकारी एजेण्डाको रूपमा स्थापित गरिएको छ । नेपालको इतिहासमा पहिलो पटक राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरी कार्यान्वयनमा ल्याएको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ जारी गरिएको छ । शिक्षा ऐन, २०२८ को प्रतिस्थापन गर्ने गरी शिक्षा विधेयक तयार पारिएको छ । यसको अतिरिक्त उच्च शिक्षा विधेयक र प्राविधिक र व्यवसायिक शिक्षा विधेयक पनि तयार पारिएका छन् । यी विधेयकहरू यथाशीघ्र संसदमा पेश गर्ने तयारी भइरहेको छ । दिगो विकास लक्ष्य SDG 4 को राष्ट्रिय ढाँचा स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ । औपचारिक तथा अनौपचारिक शिक्षा र साधारण तथा प्राविधिक शिक्षाको समकक्षता निर्धारण र तिनीहरूबीच पारगम्यता र गतिशीलता सुनिश्चित गर्न राष्ट्रिय योग्यता प्रारूप national qualification framework अवधारणा स्वीकृत भएको छ । यसको कार्यान्वयनको लागि कानूनी र संरचनात्मक प्रबन्ध मिलाउन मन्त्रालयले गृहकार्य गरिरहेको छ । राष्ट्रिय पाठ्यक्रम पारूप जारी गरी सो बमोजिम संविधान, संघीयता र गणतन्त्रको मर्म बमोजिम सक्षम उद्यमी राष्ट्र हितप्रति समर्पित, सभव्य, सुसंस्कृत नागरिक तयार पार्ने अभिप्राय सहित पाठ्यक्रमको धमाधम परिवर्तन भइरहेका छन् । २०८० सम्ममा सबै पाठ्यक्रम परिमार्जन भइसक्ने म विश्वास दिलाउन चाहन्छु । शिक्षालाई कामसँग र जीवनसँग जोड्ने जीवन उपयोगी शिक्षा तथा प्राविधिक शिक्षामा जोड दिएको छ । विक्रम् संवत २०८५ सम्ममा सबैलाई आधारभूत शिक्षा अनिवार्य गरी सकिएको छ । त्यसबेला सम्म ८ कक्षा पास नगरेको व्यक्ति कोही पनि रहने छैन भन्ने परिकल्पना संघीय संसदले पास गरेको ऐनमा नै व्यवस्था गरिएको छ । २०७६ देखि २०८५ सम्मलाई सार्वजनिक विद्यालय सबलीकरण घोषणा गरी सबैको लागि उच्च गुणस्तरको शिक्षा सार्वजनिक विद्यालयमा उपलब्ध गराउने गरी अभियान नै प्रारम्भ गरिसकेको विषय सम्माननीय अध्यक्ष महोदय मार्फत् माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु । विद्यालयको भौतिक, शैक्षिक र प्रविधिजन्य पूर्वाधार विकास क्रमिक रूपमा भइरहेको छ । अस्थाई शिक्षकको समस्या हल गरी सकिएको छ । शिक्षक छनौट प्रक्रियालाई संवाद रूपमा अघि बढाइएको छ । आम सम्भावित शिक्षाकर्मीहरूमा शैक्षिक सुधार तथा परिवर्तनको लागि एक खालको तत्परता जागृत भएको छ । शिक्षामा हुने परिवर्तन एकै दिन वा हप्तामा हुन सक्दैँन । यहाँहरू सबैलाई यो जानकारी नै छ । यसको नतिजा देखिन केही समय लाग्छ । समय क्रममा यसका परिणाम देखिँदै जाने मैले विश्वास लिएको छु ।

प्राविधिक तथा व्यवसायिक शिक्षाको बिस्तार गरिएको छ । विगत एक दशकमा जति संस्था स्थापना भए पछिल्लो दुई वर्षमा त्यसभन्दा पनि बढी सरकारी संस्थाहरू बिस्तार भएका छन् । हालसम्म ६ सय ७ स्थानीय तहमा प्राविधिक शिक्षाका संस्था स्थापना भइसकेको छ । बाँकी रहेकामा हामी यो आउने वर्षमा हामी तिनीहरूलाई पूरा गर्नेछौँ । प्राविधिक तथा व्यवसायिक शिक्षालयमा जनशक्ति कमी रहेको बारेमा पनि यहाँ विषय उठेको छ । सोको सम्बन्धमा जनशक्ति व्यवस्थापन गर्न अनुदान व्यवस्था गरिएको छ । चालू आर्थिक वर्षमा ४ प्रतिशत भएका प्राविधिक शिक्षाको विद्यालयस्तरको बजेट आउने

वर्षको लागि ६ प्रतिशत पुगेको छ । उच्च शिक्षाको लागि विनियोजित १७ अर्ब रकममध्ये ३० प्रतिशत बजेट प्राविधिक उच्च शिक्षामा विनियोजन गरिएको छ । विद्यालय शिक्षादेखि उच्च शिक्षा र प्राविधिक तालिम गरी प्राविधिक शिक्षाको लागि १७ अर्ब विनियोजन गरिएको छ । वैकल्पिक तथा खुल्ला शिक्षाको विकास भइरहेको छ । योगमाया आयुर्वेद विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, प्राद्यौगीक विश्वविद्यालय यस्ता प्राविधिक विद्याका विशिष्टकृत विश्व विद्यालय स्थापनाको क्रममा छन् । जडिबुटी, पर्यटन, चिकित्सा, बुद्ध दर्शन, अध्ययन लगायतका विषयहरूमा नेपाललाई शैक्षिक हक बनाउने गरी कार्यक्रम प्रारम्भ गरेको छ । शिक्षालाई कामको संसारसँग जोड्दै सिकाइसँग उत्पादन भन्ने मान्यताको साथ कार्यक्रम प्रारम्भ गरिएको छ । माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्न मन्त्रालय लागिरहेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन यसै सम्मानित सदनबाट पारित भई सोको नियमावली मन्त्रिपरिषद्मा पेश भइसकेको छ । केही समयमा नै नियमावली जारी हुने र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धमा भएका कतिपय अन्यौल अन्त्य हुनेछन् । विद्यालयहरूले संविधानका कानून विपरीत शुल्क लिन नपाउने र यसका सम्बन्धमा स्थानीय तहले अनुगमन गर्ने व्यवस्था मिलाइएकोले सबै स्थानीय तहलाई यसमा विशेष ध्यान दिन म अनुरोध पनि गर्न चाहन्छु । विद्यालय समुदायको अमूल्य निधि हो । समुदायको पहिचान हो, समाज विकासको आधार पनि हो । आफ्नो गाउँ ठाउँको विद्यालयलाई भौतिक, शैक्षिक र वित्तीय रूपमा सबल बनाउन अभिभावक तथा समाजसेवीहरूले स्वेच्छिक रूपमा गर्ने सहयोगलाई अन्यथा लिनु हुँदैन । यस्तो सहयोगको लागि विद्यालय तथा शिक्षा संस्थाहरूले समन्वय गर्न सक्ने अवस्था भविष्यमा पनि रहन सक्छ । शैक्षिक सहयोगको लागि भने स्थानीय तहहरूले मनकारी, समाजसेवीहरूलाई प्रोत्साहित गर्न सक्दछन् । सरकार निःशुल्क शिक्षा प्रत्याभूत गर्न प्रतिबद्ध भएकोले यही दिशामा अघि बढ्ने विश्वास दिलाउन चाहन्छु । माननीय सदस्यज्यूहरूले छात्रवृत्तिका लागि बजेट कम भएको भन्ने चासो व्यक्त गर्नु भएको सम्बन्धमा तोकिएको लक्षित वर्गका सबै बालबालिकालाई स्वीकृत नर्म्स अनुसार पुग्ने गरी बजेट व्यवस्थापन गरिएको छ । चिकित्सा शिक्षामा यही वर्षबाट ७५ प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिमा अध्ययन गर्ने व्यवस्था लागू गरिसकेको पनि जानकारी गराउन चाहन्छु । शिक्षक व्यवस्थापनको सन्दर्भमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्य भइरहेको छ ।

शिक्षक दरबन्दी अभाव भएको भन्ने माननीय सदस्यज्यूहरूले उठाउनु भएको विषयमा म सहमत छु । स्थायी दरबन्दी कम भएकै कारण विद्यालयको पठनपाठन अवरुद्ध भएको सन्दर्भमा शिक्षक कमीको समस्या सम्बोधन गर्न विगतमा राहत शिक्षक कोटा वितरण गरिएको र स्थायी दरबन्दीको सिर्जना नभइसकेको अवस्थासम्मको लागि यो व्यवस्थालाई निरन्तर दिएको छ । हाल आधारभूत तह कक्षा १-५ मा २१ हजार ८ सय ८९, आधारभूत तह कक्षा ६ देखि ८ मा ९ हजार ६ सय १२, माध्यमिक तह कक्षा ९, १० मा ६ हजार ९ सय १९ र माध्यमिक तह कक्षा ११, १२ मा ४ हजार राहत कोटामा शिक्षकहरू कार्यरत रहेका छन् । राहत शिक्षक कोटालाई दरबन्दीमा रुपान्तरण गरी यस्ता पदहरू प्रतियोगितात्मक परीक्षाबाट पूर्ति गर्न कानूनी आधार तयार पार्न सरकार लागिरहेको छ ।

यसमा माननीयज्यूहरूको भूमिकाको पनि जरुरी छ । हामी सबैलाई थाहा छ विद्यालय र कक्षाकोठमा शिक्षक नभएमा पठनपाठन नै अवरुद्ध हुन्छ । शिक्षक कमी हाम्रो लामो समय अघिदेखिको समस्या हो । यस समस्याको दीर्घकालीन समाधानको बाटोमा लागिरहँदा पनि विद्यालयको पठनपाठन नियमित गर्न जरुरी छ । तसर्थ अल्पकालीन समाधानका रूपमा तत्कालका लागि नपुग शिक्षकको अभावलाई पूरा गर्ने उद्देश्यले शिक्षण सिकाइ सहयोग अनुदान तथा शिक्षण स्वयम् सेवक परिचालन कार्यक्रम प्रस्ताव गरिएको हो । विश्वविद्यालयको अध्ययनमा उत्कृष्टता हासिल गरेका व्यक्तिहरूलाई नै स्वयम्सेवकको रूपमा खटाउने गरी कार्यविधि बनिसकेकोले पार्टीको कार्यकर्ता भर्ती गर्न खोजिएको हो कि भनेर आशङ्का गर्नु पर्ने स्थिति छैन । शैक्षिक सत्र २०७७ को सुरुबाट शिक्षण स्वयम्सेवक परिचालन गर्न ५० करोड बजेट विनियोजन भएको थियो र सो बमोजिम कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि बनाई आवेदन आह्वान गरिएकोमा ११ हजार ३ सयभन्दा बढीले आवेदन दिएको भए पनि कोभिड-१९ को कारण यो कार्यक्रम अहिले कार्यान्वयनमा आउन नसकेको हो । चिनौँ आफ्नो माटो बनाऊँ आफ्नो देश भन्ने मर्मका साथ युवाहरूलाई राष्ट्र निर्माणमा प्रेरित तथा परिचालन गर्न यो कार्यक्रम ल्याइएको कुरा सम्माननीय अध्यक्ष महोदय मार्फत् माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु र यस सन्दर्भमा अर्थ मन्त्रलायले २४ हजारदेखि ३२ हजारसम्म निर्वाह भत्ता दिने पनि सहमति दिइसकेको छ । त्यसकारणले यो कार्यविधिद्वारा नै आउँदछ, त्यो खुल्ला प्रक्रियाबाट आउँदछ । म यो सम्मानित सदनलाई यो विश्वास दिलाउन चाहत्छु । द्वन्द्व पीडित शिक्षकहरूको समस्या समाधानको लागि अर्थ मन्त्रलायको सहमति सहित मन्त्रालयले प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरिसकेको छ । मलाई विश्वास छ यसबारे मन्त्रिपरिषद्ले छिट्टै निर्णय गर्नेछ ।

माननीय सदस्यज्यूहरू, सम्मानित एवम् गरिमामय पदहरूको आलोकमा कार्यक्रम राख्ने विषय सामान्य प्रचलन नै हो । स्मरण रहोस् यस अघि नै राष्ट्रपति चुरे भावर संरक्षण कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना आदि सञ्चालन भइरहेका छन् । यहाँ पनि राष्ट्रपति शैक्षिक सुधार बारेमा कुरा उठेको हुनाले मैले यो प्रष्ट पार्नु पर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त व्यक्ति तथा सम्मानित पदको कदरको लागि सडक, प्रतिष्ठान, अस्पताल आदिका नाम राखेको प्रशस्तै उदाहरण हाम्रा सामु छन् । गत वर्षदेखि नै सुरु भएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम यो कार्यक्रमलाई यस वर्ष निरन्तरता दिएको हो । २०७६/०७७ देखि सुरु गरिएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गरी नतिजामुखी बनाउन राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ जारी गरिसकेको छ । स्वीकृत कार्यविधिको प्रावधान अनुसार सार्वजनिक सूचना प्रकाशित गरी इच्छुक सार्वजनिक शैक्षिक संस्थाबाट परियोजना प्रस्तावहरू लिई स्थानीय तहको सिफारिस समेतका आधारमा छनौट भएका सार्वजनिक शैक्षिक संस्थाहरूमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था रहेकोले यसमा कुनै अमुख व्यक्ति वा पदाधिकारीको स्वविवेकीय निर्णयमा स्रोत परिचालन हुने सम्भावना छैन । यस कार्यक्रमले सार्वजनिक विद्यालय सबलीकरणको दशकीय जो कार्यक्रम छ त्यसलाई पनि सफल बनाउन भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु । उच्च शिक्षा र अनुसन्धानको सन्दर्भमा यहाँहरूले

उठाउनु भएका जिज्ञासाहरूको सन्दर्भमा यति भन्न चाहन्छु । विश्वविद्यालयमा रहेका अनुसन्धान केन्द्रहरूलाई सुदृढ गरी ज्ञान केन्द्रको रूपमा विकास गर्ने गरी कार्यक्रम र बजेट व्यवस्था गरिएको छ । नाष्ट र विश्वविद्यालयबाट कोरोना भाइरस लगायतका विविध विषयमा अनुसन्धान गर्न सकिने गरी बजेट विनियोजन गरिएको छ । मदन भण्डारी विश्वविद्यालयको केन्द्रीय कार्यालय कहाँ रहने भन्ने विषय छलफलमा नै रहेको र यस सम्बन्धी विधेयक प्रतिनिधि सभाबाट पारित भई यस सम्मानित सभामा आउने क्रममा रहेको छ । चित्लाङ र काभ्रे दुवै ठाउँमा पढाइ सुरु गर्ने गरी अघि बढ्ने सरकारको धारणा रहेको कुरा अवगत गराउन चाहन्छु । सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको सन्दर्भमा बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको न्यून बेतनको विषय माननीयज्यूहरूले उठाउनु भएको छ । यस विषयमा मैले सम्मानित प्रतिनिधि सभामा पनि धारणा राखिसकेको छु । तीनै तहका सरकारको सहभागीतामा सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउने कुरामा मन्त्रालय सकरात्मक छ । समय क्रममा यसबारे उचित निर्णय हुने नै छ । बजेट व्यक्तव्यको बुँदा नम्बर १६६ का सम्बन्धमा माननीयज्यूहरूले राख्नु भएको चासोका विषयमा म सकरात्मक छु । सार्वजनिक शिक्षा प्रणाली हाम्रो मूल धार हो । बहुपक्षीय प्रयत्नबाट सार्वजनिक विद्यालय सबलीकरणको विकल्प छैन । सार्वाजनिक विद्यालय सबलीकरणका लागि सरकारको नेतृत्वमा गैरसरकारी तथा विकास साझेदारको स्रोत समेतलाई परिचालन गरी अगामी १० वर्षभित्र गुणस्तरीय शिक्षाको प्रतिकको रूपमा सार्वजनिक विद्यालयलाई विकास गरी आम विद्यार्थी तथा अभिभावकको भरोसाको केन्द्र बनाउने दिशामा मन्त्रालय लागिरहेकोले यस सम्बन्धमा अन्यथा कुनै आशंका नगर्न आग्रह गर्दछु ।

संस्कृत विषयको पठनपाठन तथा यस क्षेत्रमा बजेट विनियोजन सम्बन्धमा माननीयज्यूहरूले चासो व्यक्त गर्नु भएको छ । नेपालको संविधानले नै नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्रको रूपमा परिभाषित गरेको छ । सबै भाषा, संस्कृति, सभ्यता, सम्पदाको संरक्षण र उचित उपयोग गर्ने वातावरण बनाउनु राज्यको दायित्व हो । नेपालमा विगतदेखि नै सञ्चालित नेपाल संस्कृत विश्वविद्यालय बजेट विनियोजन हुनु स्वभाविक हो । संस्कृत विषय अध्ययन गर्न चाहनेहरूको लागि ऐच्छिक रूपमा अध्ययनको बाटो खुल्ला गरिएको मात्र हो । यसमा पनि स्थानीय तहको स्वीकृतिमा मात्र कुनै विद्यालयले संस्कृति विषय अध्यापन गर्न सक्ने भएकोले संस्कृत विषयमा नै विशिष्टीकृत रूपमा कार्यक्रम सञ्चालन गरिरहेकाहरूले यस विषयको पठनपाठन गराउने सम्भावना देखिन्छ । संस्कृत विद्यालय पहिलेदेखि नै सञ्चालनमा रहेका छन् । यस सन्दर्भमा आदिम विज्ञान र आधुनिक विज्ञानबीच सामाञ्जस्यता ल्याउन पनि जरुरी छ तर संस्कृत अध्ययनको नाममा विभेद, छुवाछूत, उद्रित जस्ता भावना विकास गराउने खालका कुनै पनि विषयवस्तु अध्यापन गराउन नहुनेमा सरकार सजग छ । पाठ्यक्रममा त्यस्ता विषयवस्तु समेटिएको पाएमा सच्याइने छ । अब हामी विशिष्टीकृत मातृभाषी विद्यालय सञ्चालन गर्नमा केन्द्रित हुनु पर्छ । स्थानीय तहले यसमा आफ्नो भाषिक पकेट क्षेत्र हेरेर काम अघि बढाउन जरुरी छ भन्ने मैले विश्वास लिएको छु । नेपाली स्याटलाइटको बारेमा पनि कुरा उठाउनु भएको

छ । नेपालको पहिलो स्याटलाइटका विषयमा माननीयज्यूले जिज्ञासा राख्नु भएकोमा संयोगबश मैले यस रोष्ट्रममा सम्बोधन गर्दै गर्दा स्याटलाइट प्रक्षेपण आजै एक वर्ष पुगेको जानकारी गराउन चाहन्छु । यो स्याटलाइट हाल ३ सय ८० किलोमिटरको उचाइमा घुमिरहेको यसको यान्त्रिक अवस्था राम्रो रहेको र पृथ्वीको बारेमा विभिन्न जानकारी पठाइरहेको छ । बेभलेन्थमा केही फरक पर्न गएकोले नेपालको आकाशमा रहे पनि हाम्रो नेपालको भूगोलको चित्र खिच्न सकेको छैन । स्टेसनमा भएको उपकरण परिवर्तन गर्न यसले नेपालको पनि फोटो खिच्न सक्ने भएकोले आवश्यक उपकरण खरिद प्रक्रिया समेत अघि बढिसकेको छ ।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा संसदको चालू अधिवेशनको बजेट छलफलका क्रममा माननीयज्यूहरूबाट नेपालको बजेट निर्माण प्रक्रिया र समग्र शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रका विकासमा व्यक्त भएको चासो प्रस्तुत भएका रचनात्मक सुझाव तथा थप प्रष्टताका लागि राख्नु भएको जिज्ञासाले सरकार र मन्त्रालयलाई थप क्रियाशील बनाउन मद्दत पुग्ने विश्वास लिएको छु । र यही क्रममा खर्च कटौतीको प्रस्ताव फिर्ता लिइदिनु पनि अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुन माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरू माथि छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मेरो अध्यक्ष महोदय मार्फत् मेरो जिज्ञासा यसप्रकार छ । यो सामुदायिक क्याम्पसहरू जुन आङ्गिक पनि होइनन् र प्राइभेट पनि होइनन् । तिनीहरू अहिले लकडाउनको समयमा साह्रै अप्ठ्यारो स्थितिमा छन् । तिनीहरूलाई आवश्यक सपोर्ट गर्ने कुराहरू विश्वविद्यालय अनुदान आयोग मार्फत् सपोर्ट गर्ने कुराहरूमा के कस्तो छ ? त्यो जान्न चाहन्छु । र यो बालविकास केन्द्रहरूका शिक्षिकाहरूको कुरा सम्बोधन भएन । यसैगरि अरु कर्मचारीको पनि भएन । राष्ट्रिय जनगणना २०७८ सायद् अब यही आर्थिक वर्षमा सुरु हुन्छ । त्यसमा चाहिँ शिक्षक र अरु कर्मचारी खटाउनुभन्दा नि बेरोजगारहरूलाई त्यहाँ खटाउन बरु योग्यता पुगेकालाई भन्न चाहन्छु । र सेटलाइटले के-के खिचिरहेको छ ? यसो कहिले काहीँ हामीले पनि हेर्न पाए हुन्थ्यो । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूसँग मेरो एउटा जिज्ञासा छ । विश्वविद्यालय स्तरको शिक्षामा यसपालिको बजेटले महिलालाई थप सुविधा प्रदान गर्ने गरी चिकित्सा शिक्षा लगायत अन्य क्षेत्रमा छात्रवृत्तिको के कस्तो व्यवस्था गरेको छ ? जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म मन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु । अहिले नयाँ शैक्षिक सत्र सुरु हुने बेला भइसक्यो । सामुदायिक विद्यालयहरू क्वारेन्टाइनमा छन् । भर्चुअल शिक्षाको कुरा त गरियो । सामुदायिक विद्यालयहरूले त्यो भर्चुअल शिक्षा प्राप्त गर्ने हैसियतमा छन् कि छैनन् ? त्यतातर्फ के सोचिएको छ ? त्यसैगरि बजेट वक्तव्यमा माध्यमिक तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने सबै निजी विद्यालयहरूको सामाजिक उत्तदायित्व बहन गर्ने, कम्तीमा एक सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार सामग्री सहित विद्यालयको शैक्षिक गुणस्तर सुधार जिम्मेवारी लिनु पर्ने निजी विद्यालयले भनेर भनिएको थियो । फेरि शिक्षा मन्त्रीको दुई दिनपछि वक्तव्य आयो । हामी दिग्भ्रमित भयौं । के हो कुरा ? बजेट वक्तव्यमा एउटा कुरा अनि यसमा असन्तुष्टि छु भनेर शिक्षा मन्त्रीको अर्को कुरा । अनि यो के हो अन्यौलता ? अन्यौलताको बीचमा हामी छौं ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, विश्वविद्यालयहरूको अरु पनि थप गर्ने बजेटमा आयो र पूर्वाञ्चल विश्व विद्यालय अहिले अव्यवस्थित अवस्थामा छ । जहाँ ८०५ बिघा जग्गा उपलब्ध छ । पूर्वाधार तयार छ । बारम्बार मन्त्रीज्यूहरूलाई सरकारलाई आग्रह गर्दा पनि त्यहाँ पूर्वाञ्चल विश्व विद्यालयमा मेडिकल कलेज स्थापना गरियोस् भनेर भनियो तर त्यो चाहिँ मन्त्रीज्यूको जिल्लातिर गएजस्तो छ । र अब जस्तो प्राइभेट स्कुलहरू छन् । स्कुलहरूले अहिले अभिभावकहरूलाई पैसा भुक्तानी गर भनेर भनिरहेको अवस्था छ । यसको विषयमा सरकारको ध्यान त्यतातिर

के गरिराखेको छ भनेर गर्न चाहन्छु र अर्को राष्ट्रपति यो शैक्षिक कार्यक्रममा योभन्दा अगाडि ५ अर्ब  छुट्याइएको थियो । त्यो पैसै खर्च भएन । यसपल्ट ६ अर्ब छुट्याएको छ । यो अब झन् कोरोनाको कुरो आइराखेको छ । यो खर्च हुन्छ कि हुँदैन ? कसरी खर्च हुन्छ ? त्यसको जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई समय उपलब्ध गराउँछु ।

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणी पोखरेल**:- अध्यक्ष महोदय, थप फेरि प्रश्नहरू गरेर स्पष्ट पार्ने अवसर दिनु भएकोमा माननीय सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । म पहिले यो राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाटै सुरु गर्छु । गत वर्षको बजेटमध्ये १ अर्ब २७ करोड रुपैयाँ हाम्रो स्यानीटरी प्याडमा गयो । कार्यविधि बन्न अलिकति ढिला भएको हो । त्यसपछि हामीले मुख्यतः तीन वटा विषयलाई आधारित गरेर बाँकी रहेको बजेट कार्यान्वयन गर्ने सन्दर्भमा आह्वान गरेका थियौँ । एउटा त हामीले स्यानिटरी प्याड वितरण गऱ्यौँ तर सबै कम्युनिटी स्कुलहरूमा चेन्जिङ रुमहरू छैन भनेर एउटा त्यो कुरालाई जोड गरेका थियौँ । दोस्रो कुरा चाहिँ नेपालमा ठूला खालका बिग स्कुलहरू आवश्यक भएको हुनाले त्यसको डीपीआर बनाउने क्रममा फोकस होस् भनेर तीन महिनामा गर्न सकिने गरी जोड दिएका थियौँ र तेस्रो कुरा चाहिँ शिक्षकको आवश्यकतालाई परिपूर्ती गर्ने गरेर जोड दिइएको थियो । कोभिड- १९ को कारणले यी कतिपय कार्यक्रमहरू अहिले हामीले कार्यान्वयन गर्न सकेनौँ । यो वर्ष बजेट थपिएर आएको छ र वास्तवमा यसको कार्यविधि बनिसकेको छ । त्यसकारण हामी अहिलेको यो सङ्कटको बेलामा आफ्नो खर्च गर्न सक्ने सक्षमतालाई पनि बढाउनु पर्ने । यसलाई प्रविधिमैत्री बनाएर जानु पर्ने आवश्यकता छ । सुरुदेखि नै यसपटक कार्यान्वयन गर्न समस्या हुँदैन । किनभने कार्यविधि बनिसकेको छ । म यो विश्वास दिलाउन चाहन्छु ।

अब पूर्वाञ्चलमा जाने मेडिकल कलेज चाहिँ महोत्तरीतिर आएको होइन । सबै प्रदेशमा कम्तीमा एउटा सरकारी मेडिकल कलेज हुनुपर्छ भनेर निर्णय भएको आधारमा ७२ मै यो निर्णय भएको थियो । त्यसो गर्दाखेरि त्यतिखेर नभएका स्थानहरूमध्येमा प्रदेश २ को लागि त्यहाँ गएको हो । म यो वर्ष अहिले कुनै जिल्लागत पनि होइन त्यो । त्यो प्रादेशिक ढङ्गको हो । बरु प्रदेश २ मा अर्को पनि थपिएको छ भन्ने कुरा पनि म जानकारी गराउन चाहन्छु । पुर्वाञ्चल विश्वविद्यालय सम्भावनाले अहिले मेरो बुझाइमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय जस्तै अर्को एउटा सम्भावनायुक्त विश्वविद्यालय हो । पछिल्लो बेलामा केही नेपाल ऐन संशोधन गर्ने क्रममा हाम्रा सबै विश्वविद्यालयको हामीले दुवै सदनबाट ऐनहरू संशोधन गरेर पारित गरिसकेका छौं । अब कतिपय अन्यौलताहरू हटेको

छ । त्यसलाई व्यवस्थित गर्नु पर्छ । अहिले यो कोभिडकै बेलामा पनि त्यहाँ त्यो मेडिकल कलेज अहिले नबनिरहेको स्थितिमा स्वास्थ्यको अरु कार्यक्रम चलिरहेको स्थितिमा त्यसलाई व्यवस्थित ढङ्गले लैजानु पर्छ भनेर हाम्रा छलफलहरू भइराखेका छन् । म यो विश्वास दिलाउन चाहन्छु । अब अहिले ३ हजारमाथि सामुदायिक विद्यालयहरूमा चाहिँ क्वारेन्टाइनहरू छन् । यो यथार्थ हो । अहिले क्याम्पसहरूमा पनि त्यो थपिँदै गएको अवस्था छ । अरु केहि समय अलिकति थपिन्छ । हाम्रो बुझाइमा हाम्रा दाजुभाइ दिदीबहिनीहरू आउने क्रम जारी छ । त्यसैले फेरि हाम्रो के रैछ भने समुदायमा सबभन्दा सजिलो स्कुल कलेजहरू नै रहेछन् । हामीसँग अरु संरचना रहेनछन् । यसको कारणले पनि यो आएको छ । भूकम्पछि यस्ता संरचना पनि बनाउनु पर्छ भन्ने जोड आएको थियो । तर हामी भूकम्पको पुनर्निर्माणको प्रक्रिया नसकिँदै हामीले यो अर्को महाविपत्ति हामीले भोग्नु पऱ्यो । त्यसैले अहिले ती विद्यालयहरूलाई निर्मलीकरण नगरिकन पठनपाठनको स्थिति हुँदैन । त्यसकारणले अहिले हामीले अलि फरक ढङ्गले सोच्नु पर्ने छ र सरकारले पछिल्लो ल्याएको कार्य योजनाको कोणबाट हेर्दा स्कुल कलेजहरू अलि पछाडि खुल्दछन् । त्यो भनेको चाहिँ हामीले अलिकति आफ्नो तयारीको समय पनि लिन खोजेका छौँ । यो बीचमा यहि कुरालाई हेरेर घर-घरमा बसिरहेका विद्यार्थीहरूको यो जो शिक्षात्मक क्षति भइराखेको छ त्यसलाई कम गर्न र भोलि हामीले जुन शैक्षिक सत्रलाई नयाँ ढङ्गले पुनर्व्यवस्थित गर्छौं त्यतिखेर जाडो बिदा, गर्मी बिदा, चाडपर्वका बिदा सबै कटौती गरेर अतिरिक्त मेहनत गरेर हामीले पठनपाठन गरिराखेको बेलामा हाम्रा अहिले घरलाई नै शिक्षालय बनाएर हामीले काम अगाडि बढाउन सक्यौं भनेदेखि शैक्षिक सत्र बिग्रिँदैन र उनिहरूले त्यो अध्ययन पक्रिन पनि सक्दछन् भन्ने कोणबाट यो अन्तरिम खालको कार्यक्रम लिएर आइएको छ । परिस्थिति सहज हुँदै जाँदाखेरि हामीहरू सिधै स्कुल कलेजहरू खोल्ने दिशामा पनि जान सक्दछौँ । म यो कुरा राख्न चाहन्छु । अहिले ऐनले व्यवस्था गरेका कुनै पनि छात्राहरूका लागि अरुहरूका छात्रवृत्ति कुनै पनि कटाइएको छैन । तर कोभिडको कारणले गर्दाखेरि अझै यो सङ्कट कुन ढङ्गले अगाडि बढ्छ भन्ने कुरा अझै प्रष्ट छैन । पछिका अध्ययनहरूले त्यस्तो कुनै नयाँ निर्णय गर्नु पर्ने स्थिति पनि आउन सक्दछ तर मैले अहिलेका घोषित कार्यक्रमहरूका लागि चाहिँ छात्रवृत्तिको बजेट राखिएको म जानकारी गराउँदछु । र अब सामुदायिक क्याम्पसहरूको सन्दर्भमा अहिले नेपालको उच्च शिक्षामा एकदम महत्वपूर्ण योगदान छ सामुदायिक क्याम्पसहरूको । यही कुरालाई हेरेर यस पटकको कार्यक्रममा सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेशजस्तामा रहेका कम्युनिटी क्याम्पसहरूलाई सपोर्ट गर्ने कार्यक्रम ल्याइएको छ । सकेसम्म उनीहरूलाई प्राविधिक धारका क्याम्पसमा बदल्ने गरी जानुपर्छ भन्ने छ । अब यो सङ्कटको बेलामा सामुदायिक क्याम्पसहरूका अपेक्षाहरू धेरै छन् । कति गर्न सकिन्छ । हामी यहाँहरूले दिनु भएका केही सुझावहरू छन् । जनगणना लगायतका विषयमा यी मैले पनि सम्बन्धित पक्षलाई जानकारी गराउनेछु । सार्वजनिक विद्यालयहरू निजीलाई दिने सन्दर्भमा अर्थमन्त्रीज्यूले पनि यो बारेमा प्रष्ट पारिसक्नु भएको छ । वास्तवमा हामीले हाम्रो निजी क्षेत्रले जुन ढङ्गले सामाजिक उत्तरदायित्व निर्वाह गर्ने कुरा छ । त्यसलाई हामी सकारात्मक ढङ्गले लिन्छौँ । त्यसका सबभन्दा राम्रो मोडल के हुन सक्दछन् ? त्यो बारेमा हामी छलफल गर्न तयार छौँ । तर माध्यमिक तहसम्मको शिक्षाको

जिम्मेवारी राज्यले लिएको छ । यो अवधारणा अन्तर्गत हामीले यहाँ आएका कतिपय विषयलाई प्रष्ट पार्ने कोशिस पनि गरेका छौं र कार्यविधि बनाउँदा आएका सबै विकल्पहरूलाई ध्यान दिएर सकारात्मक ढङ्गले लैजाने विश्वास दिलाउन चाहन्छु । फेरि एक पटक प्रश्न गर्ने माननीयज्यूहरूलाई धन्यवाद दिँदै बिदा माग्छु । नमस्कार ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीः**- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम यो बजेट एउटा विशेष परिस्थितिमा विश्व नै विशेष परिस्थितिमा गुज्ररिरहेको बेलामा र हाम्रो देश पनि विशेष परिस्थितिमा गुज्ररिरहेको बेलामा आएको छ । परिस्थिति असामान्य भएको हुनाले बजेटको विनियोजनमा अलिकति सङ्कुचन छ, प्राथमिकता अलिकति बदलिएका छन् । र त्यसले गर्दाखेरि यो मन्त्रालयका सन्दर्भमा म २/४ वटा विषयहरूमा स्पष्ट गराउन के चाहन्छु भने हाम्रो संविधानले संघीयताका आधार रूपमा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध परिभाषित गर्दा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आगालेको छ । यही क्रममा हाम्रो संविधानले स्थानीय तहलाई असाधारण अधिकारयुक्त बनाएको छ । बीचमा कही पनि छैनन् जहाँ हाम्रा स्थानीय तहजतिको अधिकार जसलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार सम्पन्न स्थानीय तह भएको विरलै होला कहीँ-कहीँ । यो आलोकमा हामीले यो अन्तरसम्बन्धलाई अगाडि बढाउनु पर्छ र संघीय सरकार कुनै पनि प्रदेश अथवा स्थानीय तहलाई हस्तक्षेप गर्ने सिद्धान्तलाई कदापि स्वीकार गर्दैन । यही कोणका साथ हामीले आफ्ना कार्यक्रमहरूलाई तर्जुमा गरेका छौं । केही कार्यक्रमहरू छन् जो म यहाँ जानकारी गराउन चाहन्छु । विशेषत प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत ५ करोड रुपियाँ एकमुष्ट रूपमा छुट्याएको छ । कार्यविधि तयार छ र यो विशेषत हिमाली र पहाडी जिल्लाका केन्द्रहरू यो स्थानीय तहका केन्द्रहरू जोड्नको लागि यो खर्च गरिनेछ । यो मन्त्रालयको सोच यहाँहरूलाई म अवगत गराउन चाहन्छु । स्थानीय तह प्रशासकीय एवम् सुधार कार्यक्रममा रकम माग यद्यपि ३२ अर्ब छ । रकम हामीले जम्मा ८० करोड मात्र छुटायाउन सकेको अवस्था छ । मैले पहिले नै भने बजेटको विनियोजन सङ्कुचनमा गएको अवस्थाले गर्दाखेरि पनि यो बजेट पुगेन । झोलुङ्गे पूल ५ अर्ब ७१ करोड रुपियाँ छुट्याइएको छ । जुन माननीय सदस्यहरूलाई यसको डिटेल थाहा नै छ । साथै सीमा विकास कार्यक्रम कै परिवर्तित रूपमा तराई मधेश समृद्धि कार्यक्रम जुन दिक्षित रूपमा आएको छ । यसका दुई तीन वटा पक्षलाई हामीले विचार के गरेका छौं भने सीमा क्षेत्रका पालिकाहरूलाई यो

२३२ वटा मोटामोटी पर्छन् । तिनीहरू नछुटून् । निरन्तर बजेट चाहिँ अधुरा आयोजनालाई पूरा गर्ने बजेटहरू हामी त्यसलाई निरन्तरता दिऊँ । दलित बस्तीलाई विशेष प्राथमिकताका साथ कार्यक्रमहरू यसमा सञ्चालन गर्न कोशिस गरिएको छ । र यसको मूल लक्ष्य के भने अब माननीय सदस्यहरूले उठाउनु भयो २ लाख, ३ लाख पनि सानो हो त्यो छ रकम । किन छ भने तराई मधेशका परम्परागत सिपलाई विक्षित गर्नको लागि यसपालि त्यो कार्यक्रममा राखिएको छ यसले स्थानीय तहलाई अभिप्रेरित गर्नको लागि । जस्तो कुमाल, लोहार लगायतका चाहिँ स्थानीय जुन परम्परागत सीपहरू छन् । माटोको काम गर्ने, फलामको काम गर्ने लगायतका । त्यो राज्यको पहुँच त्यहाँसम्म थिएन । र पहिलोचोटि हामीले पुऱ्याउन कोशिस के गरियो भने ती  त्यो समाजको अङ्ग, जो बञ्चित थियो जहाँ हामी पुगेकै थिएनौं । त्यसलाई एउटा सामान्य रूपले पनि एउटा त्यो परम्परागत सीपलाई कायम गर्ने र दिक्षित गर्ने पछि यो अभियानको रूपमा एउटा रूप लिनेछ र स्थानीय तहले पनि यसमा खर्च गर्न यसले अभिप्रेरित गर्नेछ भन्ने उद्देश्यका साथ यो सानो-सानो रकम राखिएकै हो र म यो स्वीकार पनि गर्छु । र जानिजानि राखिएको हो, अन्जानमा पनि राखिएको पनि होइन । यसको उद्देश्य के हो भने यसलाई विक्षित गर्न तिनीलाई छुन, तिनीलाई अलिकति प्रेरित गर्न र स्थानीय तह लगायत प्रदेश सरकारलाई पनि ती कार्यक्रमहरूलाई अगाडि बढाउनलाई यसले प्ररेणा दिओस् भन्ने उद्देश्यका साथ राखिएको हो । यस बाहेक उत्तरी क्षेत्र पूर्वाधार विकास कार्यक्रम तथा जनजीवनस्तर सुधार कार्यक्रममा आगामी वर्षमा सुरु गरिदैं छ यो नयाँ कार्यक्रम हो । जम्मा २ अर्ब रुपियाँले गर्दा । २ अर्ब कार्यक्रममा विनियोजित छ र सबैभन्दा चर्चित एउटा जुन स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको विषयमा बढी आलोचित पनि भयो । साथीहरूले भन्नु भयो विकास संसदलाई विकास अधिकारी बनाउन हुन्न सो यो विकास अधिकारी बनाउन पनि हुन्न, बनाइएको पनि छैन । यसको एउटा कार्यविधि छ त्यो कार्यविधिमा रहेका निर्देशक समिति छ, निर्देशक समितिले कार्यक्रम र रकम दुई वटै छुट्याएर निर्धारित गरेर हामी चाहिँ विशेष गरी मन्त्रालय मार्फत् अर्थ मन्त्रालयबाट विनियोजित गरिने गरिएको छ । यसपटक त्यो रकम अलि कम गरेर विशेषत यसमा पनि प्राथमिकता के चेन्ज भएको छ भने स्वास्थ्य र कृषिलाई बढी जोड दिने गरी अगाडि बढेको छ ।

यसको पृष्ठभूमिको रूपमा म अलिकति यहाँहरूलाई जानकारी के गराउन चाहन्छु भने कतिपय दोस्रो संविधान सभाको पछिल्लो दुई वर्षमा यो कार्यक्रम अगाडि बढ्दाखेर कतिपय कार्यक्रम अधुरो रहे । अधुरो रहेपछि एक किसिमले त्यो लाभारिस हुन पुगेको थियो । स्थानीय तहले नहेर्ने, प्रदेश सरकारको आँखा नपुग्ने केन्द्रले छुँदै नछुने र यस्तै कार्यक्रमबाट ती कार्यक्रमहरू अगाडि बढेका थिए । त्यसले गर्दा यसलाई निरन्तरता दिन खोजिएको के हो भने संसदहरू अथवा सांसदले विकास अधिकारीको रूपमा काम गर्ने र तिनले चाहिँ नीति तथा कार्यक्रम र रकम विनियोजित गर्दिन्छन् । गर्ने स्थानीय तहले नै हो । स्थानीय तहलाई मैले भनिहालेँ स्थानीय तह हामी कहाँको असाधारण अधिकारीयुक्त नै छ र हामी सबैले भरोसा पनि गरेका छौँ । र एउटा कुरा म प्रष्ट के भन्न चाहन्छु भने यसपटकको कोरोना माहामारीले के स्थापित गऱ्यो भने यसले संघीयताको मर्मलाई

औचित्यलाई पुष्टि गरेको छ । सम्भवत् संघीयता या हाम्रो यो स्वरूपको संरचना नभइदिएको भए भूकम्प जस्तै क्षतविक्षत् अवस्थामा हुने थिएनन् । स्थानीय तहका साथीहरूले जुन मेहनतका साथ काम गरिरहेका छन् या प्रदेश सरकारले जुन काम गरिरहेका छन् हामी सबैको कर्तव्य पनि के भनौं उनीहरूको भावनामा चोट पुऱ्याउने काम गर्नु भएन । क्वारेन्टाइनदेखि लिएर विदेशबाट आएका नेपालीहरूको चाहिँ तथ्याङ्क सङ्कलनदेखि लिएर हरेक कामहरू स्थानीय तहका साथीहरूले गरिराख्नु भएको छ । त्यसकारणले यो अहिले मैले भनेँ सङ्कटको बेलामा जुन प्रणाली सफल हुन्छ त्यही प्रणाली सबभन्दा उपयुक्त हुन्छ र यो प्रणाली आफूमा सफलता, आफ्नो औचित्य प्रमाणित गरिसक्यो संघीयताले । यो सङ्कटले हामीलाई अगाडि बढाएको छ यसलाई यहाँसम्म पुऱ्याएको छ । अब यस विषयमा पनि अब सामान्य प्रशासनको विषयमा एकदम सही ढङ्गले केही कुराहरू के उठे भने यो मन्त्रालयको मूल काम त अहिलेसम्म २०३१ सालदेखि अहिलेसम्म के देखियो भने सरुवा बढुवा मात्रै । यथार्थमा यसको मूल काम के हो भने मानव संसाधनको विकास गर्ने । त्यतातर्फ खासै काम भएको छैन त्यसको लागि म यति मात्रै भन्छु । २०१३ सालदेखि अहिलेसम्म भएकासम्म प्रधानमन्त्रीदेखि यो सामान्य प्रशासन मन्त्री भएको तर्फबाट म क्षमा माग्नु बाहेक अरु केही गर्न सक्दिनँ । अहिले जे-जति भएका छन् क्षमा माग्छु । किनभने त्यो सबै सरुवा बढुवामा मात्र केन्द्रित रह्यो अहिलेसम्म यथार्थ कुरा त्यही हो । हो अहिले स्थिति के छ भने हामीले समायोजन गरौं । समायोजनमा केही अप्ठ्याराहरू देखा परेका छन् । यहाँ प्रश्न उठ्यो माननीय सदस्यहरूले उठाउनु भयो । बहुत प्रबुद्धताका साथ उठाउनु भएको छ । कि हाम्रो प्रशासन यन्त्र अलिकति बोझिलो भयो कि । २६ हजार ६ सय ७३ कर्मचारीहरूले त्यसबेला संघीयतामा जानुभन्दा अगाडि कार्यरत थिए चलेकै थियो । अहिले हामी झण्डै-झण्डै ४७/४८ हजारसम्म मात्रै कर्मचारीको व्यवस्थापन गर्न कोशिस गरेका छौँ समायोजनको माध्यमद्वारा । प्रदेशमा त्यस्तै अवस्थामा छ, स्थानीय तहमा त्यस्तै अवस्था छ । भनाइको मतलब भन्न खोजेको मैले के हो भने समायोजनले अलिकति वैज्ञानिक ढङ्गले, सरल ढङ्गले काम अगाडि बढाइदिएको भए सायद् धेरै कुरो समाधान हुन सक्थ्यो । अझै पनि समायोजनले उत्पन्न गराएको अप्ठ्यारो र तरङ्गलाई अझ हामी समाधान गर्न लागि नै रहेका छौँ । ३४ सयभन्दा बढी कर्मचारीहरू फाजिलमा त्यतिकै हाजिर गर्न बस्न परिरहेको थियो । हुँदाहँदा कस्तो भयो भने कम्प्युटरले गर्ने गरेको रहेछ anesthesia का expert लाई गाउँपालिकामा समायोजन गर्दिएको रहेछ । कसलाई बेहोस गराउने त्यहाँ गएर उसले anesthesia का बिरामीलाई । अब कम्युटरलाई दोष दिने त्यसको पनि दोष हुने रहेछ अध्यक्ष महोदय । समायोजनका केही समस्याहरू त्यस्ता छन्, जटिलता टन् । जसलाई हामी समाधान गर्न अगाडि बढिरहेका छौँ ।

अर्को के भने निजामति सेवा विधेयक, जुन समितिमा विचारधीन छ । म एउटा प्रष्ट पारौँ यो ढिलो हुनुको विभिन्न कारणहरूमध्ये एउटा कारण के पनि हो भने यो पारित भइसकेपछि समायोजन ऐनलाई विस्थापित गरिनु पर्दछ त्यसो भए । समायोजन ऐनमा रहेका केही विषयहरूलाई यसले निरन्तरता दिन सक्नु पर्दछ । जुन बेला यो विधेयक प्रस्तुत भयो समायोजन काम समायोजन ऐन अनुसार चलिरहेको अवस्था थियो र अनुभवको अभाव

अथवा समायोजन एउटा चाहिँ एक ढङ्गले हामी अगाडि बढिरहेको थियौँ । कतिपय विषयहरू त्यो विधेयकको प्राम्भिक मस्यौदामा पर्न नसकेको ठिक हो । त्यसलाई निरन्तरता दिने कि नदिने ? एकै पटक एउटै प्रयोजनको लागि दुई वटा कानून समानान्तर रूपले legislative हिसाबले पनि जाने त्यसकारण त्यो विस्थापित गर्नै पर्छ त्यो समायोजन ऐनलाई । समायोजन ऐनका केही विशेषताहरू, केही निरन्तरताहरू र केही विरासतहरू यो ऐनले बोक्नै पर्छ । र त्यस विषयमा चाहिँ अलिकति हाम्रो छलफल अगाडि बढिरहेको छ । म धेरै समय लिन चाहन्नँ । किनभने यसमा खासै केही कार्यक्रम पनि छैन । एउटा कुरा के हो भने हामीले ७ वटा प्रदेशलाई प्रशिक्षण केन्द्रहरूलाई हस्तान्तरण गरिएको छ । एक जना माननीय सदस्यले बडा सही ढङ्गले उठाउनु भयो । यो तालिम अत्याधिक र एक पनि छ एकरूपता पनि भएको छ । एकदम सही हो । सायद् कोरोना नभएको भए हाम्रो फागुनको अन्तिमतिर फागुन, चैत दुई महिना तालिम दिने टाइम नै हुन्थ्यो । जति रिसोर्टहरू छन्, जति होटलहरू छन् त्यसमा तालिम भइराखेको हुन्थ्यो । र त्यो हरेक मन्त्रालयले हरेक विभागका आ-आफ्नै ढङ्गका तालिम हुन्थे । एउटा आँकडा के छ भने माननीय सदस्यहरूलाई म अवगत गराउन चाहन्छु । झण्डै-झण्डै १३ अर्ब रुपियाँ हामी वार्षिक रूपले तालिममा खर्च गर्ने गरेका छौँ । र ती समग्रलाई एकदम एकद्वारले गर्ने हो भने ३ अर्बमा त्यो गर्न सकिन्छ, त्यो तालिम । अहिले हाम्रो प्रयत्न भनेको त्यही हो । अब त्यो टुक्रे तालिम आ-आफ्ना विभागीय तालिम, आ-आफ्ना मन्त्रालयगत तालिम, वनको तालिम लियो २ महिनामा फेरि महिला विकासमा गयो । महिला विकासको तालिम लियो २ महिनामा गाउँपालिकामा गयो । त्यो तालिमको त अर्थ भएन । त्यसकारण यसको यो चाहिँ यहाँहरूले जसरी गम्भीरतापूर्वक उठाउनु भएको छ यो एकदम सत्य हो र यसलाई व्यवस्थापन गर्न अहिले सरकार लागि परेको छ । यसलाई कसरी व्यवस्थापन गर्ने यसको एउटा अध्ययन समिति पनि बनेको छ । र त्यसले छिट्टै आफ्नो प्रतिवेदन दिनेछ । यस बाहेक मलाई लाग्छ अब नाम संघीयता रहेको र केही गरेको छैन भनेर एक जना माननीय सदस्यले भन्नु भयो ठिकै हो त्यो पनि । जे संविधानले दिएको छ संविधानमा जो मैले भने उल्लेख गरेको जे छ त्यही हो यो मन्त्रलायले गर्ने । यहाँहरूलाई बुझ्नु पर्ने स्थिति के छ भने प्रदेश सम्बन्धी हाम्रो कार्यसम्पादन मन्त्रिपरिषद् कार्यसम्पादन ऐन नियमावली अनुसार प्रदेश सम्बन्धी कार्यभार प्रधानमन्त्री कार्यालयले गर्छ । स्थानीय तहसँग समन्वयको काम मैले फेरि पनि भन्छु । हस्तक्षेपको होइन समन्वयको काम यस मन्त्रालयको कार्यभार कार्यक्षेत्रभित्र पर्छ । त्यसकारणले अब केही भयो होला उहाँहरूलाई लागे होला छलफल गरेको देखिँदैन भने यही हो छलफल जुन अहिले भइरहेको छ । संघीयता मैले भनिहालेँ सङ्कटमा संघीयताले आफ्नो औचित्य पुष्टि गरिसक्यो, प्रमाणित गरिसक्यो र यो यसको अरु विकल्प छैन । कसैले विकल्प सोचेको होला भने संघीयता मात्रै अथवा संविधानका यी गुणहरू यी अवयेवहरू जुन संविधानले स्वीकार गरेको छ एक्लै घायल पनि हुँदैन, एक्लै घाइते पनि हुँदैन । त्यो समग्रतामा हामी किस्ताबन्दीमा होइन कि समग्रमा होलसेल नै लिनु पर्ने आवश्यकता छ । मलाई लाग्छ अब माननीय सदस्यहरूले खासै प्रश्न उठाउनु भएको छैन । त्यसमा उत्तर दिनु पर्ने आफैं विज्ञ हुनु हुन्छ । प्रबुद्ध सभा हो । मैले भनिहालेँ हाम्रो सभा राष्ट्रिय सभा चाहिँ एउटा स्थायी नेचरको सभा हो । परिपक्वहरू कै सभा हो यो चाहिँ । परिपक्वहरूले

त्यसै अनुरूप हामीलाई त अर्तिबुद्धि दिने सल्लाह दिने हो । प्रश्न त सोध्नै मिलेन त्यहाँ त । प्रश्न त सोध्ने मिल्दै मिल्दैन त्यो त । यो सभाकै गरिमामा अलिकति कहीं कहीं आँच आउला भन्ने सम्माननीय अध्यक्ष महोदय मलाई लाग्छ यहाँ उठेका अधिकांश विषयहरूलाई मैले जिज्ञासालाई सम्बोधन गर्न कोशिस गरेँ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीज्यूले प्रश्न सोध्नै मिल्दैन भनिसक्नु भएको छ । प्रश्न सोध्ने होइन जिज्ञासा राख्नु पर्‍यो भन्दैछु म । अर्थ मन्त्रीज्यूलाई प्रश्न राख्दाखेरि अर्थ मन्त्रीज्यूले स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गतको ४ करोड रुपियाँ विभेद् किन गरियो ? संघीय सांसदको संसदमाथि किन विभेद गरियो भनेर सोध्दाखेरि यो मेरो जिम्मा होइन यो स्थानीय के रे संघीय मामिला मन्त्रीज्यूको जिम्मेवार भन्नु भएको थियो सदनमा । त्यसकारण मैले यो अहिले निर्देशिका परिवर्तन सबै माननीयको बराबर हैसियत छ भन्नु भएको छ । संघीय मामिला मन्त्रलायले कार्य निर्देशिका परिवर्तन गरेको हो कि होइन ? यो जान्न चाहन्छु म र अनि अब जागिरमा कस्तो हुन्छ भने एउटा सचिवको रिटायर हुने बेला एक डेढ महिना बाँकी हुन्छ उसलाई विदेश तालिमको लागि अथवा बैठकको लागि भनेर पठाइन्छ । ऊ फर्केर आएको केही दिनभित्र रिटायर हुन्छ । त्यस्तो कार्य किन गरिन्छ ? उसबाट राज्यले के उपलब्ध गर्न सक्छ ? यो दुई वटा कुरा भयो । र अब अघि नै भनिसक्नु भयो सामान्य प्रशासनको मन्त्रीज्यू आफैँ ...(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अब माननीय मन्त्रीज्यूलाई मेरो जिज्ञासा । अब बिहानदेखि क्षमा माग्दै आएको भए धेरै कुरै हुदैंनथ्यो metting पनि चाँडै सकिन्थ्यो होला । संघीयता त बेहोस् हुने नै भयो अब । एउटा

सानो कुरा छ माननीय मन्त्रीज्यूलाई अब यो माननीय मन्त्रीज्यू आफै पनि विभेदका कुरा गर्नु हुन्छ भेदभाव नहुने कुराहरू गर्नु हुन्छ । मधेशको पनि प्रतिनिधित्व गर्नु भएको माननीयज्यू भएको हुनाले यो सांसदहरू चाहिँ विभेदमा पर्ने गरी कुरा आयो नीति आयो । एकथरि सांसद पैसा बोकेर त्यता जाने एकथरि सांसद टुलुटुलु हेर्ने यो विभेदकारी भयो कि भएन ? र अब यो भूमिका नै नहुने ठाउँमा राष्ट्रिय सभाका माननीयज्यूहरूलाई साक्षी राख्ने गरी कार्यविधि नबनाइयोस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदेयश त्रिपाठीलाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री हृदेयश त्रिपाठी</u>**ः- सम्माननीय अध्यक्ष महोदय, मलाई लाग्छ माननीय रमेश जंग रायमाझीज्यूलाई एउटा चित्त के दुख्यो भने उहाँले खर्च कटौतीको प्रस्ताव राख्नु भएको मैले आग्रह पनि गरिनँ फिर्ता लिनुस् भनेर । अब आग्रह गर्दैछु फिर्ता लिनु होला । त्यसैले पनि यो ध्यान आकर्षण गराउनु भएको होला । यसमा विभेद विल्कुलै गरिएको छैन । यो सांसदको कार्यक्रम नै होइन भनेर बुझ्दिनु पर्‍यो यहाँहरूले । यो निर्वाचन क्षेत्रलाई मध्येनजर गर्ने गरेर गरिएको कार्यक्रम हो । यो बोलचालको भाषामा संसद विकास कोष, संसद विकास कोष भनेर जुन भनिएको छ त्यो यथार्थमा होइन । र पछिल्लो चाहिँ यहाँहरूले यदि हेर्नु भयो भने के भएको छ भने कतिपय संशोधन गर्दाखेरि त्यो निर्वाचन क्षेत्रको रकम गइसकेको रकम खर्च गर्नको लागि एउटा निर्देशक समिति बनेको छ, निर्देशक समितिमा राष्ट्रिय सभाको सदस्यहरू, प्रतिनिधि सभाको सदस्य पहिले प्रदेश सभाको सदस्य पनि हुनुहुन्थ्यो तर पछिल्लोमा प्रदेश सभा सदस्य हुनु हुन्न र स्थानीय पालिकाका प्रमुखहरू हुनु हुन्छ त्यसमा । अनि त्यो कमिटी बस्छ र अनि त्यसले कार्यक्रम र पैसा कति हो निर्धारण गर्छ । त्यसले त्यो स्थानीय तहमा नै जाने हो खर्च गरेर । त्यसमा विभेद हुने प्रश्न नै छैन । यदि कहीँ यहाँहरूलाई लागेको छ यहाँहरू भूमिका के गर्ने भने अब आउँदो आर्थिक वर्षको लागि भनौं हामी जसको लागि छलफल गर्दैछौं । कहाँनेर त्यो भूमिकालाई कसरी गर्ने भने सल्लाह लिएर बरु त्यसमा संशोधन गराउन हामी कोशिस गर्नेछौं । तर विभेद पटक्कै नमान्दिनु होला तपाईंहरूले विभेद गरेको पनि छैन । अब यो बढी प्रतिनिधि सभाको सदस्यहरूको एउटा चाहिँ के बुझ्नु पर्छ भने म अलिकति व्यवहारिक कुरा पनि गर्ने भएकोले प्रतिनिधि सभा सदस्य निर्वाचनमा जाँदाखेरि २/४ ठाउँमा यो अधुरो छ माननीय सदस्य पुरानो माननीयको पालमा यो अधुरो भएको रहेछ यो गर्दिनु पर्‍यो भन्दाखेरि अब एक त भोटको तपाईंहरूलाई थाहा नै छ मत लिन भनेको कहिले कहीँ के हुन्छ भने चुनावमा नदी नभएको ठाउँमा पनि पूल दिन्छु भनेर भन्नु पर्छ । अनि नदी छैननि नेताजी भन्दाखेरि नदी पनि ल्याइदिउँला भन्ने स्थिति आउँछ त्यहाँ कहिले काँही । चुनावको आफ्नै एउटा मर्म हुन्छ एउटा चुनावको आफ्नै एउटा अवस्था हुन्छ

त्यसलाई पनि बुझ्दिनु पर्ला यहाँहरूले, तर यो विभेद गर्ने हिसाबले गर्न खोजिएको कार्यक्रम होइन । एउटा टिमले गर्ने हो त्यो सामुहिक टिमले गर्ने कार्यक्रम हो । त्यसमा पनि अब भूमिकालाई कसरी अब अगाडि बढाउने भन्ने यहाँहरू भन्नुहुन्छ भने केही सल्लाह सुझाव भयो भने जुन बेला कार्यविधि हामी संशोधन गर्छौं त्यसबेला त्यसलाई हामीले समाहित पनि गर्छौं ।

दोस्रो कुरो के हो भने, अहिले स्पष्ट के छ भने कोरोना या कोभिडको या स्वास्थ्य क्षेत्रलाई रूपलाई हामीले बढी फोकस गरिरहेका छौं । यो रकम पनि । दोस्रो कृषि अब बढी म यस हिसाबले समय लिन चाहन्नँ । यो किन हामीले अहिले स्वास्थ्य र कृषिमा चाहिँ बढी फोकस गर्न खोजेको हो भने  तर यहाँहरूलाई मेरो आग्रह के छ भने यो कार्यक्रम निर्वाचन क्षेत्रलाई मध्येनजर यसले एउटा वितरणमा बजेटको वितरणमा १६५ वटा निर्वाचन क्षेत्रलाई कम्तीमा बराबर रकम जाने एउटा ग्यारेण्टी गरेको छ एउटा यसको पक्षमा । अर्को चाहिँ अब यही हिसाबले जाने हो भने त्यहाँ रहेका राष्ट्रिय सभा सदस्य माननीय सदस्यहरू पहिले त प्रदेश सभा पनि थियो समानुपातिकका प्रतिनिधि सभाकै समानुपातिकका माननीय सदस्यहरू हुनुहुन्छ । उहाँहरू स्वतः त्यो समितिमा रहने व्यवस्था भएको हुनाले अब कहीँ कहीँ माननीय सदस्यहरूले अलिकति टेर्दैनन् होला मलाई लाग्छ अहिले किन चाहिएको छ भनेर त्यो भयो भने व्यक्तिगत धेरै त्यो क्षेत्र विशेषको समस्या पनि हो । तर कार्यविधि आफैँले विभेद गरेको छैन । र यदि लागेको छ भने मैले भने सच्याउनलाई सरकार तयार छ । धन्यवाद ।

<u>**पिठासीन**</u>ः सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय परराष्ट्र मन्त्री प्रदिपकुमार ज्ञवालीलाई परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>**माननीय परराष्ट्र मन्त्री श्री प्रदिपकुमार ज्ञवाली**</u>ः- सम्माननीय अध्यक्ष महोदय, सम्मानित राष्ट्रिय सभामा विनियोजित विधेयक, २०७७ अन्तर्गत परराष्ट्र मन्त्रालय एवम् माताहातका निकायका लागि आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजन बजेट र कार्यक्रमउपर भएको छलफलमा सहभागी भएर महत्वपूर्ण विचारहरू, सुझावहरू र जिज्ञासाहरू राख्नु हुने माननीय सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु । छलफलमा भाग लिनु हुने सबै जसो माननीय सदस्यहरूले परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्धबारे सरकारको दृष्टिकोण र कार्यक्रमप्रति समर्थन जनाउनु भएको छ । यस क्षेत्रमा हासिल भएको उपलब्धिहरूप्रति खुसी व्यक्त गर्नु भएको छ र विभिन्न रचनात्मक सुझावहरू दिनु

भएको छ । यसलाई मैले नेपालको परराष्ट्र नीतिको बारेमा सिङ्गो सदन एक छ र सदन मार्फत् सिङ्गो राष्ट्र एक छ भन्ने अर्थमा बुझेको छु । यसका लागि धन्यवाद सहित म यस सन्दर्भमा आफ्नो केही धारणाहरू स्पष्ट पार्न चाहन्छु ।

अध्यक्ष महोदय, नेपालको संविधानले राष्ट्रिय हितको स्पष्ट परिभाषा गरेको छ । र भनेको छ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता राष्ट्रिय, स्वाधीनता, स्वाभिमान नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा र आर्थिक समुन्नति एवम् समृद्धिलाई यसका आधारको रूपमा उल्लेख गरेको छ । संविधानले गरेको यी मार्गनिर्देशनहरू नेपालले राष्ट्रिय हित प्राप्तिमा संयुक्त राष्ट्र संघको बडापत्र, असङ्लग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिका मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखेर सार्वभौमिक समानता र पारस्परिक सम्मान र पारस्परिक लाभको आधारमा स्वतन्त्र, सन्तुलित र असङ्लग्न परराष्ट्र नीति सञ्चालन गर्दै आएको छ । नेपालको परराष्ट्र नीतिको एउटा प्रमुख लक्ष्य विश्वभरका विभिन्न मुलुक र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सुमधुर र फलदायी विकास गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा अनुरूप देशको विकास र जनताको जीवनस्तर सुधार गर्न आवश्यक अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्नु हो । भूगोल जनसङ्ख्या या आर्थिक र अन्य सामर्थ्यहरूको मापन गर्दा मलुकहरू कुनै ठुला या कुनै साना हुन सक्छन् । तर हामी प्रष्ट छौं सबै राष्ट्रहरू सार्वभौम, समान र स्वतन्त्र हुन्छन् । सार्वभौम समानताको यही मान्यता एवम् पारस्परिक सम्मान र लाभको आधारमा छिमेकी मित्रराष्ट्र सहित संयुक्त राष्ट्र संघका सुरक्षा परिषद् स्थायी समितिका सदस्यहरू, विकास साझेदारहरू, श्रम गन्तव्य मुलुकहरू र विकासको साझा चुनौति भोगिरहेका अल्पविकसित भुपरिवेष्ठित र विकासशील राष्ट्रहरूसँग हामीले यस बीचमा नयाँ उचाइबाट सम्बन्धलाई विकास गरिरहेका छौं । कतिपय कोणबाट प्रकट हुने गरेको लघुतावास अर्थात् नेपाल सानो छ, अविकसित छ, परनिर्भर छ, भूपरिवेष्ठित छ या विभिन्न पक्षहरूबाट बाँधिएको छ । त्यसैले यसले आफ्ना कुराहरू प्रष्ट ढङ्गले भन्न हुदैंन या भन्न सक्दैंन । राष्ट्रिय हितमा आँच आउँदाखेरि पनि बोल्न हुँदैन या ठाडो शीर लगाएर बोल्न सक्दैन भन्ने गलत भाष्यलाई यस बीचमा हामीले बदलेका छौं । आफ्नो राष्ट्रिय हितको पक्षामा बोल्नु या प्रयास गर्नु भनेको कसैको अहित गर्नु होइन । विगतले विरासतका रूपमा बोकाइदिएका असमान सम्बन्धहरू र सुल्झिन बाँकी रहेका बोझाहरू बिसाएर मात्रै समस्या रहित आंशङ्का रहित विश्वासको सम्बन्धको जगमा सम्बन्धहरू अगाडि बढ्न सक्छन् । हाम्रा प्रयासहरू यसै जगमा उभिएर असल छिमेक सम्बन्ध विकास गर्ने कुरामा केन्द्रित छन् । यस बीचमा भूपरिवेष्ठित अवस्थितिले सिर्जना गरेको सीमा र व्यवधानहरूलाई हटाउँदै नेपालको पारवहन सुविधालाई विभिदीकरण गरिएको छ । र नेपाललाई छिमेकी राष्ट्रहरूसँग बहुआयमिक सम्पर्क सञ्जाल मार्फत् जोडेर भूपरिवेष्ठित अवस्थालाई भूजडित अवस्थामा रुपान्तरित गरिएको छ । हाम्रो पुस्ताले तीन पटकसम्म खेप्नु परेको नाकाबन्दीको पीडालाई अब आउने पुस्ताले कहिल्यै पनि भोग्न नपर्ने कुराको सुनिश्चित गरिएको छ । नेपालको छविलाई यस लोकतान्त्रिक सामाजिक न्याययुक्त, शान्तिपूर्ण तीव्र आर्थिक वृद्धि हासिल गरिरहेको र विकासशील राष्ट्रहरूको पक्षमा सक्रिय

भूमिका खेल्ने गतिशील राष्ट्रको रूपमा अगाडि बढाइएको छ । हामी यो छविलाई अझ अगाडि बढाउन चाहन्छौँ । आर्थिक कुटनीति हाम्रो परराष्ट्र नीतिको महत्वपूर्ण आयमको रूपमा रहेको छ । सशस्त्र र द्वन्द्व र लामो सङ्क्रमणका कारण गुम्न पुगेको आर्थिक विकासको अवसरलाई छोटो समयमा नै क्षतिपूर्ति हुने गरी नेपालको आर्थिक विकासको लागि आवश्यक पर्ने स्रोतको न्यूनता कम गर्न हाम्रो आर्थिक कुटनीति प्रयत्नशील छ । हाम्रा नियोगहरू आधिकारिक विकास सहायता अर्थात् ODA लाई निरन्तरता दिन राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रत्यक्ष बाह्य लगानी भित्र्याउन, नेपालको निर्यात व्यापारलाई प्रबर्द्धन गर्न, नेपाली डायसपोरलाई विकास साझेदारको रूपमा स्थापित गर्दै उनीहरूले हासिल गरेको ज्ञान सीप र स्रोतलाई नेपाल भित्र्याउन र प्रवासी एवम गैरआवसीय नेपालीहरूको हक हितका लागि प्रयत्नशील छन् । माननीय सदस्यहरूले अभिव्यक्त गर्नु भए जस्तै अन्तर्राष्ट्रिय क्षेत्रीय र भू-राजनीतिक परिस्थितिमा तीव्र परिवर्तनहरू आइरहेको छन् । विश्वको शक्ति सन्तुलनमा नयाँ समीकरण देखा परेको छ । विश्वको आर्थिक र राजनीतिक केन्द्रहरूको अवस्थिति बद्लिदैं गरेको छ । र हामीले अभ्यास गर्दै आएको विद्ययान बहुपक्षीय विश्वप्रणाली र संस्थामाथि गम्भीर चुनौतिहरू देखा पर्न थालेका छन् । तर यसको विकल्प तयार भइसकेको छैन । समग्र एसिया र दक्षिण एसिया क्षेत्रको भू-राजनीति र भू-अर्थनीतिमा पनि परिवर्तन आइरहेको छ ।

शक्ति राष्ट्रहरूबीच आर्थिक स्वार्थको बड्दो टकराव देखा परेको छ । प्रविधिको अनियन्त्रित प्रयोगका कारण अनपेच्छित चुनौतिहरू थपिएका छन् । आर्थिक असमानता, स्रोत साधनको असमान वितरण, जलवायु परिवर्तन, बढ्दो अतिवाद र आतङ्कवाद, द्वन्द्व र हिंसा संस्आस्त्र होडबाजीले दिगो विकासको लक्ष्य एवम् शान्ति हासिल गर्ने उद्देश्यमा व्यवधान खडा गरेका छन् । आप्रवासन र शरणार्थी समस्या बढ्दै गएको छ । श्रमिकहरूको हक हितमा समेत प्रतिकूल असर परेको छ । अझ हाम्रो पुस्ताले नै भोग्नु परेको सबैभन्दा ठुलो चुनौतिको रूपमा आएको यो कोरोना महामारीले यस सम्बन्धलाई अझ बढी खजमजाउने जोखिम बढेको छ । आज मुख्य चुनौति कस्तो छ भनेदेखि एकातिर नयाँ चुनौतिहरूले राष्ट्रहरूको बीचमा थप सहकार्य, एकता र बलियो अन्तर्राष्ट्रिय वादको माग गरिरहेका छन् । तर अर्कोतिर प्रवृत्तिहरू कस्ता बढ्न थालेका छन् भने कतिपय देशहरू बढी आत्मकेन्द्रित सङ्क्रिण र संरक्षणवादी देखा पर्दै गएका छन् । UN लगायतका यसको सिष्टमहरू कमजोर हुने जोखिम बढेको छ । कोरोना महामारीले यसलाई अझ बढाउने स्थिति देखिएको छ । कोरोना महामारीको पछिको विश्व कस्तो हुनेछ अहिले अनुमान गर्न सजिलो छैन । तर यसले यस शताब्दीकै सबैभन्दा गहिरो आर्थिक मन्दी सिर्जना गर्ने, करोडौँले रोजगारी गुमाउने आप्रवासन र गरिबीको समस्या झनै बढ्ने र यसको सबैभन्दा ठुलो मार हामी जस्ता विकासशील देशहरूलाई पर्ने कुरा निश्चित जस्तै छ । परराष्ट्र मन्त्रालय यी समग्र घटनाहरूको सुक्ष्म विश्लेषण गरिरहेको छ र प्रतिकूल अवस्थालाई कसरी अनुकूलतमा रुपान्तरित गर्न सकिन्छ भनेर हेरिरहेको छ । परराष्ट्र नीति संवेदनशील विषय हो । यसको सञ्चालनमा आवश्यक सावधानी नअपनाउँदा देखा पर्ने विचलन र त्रुटिले गम्भीर सङ्कट निम्ताउन सक्ने भएको हुनाले कमसेकम पनि परराष्ट्र नीतिको बारेमा

बोल्दा राष्ट्रको एकल आवाज हुनु पर्छ र ऐक्यबद्धता हुनु पर्छ । यस्ता कतिपय कुराहरू राज्यका स्थापित संयन्त्र मार्फत् मात्रै अगाडि बढ्नु पर्ने हुन्छ । यस सम्बन्धमा सबैले कुटनीतिक आचारसंहिताको निष्ठापूर्ण पालना गर्नु पर्छ र परराष्ट्र मामिला र कुटनीतिक सम्बन्ध जस्तो संवेनशील र जटिल विषयमा सार्वजनिक रूपमा विचार र धारणा व्यक्त गर्दा सोही अनुरूप संवेनशील हुनु पर्छ भन्ने म विशेष आग्रह गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, बदलिँदो परिस्थिति र नयाँ आवश्यकता अनुसार नेपालको परराष्ट्र नीतिमा थप स्पष्टता र परिष्करण ल्याइएको छ । सम्बन्धको बिस्तार, सुदृढीकरण र नयाँपन हासिल भइरहेका छन् । युगौं थाति रहेका समस्याका बारेमा नेपालले स्पष्ट र दृढ अडान राख्दै अगाडि बढेको छ । त्यसैले बाह्य सम्बन्ध कमजोर भयो या नीतिमा अस्पष्टता रह्यो भन्ने आशङ्का यहाँ उठेका यी प्रश्नहरूमा कुनै आधार छैन भन्ने करा म स्पष्ट पार्न चाहन्छु । केही घटनाहरू हेर्‍यौं न ।

नेपालको वास्तविक सीमा सहितको नक्सा प्रकाशन गरिएको कुरा सोही अनुरूप संविधान संशोधनको प्रक्रियालाई अगाडि बढाइएको कुरा । १९५० को सन्धि पुनरावलोकनका लागि गरिएका पहलहरू, गोर्खा भर्तीको पुनरावलोकनका प्रस्ताव लगायत प्रश्नहरूमा नेपालले जसरी स्पष्ट ढङ्गले आवाजहरू उठाइरहेको छ । यसलाई हेरेर नेपालको परराष्ट्र नीति कमजोर भयो या बाह्य सम्बन्धहरू कमजोर भयो भनेर भन्न मिल्छ भन्ने मलाई लाग्दैनँ । चालू आर्थिक वर्षमा नेपालले अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । सम्माननीय राष्ट्रपतिज्यूबाट यस बीचमा म्यानमार र जापानको भ्रमण भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यूले अजरबैजानमा सम्पन्न असंलग्न राष्ट्रहरूको १८ औं शिखर सम्मेलनमा सम्बोधन गर्नु भएको छ । लामो अन्तरालपछि नेपालको परराष्ट्र मन्त्रीको रुसी महासंघ, बङ्गालादेश र सर्वियाको भ्रमण भएको छ भने मैले संयुक्त राष्ट्र संघको ७४ औं महासभा, मानव अधिकारको परिषद्को ४३ औं सम्मेलन र चौथौं हिन्द महासागरीय सम्मेलनमा सहभागी भएर नेपालका एजेण्डाहरूलाई र दृष्टिकोणहरूलाई विश्व समुदाय समक्ष प्रस्तुत गर्ने जर्मको गरेको छु । चीनका महामहिम राष्ट्रपतिबाट २३ वर्षको अन्तरालमा नेपालको भ्रमण भएको छ । त्यस अवसरमा विभिन्न २० वटा दुई पक्षीय सम्झौता र समझदारीहरूमा हस्ताक्षर भएको छ । यसका साथै यसै वर्ष बङ्गालादेशका राष्ट्रपति भारतका विदेश मन्त्री चीनका state councillor र परराष्ट्र मन्त्री, लक्जेम्बरका विदेश मन्त्री, नर्वेका अन्तर्राष्ट्रिय विकास मन्त्री, बेल्जियमकी राजकुमारी, जर्मनकी first lady, इजरायलका अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सीका प्रमुख संयुक्त राष्ट्र संघका उपमहासचिव र युनिसेफका कार्यकारी निर्देशक चीनको स्वाशासित क्षेत्र तिब्बत जोन सरकारका अध्यक्षले नेपालको भ्रमण गर्नु भएको छ । यसबाट नेपालको दुई पक्षीय र बहुपक्षीय सम्बन्ध थप मजबुत बनेको छ । चालू आर्थिक वर्षमा नर्वे, फ्रान्स, फिलिपिन्ससँग दुई पक्षीय परामर्श संयन्त्र स्थापना भएका छन् भने जर्जिया, भारत, युरोपियन युनियन, बेल्जियम, न्यूजील्याण्ड, जापान, पाकिस्तान र फ्रान्ससँग दुई पक्षीय परामर्श बैठकहरू भएका छन् । नेपाल र जर्जियाबीच कुटनीतिक तथा official राहादानीबाहकलाई भिषा छुट दिने नेपाल र म्यानमारबीच पर्यटन र सांस्कृतिक क्षेत्रमा सहयोगको आदान-प्रदान गर्ने र

नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र  भारतको safety and standard authority of india बीच  food safety and standard सम्बन्धी समझदारी पत्र लगायतका विभिन्न मुलुकहरूसँग दुई पक्षीय सम्झौताहरूमा हस्ताक्षर भएका छन् । मन्त्रालयले आर्थिक कुटनीतिक परिचालनलाई उच्च प्राथमिकतामा राखेको छ । यसै आर्थिक वर्षमा आर्थिक कुटनीतिका कार्यक्रम अन्तर्गत राष्ट्रिय दिवस, पर्यटन प्रबर्द्धन, वैदेशिक लगानी र व्यापार, श्रमिक सचेतना, क्षतिपूर्ति र उद्धार डिप्रेसन र सचेतना लगायतका कार्यक्रमहरू सहितका करिब ८ सय वटाभन्दा बढी कार्यक्रमहरू हाम्रा दुतावासहरूले सम्पन्न गरेका छन् । सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन राहादानी विभाग, कन्सुलर सेवा विभाग तथा विदेश स्थित नेपाली नियोगहरूलाई छिटो छरितो र सेवाग्राही मैत्री बनाइएको छ । यस आर्थिक वर्षको चैत मसान्तसम्म राहदानी विभागबाट ३ लाख ७५ हजार ४ सय थान र राहदानी जारी भएको छ भने कन्सुलर सेवा विभागबाट मात्रै २ लाख ६३ हजार ७ सय ५४ कागजात प्रमाणीकरण गरिएको छ । परिवर्तित आवश्यकता अनुसार नेपालको पासपोर्टलाई अझ विश्वसनीय र सुरक्षित बनाउन e- passport मा जाने निर्णय भएको र त्यसको बोलपत्र समेत आह्वान भइसकेको छ । त्यसैले passport अभाव नहुने कुरामा विश्वस्त तुल्याउन चाहन्छु । कोरोना महामारीका कारण विदेशमा समस्यामा पर्नु भएका नेपालीहरूलाई स्वदेश फर्काउने क्रम निरन्तर जारी छ । विदेशबाट नेपाली नागरिकहरूलाई ल्याउने क्रममा गत जेठ २३ गते सुरु भएर यो निरन्तर जारी छ । पहिलो चरणमा मित्र राष्ट्र म्यानमारमा २६ जना, UAE बाट १६९ जना, जापानबाट ७ जना मलेसियाबाट १ जना गरी २०३ जना नेपालीहरूलाई ल्याएको थियो भने त्यसैगरि कुबेतबाट ४४८, बङ्गालादेशबाट २५६, ओमानबाट १६६, माल्दिभ्सबाट १४९, अफगानस्तानबाट १८, अष्टेलियाबाट ११, हङ्कङबाट ७, जापानबाट ६ र श्रीलङ्काबाट ५ गरी हिजो असार २ गतेसम्ममा जम्मा १२ सय ६९ नेपालीहरूलाई स्वदेश ल्याइएको छ । हालसम्म ४४ हजार २७ जना नेपालीहरूले नेपाल फर्किनको लागि नियोगहरूबाट आफ्नो निवेदन दर्ता गराउनु भएको छ भने यसबीचमा लकडाउन सुरु भएपछि भारतबाट नेपाल आउनेहरूको सङ्ख्या २ लाख ५० हजारभन्दा बढी रहेको छ । यस क्रमलाई नेपालमा क्वारेन्टाइनको उपलब्धता हाम्रो परीक्षणको क्षमता र अन्य विषयसँग तालमेल मिलाएर क्रमशः उहाँहरूलाई यहाँ सुरक्षित ढङ्गले ल्याउन पनि सकियोस् र उहाँहरूलाई सुरक्षित ढङ्गले राख्न पनि सकियोस् भनेर तद्नुरूप सन्तुलनका साथ अगाडि बढाइएको छ ।

सम्माननीय अध्यक्ष महोदय, यस बीचमा माननीय सदस्यहरूले केही जिज्ञासाहरू राख्नु भएको छ । माननीय जितेन्द्र देवले public diplomacy महाशाखा स्थापना गर्न र यस क्षेत्रमा लगानी गर्न राख्नु भएको सुझाव मननीय छ । यसका लागि परराष्ट्र मन्त्रालयमा नयाँ ONM प्रस्तावित भएको र त्यो स्वीकृत हुनसाथ प्रवक्ता र आरकाइकको समेत काम हेर्ने गरी public dipolomacy division स्थापना हुने विश्वास दिलाउन चाहन्छु । बद्लिँदो आवश्यकता र दायित्वको तुलनामा परराष्ट्र मन्त्रालयका लागि विनियोजित रकम पर्याप्त भएन भनेर धेरै माननीयज्यूहरूले कुरा राख्नु भएको छ । यो धारणा आम रूपमा उचित हुँदाहुँदै पनि अहिलेको विषम परिस्थिति र हाम्रा हाम्रो सम्पूर्ण ध्यान स्वास्थ्यमा केन्द्रित गर्न

पर्ने आवश्यकता रहेको एउटा यथार्थ भएकोले यसको प्रतिविम्ब बजेट विनियोजनमा परेको यथार्थलाई आत्मसाथ गर्न म माननीयज्यूहरूलाई आग्रह गर्न चाहन्छु । जहाँसम्म बजेट सन्तुलनको कुरा छ । परराष्ट्र मन्त्रलायको अधिकांश काम चालू बजेट अन्तर्गत नै गरिने नियमित प्रकृतिका कामहरू जस्तै नियोगहरू सञ्चालन, कुटनीतिक प्रतिनिधित्व, भेटवार्ता, राहादानी र कन्सुलर सेवा पर्छन् । पूजिँगततर्फ विभाग र मन्त्रालयका लागि नेपालभित्र र यस वर्ष विशेष परिस्थितिका लागि दुई वटा नियोगहरूका लागि विदेशमा भवन निर्माणको कार्यक्रम राखिएको जानकारी गराउन चाहन्छु । त्यसो भएको हुनाले चालू पूजिँ बढी हुने र पूजिँगत खर्च कम देखिनु स्वभाविक हुन जान्छ । अरु कामका प्रकृति अनुसार कोरोना महामारीसँगै विप्रेषणमा आउने कमी, बाह्य सहयोगमा हुने कटौती आदिको परिप्रेक्षमा परराष्ट्र मन्त्रालयले थप प्रभावकारी आर्थिक कुटनीतिक सञ्चालन गर्ने कुरा विश्वास दिलाउन चाहन्छु । माननीय जितेन्द्र देवले नै नेपालले स्वतन्त्र र स्वाधीन राष्ट्र भनिरहन जरुरी नभएको बरु बलियो समृद्ध र प्रतिष्ठित राष्ट्र बनाउन दीर्घकालीन नीतिमा जोड दिनु पर्ने भन्ने जस्तो विषय उठाउनु भएको छ । यसमा म के भन्न चाहन्छु भने परराष्ट्र नीति सम्बन्धी दस्तावेज र व्यक्तव्यहरूमा राज्यको स्वतन्त्रता सार्वभौमकता भौगोलिक अखण्डता र स्वाधीनता जस्ता विषयहरू स्पष्ट उल्लेख गरिन्छ । किनकि परराष्ट्र नीतिका लक्ष्य नै यी आधारभूत विषय लगायतका राष्ट्रिय हित र स्वार्थ प्राप्ति गर्नु पर्ने हो । त्यसकारणले यसमा अन्यथा धारणा राख्नु पर्ने म देख्दिनँ । माननीय प्रकाश पन्थ लगायत अन्य माननीय सदस्यहरूले राख्नु भएको जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्न चाहन्छु । समस्यामा परेका नेपालीहरूको स्वदेश फिर्तीमा परराष्ट्र, पर्यटन र श्रम मन्त्रलायले समन्वयका साथ काम गरिरहेका छन् । COVID- 19 को सन्दर्भमा विदेशमा रहेका नेपालीहरूको अवस्था र उनीहरूले भोग्नु परेका समस्याको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति र प्रधानमन्त्री र परराष्ट्र मन्त्रीको तहबाट समकक्षीहरूलाई पत्राचार एवम् टेलिफोन वार्ता गरी सम्बन्धित मुलुकमा रहेका नेपाली नागरिकको उचित संरक्षणको लागि अनुरोध गरिएको छ । र यस विषम परिस्थितिमा नेपालीहरूको उचित सुरक्षाको उपचार र हेरविचारको व्यवस्था गर्न आश्वासनहरू प्राप्त भएका छन् । हामी के ठान्छौँ भने विश्वव्यापी महामारी मानव जातिले संयुक्त रूपमा र सहकार्यका साथ जुध्नु पर्ने साझा चुनौति हो । महामारीको बेला राष्ट्रहरूका केही साझा दायित्वहरू अर्थात् shared responsibility हरू हुन्छन् । बिनाभेदभाव आफ्ना भू-भागभित्र रहेका स्वदेशी र विदेशी नागरिकहरूको संरक्षण हेरचाह र स्वास्थ्य उपचार गर्नु सबै राष्ट्रहरूको कर्तव्य हो । यही कर्तव्य र दायित्वबोधबाट निर्देशित हुँदै नेपालले आफ्नो सरहदभित्र रहेका विदेशी नागरिकहरूको समेत हर सम्भव हेरचाह र स्वास्थ्य उपचार गर्दै आएको छ । सम्बन्धित राष्ट्रहरूले स्वदेश फिर्ताका लागि आग्रह गरेको अवस्थामा बाहेक कसैले पनि नेपालमा असंरक्षित वा असुरक्षित अनुभव गर्न नपर्ने प्रत्याभूति गरिएको छ । हामी हाम्रा मित्र राष्ट्रहरूबाट पनि यस्तै व्यवहारको अपेक्षा गर्दछौँ । मैले नेपाली राजदुतहरू, गैरआवासीय नेपालीहरू र मिडियासँग भिडियो कन्फेरेन्सका माध्यमबाट विदेशमा रहेका नेपालीहरूको सन्दर्भमा निरन्तर जानकारी लिने गरेको छु । आज यहाँ आउनुभन्दा अगाडि पनि मैले खाडी र मलेसियाका नियोगहरूसँग अपडेट लिएर नै आएको छु । त्यसैगरि COVID- 19 को विरुद्ध सङक्रमण विरुद्ध लड्न नेपाललाई आवश्यक सहयोग

जुटाउन पहल गर्न पनि नियोगहरूलाई निर्देशन दिएको छ । महामारीको कारण समस्यामा परेका नेपालीहरूलाई खान, बस्न, उपचार गर्न अन्य सहयोग सूचना र हौसला प्रदान गर्न NRN र अन्य नेपाली सामुदायिक संघ, संस्थाहरूको सहकार्यमा नेपाली नियोगहरूबाट सक्दो सहयोग पुऱ्याउने काम भइरहेको छ । विदेश स्थित हाम्रा नियोगहरूले प्रतिकूल परिस्थितिका बीचमा पनि नेपालीहरूलाई सम्भव सहयोग पुऱ्यारहेका छन् । यो वस्तुस्थित नबुझी राजदुतहरू सुतेर बसेका छन्, दुतावास निष्क्रिय छन् भन्नु । विदेशमा प्रतिकूल परिस्थितिको सङ्कटको बेलामा काम गरिरहेका हाम्रा प्रतिनिधि र राष्ट्रसेवकप्रति अन्याय हुन जान्छ भन्ने मेरो धारणा छ । नेपाल सरकारबाट स्वीकृत COVID- 19 को विश्वव्यापी सङ्क्रमणको कारण उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश जारी भइसकेको छ । यसका निम्ति हामीले आवश्यक समन्वयहरू गरिरहेका छौं । दुतावासहरूले समस्यामा परेकाहरूको list तयार गर्नु भएको छ । त्यो list प्राप्त हामी परराष्ट्र मन्त्रालय हुँदै यहाँ आइसकेपछि हामीले CCMC मार्फत् त्यसलाई final गरेर पर्यटन मन्त्रालयको समन्वयमा ल्याउने गरेको व्यहोरा अघि पर्यटन मन्त्रीज्यूले पनि राखिसक्नु भएको छ ।

माननीय रमेश जंग रायमाझीले माल्दिभ्स सायद् उहाँले श्रीलङ्का भन्न खोज्नु भएको होला । र पाकिस्तानमा दुतावास भवन निर्माणको प्रसङ्ग उठाउनु भएको छ । दुवै देशमा दुतावास निर्माणका लागि नेपालले जग्गा खरिद गरेर राखेको छ । तर यो वर्ष स्रोतको न्यूनताका कारण हामीले अष्ट्रेलियाको क्यानबेरा र बेइजिङ्गमा मात्रै नयाँ भवनका लागि बजेट विनियोजन गरेका छौं । हाम्रा नियोगहरूलाई भौतिक र मानव संशाधन दुवैले सबल बनाउँदै लैजाने योजना रहेको जानकारी गराउन चाहन्छु । नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन र सुपरिवेक्षण गर्ने बरु तर दायित्व बहन गरेको नेपाल सरकारको केन्द्रीय निकायको रूपमा परराष्ट्र मन्त्रालयको पत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा हाल हाम्रो ३९ वटा नेपाली नियोगहरू, ३० वटा राजदुतावासहरू, ३ वटा स्थायी नियोग र ६ वटा महावाणिज्य दुतावासहरू र ७१ अवैतनिक महावाणिज्य दुतहरूले यस सम्बन्धमा काम पुऱ्यारहेका छन् । कामले आवश्यक सहयोग पुऱ्याएका छन् । सबैसँग मित्रता छैन, कसैसँग शत्रुता भन्ने मूल मर्म पछ्याउँदै नेपालले विश्वका १६८ मुलुकहरूसँग कुटनीतिक सम्बन्ध स्थापना गरेको छ । नेपालको विशिष्ट भू-राजनीति परिस्थिति, मुलुकको राष्ट्रिय हित रक्षा र प्रबर्द्धनमा कुटनीतिक शक्तिको विशेष महत्वलाई मध्येनजर राख्दैं मन्त्रालयले आफ्ना कुटनीतिज्ञहरूको क्षमता विकासलाई उच्च प्राथमिकतामा राखेर सीमित स्रोत र साधनले भ्याएसम्म स्वदेश तथा विदेशमा विभिन्न प्रकारका तालिममा सहभागी गराउने गरेको छ र भविष्यमा पनि यो नीतिलाई निरन्तरता दिइरहने छ । नेपालका छिमेकी मुलुकहरू, ठुलो सङ्ख्यामा नेपालीहरूको उपस्थिति, दुई पक्षीय व्यापार लगानी पर्यटन लगायतका आर्थिक सम्बन्धको अवस्था र सम्भाव्यता विश्व जगतमा राजनीतिक आर्थिक र सामाजिक रूपले ठुला शक्ति राष्ट्र र भौगोलिक प्रतिनिधित्वको आधारमा नेपालले विभिन्न मुलुकहरूमा पछिल्लो वर्षमा नयाँ नियोगहरू स्थापना गरेको छ । दुतावासको स्थापनामा निश्चय नै छिमेकी मुलुकहरूको सम्बन्धलाई उच्च प्राथमिकतामा दिइरहेको पनि छ । सँगसँगै मुलुकको

अन्तर्राष्ट्रिय सम्बन्धमा भूगोलको आधारमा मात्र नभई आर्थिक, सामाजिक, साँस्कृतिक, वैज्ञानिक, प्राविधिक विभिन्न बहुआयमिक पक्षसँग समेत जोड्नु पर्ने हुनाले क्षमताले भ्याएसम्म विश्वका सबै मुलुकहरूसँग कुटनीतिक सम्बन्धलाई बिस्तार गर्दै लैजाने हाम्रो नीति छ । नयाँ स्थानहरूमा नियोगहरूको स्थापना, बिस्तार र पुनर्स्थानीकरण अर्थात् re–location लाई विशुद्ध आर्थिक आयमबाट मात्र नहेरी मुलुकले राष्ट्रिय हितमा गर्ने लगानीका रूपमा हेर्नु जरुरी छ । मैले बताइरहनु पर्दैन । नेपाल जस्तो मुलुकका लागि प्रभावकारी कुटनीति राष्ट्रिय अस्तित्वको रक्षा र विकासको महत्वपूर्ण आधार हो । माननीय कोमल वलीको उठाउनु भएको जिज्ञासा सम्बन्धमा प्रष्ट पार्न चाहन्छु । हामी भारतसँग इतिहासदेखि नै थाती रहेका सीमा समस्या कुटनीतिक माध्यमबाट समाधान गर्न चाहन्छौँ र गर्न सकिन्छ भन्नेमा विश्वस्त पनि छौँ । नेपालको यो सुसङ्गत निरन्तर र दृढ मान्यतालाई मित्र राष्ट्रले आत्मसाथ गर्नेछ भन्ने कुरामा आशावादी छौँ । इच्छा शक्ति र चाहाना हुँदा माहामारीहरू वार्ताका लागि बाधक बन्दैँनन् भन्ने कुरामा हामी विश्वस्त छौँ । राजदुतहरूको कामको मूल्याङ्कनको सम्बन्धमा उहाँले उठाउनु भएको विषयको सम्बन्धमा कामको प्रतिवेदन र पृष्ठपोषण समेतका आधारमा मूल्याङ्कन गर्ने पद्दति रहेको र मन्त्रालयले राजदुत नियुक्ति सम्बन्धी निर्देशिका, २०७५ तयार गरेर सोही अनुरूप निश्चित कार्यविवरणको आधारमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा निजहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणाली अवलम्वन गरेको जानकारी गराउन चाहन्छु । कोरोना पछिको विश्व जस्तो सुकै होस् । नेपालको परराष्ट्र नीतिमा केही कुराहरूमा आधारभूत निरन्तरता रहने छ । अर्थात् हामी असङ्लग्नता, पञ्चशील, संयुक्त राष्ट्र संघको बडापत्र सार्वभौम समानताको सिद्घान्त, पारस्परिक लाभ र सम्मान तथा अन्तर्राष्ट्रिय न्याय र उत्तरदायित्वबाट बिचलित हुने छैनौँ । त्यसैगरि दुवै छिमेकी मुलुकसँग सन्तुलित, सुमधुर र स्वतन्त्र मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने दुवैका संवेदनशीलताप्रति सजग हुने र सम्मान गर्ने र दुवैको आर्थिक विकाससँग जोडिएर लाभान्वित हुने मान्यतामा पनि हामीले निरन्तरता दिनेछौँ । नयाँ परिस्थितिमा हामीले आफूलाई कसरी फिट बनाउने भन्ने विषयमा निरन्तर अध्ययन, विश्लेषण र नीतिहरूमा परिमार्जन गर्दै लगिनेछ । नक्सा प्रकाशित गर्ने र सोही अनुरूप संविधान संशोधन गर्ने सरकारको निर्णयलाई संयमित स्वरमा समर्थन गर्दै माननीयज्यूहरूले भू-भाग फिर्ताको लागि प्रभावकारी कुटनीतिक पहलको लागि सुझाव दिनु भएको छ । यसका लागि धन्यवाद दिँदै सरकार सोही दिशामा दृढतापूर्वक अघि बढेको र आम नेपाली जनताको साथ र सर्मथनबाट यस दिशामा सफलता प्राप्त हुने विश्वास दिलाउन चाहन्छु । भू-भाग फिर्ता भएसँगै त्यहाँ गर्नु पर्ने अरु कामहरू हामीले गर्ने नै छौँ ।

सम्माननीय अध्यक्ष महोदय, समग्रमा राजनीतिक एवम् राज्य व्यवस्था सञ्चालनमा देखिएको स्थायित्वबाट मुलुकको कुटनीतिक प्रयासले सकरात्मक र अपेक्षित परिणाम दिन थालेको छ । अन्तर्राष्ट्रियस्तरमा नेपाललाई थप महत्व र चासोका साथ लिन थालिएको छ । लामो अवधि पश्चात् नेपालमा र नेपालबाट छिमेकी र विश्वका अन्य शक्ति राष्ट्रहरूमा दुई पक्षीयस्तरमा भ्रमण, परामर्श र सहकार्य पुनः प्रारम्भ भएका छन् । बहुपक्षीय मञ्चमा नेपालले नेतृत्वदायी तहमा निर्वाचित एवम् मनोनीत हुने अवसर प्राप्त गरेको छ । यस

सन्दर्भमा गरिमामय सदनबाट प्राप्त रचनात्मक सुझाव र मार्गदर्शनले परराष्ट्र सम्बन्ध सञ्जालमा थप गति र उर्जा प्रदान गर्ने विश्वास लिएको छु । नेपालले सगरमाथा संवादलाई महत्वपूर्ण माध्यम बनाएर सार्वजनिक चासोका कतिपय मुद्दाहरूमा प्रभावकारी बहस, नीति निर्माण र कार्य कार्यान्वयनमा अग्रसरता लिने विश्वास लिएको छ । मन्त्रालयमा स्थापना गरिएको ब्रेन गेन सेन्टरमा विश्वका विभिन्न भूभागमा छरिएका नेपाली विज्ञहरू र प्रतिभाहरूलाई आबद्ध गर्दै नेपालको विकासमा उहाँहरूको ज्ञान र सीपलाई संयोजन गर्ने प्रयासले मुर्त रूप लिँदै गरेको व्यहोरा व्यक्त गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, अतः उल्लेखित सन्दर्भमा अगामी आर्थिक वर्ष २०७७/०७८ मा परराष्ट्र मन्त्रालयका लागि विनियोजित बजेट कटौतीको प्रस्ताव सान्दर्भिक नहुने देखिएकोले प्रस्ताव राख्नु हुने माननीय सदस्यलाई आफ्नो प्रस्ताव फिर्ता लिन आग्रह गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय परराष्ट्र मन्त्री प्रदिप कुमार ज्ञवालीले दिन भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू मार्फत् परराष्ट्र मन्त्रीजीलाई भन्न चाहन्छु । अब यो निशान छाप संशोधन भइसकेको छ र यसलाई त्यसले कुटनीतिक पहलबाट शीघ्रताका साथ अगाडि बढोस् र सरकारले यो भिषा लकडाउनको अवधिभरि नेपालमा रहेका पर्यटकहरूलाई लकडाउन सकिएको एक हप्तासम्म नवीकरण गर्ने भनेर भन्यौँ तर अहिले लकडाउन लम्बिने बेला फेरि गृह मन्त्रालयले शुल्क लिने भिषा नवीकरण वाफत शुल्क लिन लागिरहेको छ । म परराष्ट्र मन्त्रीलाई प्रश्न गर्न चाहन्छु । हामीले विदेशमा रहेका हाम्रा नेपालीहरू उद्धार गर्दिउन् भन्ने हामीले भावना राख्ने हामीले हाम्रो देशमा रहेका पर्यटकहरूमाथि यो द्वैध चरित्रको देखायो भने हाम्रो परराष्ट्रको सन्देश कस्तो जाने हो ? म प्रश्न गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, कालापानी, लिम्पियाधुरा र लिपुलेक हाम्रो भू-भाग हो भनेर हामीले दाबी गरिसक्यौँ र हाम्रो आफ्नो संविधानमा पनि त्यो कुरालाई संशोधन गरेर ल्याइसक्यौँ । तर छिमेकी राष्ट्र भारतसँग हामीले कहिले त्यहाँ उनको सेना रहेको ठाउँमा हामी कहिले पुग्छौँ र त्यहाँ हामीले कहिले हाम्रो भूमि हो भनेर टेक्न सक्छौँ ? यो परराष्ट्र मन्त्रीज्यूसँग प्रश्न गर्न चाहन्छु । कैयौँ देशहरूमा हाम्रा राजदुतहरूको आवश्यकता छैन भनेर देखिन्छ अहिले । हाम्रो कुटनीतिक सम्बन्ध त्यति जरुरी छैन र हामीलाई अहिले त्यसरी सहयोग गरिरहेका राष्ट्रहरू छैन । त्यहाँका राजदुतावास अहिले मितव्ययिताका कारणले बन्द गर्ने सोच छ कि छैन ? भनेर सोध्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय परराष्ट्र मन्त्री प्रदिपकुमार ज्ञवालीलाई समय उपलब्ध गराउँछु ।

**माननीय परराष्ट्र मन्त्री श्री प्रदिपकुमार ज्ञवाली**:- सम्माननीय अध्यक्षज्यू, म माननीय सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । हामीले नेपलाको वास्तविक भू-भागलाई नक्सामा पनि समावेश गरेर नक्सा प्रकाशित गरेका छौँ । र त्यसलाई संविधानमा समेत उल्लेख गरिसकेपछि अब हाम्रो समग्र प्रयास ती भू-भागहरूमाथि नेपालको वास्तविक एउटा उपस्थिति र त्यसको स्वामित्व प्राप्त गर्ने कुरामा हुनेछ । त्यसका लागि कुटनीतिक पहललाई प्रभावकारी ढङ्गले अगाडि बढाउने विश्वास म यहाँहरूलाई दिलाउन चाहन्छु । समय कति लाग्छ एकिन गरेर भन्न गाह्रौ होला तर हामी सत्यको पक्षमा छौँ । हाम्रा पछाडि ऐतिहासिक तथ्यहरू छन्, प्रमाणहरू छन् । हामीले कुनै अतिरिक्त भौगोलिक आकाङ्क्षा या भू-राजनीतिक आकाङ्क्षा राखेर यो कदम नचालेको हामीले इतिहासका इतिहासले हामीलाई दिएको दायित्व पूरा गर्ने हिसाबले अगाडि बढेको हुनाले यो काममा हामी सफल हुनेछौँ भन्ने विश्वास म माननीय सदस्यहरूलाई दिलाउन चाहन्छु । पर्यटक भिषालाई लामो समय बसेका पर्यटकहरूलाई यो थप जरिबाना लगाउने अथवा त्यसमा चाहिँ थप शुल्क लगाउने सन्दर्भमा मलाई लाग्छ यसको निम्ति मभन्दा बढी यसको लगतै पछाडि बोल्नु हुन माननीय गृह मन्त्रीज्यूले जवाफ दिनु हुनेछ । गृह मन्त्रालय अन्तर्गत अध्यागमन विभागले त्यो काम गर्ने भएको हुनाले विभागीय मन्त्रीज्यूले नै जवाफ दिनु उचित हुन्छ । माननीय सदस्यहरूले उठाउनु भएको विषयमा हाम्रो ध्यान आकर्षण भएको छ । वास्तवमा यस्ता धेरै कुराहरू reciprocal basis मा पारस्पारिकताको आधारमा गर्ने गरिन्छ । हामीले कोरोना माहामारीका कारण अप्ठ्यारोमा परेका हाम्रा धेरै नागरिकहरूलाई भिषा सकिएकै कारणले अप्ठ्यारो नपरोस् भनेर म आफैले धेरै परराष्ट्र मन्त्रीज्यूहरूसँग कुराकानी गरेँ । प्रधानमन्त्रीज्यूले कुराकानी गर्नु भयो र हामीले सबै ठाउँमा उहाँहरूले visa extentsion गर्दिनु भएको छ । र visa extentsion नभएको ठाउँमा पनि बिना कुनै शुल्क या जरिबाना उहाँहरूलाई

immigration बाट क्रस गर्ने एउटा विश्वास दिलाइएको अवस्था छ । उहाँहरूको त्यो सदासयतालाई हामीले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । राजदूत या दूतावसहरूको आवश्यकताको सन्दर्भमा हामीले अध्ययन गरिरहेका छौँ ।

सम्माननीय अध्यक्षज्यू, तर एउटा कुरा म यहाँ के निवेदन गर्न चाहन्छु भने सायद दुतावास स्थापना गर्न होस् चाहेँ दुतावासलाई close गर्दा होस् धेरै कुराहरूमा हामीले विचार गर्नुपर्छ । देशभित्र त हाम्रा कुनै कार्यालयहरू बन्द गर्दिऊँ, खर्च बढी भयो त्यसकारणले यो विभाग खारेज गर्दिऊँ अथवा यो कार्यालय बन्द गर्दिऊँ अथवा यसलाई मर्ज गर्दिऊँ भन्न सजिलो हुन्छ । दुतावासहरूको स्थापना र दूतावसालाई बन्द गर्ने कुराले ठुलो कुटनीतिक महत्व राख्छ । नेपाल जस्तो देशको लागि सबभन्दा बलियो हतियार भनेकै मैले माथि पनि उल्लेख गरेँ । आफ्नो राष्ट्रको अस्तित्व र विकासका लागि कुटनीति नै सबैभन्दा महत्वपूर्ण कुरा हो । कुनै एउटा देशमा दूतावास बन्द गर्दा त्यसले दिने कुटनीति message चाहिँ निकै गम्भीर हुन्छ । त्यसो भएको हुनाले हामीले सोच विचारीकन नै यी विषयमा निर्णय गर्नु पर्ने हुन्छ । मैले यो मन्त्रालयको जिम्मेवारी लिइसकेपछि हामीले यसको गहिरो अध्ययन गरिरहेका छौँ हामी हेरिरहेका छौँ । कतातिर सिफ्ट भइरहेको छ, नेपालको सम्भावना कहाँनिर छ ? कुन ठाउँमा दूतावास राख्दा या consul jeneral office राख्दाखेरि चाहिँ त्यहाँनिर हाम्रा व्यापारहरू बढ्न सक्छन् त्यहाँ नेपालीहरूलाई बढी सहयोग गर्न सकिन्छ त्यो देशसँगको सम्बन्धले हामीलाई अन्तर्राष्ट्रिय रूपमा अनुकूलता हुन्छ भन्ने बारेमा हामी समग्र पक्षहरूको अध्ययन गरिरहेका छौँ तर एकदमै हतारिएर । किनभने कुटनीतिमा लगानी भनेको विशुद्ध वर्षको २ करोड, ३ करोडको सीमित अर्थमा मात्रै हामीले हेर्नु हुँदैन । यो हाम्रो राष्ट्रिय हितमा गरिएको लगानी हो । जसलाई कुनै मूल्यमा आँकलन गर्न सकिन्छ जस्तो मलाई लाग्दैंन । त्यसो भएर सुविचारी ढङ्गले नै हामीले गर्ने छौँ । कुनै ठाउँमा कामहरू प्रभावकारी नभए व्यक्तिहरूलाई उत्तरदायी बनाइनेछ र त्यस्ता व्यक्तिहरू कारबाहीको भागीदार पनि बन्नेछन् । तर दुतावास नै बन्द गर्ने या लहडमा दुतावास खोल्ने कुरा दुवै उचित हुँदैन भन्ने मलाई लाग्छ । यति कुराहरू राखेर म आफ्नो भनाइलाई टुग्याँउन चाहन्छु । फेरि पनि यो छलफलमा सक्रिय रूपले सहभागी हुनु हुने मन्त्रालयलाई महत्वपूर्ण सुझाव दिनु हुने सबै माननीय सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री रामबहादुर थापालाई गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय गृह मन्त्री श्री रामबहादुर थापा**:- सम्माननीय अध्यक्ष महोदय, प्रस्तुत विनियोजन विधेयक, २०७७ मुख्यतः तीन वटा समस्या र सङ्कटहरूलाई समाधान गर्नको निम्ति ल्याइएको हो । पहिलो समस्या र सङ्कट भनेको कोरोनाले ल्याएको समस्या त्यसले उत्पन्न गरेको सङ्कट हो । र यो सङ्कटलाई समाधान गर्नको निम्ति हामीले अवलम्बन गरेको लकडाउन र लकडाउनले उत्पन्न गरेको चाहिँ आर्थिक सङ्कट र समस्याहरू । यो दोस्रो समस्यालाई समाधान गर्नको निम्ति पनि यो विनियोजन विधेयक ल्याइएको हो । तेस्रो कुराहरू, यो दुवै यो कोरोना र आर्थिक सङ्कटले उत्पन्न गरेको सामाजिक सुरक्षा र राष्ट्रिय सुरक्षासँग सम्बन्धित समस्यालाई हल गर्नको निम्ति सम्बोधन गर्नको निम्ति पनि यो प्रस्तुत विनियोजन विधेयक ल्याइएको हो । र राष्ट्रिय सुरक्षा र सामाजिक सुरक्षालाई हल गर्नको निम्ति गृह मन्त्रलायलाई यो २०७७/०७८ विनियोजित बजेट बारेमा माननीयज्यूहरूले प्रश्नहरू, जिज्ञासाहरू, सुझावहरू, आलोचनाहरू गर्नु भएको छ । म सर्वप्रथम यहाँहरूको यी सुझावहरू, आलोचना र जिज्ञासाहरूको निम्ति धन्यवाद दिन चाहन्छु । निश्चय पनि यी प्रश्नहरूले, यी जिज्ञासाहरूले यी सुझावहरूले यो विनियोजन विधेयकलाई परिमार्जन गर्नमा एउटा महत्वपूर्ण भूमिका खेल्ने छ । यसले गृह मन्त्रालयलाई पनि यसले पथ प्रदर्शन गर्ने भन्ने मैले विश्वास लिएको छु । कुनै पनि बजेटको मुख्य लक्ष्य, उद्देश्य भनेको राष्ट्रको प्रगति र समृद्धि नै हो । अहिले हाम्रो राष्ट्रले मुलुकले आफ्नो राष्ट्रिय आंकाङ्क्षा र राष्ट्रिय उद्देश्यको रूपमा हामीले समृद्ध नेपाल र सुखी नेपालीको त्यो उद्देश्य हामी निश्चित गरेका छौँ । निश्चय पनि त्यो उद्देश्य हासिल गर्नको निम्ति प्रगति र समृद्धिको त्यो आंकाङ्क्षा जनताको, राष्ट्रको त्यो आंकाङ्क्षालाई पूरा गर्नको निम्ति निश्चित पूर्वाधारहरू चाहिँ आवश्यक हुन्छ र त्यही पूर्वाधारबिना हामीले त्यो लक्ष्य हासिल गर्न सक्दैनौँ, त्यो उद्देश्य पूरा गर्न सक्दैनौँ । र त्यो पूर्वाधार एउटा अपरिहार्य पूर्वाधारको रूपमा सुरक्षाको प्रश्न हो । समाजमा, राष्ट्रमा सुरक्षाको प्रश्न चाहिँ अह्म हुन्छ । सुशासन एउटा पूर्वशर्त हुन्छ । त्यस्तै राजनीतिक स्थायित्व पनि विकास, प्रगति र समृद्धिको निम्ति अपरिहार्य पूर्वशर्तको रूपमा यो इतिहाससिद्ध कुरा हो । सैद्धान्तिक दृष्टिकोणले पनि हामीले हेर्दाखेरि जुन राष्ट्रहरूले प्रगति गरे, समृद्धिको शिखर छोए त्यहाँ निश्चित रूपमा हामी के देख्छौँ भनेदेखि त्यहाँ सुशासन थियो त्यहाँ सुरक्षा सुदृढ थियो र त्यहाँ स्थायित्व र स्थिरता थियो । ती राष्ट्रहरूले मात्र ती समाजले मात्रै त्यो प्रगति र समृद्धि हासिल गरेका छन् । त्यसैले हामीले अहिले एउटा युगान्तकारी परिवर्तन पश्चात अहिले राष्ट्रले समृद्धिलाई आफ्नो लक्ष्य, उद्देश्य निर्धारित गरेको छ र त्यसलाई हासिल गर्नको निम्ति हामी अहिले सिङ्गो राष्ट्र प्रयत्नशील छ । र त्यसको पूर्वाधार निर्माण गर्नको निम्ति पनि हामी प्रयत्नशील छौँ र त्यही पूर्वाधारको रूपमा शान्ति सुरक्षा, सुशासन र स्थायित्वको जिम्मेवारी गृह मन्त्रालयको काँधमा आएको छ ।यो बजेटमा यो विनियोजन विधेयकमा चाहिँ सुरक्षाको क्षेत्रमा चाहिँ यहाँ बजेट विनियोजन गरिएको छ । यसबारेमा माननीयज्यूहरूले विभिन्न प्रश्नहरू उठाउनु भएको छ । जिज्ञासा उठाउनु भएको छ । म फेरि पनि यहाँहरूलाई धन्यवाद दिन चाहन्छु ।

सबभन्दा पहिला म यस क्रममा यो चालू आर्थिक वर्षको गृह प्रशासनको कार्यसम्पादनको एउटा संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु । जनताको जिउ धन र

स्वतन्त्रको संरक्षण र सम्बर्द्धन गर्न मुलुकमा शान्ति सुरक्षा र अमनचैन कायम गरी अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान गर्नु, विपत्त पछिको खोज, उद्धार राहत लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नु, सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन तथा द्वन्द्व व्यवस्थापन कार्य गृह मन्त्रालयका प्रमुख जिम्मेवारीहरू हुन् । यसका लागि गृह मन्त्रालय अन्तर्गतका निकायहरू उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्ने सक्रिय रूपमा कार्यरत रहेका छन् । सुरक्षा व्यवस्थापनको वर्तमान र भावी चुनौतिहरूको सामन गर्न सरकारले नविनतम सुरक्षा रणनीति तथा प्रविधिहरूको प्रयोगलाई विशेष जोड दिएको छ । चालू आर्थिक वर्षमा नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट एवम् गृह प्रशासन सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी मुलुकको शान्ति सुरक्षा तथा गृह प्रशासनको सुधार मार्फत् विकासको लागि बलियो आधार तयार भएको छ । यस क्रममा नेपालको संविधान कानून र नेपाल सरकारको समृद्धिको मार्गचित्रलाई व्यवस्थित तवरले कार्यान्वयनमा ल्याउन गृह प्रशासन सुधार कार्ययोजनाको कार्यान्वयन गरिएको छ । भ्रष्टाचारप्रतिको शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरिएको छ । संघीयता कार्यान्वयन तथा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन नेपाल प्रहरी समायोजनको कार्य अन्तिम चरणमा पुगेको छ । हाल विश्वव्यापी माहामारीका रूपमा देखा परेको कोभिड-१९ को प्रकोपले सिर्जना गरेको चुनौति सामना गर्न गृह मन्त्रालय तथा मातहातका निकायहरू नेपाल सरकारको नीति बमोजिम परिचालित भइरहेका छन् । यस क्रममा नेपाल सरकारले लागू गरेको बन्दाबन्दीको नीति कार्यान्वयन गर्न भारत लगायत अन्य देशमा रहेका नागरिकहरूलाई सुरक्षित तरिकाले नेपाल ल्याउन नेपाल आएका नागरिकलाई गन्तव्य स्थानसम्म पुऱ्याउन आपूर्ति व्यवस्थापन तथा कालोबजारी नियन्त्रण एवम् क्वारेन्टाइन व्यवस्थापनमा स्थानीय प्रशासनबाट प्रभावकारी भूमिका निर्वाह भइराखेको छ ।

सम्माननीय अध्यक्ष महोदय, यो विनियोजन विधेयक सन्दर्भमा उठेका केही प्रश्नहरूको बारेमा म स्पष्ट पार्न अनुमति चाहन्छु । आर्थिक वर्ष २०७७/०७८ मा गृह मन्त्रालय र मातहात निकायको कूल बजेट १ खर्ब ३८ अर्ब ६२ करोड ६७ लाख विनियोजन भएको छ । जसमध्ये २ अर्ब ७२ करोड ८४ लाख स्थानीय तह तथा बाँकी संघीय सरकारका इकाइहरूबाट परिचालित हुनेछ । संघीय बजेटमध्ये चालूतर्फ १ खर्ब २९ अर्ब ९१ करोड १४ लाख र पूर्जीँगततर्फ ५ अर्ब ९८ करोड ६९ लाख विनियोजन भएको छ । लागू औषध दुर्व्यसन नियन्त्रण गर्नका लागि गृह मन्त्रालय प्रतिबद्ध छ । यसका लागि नेपाल सरकारको प्राथमिकता प्राप्त आयोजनाका रूपमा लागू औषध नियन्त्रण कार्यक्रम कार्यान्वयन गरी लागू पदार्थको आपूर्ति नियन्त्रण तथा यसको दुर्व्यसन घटाउने सचेतना अभिवृद्धि मार्फत् समुदायलाई नै यसको नियन्त्रणमा अग्रसर बनाउन बजेटमा व्यवस्था गरिएको छ । यस कार्यक्रमका अतिरिक्त जिल्ला प्रशासन कार्यलयहरू, जिल्ला प्रहरी कार्यालयहरू, नेपाल प्रहरीका सबै स्थानीय तहमा सञ्चालित समुदाय प्रहरी साझेदारी कार्यक्रम समेतले लागू औषध नियन्त्रण कार्याक्रममा थप टेवा पुऱ्याउने छ । विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी सञ्चालन, व्यवस्थापन समन्वय तथा सहजीकरण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भई

कार्य प्रारम्भ भएको छ । मन्त्रालय प्राधिकरण, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालबाट विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन खोज तथा उद्धार सामग्री खरिद तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू समावेश गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम समग्र विपद् व्यवस्थापन तथा मनसुनजन्य विपद्को जोखिम न्यूनीकरण तथा प्रतिकार्यको पूर्वतयारीको लागि प्रदेशस्तरमा प्रदेश विपद् व्यवस्थापन परिषद् तथा कार्यकारी समिति सबै जिल्लाहरूमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तहमा स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति क्रियाशील रहेको व्यहोरा अनुरोध गर्न चाहन्छु । सीमा सुरक्षा सम्बन्धमा नेपला र छिमेकी मुलुकका अधिकारीहरू बीच विभिन्न समयमा नियमित रूपमा समन्वय तथा सयुक्त बैठक बसी सीमा व्यवस्थापन गरिदैं आएको छ । यसका साथै छिमेकी मुलुकहरूसँग सीमाना जोडिएका जिल्लाका प्रमुख जिल्ला अधिकारी र छिमेकी मुलुकका समकक्षी सरकारी अधिकारीहरू बीच सीमा व्यवस्थापन शान्ति सुरक्षा लगायतका विषयमा समेत छलफल गरी समन्वयात्मक रूपमा समस्या समाधान हुने गरेका छन् । सीमा सुरक्षा व्यवस्थापन गर्नका लागि सशस्त्र प्रहरी बलका बोर्डर आउट पोष्ट ५ सय स्थानमा स्थापना गर्ने लक्ष्य रहेको छ । यसअन्तर्गत प्रथम चरणमा २२१ वटा बोर्डर आउट पोष्टको स्थापना कार्य अगाडि बढेको छ । आजका मितिसम्म दार्चुला जिल्लाको छ्याङ्रु र हुम्ला जिल्लाको हिल्सा समेत गरी १२९ स्थानमा बोर्डर आउट पोष्टको स्थापना भइसकेको छ । अगामी आर्थिक वर्षमा ६९ वटा बोर्डर आउट पोष्टको भौतिक संरचना निर्माण गर्न बजेट विनियोजन गरिएको छ । कोभिड-१९ को नियन्त्रण तथा न्यूनीकरणका लागि हाल १२ सय १३ वटा स्थायी सीमा पोष्ट अस्थायी सीमा पोष्ट स्थापना गरेर सुरक्षाकर्मी परिचालन गरिएको छ । र झण्डै २३ हजार सुरक्षाकर्मी चाहिँ अहिले बोर्डर आउट पोष्टमा परिचालन गरिएको छ । गृह मन्त्रालय र मातहात निकायलाई प्राप्त स्रोत साधनको अधिकतम रूपमा परिचालन गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्न गृह मन्त्रालय प्रतिबद्ध छ । प्रहरी कर्मचारीलाई दक्ष र व्यवसायिक बनाउन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान मार्फत् प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई अगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ । सुरक्षा व्यवस्थालाई सक्षम, सुदृढ र विश्वसनीय बनाउनका लागि के कति सङ्ख्यामा नेपाल प्रहरीका कर्मचारी र सशस्त्र प्रहरी बलका कर्मचारी आवश्यक पर्दछन् भन्ने निर्क्याेल गर्न सङ्गठन एवम् व्यवस्थापन सर्वेक्षणको काम अन्तिम चरणमा पुगेको छ । सुरक्षा प्रयोजन बाहेकका मापदण्ड विपरीत खटिएका ३ सय ४४ जना सुरक्षाकर्मी फिर्ता गराई शान्ति सुरक्षा कार्यमा परिचालित गरिएको छ । नागरिकको माग एवम् सुरक्षाको संवेनशीलताको अध्ययन तथा विश्लेषण पश्चात आवश्यकता अनुसार सुरक्षा इकाइहरू स्थापना तथा स्तरउन्नति गर्दै लगिने छ । अगामी आर्थिक वर्षमा ५५ वटा प्रहरी कार्यलयहरू निर्माण गर्न बजेट विनियोजन गरिएको छ ।

समाजमा हुने हत्या, हिंसा, चोरी, डकैती, अपहरण, गुण्डागर्दी बलात्कार, महिला हिंसा जस्ता अपराधिक कार्यप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी दोषीलाई कानून बमोजिम कारबाही गर्न गृह प्रशासन प्रतिबद्ध छ । यसप्रकारका समाजिक अपराधमा संलग्न जो कोहीलाई कानून बमोजिम तथ्यपरक अनुसन्धान गरी कारबाहीको दायरामा

ल्याउन गृह मन्त्रालय मातहतका अधिकारीहरूलाई स्पष्ट निर्देशन दिइएको छ । र कहीँ कसैबाट राजनीतिक वा आर्थिक प्रभावमा परी कर्तव्य पालनामा कहीँ कतै कमजोरी भएको पाइएमा कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत यस सम्मानित राष्ट्रिय सभा समक्ष स्पष्ट गर्न चाहन्छु । अगामी आर्थिक वर्षमा शान्ति सुरक्षा र अपराध नियन्त्रणका कार्यमा थप प्रभावकारीता ल्याउन समुदाय प्रहरी साझेदारी कार्यक्रम, काठमाडौं उपत्यकामा CCTV जडान, channel fitted vehicle खरिद, digital forensic lab स्तर वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिने छन् । कारागारलाई सक्षम क्रमशः सुधार गृहको रूपमा रुपान्तरण तथा कारागार व्यवस्थापन सुधार गर्न मन्त्रालयले आवश्यक कार्य गरिरहेको छ । अगामी आर्थिक वर्षमा निर्माणधीन नुवाकोटको केन्द्रीय कारागार तथा बाँकेको कारागार निर्माण कार्य सम्पन्न गर्न आवश्यक पहल एवम् समन्वय गरिनेछ । ललितपुरको नक्खुमा महिला कारागारको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आउनेछ । यसबाहेक सहरी विकास तथा भवन निर्माण विभागबाट थप १५ वटा कारागारहरू निर्माणका क्रममा रहेका छन् । यसबाट कारागारमा रहेका कैदिबन्दीहरूलाई मानोचित सुविधा पुर्‍याउन सहज हुनेछ । अन्त्यमा गृह मन्त्रालयसँग सम्बद्ध विनियोजन विधेयक, २०७७/०७८ को विषयमा आफ्ना जिज्ञासा, अमूल्य सल्लाह र सुझावको लागि सबै माननीयज्यूहरूप्रति म पुनः धन्यवाद ज्ञापन गर्न चाहन्छु । र यसको साथै यो खर्च कटौती प्रस्तावित गर्नु हुने माननीयज्यूहरूलाई पनि आफ्नो प्रस्ताव फिर्ता लिइदिनु हुन म अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय गृह मन्त्री रामबहादुर थापाले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सीमा सुरक्षाका लागि सशस्त्र प्रहरीलाई यसपालिको बजेटमा जुन आउट पोष्टहरू ३९ वटा मात्रै बनाउने भनेर आएको छ । अहिले मन्त्रीज्यूको ५ सय वटा र २ सय वटा बनाउन हामी राखिसक्यौं भनेर आएको छ, यो के हो जान्न चाहन्छु । र यो कोभिडको कारणले स्वास्थ्य क्षेत्रमा अहिले जुन तस्करीहरू भइरहेको छ, कालाबजारीहरू भइरहेको छ, तिनीलाई पक्रेर कारबाही गर्ने विषयमा सरकारको दृष्टिकोण कता गइरहेको छ ? र यो ठुलो माछा चाहिँ पक्रिन बाँकी छ सानो माछा मात्रै पक्रेको भनेर ३३ किलो सुनवाला कुरो छ त्यो साना माछा पनि छुटिसकेको अवस्था छ । त्यसो भएर सुरक्षामा प्रभाव धेरै परिरहेको छ, चुनौति

छ र अन्त्यमा निर्मला पन्त जस्तो बालिकाहरूको बलात्कार पछि हत्या गरेपछि नेपाल प्रहरीमाथि प्रश्न चिह्न खडा भएको छ अनुसन्धानमा र क्षमताप्रति । सरकारले कहिलेसम्म यस्ता अपराधीलाई पत्ता लगाउन सक्छ ? धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय अनिता देवकोटा ।

**<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म गृह मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । क्वारेन्टाइनको सुरक्षा प्रबन्ध गृहले लिएको छ भनेर भन्नु भयो यहाँले सुन्नु भयो कि भएन ? कर्णालीमा क्वारेन्टाइनमा नै सामुहिक बलात्कारको शिकार महिला हुन पुगेका छन् । अहिले लकडाउन अवधिमा थुप्रै महिलाहरू क्वारेन्टाइन र जङ्गलमा लगेर हात खुट्टा बाँधेर बलात्कार गर्ने घटनाहरू बढिरहेका छन् । गृह मन्त्रालाय कहाँ छ ? म प्रश्न गर्न चाहन्छु । त्यसैगरि सप्तरीमा सदा भन्ने महिला बोक्सीको आरोपमा रणासन्न कुटिइन् । उजुरी गर्न जाँदा लागेपछि स्थानीय तहले उजुरी दर्ता गर्दैन, प्रशासन कहाँ छ म भन्न चाहन्छु ? त्यसैगरि न अघि भर्खर मैले परराष्ट्र मन्त्रीलाई सोधेको लकडाउनको अवधिमा भिषालाई नवीकरण गर्ने भन्ने निर्णय गर्ने फेरि गृहले शुल्क उठाउने यो द्वैध चरित्र किन हो ? म प्रश्न गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय गृह मन्त्री रामबहादुर थापालाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृह मन्त्री श्री रामबहादुर थापा</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म फेरि पनि माननीयज्यूहरूले केही प्रश्नहरू पुनः राख्नु भएको छ त्यसको निम्ति धन्यवाद दिन चाहन्छु । यो BOP को सन्दर्भमा अहिले यहाँ मैले भनेँ जे त्यही नै हो । अहिले हामीले लक्षित हामीले ५ सय राखेका छौँ त्यसको योजना पनि बनिसकेको छ । र यसलाई विभिन्न चरण हुँदै हामीले गर्ने छ र अहिले स्थायी संरचनाको निम्ति ६९ वटा संरचनाको निम्ति बजेट विनियोजन गरिएको छ । त्यही नै हो र यो ठुलो माछा र सानो माछाको कुरा पनि फेरि यहाँ उठेको छ । गृह मन्त्रालयले माछाहरू पक्कै पनि समातेको हो र यसलाई चाहिँ अब ती माछाहरू थुनेर राख्ने र जिम्मेवारी भनेको चाहिँ अब अदालतको हो र चाहिँ अदालतले ठुलो अथवा सानो माछालाई छोडेको कुराहरू यो गृह मन्त्रालयभन्दा पनि यो बढी न्यायपालिका यसमा जिम्मेवार छ । त्यसकारण हामीले गृह मन्त्रालयले ठुला साना माछाहरू समातेर

हामीले हालेका हौँ । त्यसकारण त्यसलाई थुनेर राख्ने वा छोड्दिने कुराहरू यो अदालतको हातको कुरा हो ।

अब त्यस्तै निर्मला पन्तको पनि फेरि प्रश्न उठेको छ । र बलात्कारको सन्दर्भमा अन्य प्रश्नहरू यहाँ उठेका छन् । निर्मला पन्तको बलात्कारीलाई कानूनको कठ्घरामा ल्याउन अहिले पनि गृह प्रशासन प्रयत्नशील नै छ । र के कुरा म यहाँ फेरि पनि स्पष्ट गर्न चाहन्छु भने अपराध अनुसन्धानमा नेपाल प्रहरी एसियामा अग्रपङ्क्तिमा नै छ । अहिलेसम्म जति पनि अपराधहरू भएका छन् यसमा ९५ प्रतिशतभन्दा बढी अपराध अनुसन्धानहरू सफल रहेका छन् । र केही निश्चित रूपमा चाहिँ ती हामी अझ सफलता हामीले हासिल गर्न सकेका छैनौँ । कैयनहरू हामीले १०/१२ वर्षपछि बल्ल सफलता हासिल गरेका छौँ । यो अपराधका केसहरू भए अरु केसहरू चाहिँ । त्यसकारणले यसमा अझ पनि गृह प्रशासन अपराधीलाई कानूनको कठ्घरामा ल्याउन प्रयत्नशील नै छ । यो कैलालीको सन्दर्भको कुरा पनि त्यही हो । त्यो अपराधीहरूलाई प्रशासनलाई कानूनको कठ्घरामा ल्याइसकेको छ त्यसकारणले निश्चय पनि क्वारेन्टाइनको जिम्मेवारीहरू अहिले सुरक्षा निकायलाई छ । त्यहाँको सुरक्षा सन्दर्भमा यो आन्तरिक मामिला भएको हुनाले यो जुन केस अहिले आएको छ । अहिले हामीले अध्ययन गर्दै जाँदाखेरि यो हुनलाई अन्तिममा बलात्कारको रूपमा आएको छ । तर यो बलात्कारको रूपमाभन्दा पनि यो सहमतिको रूपमा यो अनुसन्धानमा त्यो देखा परेको छ । तैपनि यो केस चाहिँ अगाडि आएको हुनाले बलात्कारको केसमा योसित सङ्लग्न अपराधीहरूलाई कानूनको कठ्घरामा नियन्त्रणमा ल्याइसकेको छ । त्यस्तै अन्य यो सामाजिक अपराधहरू अपराधीहरूलाई कानूनका कठघरामा ल्याउन गृह प्रशासन क्रियाशील नै छ । हामीलाई लाग्छ यो सप्तरीका अथवा तराइका कैयन विषयहरूमा यहाँ प्रश्न उठेको छ । त्यसमा गृह मन्त्रालय क्रियाशील नै छ र अपराधीहरूलाई कानूनको कठ्घरामा उभ्याएको छ र जो चाहिँ अहिले कानूनको घेरामा आइसकेका छैनन् । तिनीहरूलाई ल्याउनको निम्ति गृह प्रशासन सक्रिय नै छ ।

यो अध्यागमनको बारेमा यो भिषा शुल्कको बारेमा यो बीचमा अध्यागमनले यो हामीले लकडाउनहरू अलि खुकुलो भइसकेपछि त्यहाँ लिन सुरु गरेको रहेछ । अहिले त्यसलाई सच्चाइसकिएको छ । किनभने अहिले अन्तर्राष्ट्रिय उडानहरू अहिले हामीले अझ खोलेका छैनौँ । त्यसकारणले गर्दा यसलाई अहिले सच्चाएको छ । आज हामीले त्यो निर्णय चाहिँ अध्यागमन विभागले त्यो निर्णय लिएको छ र यो उसलाई अहिले सच्चाएको छ अब शुल्क नलिने । जो यहाँ छउन्जेल लकडाउनले अहिले यहाँ नेपालमा नै छन् । ती पर्यटकहरूलाई भिषा नलिने कुनै जरिबाना नगर्ने र भिषा बिस्तार गर्ने उनको भन्ने निर्णय भएको छ र त्यसलाई सच्चाइएको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय उपप्रधान तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल**ः- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०७७/०७८ को रक्षा मन्त्रालय र त्यस अन्तर्गत विनियोजित बजेट छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्नहरू, राख्नु भएका जिज्ञासाहरू र दिनु भएका सुझावहरूको सम्बन्धमा आफ्ना भनाइहरू विचारहरू प्रस्तुत गर्न म यहाँ उपस्थित भएको छु । र माननीयज्यूहरूले ज-जसले प्रश्नहरू उठाउनु भयो, जिज्ञासा राख्नु भयो र केही सुझावहरू दिनु भएको छ म सर्वप्रथम उहाँहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु, आभार व्यक्त गर्दछु । नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने कुरालाई राज्यको महत्वपूर्ण नीतिको रूपमा आत्मसाथ गरेको कुरा सबै माननीयज्यूहरूलाई अवगत नै छ । रक्षा मन्त्रालय र त्यस अन्तर्गत रहेको नेपाली सेना यही नीतिलाई पालना गर्न प्रतिबद्धताका साथ जुटेको छ म यो निवेदन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले रक्षा मन्त्रालयको सन्दर्भमा खासगरि नेपाली सेनाको सन्दर्भमा त्यति धेरै प्रश्नहरू जिज्ञासाहरू त उठाउनु भएको छैन केही उठाउनु भएको छ । म ती उठाउनु भएका कुराहरूमा केन्द्रित भएर आफूलाई प्रस्तुत गर्न चाहन्छु । एउटा यो सधैँभरि प्रायः गरेर कति बुझेर कति नबुझेर नेपाली सेनाको भूमिका र कार्य क्षेत्रको सम्बन्धमा प्रश्नहरू उठ्ने गर्छ । यो राष्ट्रिय सभाका माननीयज्यूहरूले पनि सम्माननीय अध्यक्षज्यू यहीँ विषयमा केन्द्रित भएर केही जिज्ञासाहरू, प्रश्नहरू राख्नु भएको छ । म ती जिज्ञासा र प्रश्नहरूलाई सम्मान गर्दै म के भन्न चाहन्छु भने यो विषयमा सरकार स्पष्ट नभएको कुरा उठाउनु भएको छ तर यो आरोपमा कुनै सत्यता छैन भन्ने कुरा म नम्रतापूर्वक उल्लेख गर्न चाहन्छु । सरकारसँग नेपाली सेना लगायत राज्यका सबै अङ्गहरूलाई कुन ठाउँमा के-कसरी प्रयोग गर्ने भन्ने स्पष्ट दृष्टिकोण छ । त्यो दृष्टिकोणमा आधारित संवैधानिक व्यवस्था छ, कानूनी व्यवस्था छ । त्यही संवैधानिक र कानूनी व्यवस्था अन्तर्गत नै त्यो सुरक्षा अङ्गलाई कुन ठाउँमा राख्ने, कसरी परिचालन गर्ने त्यो अभ्यासलाई अगाडि बढाइएको छ । राष्ट्रिय सेनाको परिचालन र प्रयोगको कुरा नेपालको संविधानको भाग २८ धारा २६६ र २६७ ले यस विषयमा स्पष्ट तोकिदिएको छ र त्यसमा द्विविधा रहनु पर्ने अवस्था कहीँ कतै छैन । माननीयज्यूहरूले संविधान हेर्नु भएको छ, पढ्नु भएको छ त्यसैमा ती कुराहरू उल्लेख गरिएको छ । नेपालको संविधानको धारा २६७ को उपधारा (१) मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहने छ भन्ने व्यवस्था उल्लेख भएको छ भने त्यसैको उपधारा (४) मा नेपाल सरकारले नेपाली

सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने मैले दोहोऱ्यारहनु पर्दैन । तर जुन जोडका साथ जुन कोणको साथ माननीयज्यूहरूले उठाउनु भएको छ म यसलाई फेरि दोहोऱ्याउन चाहन्छु । नेपाल सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने यो संवैधानिक व्यवस्था हो । त्यसैगरि उपधारा (६) मा पनि विभिन्न कारणले गम्भीर राष्ट्रिय सङ्कट उत्पन्न भएमा निश्चित प्रक्रिया पूरा गरी त्यो प्रक्रियाको बारेमा माननीयज्यूहरू जानकार हुनुहुन्छ । त्यो सुरक्षा परिषद् मार्फत् प्रक्रिया अगाडि बढ्छ । मन्त्रीपरिषद्को सिफारिसमा सम्मानननीय राष्ट्रपतिज्युको आदेशमा नेपाली सेना परिचालन हुन्छन् । त्यसकारणले मैले के उल्लेख गर्न खोजेको भने यो राष्ट्रिय सङ्कट उत्पन्न भएमा निश्चित प्रक्रिया पूरा गरी सेना परिचालन गर्न सकिने व्यवस्था छ । सैनिक ऐन, २०६३ को दफा १३५ (क) मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण तथा विपद् व्यवस्थापनको कार्यमा समेत उपयोग गर्न सक्नेछ भन्ने उल्लेख गरिएको छ । यो ऐन गणतन्त्र आइसकेपछि नै बनेको ऐन हो । हामीले बनाएको ऐन हो । यही संवैधानिक र कानूनी व्यवस्था अनुसार नेपाली सेना सञ्चालित र परिचालित हुँदै आएको छ र म माननीयज्यूहरूलाई भन्न चाहन्छु । भविष्यमा पनि यही संवैधानिक र कानूनी प्रावधान अनुरूप नेपाली सेना परिचालित हुनेछ ।

यो नेपाली सेना परिचालनको सन्दर्भमा जुन जिज्ञासाहरू उठेका छन् म विषय नै केन्द्रित भएर भन्न चाहन्छु । यो राष्ट्रिय आवश्यकता र परिस्थितिले निर्धारण गर्ने विषय पनि हो । अहिलेको समयमा नेपाली सेना मुलुकको के-के विषयमा परिचालित हुन्छभन्दा बाह्य सुरक्षा सीमा विवाद देखिएको कारणले सेना किन गएन भन्ने कोणबाट उठाइरहनु पर्दैन । बाह्य सुरक्षाको प्रसङ्ग आयो भने, आन्तरिक सुरक्षाको प्रसङ्ग आउँदा, विपद् व्यवस्थापनको प्रसङ्ग आउँदा, विकास निर्माणका प्रसङ्ग आउँदा, राष्ट्रिय निकुञ्ज तथा प्रकृति संरक्षणको सन्दर्भ आउँदा, देशका महत्वपूर्ण संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षाको प्रसङ्ग आउँदा र संयुक्त राष्ट्र संघको नेतृत्वमा विभिन्न देशमा विश्व शान्ति स्थापना जस्ता कार्यमा संलग्न हुनु पर्ने अवस्था आयो भने नेपाली सेना प्रक्रिया सङ्गत ढङ्गले परिचालित हुन्छ । नेपाली सेनालाई यी सन्दर्भमा परिचालित गरिन्छ । त्यसकारणले जुन विषयमा कुराहरू उठेका छन् म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । यो स्पष्ट संवैधानिक कानूनी व्यवस्था अनुरूप हामी अगाडि बढ्दैछौं । नेपाली सेनाले सदैव एउटा कुरा म रक्षा मन्त्री भएको कारणले सेनाको बारेमा बोल्नु पऱ्यो बोलिहाल्यौं भनेर बोलेको होइन । वास्तवमा नेपाली सेना सधैंभरि वैधानिक म दुई वटा word प्रयोग गर्न चाहन्छु । वैधानिक एवम् जननिर्वाचित सरकारको नेतृत्वमा विद्यमान, वैधानिक, राजनीतिक नेतृत्वको निर्देशनमा चल्ने र चल्दै आएको संस्था हो । यो कुरालाई हामी सबैले बुझ्नु पर्दछ । राज्यको भरपर्दो र पूर्ण व्यवसायिक सेनाको रूपमा रहेको नेपाली सेनाको बफदारिताको बारेमा, अनुशासनको बारेमा इमान्दारी तथा देश जनता र संवैधानिक मूल्य मान्यताप्रतिको प्रतिबद्धताको बारेमा हामीले कही कतै द्वविधा राख्नु उचित हुँदैन ।

माननीयज्यूहरूले अर्को जिज्ञासा पनि राख्नु भएको छ । खासगरि नेपाली सेना जस्तो संस्थालाई व्यापारमा लगाइयो । औषधि खरिदमा लागेर चौपट विवादमा पारियो भन्ने ढङ्गले कुराहरू उठाउनु भएको छ । म यो अलि संवेदनशील विषय हो कुरो त्यति ठुलो नभए पनि संवेदनशील कुरो हो । संवेनशील बनाइएको कुरा हो । बनाउन खोजिएको कुरा हो । त्यसकारणले मैले यसमा अलिकति राख्नु पर्दछ । नेपाली सेना राज्यको एउटा अनुशासित कर्तव्य प्राण र उच्च व्यवसायिक दक्षता र तालिम प्राप्त सङ्गठित फौज हो । अतः राज्यले संवैधानिक र कानूनी सीमाभित्र रहेर यसलाई आवश्यकता अनुरूप राज्यले चाहेको र खाँचो परेको ठाउँमा प्रयोग र परिचालन गर्न सक्छ । विगतदेखि नै यस्तो अभ्यास हुँदै आइरहेको छ । जहाँसम्म कोभिड-१९ सम्बन्धी कार्यमा सेनालाई किन उपयोग गरियो भन्ने विषय छ । यसलाई म केही स्पष्ट पार्न चाहन्छु । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस सङक्रमणको नियन्त्रण, राष्ट्रिय आवश्यकताको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट नेपाली सेनालाई अरु सुरक्षा अङ्गहरूसँगै निश्चित क्षेत्र, कार्य क्षेत्र र कार्यका लागि सहयोगी रूपमा खटाइएको हो । दिनानुदिन भयावक बन्दै जान थालेको कोभिड-१९ को सङ्क्रमणलाई थप बिस्तार हुन नदिन नेपाली सेनाको भूमिकालाई उच्च मूल्याङ्कन गरेर नै सरकारले यो निर्णय गरेको हो । विपद्को बेलामा कोरोना भाइरस सङ्क्रमण विरुद्ध जुध्न आवश्यक औषधि तथा अन्य स्वास्थ्य उपकरणहरू नेपाली सेनाबाट ल्याउँदा छिटो छरितो हुन सक्ने कुरालाई मध्येनजर गरी नेपाल सरकारकै निर्णय अनुसार नेपाली सेना सरकारकै अङ्ग हो । नेपाल सरकारको निर्णय अनुरूप यो ल्याउँदा छिटो छरितो हुन सक्ने कुरालाई मध्येनजर गरेर नेपाल सरकारकै निर्णय अनुसार यो जिम्मेवारी नेपाली सेनालाई प्रदान गरिएको हो । यसमा नेपाली सेनाको मैले कुनै स्पष्टीकरण दिएको होइन । कुनै आग्रह र विशेष अनुरोध रहेको होइन । यो आपत्कालीन अवस्थामा नेपाली जनताको स्वास्थ्यलाई थप जोखिमपूर्ण बन्न नदिन जनताको स्वास्थ्य जोगाउन गरिएको अन्तरिम प्रबन्ध मात्र हो यो । त्यसबेला त्यो G to G बाट ल्याउने कुरा गरिरहँदा हामी सबैले बुझ्नु पर्छ सम्माननीय अध्यक्षज्यू । त्यसबेला ५ वटा देशमा हाम्रो परराष्ट्र मन्त्रालय, स्वास्थ्य मन्त्रालय सहितको एउटा संलग्नतामा त्यो हामीले अनुरोध पठाएयौं । कुनै देशबाट आएन हामीले भारतसित अनुरोध गर्‍यौं, कोरियासित अनुरोध गर्‍यौं, जापानसित अनुरोध गर्‍यौं, सिङ्गापुरसित अनुरोध गर्‍यौं, चीनसित अनुरोध गर्‍यौं । र त्यो चीनसित गरिएको अनुरोधमा त्यहाँको वाणिज्य मन्त्रालयले तोकेको एउटा सरकारी कम्पनीसित नेपाली सेनाले त्यो ल्यायो र त्यो सेनाले ल्याएर बन्द व्यापार गरेको होइन । त्यो आवश्यक ठाउँमा स्वास्थ्य मन्त्रालयकै निर्देशन र योजनामा वितरण गरेको हो । त्यसमा अन्यथा कुरा गर्नु पर्ने आवश्यकता छैन । त्यसबेला जुन किसिमको हाहाकार थियो । कुनै एउटा देशको मात्रै होइन विभिन्न मुलुकमा जस्तो किसिमको हाहाकार थियो त्यस्तो बेलामा त्यसलाई सम्बोधन गर्नको लागि यो पहल यो प्रयत्न गरिएको हो । सेनाले चीन लगायत मुलुकबाट हवाई तथा जमिनमार्गबाट औषधि उपकरण ल्याउँदा अपनाइएको विधि र प्रक्रिया अत्यन्त पारदर्शी र कानून सम्बत छ । खर्चको कुरा पनि पारदर्शी छ । तसर्थ यसबाट नेपाली सेनालाई विवादमा ल्याउन र सेनाको छवि धमिलाउन खोजेको भनेर केही माननीय सदस्यहरूले कुरा उठाउनु भएको छ, आक्षेप लगाउनु भएको छ भनेर भनौं कि नभनौं भन्ने लागेको छ । कुरा उठाउनु

भएको छ भनेर म भन्न चाहन्छु । तथ्यहीन र यो अलि वस्तु सङ्गत भएन कि भन्ने तथ्यहीन भयो । वस्तु सङ्गत भएन भन्ने कुरा मलाई लाग्दछ । नेपाली सेनाले सरकारले दिएको जिम्मेवारी कुशलताका साथ सम्पादन गरिरहेको छ । राष्ट्रको वर्तमान माग, परिस्थितिको अत्यावश्यकता र गाम्भीरयतालाई मध्येनजर गरी संसारका अन्य राष्ट्रहरूले समेत COVID- 19 विरुद्धको प्रतिकार्यमा खरिद गर्न चाहेको परिणाम साम्रगी आपूर्ति नभइरहेको अवस्थामा सेनासँग रहेको जनशक्ति र औपचारिक सम्पर्क सुत्रलाई कुटनीतिक माध्याम मार्फत् प्रयोग गर्दै पारदर्शीता प्रभावकारिता र छरितो ढङ्गबाट आपूर्ति गरी आम जनताको स्वास्थ्य सुरक्षाको अवस्थालाई दरिलो बनाउन G to G अन्तर्गत सेना मार्फत् सामान खरिद गर्ने निर्णय गरिएको र यसमा कुनै अनियमितता नभएको कुरा म स्पष्ट पार्न चाहन्छु ।

यसमा केही माननीयज्यूहरूले उठाउनु भएको छ नेपाली सेनाको गुणस्तर र व्यवसायिक क्षमता अभिवृद्धि सम्बन्धमा मेरो यसमा धेरै छैन म थोरै कुरा मात्र भन्न चाहन्छ । नेपालको वर्तमान सुरक्षा स्थितिलाई थप सुदृढ र मजबुत बनाउने बारे नेपाल सरकार स्पष्ट छ । तद्नुरूप नेपाली सेना लगायत सबै सुरक्षा अङ्गहरूको आधुनिकीकरण, सबलीकरण र पेशागत क्षमता अभिवृद्धि गर्दै जाने कुरालाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखेको छ । नेपाली सेनालाई समायानुकूल दक्ष, आधुनिक थप व्यवसायिक र प्रविधिमा आधारित फौज बनाइ गुणस्तर बढाउन र नेपाली सेनाको दक्षता र मनोबल अभिवृद्धि गर्न रक्षा मन्त्रालयले प्राथमिकता दिँदै आएको छ । र यसका लागि आगामी आर्थिक वर्षको बजेटमा पनि आवश्यक रकमको व्यवस्था गरिएको छ । यसमा नेपाली सेनालाई व्यावसायिक र लजिस्टिक रूपमा सम्पन्न कसरी बनाइन्छ भन्ने सम्बन्धमा केही माननीयज्यूहरूले जिज्ञासा राख्नु भएको छ । नेपाली सेनालाई व्यवसायिक र न्यूनतम लजिस्टिक सुविधायुक्त फौजको रूपमा विकास गर्न सरकारले जोड दिँदै आएको छ । यसक्रममा नेपाली सेनाभित्रका सबैको पेशागत क्षमता अभिवृद्धि गर्नका लागि निरन्तर रूपमा व्यक्तिगत तालिम, सामुहिक तालिम तथा पेशागत प्रतियोगिता एवम् विभिन्न अभ्यास र प्रतियोगिताहरू सञ्चालन गर्नुका साथै विदेशमा सञ्चालन हुने तालिमहरूमा सबैलाई सहभागी गराउने गरिएको छ । सबैलाई भन्नाले सबै तहकालाई । माथिल्लो तहकालाई मात्र होइन जवानहरू पनि त्यस्तो तालिममा जाने गरेका छन् । त्यसैगरि सेनाको अप्रेसनल क्षमता अभिवृद्धि गर्न आवश्यक सैनिक उपकरणहरू उपलब्ध गराउन प्राथमिकता दिएको छ । सेनाको लिजिस्टिक व्यवस्थामा हालका वर्षहरूमा क्रमिक सुधारहरू हुँदै गइरहेका छन् । यसै क्रममा नेपाली सेनाको क्षेत्रीय लजिस्टिक बेस बाँकेको कोशिलानगरमा र पश्चिमी एयर बेस सुर्खेतमा स्थापना गर्न अगामी आर्थिक वर्षको बजेटमा रकम विनियोजन गरिएको छ । हामीले त्यो एयर बेस भन्ने बित्तिकै अलि अर्को ढङ्गले पनि कतिपय साथीहरूले कुराहरू उठाउनु भएको छ । यो एयर बेस कुनै लडाइको अन्य हिसाबको तयारीभन्दा पनि विपद् र जोखिममा परेका जनताको उद्दारको लागि त्यो पश्चिमको एयर बेसलाई हामीले केन्द्रित गर्न चाहेका हौं । यसमा यो हातहतियार सैनिक सवारी साधनहरू लगायतका आवश्यक सैनिक उपकरण पनि नियमित रूपमा खरिद गर्दै

नेपाली सेनामा minimum level of operational capability कायम गर्ने कार्य अहिले भइरहेको छ । नेपाली सेनालाई विपद्को बेलामा प्रभावकारी तवरले खोज तथा उद्दार कार्य गर्न सक्ने गरी साधन सुविधा सम्पन्न बनाउन विपद् व्यवस्थापन आवश्यक पर्ने उपकरण र सामग्रीद्वारा क्रमशः थप सु-सज्जित तुल्याउँदै जान सरकारले प्राथमिकता दिँदै आएको छ ।

एउटा अर्को विषय छ यो बङ्कर ब्यारेकको विषय चाहिँ कतिपय ठाउँमा अलि अनौठो ढङ्गले पनि जिज्ञासा राख्नु भएको छ । यो बङ्करको ब्यारेक भन्नाले नेपाली सेनाको सन्दर्भमा कसरी आयो भन्ने हिसाबले कुराहरू उठेका छन् । वास्तवमा यो सुरुमा त्यसबेला तत्कालीन संविधान सभा व्यवस्थापिका-संसद राज्य व्यवस्था समितिको मिति २०६६ आश्विन ११ गतेको निर्णय अनुसार नेपाली सेनाको जीर्ण ब्यारेकलाई रुपान्तरण गरी सुविधायुक्त ब्यारेक घरको तत्काल कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन रक्षा मन्त्रालयलाई निर्देशन दिए अनुरूप बङ्कर ब्यारेक कार्यक्रम सञ्चालनमा आएको हो । यसको history यसको प्रारम्भ त्यहाँबाट भएको हो भन्ने कुरा म जानकारी गराउन चाहन्छु । विगत द्वन्द्वको समयमा देशका विभिन्न स्थानहरूमा परिचालित भई अस्थायी रूपमा स्थापना भई कतिपय ठाउँमा अमानवीय तरिकाले बसोबास गर्न बाध्य हुँदै आइरहेको नेपाली सेनालाई व्यवस्थित रूपमा ब्यारेक घरहरू निर्माण गरी न्यूनतम मानव उचित सुविधा सहितका भवनमा राख्ने प्रक्रिया बङ्कर ब्यारेक हो । र यो कार्यक्रम देशको आवश्यकता र अन्तर्राष्ट्रिय सुरक्षा परिवेश अनुसार जुनसुकै स्थानमा पनि सञ्चालन हुँदै जानेछ । देशको कुनाकाप्चामा दिन रात झरी बादल र चर्को घाममा खटिने राष्ट्रसेवक सैनिक व्यक्तिहरूलाई संविधानले समेत सुनिश्चित गरेको न्यूनतम आवासको आधारभूत नैसर्गिक अधिकारलाई यथाशीघ्र पूरा गर्न सरकार कटिबद्ध छ । र त्यही अनुसार सैनिक व्यक्तिहरूको बासस्थान निर्माणको माग तीव्रता दिँदै आएको छ । यस सन्दर्भमा माननीयज्यूले प्रश्न पनि उठाउनु भएको थियो । यो last year पनि भनिएको थियो अब आउने वर्ष चाहिँ सकिन्छ भनेर पूरा हुन्छ भनेर अहिले खोइ पूरा भएको मेलो छैन भने जस्तो जिज्ञासा राख्नु भएको थियो । म त्यस सम्बन्धमा पनि आफ्नो भनाइ राख्नेछु । तत्कालीन यो चाहिँ बङ्करदेखि ब्यारेकको कार्यक्रम अन्तर्गत बनाउनु पर्ने कूल आवश्यक भौतिक पूर्वाधार संरचना ५ हजार ८ सय ५० रहेकोमा प्राथमिकताका आधारमा आर्थिक वर्ष २०७५/०७६ सम्म ३ हजार २ सय ११ वटा संरचना निर्माण भइसकेको र चालू आर्थिक वर्ष २०७६/०७७ मा १ सय ३९ वटा संरचना निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । बाँकी संरचनाहरू अगामी वर्षहरूमा क्रमिक रूपमा निर्माण गर्दै सेनाका जवानहरू बस्नका लागि आवश्यक न्यूनतम मानव उचित सुविधा सहितका भवनहरूको उपलब्धतामा सङ्ख्यात्मक तथा गुणात्मक वृद्धि गरिनेछ । आजको परिस्थितिले सिर्जना गरेको जुन अप्ठ्यारो छ त्यो अप्ठ्यारोको कारणले पनि यो वर्षमा हामीले जति बनाउने भनेर योजना बनाएका हौँ त्यस अनुरूप अलि नहुने स्थिति देखिएको छ । जहाँसम्म बङ्कर ब्यारेकको कार्यक्रम कहिले सम्पन्न हुन्छ भन्ने विषय छ । सैनिकहरूले बङ्करमा नै बस्नु पर्ने बाध्यता अगामी दुई वर्षभित्रमा अन्त्य हुने अवस्था छ भन्ने हामीले त्यसको अहिलेको स्थितिलाई ख्याल गरेर आँकलन गरेका छौँ । र आवश्यक भवन तथा भूकम्प प्रतिरोधी भवन निर्माण

गर्न भने अरु केही वर्ष लाग्ने देखिन्छ । भूकम्प प्रतिरोधी भवनहरूको पनि आवश्यकता छ । त्यसको लागि केही समय लाग्ने देखिन्छ । निर्माण कार्य बजेट सापेक्ष हुने भएकोले किटानीका साथ योजना गरे तापनि पर्याप्त बजेट विनियोजन हुन नसक्दा प्रगति भने अपेक्षाकृत नभएको विगतको अनुभव म माननीयज्यूहरूलाई निवेदन गर्न चाहन्छु ।

२०७२ सालको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पहरूमा परी नेपाली सेनाको धेरै संरचनाहरू ध्वस्त भएको कुरा हामी सबैले सबैलाई अवगत नै छ । ध्वस्त भएका संरचनाहरूमध्ये हालसम्म करिब एक तिहाइको पुनः निर्माण सम्पन्न भइसकेको छ र बाँकीको पुनः निर्माणको लागि अगामी आर्थिक वर्षमा आवश्यक बजेट छुट्याई क्रमशः निर्माण गर्दै जाने नीति रहेको व्यहोरा म जानकारी गराउन चाहन्छु । यो हालको लागत मूल्य अनुसार पनि बङ्कर ब्यारेक कार्यक्रम र नेपाली सेना अन्तर्गत पुनः निर्माण गर्न बाँकी संरचनाहरू लागि करिब रु ३१ अर्ब बजेट आवश्यक पर्ने देखिन्छ । जसका लागि अगामी केही वर्षसम्म मैले अघि भने प्राथमिकताका आधारमा हामी विनियोजन गरिएको बजेटको सदुपयोग गर्नेछौँ ।

एक जना माननीयज्यूले उठाउनु भएको छ यो चितवनको माडिमा पिच भइसक्थ्यो त्यही सेनाले गर्दा दिएन भनेजस्तो मैले त्यस्तो बुझेँ । त्यस हिसाबले जिज्ञासा आएको छ । यसमा मेरो लामो त्यस्तो भनाइ छैन । कुरो के हो भने नेपाल सरकारको निर्णय बमोजिम मुलुकका अन्य राष्ट्रिय निकुञ्ज झैँ चितवन राष्ट्रिय निकुञ्जको संरक्षणमा पनि नेपाली सेना खटिएको हो । सेनाले त्यहाँ राष्ट्रिय निकुञ्ज देखेर गएर बसेको होइन । सरकारको निर्णयको आधारमा गएर बसेको हो । अतः निकुञ्ज क्षेत्रमा बाटो पिच गर्न दिने कि नदिने भन्ने विषयमा नेपाली सेनाको कुनै भूमिका नहुने व्यहोरा म अध्यक्षज्यू स्पष्ट पार्न चाहन्छु । सेनाले गर्दा पिच हुन दिएन भन्ने ढङ्गको कमसेकम हाम्रो लेबलको छलफलमा त्यस हिसाबमा कुरा उठ्यो भने त्यो अरुले पनि थाहा पाउँदाखेरि त्यो राम्रो नमान्लान् । त्यसकारणले म अनुरोध गर्न चाहन्छु । जहाँसम्म चितवनको माडी क्षेत्रको कसलादेखि वनकट्टासम्म ९ किलोमिटरको क्षेत्रमा कच्ची सडक पिच गर्न नदिएको भन्ने कुरा छ । उक्त क्षेत्र विश्व सम्पदा सूचीमा सूचीकृत भएको हुँदा चितवन राष्ट्रिय निकुञ्जबाट नै सो विषय स्वीकृत नभएको व्यहोरा म स्पष्ट गर्न चाहन्छु । यसमा मैले धेरै भनिरहनु परेन । अब हुम्ला-सिमीकोट सडकको बारेमा पनि कुराहरू उठेको छ । यो यथाशीघ्र सम्पन्न गरी हुम्ला सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने सेना लागेको थियो । त्यो खोइ कहाँ भयो ? भ्याइएको छैन त भन्ने कुरा छ । यसमा मेरो भनाइ के छ भने यो नेपाल सरकारको मिति २०७१ चैत ५ गतेको निर्णय अनुसार कर्णाली करिडोर अन्तर्गत खुलालु-लैखु-सिमिकोट खण्डकोट ट्र्याक खोल्ने कार्यको जिम्मेवारी नेपाली सेनालाई प्राप्त भएको थियो र त्यही जिम्मेवारी अनुरूप त्यो २०७१ साल चैत ९ गतेदेखि मात्रै नेपाली सेना उक्त सडकको निर्माणमा उसलाई औपचारिक जिम्मा दिएर खटिएको हो । कूल १२३ किलोमिटर ट्र्याकमध्ये गत आर्थिक वर्षसम्म १०६ किलोमिटर ट्र्याक नेपाली सेनाले निर्माण सम्पन्न गरिसकेको छ । यस आर्थिक वर्ष २०७६/०७७ मा थप १६ किलोमिटर ट्र्याक खोल्ने लक्ष्य रहेकोमा कोभिड-१९ को कारण निर्माण कार्य केही समय स्थगन भएको हुँदा उक्त वार्षिक

लक्ष्य संशोधन भई १३ किलोमिटर कायम गरिएकोमा हालसम्म ११.४ किलोमिटर ट्र्याक खोल्ने कार्य सम्पन्न भइसकेको र यस आर्थिक वर्षको अन्त्यसम्ममा कूल १३ किलोमिटर ट्र्याक खोल्ने कार्य पूरा हुने लक्ष्य लिएको छ । बाँकी करिब ३.७५ किलोमिटर ट्याक्क खोल्ने कार्य आगामी आर्थिक वर्षको पहिलो चौमासिकभित्र सम्पन्न गरी सडक विभागलाई सो सडक हस्तान्तरण गर्ने लक्ष्य रहेको व्यहोरा म जानकारी गराउन चाहन्छु । कर्णाली करिडोरको निर्माण कार्यलाई तीव्रता दिई हुम्ला सदरमुकामसम्म सडक पुऱ्याउन आवश्यक बजेटको व्यवस्था गरिएको कुरा अगामी आर्थिक वर्षको बजेट व्यक्तव्यमा समेत उल्लेख भएको कुरा म स्पष्ट पार्न चाहन्छु ।

माननीयज्यूहरूले मैले अघि सुरुमा पनि भने धेरै जिज्ञासा राख्नु भएन थोरै तर आफूलाई लागेका संवेनशील महत्वपूर्ण विषय राख्नु भयो म फेरि धन्यवाद भन्न चाहन्छु । नेपाली सेनालाई थप समावेशी बनाउने विषयमा पनि यहाँ पनि माननीयज्यूहरूले अलिकति केही कुरा उठाउन खोज्नु भएको छ । यो समावेशी बनाउने कुरा भएन । एउटा जाति विशेषको जस्तो मात्रै भो भन्ने खालको कुराहरू पनि आएका छन् । यसमा म धेरै भन्न चाहन्न । सैनिक सेवा नियमावली, २०६९ मा नेपाली सेनाभित्र समावेशी बनाउने कानूनी प्रबन्ध गरिएको छ । एकचोटि त्यो कानूनी प्रवन्धलाई हेरिदिनको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । त्यसमा मधेशीको कति कोटा ? २८ प्रतिशत छ । दलितको कति छ ? १५ प्रतिशत छ । महिलाको कति छ ? २० प्रतिशत छ । आदिवासी जनजाति कति ? ३२ प्रतिशत छ । छ नि तर एउटा कुरा हामी सबै प्रष्ट हुनु पर्छ । यो समूहगत बटालियन नेपाली सेनामा बन्दैंन । जातीय समूहको आधारमा सेक्टर क्लस्टर-क्लस्टरको त्यो बटालियन बन्दैंन । त्यहाँ यो प्राप्त भएको कोटाको आधारमा योग्यता मिट गर्ने त्यो सेक्टरका त्यसमा भर्ना हुन आउनेहरू भर्ना हुन सक्छन् । त्यसकारणले त्यस्तो पिछडिएको क्षेत्रको पनि छ, ५ प्रतिशत । मैले के भन्न खोजेको भने हामीहरू अब माननीयज्यूहरू त्यसमा पनि राष्ट्रिय सभाको माननीयज्यूहरू त अत्यन्त अध्ययनशील हुनु हुन्छ, अध्ययन गर्नु हुन्छ । त्यसमा म के भन्न चाहन्छु भने हाम्रा दस्तावेजहरू हाम्रा जुन आधिकारिक चीजहरू छन्, दस्तावेजहरू छन् त्यसलाई हेरेर हाम्रो संविधान संवैधानिक व्यवस्था, कानूनी प्रवन्ध, नियामवलीहरू, निर्णयहरू ती सबै हेरियो भने कतिपय प्रश्न उठाइरहनु पर्ने झन्झट रहँदैन । त्यसकारणले मेरो भनाइ के हो भने यी सबै चीजहरू अलरेडी छन् । यी चीजहरूलाई एक चोटी माननीयज्यूहरूले हेर्दिनु भयो भने पनि वास्तवमा यी उठाउनै पर्दैनथ्यो । अरु महत्वपूर्ण कुराहरू आउन सक्थेँ भन्ने मलाई लोभ लागेको हो । म यति भनेर आफ्ना भनाइहरू यहीँ अन्त्य गर्छु र सम्पूर्ण माननीयज्यूहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु र आभार व्यक्त गर्दछु ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले दिनु भएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित

मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाली सेनालाई छिटो छरितो बाटोबाट ल्याउनलाई यसरी गरिएको भनेर मन्त्रीज्यूको जवाफ आयो तर छिटो छरितो भएन । लामो समयसम्म लाग्यो । भर्खरै मात्र चाइनाबाट सामान आयो भारतबाट आइपुगेकै छैन अझै । मेरो जानकारी प्राप्त भए अनुसार । र अर्को कुरा यो नयाँ सडकमा रहेको नेपाली सेनाको ठुलो building बनेको छ । त्यहाँ अहिलेसम्म त्यसलाई केही गरिएको छैन । त्यसै केही सेनाहरूलाई लगेर राखिएको छ र हस्पिटल नयाँ सडकको छेउमा । नयाँ सडक भनेको यो न्यूरोड । त्यहाँ त्यो सैनिक हस्पिटलको रूपमा त्यसलाई विकास गरिएको छ त्यसलाई त्यतिकै राखिएको छ अहिलेसम्म केही गरिएको छैन । नेपाली सेनाले सञ्चालन गरेको छाउनीको हस्पिटलमा त्यहाँको VIP को सिटमा चाहिँ अरु मानिसले गएर त्यो प्रयोग गर्न नपाउने । नेपाली सेनाका उच्च तहका मानिसले मात्र पाउने र रक्षा मन्त्रालयका कर्मचारीले मात्र पाउने भन्ने छ । यहाँ अरु जनता र ... (समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय मन्त्रीज्यूलाई मेरो जिज्ञासा । अब यो राष्ट्रपतिको तीन घण्टाको र अब अर्थ मन्त्रीको तीन घण्टाको भाषणलाई हामीले १० मिनेटमा त सबै कुरो समेट्न सकिन्न । सबै कुरो ठिक छ भनेर सोच्न नि भएन । अन्तिम प्रश्न मेरो । दुनियाँका मुलुकहरूले दुई दिनमा नै ऐन बनाएर कोरोनासित जुधे, नेपाल सरकारले चाहिँ कारोनासँग जुध्ने बेलामा अध्यादेशहरूमा नै अल्मलिएर बस्यो । अझै पनि महामारी विरुद्ध लड्ने ऐन संसदमा आउन सकेको छैन । संसदप्रति विश्वास लागेन कि के हो ? लोकतान्त्रिक गणतन्त्र नेपालमा नेपाल सरकारले ऐन बनाएर काम गर्नु पर्छ कि पर्दैन ? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् रक्षा मन्त्रीज्यूलाई म जिज्ञासा राख्न चाहन्छु । २०७६ फागुन ६ गते गर्नु भएको यहाँले कालापानीको निरीक्षणमा भारतले बनाएको बाटो देख्नु भएन ?

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई समय उपलब्ध गराउँछु ।

**माननीय उपप्रधान तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल**:- सम्माननीय अध्यक्ष महोदय, म फेरि पनि माननीय सदस्यज्यूहरूलाई धन्यवाद भन्न चाहन्छु, आभार व्यक्त गर्छु । छेउ कुना बाँकी रहेकामा पनि प्रश्नहरू आए राम्रै भयो । यसले थप प्रष्ट नभएको कुरा पनि प्रष्ट भयो । अब यसमा रमेश जंग रायमाझीज्यूले उठाउनु भएको छ । छिटो छरितो भनेर ल्याउन खोजेका खोई त बल्ल-बल्ल आयो कि खोई के हो भनेजस्तो गर्नु भएको छ । चीनको बल्ल-बल्ल आयो कि क्याओ भारतको त पत्तै छैन भन्नु भएको छ । कतिपय कुराहरू जस्तो भनौं प्रक्रियामा हामी गयौं, नेपाली सेना गयो । अब प्रक्रियामा गइसकेपछि पनि ल्याउने कुरामा कुनै तलबाट ल्याइयो कुनै हवाई जहाजबाट ल्याइयो । अडर दिइसकेपछि उत्पादन कार्य सुरु भयो त जे होस् अलिकति ढिलो भएकै हो । त्यहाँका छुट्टिका कुरादेखि लिएर अनेक ढिलो भएको हो तर आइसकेको छ । अब ढिलो गर्‍यौ भनेर धारे हात लाउनुभन्दा आयो त्यसको सदुपयोग होस् भनेर जानु राम्रो हुन्छ भन्ने लाग्छ । भारतको सन्दर्भमा चाहिँ भारत सरकारले जुन कम्पनीलाई हामी रिफर गर्‍यो । त्यो कम्पनीसित सम्झौता भयो । भरे त्यो कम्पनीको अप्ठ्यारो के रहेछ भने उसले बाहिरी मुलुकमा निर्यात गर्न नपाउने भन्ने खालको प्रतिबन्धतात्मक व्यवस्था रहेछ । अनि उसले के भन्छ भने दिल्ली स्थित नेपाली राजदुतावासमा लिए हुन्छ मलाई त बाहिर पठाउनै मिल्दैन भन्ने खालको यस्तो खोई के हो के हो ? यस्तो खालको भएको छ । तर जे होस् यो मैले अलिकति थाहा पाएको जस्ताको तस्तो तपाईंहरूलाई सुनाइदिएको हो । अब यसमा होइन त्यही त जवाफको शिलशिलै जारी छ नि त । यस्तो भएको हो तर जे भए पनि अब हामीले व्यवसायिक सम्झौता गरिसकेपछि ढिलो भए पनि चाडो भए पनि अप्ठ्यारो भए पनि त्यो चीजहरू हामीले परेको चाहिँ ल्याउनु पर्छ । हामीले लिने भनेर कुरा गरिसकेका छौं, सम्झौता भएको छ । त्यो त ल्याउनै पर्छ । त्यस्तो भनेर मैले एकदम केही परेको छैन सिनिन्त छ भनेर किन भन्ने जस्ताको तस्तै भनिदिएको मैले । त्यसकारणले स्थिति यहीं हो । मेरो भनाइ भेरिफिकेसन पनि गरे हुन्छ ।

अर्को यो चाहिँ सैनिक अस्पताल त्रिचन्द्रको जुन छ त्यहाँनेर अहिले त्यहीं त्रिचन्द्रकै हो त्यो । त्यो चाहिँ सैनिक अस्पतालको जुन त्यहाँ कुरा छ त्यहाँ चाहिँ अहिले हाम्रो यो स्टाफ नर्सहरू त्यो अरु त्यहाँ पढाइ र केही तालिमहरू चलिराखेको छ । त्यसलाई कुन

किसिमले उपयोग गर्ने भन्ने बारेमा अझै टुङ्गो लागिसकेको छैन । त्यहाँ अब अस्पताल उता बनिसकेको हुनाले त्यहाँ चाहिँ अस्पतालका केही विशेष सर्भिसहरू त्यहाँ गर्नुपर्छ कि भन्ने कुरामा लागेको छ । जस्तो डेण्टल क्लिनिक पनि त्यहीँ छ । त्यो विरेन्द्र सैनिक अस्पतालको । त्यहाँ अलि यो नर्सिङ्ग पढाइमा पनि त्यहीँ केन्द्रित गरेको छ । यस्तो छ । अब जहाँसम्म अस्पतालमा सेनाको अस्पतालमा त्यहाँ कथित भनौँ कि तथाकथित भनौँ । VIP जाने ढलिमलि गर्दा रहेछन् भनेजस्तो त्यस्तो बुझ्नु भयो भने त्यस्तो बिल्कुल छैन । त्यहाँ स्पष्ट criteria छ, मापदण्ड छ । त्यहीँ मापदण्डका आधारमा मात्रै त्यहाँको सेवा प्रयोग गर्न पाउँछन् । झन् रक्षा मन्त्रालयका मानिस जाँदा रहेछन् र पूरै त्यसको सदुपयोग दुरुपयोग हुँदो रहेछ भनौँला जस्तो आयो । त्यस्तो किन हुन्थ्यो ? त्यस्तो किन गरिन्थ्यो ? त्यो मापदण्डको आधारमा नै अस्पतालको सेवा लिने हो ।

अर्को यो कोरोना अस्पतालको बारेमा भन्नु भएको छ हाम्रो प्रकाशजीले । मैले प्रकाशजीले माननीयज्यूले तीन वटा प्रश्न गर्नु भएको थियो । यहाँ अलि सुन्न तलवितल भयो । यो कोरोना डेडिकेटेड हस्पिटल बनाउने भनेको अहिले चाहिँ यो सङ्क्रामक रोग २०२० को ऐनमा नै टेकेर यो सबै चीज भएको हो । तर कुरो के उठिराखेको छ भने यस्तो महामारीको प्रसङ्गमा हामीले पृथक ऐन चाहिन्छ भन्ने कुरा पनि उठेको छ अहिलेलाई । त्यही सङ्क्रमक रोग २०२० को ऐनमा टेकेर हामीले गरेका हौँ । अब औषधि बारे के पो भन्नु भयो ? (तीन वटा थियो त मैले भने यहाँ मैले अलि सुन्न सकिनँ, ए ल ल ठिक छ ।) अनिताजीले यो फागुन ४ र ५ मा दार्चुलातिर कता रक्षा मन्त्रीको हिसाबले हेर्न जानु भएको थियो, डुल्न जानु भएको थियो । त्यसबेला भारतले बनाउँदै गरेको बाटो देखिएन भन्नुभयो । अब त्यहाँ चाहिँ म के गर्न गएको भने सार्वजनिक रूपमा पनि भनेको छु । त्यसबेला म नेपाली सेनालाई दार्चुलादेखि टिङ्कर भञ्जयाङ्सम्मको बाटो बनाउन दिनु पर्छ भन्ने कुरा उठिराखेको थियो । त्यो वास्तवमा दिनु उचित हुन्छ कि हुँदैन भन्ने विषयमा अलिकति छलफल गर्नु पर्ने र मन्त्रिपरिषद्बाट निर्णय गर्नु पर्ने जरुरत थियो । त्यसको लागि त्यो त्यहाँको सुरक्षा निकायसँग बसेर नेपाली सेनाका मानिसहरूसित बसेर त्यहाँ छलफल गर्नु पर्ने जरुरत थियो । अनि नेपाली सेनाको सीमा हेर्ने प्रमुख व्यक्ति सहित हामी त्यहाँ गएका हौँ र त्यसबेला वास्तवमा मौका परे माथिसम्म नै जाने विचार थियो तर बाक्लो हिमपात त्यहीँ बेला आइलाग्यो र हामी जान सकेनौँ । त्यसबेला हामीले माहाकाली पारिपारि बाटो बनेको देख्यौँ । जहाँ भारतले समेत भनेको विवादित ठाउँ कालापानी लिपुलेकतिर चाहिँ त्यहाँ त्यतातिर हाम्रो त्यो कारणले मौसमको प्रतिकूलताले जान सकेनौँ । हामीले त्यसबेला बाटो महाकाली पारिपारि त बन्दै थियो त्यहीँ पारिपारि बन्दै गएको बाटो गुन्जीमा पुगेपछि देब्रेतिर लागेर त्यो हाम्रो भूमिमा पनि बनाउँदै अगाडि लगेको भन्ने हामीले पछि बुझ्यौँ । त्यसकारणले म जानुको उद्देश्य त्यहाँका जनप्रतिनिधिहरू सहित गएको त्यहाँ सुरक्षा सीमाको सुरक्षा हेर्ने नेपाली सेनाको अधिकारी सहित म गएको र त्यो बाटो बनाउन नेपाली सेनालाई दिनु उचित हुन्छ कि हुँदैन भनेर छलफल गर्नको लागि गएको । त्यहीँ भ्रमण पछि मन्त्रिपरिषद्को बैठकले औपचारिक ढङ्गले नेपाली सेनालाई दार्चुलादेखि टिङ्कर भञ्ज्याङ्को

बाटो बनाउन दिनु उचित हुन्छ भन्ने निर्णय गरेर दिएको र त्यो बाटो बनाउने कामको प्रारम्भ भइसकेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ अन्तर्गत राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि माननीय सदस्यहरूले उठाउनु भएका विषयका सम्बन्धमा सम्बन्धित मन्त्रीबाट जवाफ दिने कार्यक्रम भोलि जारी रहने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ साल असार ४ गते बिहीबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ असार ५ गते बिहीबार बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो । )

**अन्त्य:- बेलुका ८:२७ बजे ।**